१२५ वर्षमा

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

gorkhapatraonline.com




राष्ट्रिय संस्करण | विवेचना | बौद्ध धर्मका सम्प्रदाय | जाँचपास गर्ने प्रक्रियामा सहजता ल्याउन निर्देशन २२

वर्ष १२५ | अङ्क ३५१ | २०८३ साल वैशाख १८ गते शुक्रवार | वैशाख शुक्ल पूर्णिमा | नेपाल संवत् ११४६ बछलाथ्व १५ | 2026 May 1 Friday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ

## सरकारका सय कार्यसूची

# समयसीमा तोकेरै धमाधम काम

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याउन एक सय कार्यसूचीलाई कार्यान्वयनमा ल्याइएको हो ।


स्केच : एआई

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, वैशाख १७ गते*

सरकारद्वारा शासकीय सुधार गर्ने लक्ष्य अनुसार सार्वजनिक गरिएको एक सय दिनमा गरिने एक सय कार्यसूची अहिले धमाधम कार्यान्वयन भइरहेका छन् । वालेन्द्र शाह नेतृत्वको सरकार गठन भएको पहिलो मन्त्रीपरिषद्को बैठकले निर्णय गरी सार्वजनिक गरिएको शासकीय सुधारका एक सय कार्यसूची अहिले आआफ्नो कार्यजिम्मेवारीमा परेका निकायले धमाधम कार्यान्वयन गरिरहेका छन् । सबै मन्त्रालय, विभाग, आयोग प्रतिष्ठान, प्रदेश सरकार र स्थानीय सरकारले समेत समयसीमा र कार्यतालिका नै तोकेर कार्ययोजना कार्यान्वयन गरिरहेका छन् ।

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने ढाँचामा रूपान्तरण गर्न नतिजामा आधारित शासकीय प्रबन्ध लागु गर्ने निर्णय गरी एक सय कार्यसूचीलाई कार्यान्वयन ल्याइएको हो । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सहसचिव डा. भीष्मकुमार भुसालले एक सय दिनमा गरिने एक सय वटा कार्यसूची अहिले धमाधम कार्यान्वयन भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार कतिपय निकायले १५ दिन र ३० दिनमा गरिने कार्यको प्रतिवेदन प्रधानमन्त्री कार्यालयलाई बुझाइरहेका छन् । कतिपय विषय भने कानुन नै बनाएर कार्यान्वयन गर्नुपर्ने भएकाले उक्त विषयको विधायिकी प्रक्रियामा रहेका बाहेक सम्बन्धित निकायले गर्ने विकासनिर्माण, सेवा प्रवाहसँग सम्बन्धित अन्य काम गम्भीरतापूर्वक नै कार्यान्वयन भइरहेका छन् ।

यसअगाडि विभिन्न आयोगका प्रतिवेदन अभिलेखमा मात्र सीमित रहने गरेकाले अहिले उक्त प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक कानुनी र प्रशासनिक प्रक्रिया सुरु भएको, मन्त्रालयको सङ्ख्या घटाएर १७ वटा बनाउने कार्यका लागि कार्यविभाजन नियमावली संशोधन गरी मन्त्रालय गाभ्ने तयारी गरिएको, नेपाल सरकार अन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका कार्यालयको मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनर्संरचना गर्ने कार्य भइरहेको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ ।

सङ्घीय निजामती सेवा विधेयकको मसौदा ४५ दिनभित्र तर्जुमा गर्ने कार्यसूचीमा उल्लेख भए अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मसौदा सार्वजनिक गरी राय सुझाव लिने क्रम भइरहेको, कर्मचारीको अद्यावधिक डिजिटल प्रोफाइल तयार गरी नियुक्ति, पदस्थापना, सरुवा, तालिम, बढुवा तथा अवकाशसम्मको व्यवस्था अनुमानयोग्य र स्वचालित बनाउनका लागि कर्मचारीको पर्सनल म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम (पिएमआइएस) आर्किटेक्चर तयार भएको बताइएको छ ।

देशभरका नागरिकका गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न सबै निकायले गुनासो व्यवस्थापनको प्रणाली सञ्चालनमा ल्याएकोलगायतका अधिकांश कामको सुरुवात भइसकेका छन् । स्पष्ट जिम्मेवारी र कार्यक्षेत्र भएका निकायले त कार्ययोजना नै बनाएर काम अगाडि बढाइरहेका छन् । अलमलमा परेका निकायलाई भने प्रधानमन्त्री कार्यालयले सहजीकरण गर्ने काम गरिरहेको छ । कतिपय निकायलाई एकै पटक धेरै काम आइरहँदा काम कसरी गुणस्तरीय रूपमा सम्पन्न गर्ने भन्ने समयको दबाब भने कायमै रहेको भुसालले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “एक सय कार्यसूचीमध्ये कतिपय विषय मन्त्रीपरिषद्ले र संसद्ले निर्णय गर्ने विषय छन् । जुन केही समय ढिलो जस्तो भए पनि काम सम्पन्न भएको तर निर्णय मात्र हुन बाँकी छन् त्यो पनि केही दिनभित्रमा भइसक्छन् ।”

### स्थानीय तहबाट पनि कार्यान्वयन

एक सय वटा कार्यसूचीमा उल्लिखित स्थानीय तहको कार्यक्षेत्रमा पर्ने कतिपय विषय स्थानीय तहबाट पनि धमाधम कार्यान्वयन भइरहेका छन् । काभ्रेको बेथानचोक गाउँपालिकाले एक सय

» बाँकी पृष्ठ २ मा

## राष्ट्रपतिद्वारा दुई अध्यादेश जारी

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख १७ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन अध्यादेश) २०८३ जारी गर्नुभएको छ । सरकारले राष्ट्रपतिसमक्ष छ वटा अध्यादेश सिफारिस गरेकामा राष्ट्रपति पौडेलले सोमध्येका दुई अध्यादेश जारी गर्नुभएको हो ।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले राष्ट्रपति पौडेलले वैशाख १७ गते बिहीबार सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन अध्यादेश) २०८३ जारी गर्नुभएको उल्लेख गर्नुभएको छ । राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति पौडेलले संविधानको धारा ११४ को १ बमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्नुभएको हो ।

संविधानको सो धारामा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था छ । सङ्घीय संसद्को अधिवेशन हाल स्थगित छ । प्रधानमन्त्रीका सञ्चार तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार सरकारले वैशाख १४ गते संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिसका लागि बस्ने

» बाँकी पृष्ठ २ मा

### अग्रलेख



**सुकुमवासी ‘स्वाभिमान’**

नेपालमा सुकुमवासी समस्या कुनै नयाँ वा नौलो समस्या होइन, न यो कुनै स्थानीयस्तरको वा कुनै ठाउँविशेषको मात्रै समस्या हो । यो सदिऔँदेखि थाती रहेको एउटा राष्ट्रव्यापी समस्या हो ।

● डा. शोभाकर पराजुली

» विचार पृष्ठ ४

## अमेरिकी विशेष दूत नेपालमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

अमेरिकाको दक्षिण तथा मध्यएसियाका लागि विशेष दूत सर्जियो गोर बिहीबार नेपाल भ्रमणमा आउनुभएको छ । भारतका लागि अमेरिकी राजदूतसमेत रहनुभएका उहाँ बिहीबार राति काठमाडौँ आइपुग्नुभएको नेपालस्थित अमेरिकाको राजदूतावासले जनाएको छ ।

दूतावासका उच्च पदाधिकारीले उहाँलाई काठमाडौँमा स्वागत गर्नुभएको जनाइएको छ । नेपालमा रहँदा विशेष दूत गोरले नेपाल सरकारका उच्च अधिकारी तथा व्यावसायिक क्षेत्रका नेतृत्वसँग भेटघाट गर्नुहुने दूतावासले जनाएको छ ।

### अन्तर्राष्ट्रिय

## नौसैनिक नाकाबन्दीले इरान गम्भीर सङ्कटमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

अमेरिकी नौसैनिक नाकाबन्दीले इरान गम्भीर सङ्कटमा फसेको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले यो नाकाबन्दी महिनौँसम्म लम्बिन सक्ने बताउनुभएको छ ।

उहाँले इरानविरुद्धको दबाब रणनीतिलाई अझै कडा बनाउने बताउँदै नाकाबन्दीलाई बम आक्रमणभन्दा प्रभावकारी ठहर गर्नुभएको छ, जसले तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ । इरान र अमेरिकाबिच कूटनीतिक प्रयास ठप्प अवस्थामा पुगेपछि तनाव थप चुलिएको हो । यही क्रममा ट्रम्पले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्ता गर्नुभएको छ । पुटिनले इरानसँगको युद्ध कूटनीतिक हिसाबले छिटो टुङ्ग्याउन आग्रह गर्दै अमेरिका र इजरायलले फेरि इरानमाथि युद्ध चर्काए ‘हानिकारक परिणाम’ आउनेप्रति सचेत गराउनुभएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ ।

तेहरानले कुनै पनि सम्झौताअघि इरानमाथिको नौसैनिक नाकाबन्दी हटाउन माग गरिरहेको छ तर अमेरिकी सेन्ट्रल कमान्डका अनुसार नाकाबन्दी उल्लङ्घन गर्ने प्रयासमा रहेका ४२ औँ व्यापारिक जहाजलाई समेत फर्काउन सफल भएको छ । यसबाट करिब छ अर्ब डलर बराबरको छ करोड ९० लाख ब्यारेल तेल बजारमा आउन नपाएको दाबी गरिएको छ ।

» बाँकी पृष्ठ २ मा

## ‘सुकुमवासीको व्यवस्थापनपछि मात्र सार्वजनिक जग्गा खाली गरिने’


फाइल तस्बिर

**नदी किनारको जोखिमयुक्त बस्ती खाली गराइएपछिको दृश्य ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

- उचित व्यवस्थापनको खाका तयार नभएसम्म जग्गा खाली गर्ने प्रक्रिया अगाडि नबढाइने प्रतिबद्धता
- सुकुमवासी व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयको विशेष जोड

सरकारले वास्तविक सुकुमवासीको पहिचान गरी सुरक्षित रूपमा व्यवस्थापन गरेपछि मात्रै अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गा खाली गर्ने प्रक्रिया अगाडि बढाउने जानकारी दिएको छ । साथै सरकारले उक्त योजनामा दृढ रहेको स्पष्ट पार्दै वास्तविक सुकुमवासीमा पर्न गएको त्रासप्रति सचेत रहँदै ढुक्क हुन आग्रह गरेको हो ।

सहरी विकासमन्त्री सुनील लम्सालले बर्खायाममा बाढीको उच्च जोखिममा रहेका नदी किनारका बस्तीलाई मानवीय सुरक्षाको दृष्टिकोणले मात्र खाली गरिएको स्पष्ट पार्नुभयो । उहाँले बाँकी क्षेत्रमा रहेका सुकुमवासीको हकमा उनीहरूको पहिचान र उचित व्यवस्थापनको खाका तयार नभएसम्म जग्गा खाली गर्ने प्रक्रिया अगाडि नबढाइने प्रतिबद्धता जनाउँदै वास्तविक सुकुमवासी परिवारलाई ढुक्क हुन आग्रह गर्नुभयो ।

सरकारले बर्खायाम सुरु हुन लागेको सन्दर्भमा प्रत्येक वर्ष बाढी तथा डुबानको चपेटामा पर्ने काठमाडौँ उपत्यकाका बागमती र त्यसका सहायक नदी किनारका जोखिमपूर्ण बस्तीलाई लक्षित गरी २०८३ वैशाख १२ गतेदेखि विशेष अभियान सुरु गरेको हो । जनधनको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै थापाथली, शान्तिनगर, गैरीगाउँ तथा कागेश्वरी मनोहरा नगरपालिकाको गोठाटार बुद्धचोक र मनोहरा टोलका जोखिमयुक्त बस्ती खाली गर्ने कार्य सम्पन्न भइसकेको छ । यो अभियान सरकारको नीतिगत निर्णय अनुरूप अगाडि बढेको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहकै हुने भएकाले मन्त्रालयले सम्बन्धित पालिकालाई सुकुमवासीको पहिचान गर्न र उनीहरूको सुरक्षित व्यवस्थापनको ठोस योजना बनाउन निर्देशन दिएको छ ।

व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयले विशेष जोड दिएको छ । सुकुमवासी व्यवस्थापन गर्दा सुरक्षित आवासको प्रबन्ध, स्वास्थ्य उपचार, पौष्टिक खानपान, गोपनीयताको संरक्षण, तथा महिला र अपाङ्गतामैत्री आवास र सुरक्षा प्रबन्ध मिलाउन स्थानीय तहहरूलाई स्पष्ट निर्देशन दिइएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सुकुमवासीको पहिचान र व्यवस्थापनपछि मात्र सरकारी जग्गा खाली गर्ने सरकारको योजनामा आफूहरू दृढ रहेको र यो कार्य निकै संवेदनशील भएकाले स्थानीय तहले जिम्मेवारीपूर्वक मानवीय भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

यस विषयमा थप स्पष्ट पार्दै गृह मन्त्रालयले समेत सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ । मन्त्रालयले स्थानीय तहले नै सुकुमवासीको पहिचान र व्यवस्थापनको योजना तयार पार्ने र अतिक्रमण हटाउने कार्य गर्दा स्थानीय जनतालाई पूर्वसूचना दिएर सुसूचित गराउनुपर्ने व्यवस्था गरेको छ ।

## जिप दुर्घटनामा बिस जनाको मृत्यु

**लक्ष्मण पौडेल**
*भैरहवा, वैशाख १७ गते*

रोल्पाको प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र जलजलातर्फ जाँदै गरेका तीर्थयात्री सवार जिप दुर्घटना हुँदा २० जनाको मृत्यु भएको छ । रुकुमपूर्वबाट जलजलातर्फ गइरहेको जिप थवाङ गाउँपालिका–१, सल्याप क्षेत्रमा बिहीबार दिउँसो सडकबाट करिब आठ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ ।

दुर्घटनामा ठुलो मानवीय क्षति भएको पुष्टि गर्दै जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी सुनील थापा नेपालीले जिप अत्यन्तै भिरालो स्थानमा खसेकाले अधिकांश यात्रुको घटनास्थलमै ज्यान गएको जानकारी दिनुभयो । प्राप्त विवरण अनुसार जिपमा २१ जना सवार थिए । तीमध्ये बीस जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । घाइते हुनेमा रुकुमपूर्वको सिस्ने गाउँपालिका–५ का ३२ वर्षीय समीर विक रहेको प्रहरीले जनाएको छ । रोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम गौतमले घटनाको पुष्टि गर्दै मृतकको सङ्ख्या २० पुगेको जानकारी दिनुभयो ।

घटनाको जानकारी प्राप्त हुनेबित्तिकै जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको टोली घटनास्थलतर्फ खटिएको थियो तर विकट भूगोल र निरन्तरको वर्षाले उद्धार कार्यमा ठुलो अवरोध पुऱ्याएको छ । वर्षाका कारण भिरालो बाटो चिप्लो बनेकाले सुरक्षाकर्मीलाई घटनास्थलसम्म पुग्न र भिरमा झर्नसमेत जोखिमपूर्ण बनेको प्रहरीले जनाएको छ । स्थानीय बासिन्दा र सुरक्षाकर्मीको संयुक्त प्रयासमा उद्धार कार्य जारी रहे पनि अपेक्षित गति लिन सकेको छैन । ग्रामीण सडक हिलो र चिप्लो भएकाले एम्बुलेन्स तथा अन्य सवारीसाधन घटनास्थलसम्म पुग्न समय लागेको जनाइएको छ ।

स्थानीय प्रशासनले साँघुरो सडक, चिप्लो बाटो र प्रतिकूल मौसमका कारण जिप अनियन्त्रित भई दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरेको छ । यद्यपि दुर्घटनाको वास्तविक कारणबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रोल्पाको जलजला क्षेत्र मगर समुदायसहित हिन्दु धर्मावलम्बीका लागि महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा परिचित छ । प्रत्येक वर्ष वैशाख पूर्णिमाको अवसरमा यहाँस्थित वराह मन्दिरमा पूजा गर्न तथा मेला भर्न हजारौँ तीर्थयात्री आउने गर्छन् । यस वर्ष पनि सोही अवसरमा श्रद्धालु उत्साहका साथ प्रस्थान गरेका थिए तर गन्तव्यमा पुग्नै लाग्दा सल्यापको भिरमा भएको दुर्घटनाले उल्लासपूर्ण वातावरण एकाएक शोकमा परिणत भएको छ ।

» बाँकी पृष्ठ २ मा

# हिमाली गोठमा अल्ट्रासाउन्ड सेवा



विगतमा आँखाले हेरेर र लक्षणका आधारमा मात्र रोग पहिचान गरिने गरिएकामा अहिले अत्याधुनिक उपकरणमार्फत परीक्षण हुन थालेपछि किसानमा नयाँ आशा पलाएको छ ।

**केशवराज पौडेल**
*काठमाडौँ, वैशाख १७ गते*

मुस्ताङको वारागुङ मुक्तिक्षेत्रका लुलु गाईपालक किसान कर्माछिरिङ गुरुङले गाईको स्वास्थ्य परीक्षणमा अल्ट्रासाउन्ड र भिडियो एक्सरे जस्तो प्रविधि प्रयोग हुन्छ भन्ने कुरा कल्पनासम्म गर्नुभएको थिएन तर गाउँमा पहिलो पटक अत्याधुनिक उपकरणसहित पशुविज्ञ टोली पुगेर उहाँका गाईको अल्ट्रासाउन्ड गरी रोग भए/नभएको बारे जानकारी दिएपछि उहाँमा खुसीको सीमा नै रहेन ।

घरपझोङ–३, स्याङका किसान जीवन थकालीले मानिसलाई जस्तै जाँच गर्ने उपकरण गोठमै प्रयोग भएको देख्दा अचम्म लागेको बताउनुभयो । यो प्रविधिबाट पशुमा बाँझोपनको समस्या भए/नभएको पहिचान गर्न सकिएको छ, जसले पशुपालनप्रति थप ऊर्जा मिलेको छ । थासाङ, लेतेका भैँसीपालक किसान बुद्धिबहादुर सार्कीले टेलिभिजनमा मात्र देखिने यस्तो प्रविधि आफ्नै गाउँमा प्रत्यक्ष देख्दा विश्वास लागेको उल्लेख गर्नुभयो । “पशुको उपचार पनि मानिसको जस्तै प्रविधिबाट हुने रहेछ,” उहाँले भन्नुभयो ।

पछिल्ला वर्षमा पशुपालक किसानको सङ्ख्या घट्दै गएपछि कृषि तथा पशु सेवा कार्यालय मुस्ताङले उच्च हिमाली क्षेत्रमा पहिलो पटक अत्याधुनिक प्रविधिसहित पशु विशेषज्ञ टोली परिचालन गरेको हो । विशेष गरी छुर्पी र घिउ उत्पादनमा केन्द्रित यस क्षेत्रका किसानलाई लक्षित गर्दै विशेषज्ञको टोली त्यस क्षेत्रमा पुगेको हो । यसअघि आँखाले हेरेर र लक्षणका आधारमा मात्र रोग पहिचान गरिने गरिएकामा अहिले अत्याधुनिक उपकरणमार्फत परीक्षण हुन थालेपछि किसानमा नयाँ आशा पलाएको छ । विज्ञ टोलीले लेते, टुकुचे, मार्फा, ढुम्बा, स्याङ, कागबेनी, झारकोट र छैङगुरलगायतका गाउँमा पुगेर सेवा दिएको हो । यी क्षेत्र समुद्री सतहबाट करिब दुई हजार चार सयदेखि तीन हजार सात सय मिटर उचाइमा अवस्थित छन् ।

कृषि तथा पशु सेवा कार्यालय मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार स्थानीय जातको संरक्षण, नश्ल सुधार तथा गाईभैँसीमा देखिएको बाँझोपन समस्या न्यूनीकरणका लागि रगतको नमुना सङ्कलन गरी रेक्टल पाल्पेसन र अल्ट्रासाउन्ड विधिबाट परीक्षण तथा उपचार गरिएको हो । मुस्ताङ जिल्लामा हाल छ हजार ६८१ गाई र २११ भैँसी रहेका छन् । तीमध्ये २३८ गाई र २५ भैँसीको परीक्षण गर्दा ४८ पशुमा विभिन्न प्रकारका प्रजननसम्बन्धी समस्या देखिएको छ ।

# बुद्धका सन्देश अझ सान्दर्भिक : राष्ट्रपति




तस्बिर : राष्ट्रपति कार्यालय

**राष्ट्रपति रामचन्द्र पौडेल बिहीबार ललितपुरमा आयोजित बौद्ध सभालाई सम्बोधन गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले शान्ति, सहअस्तित्व, मध्यम मार्ग, करुणामा आधारित बुद्धको दर्शनले विश्व समुदायलाई स्थायित्व, सहकार्य र आपसी विश्वासको मार्गतर्फ अग्रसर गराउन महत्त्वपूर्ण योगदान दिन सक्ने बताउनुभएको छ । ललितपुर नागबहालमा अवस्थित हिरण्यवर्ण महाविहार तारेमाम् सङ्घको हीरक महोत्सवलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले बुद्धका अहिंसा, मैत्री, करुणा र प्रज्ञाका सन्देशलाई व्यवहारमा रूपान्तरण गर्न सकिए दिगो शान्ति र समृद्धिको आधार निर्माण गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले विश्व अनेकन समस्या द्वन्द्व, स्वार्थपरायणता, आदर्शस्खलन, नैतिकताको क्षयीकरण, असहिष्णुता र मानवीय मूल्यको ह्रासबाट प्रताडित भइरहेको बताउनुभयो । यस्तो अवस्थामा बुद्धका उपदेश अझ सान्दर्भिक बन्दै गएको उहाँको भनाइ छ । उहाँले बुद्धका उपदेशले मानवजातिलाई सुख, शान्ति आनन्द दिलाउने भएकाले उक्त ज्ञानको संसारभर प्रचारप्रसार भइरहेको उल्लेख गर्नुभयो । शान्तिका प्रतीकका रूपमा सम्मान गरिने महामानव गौतम बुद्धको जन्मभूमि नेपाल हुनु सबै नेपालीका लागि गौरवको विषय भएको उहाँले चर्चा गर्नुभयो।

राष्ट्रपति पौडेलले शान्तिका दूत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालनबाट धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबिच सहिष्णुता र आपसी सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ एवं सबल बनाउनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो। "हाम्रो देश नेपालमा जन्मिएका बोधिसत्त्व सिद्धार्थ गौतम बुद्धले प्रतिपादन गर्नुभएको बुद्ध धर्म तथा बौद्धदर्शन विश्वव्यापी रूपमा फैलिएको छ । बुद्धले देखाउनुभएको चतुआर्य सत्य, प्रतीत्य समुत्पाद र आर्य अष्टाङ्गिक मार्गले विश्वका सबै प्राणीको दुःखबाट मुक्तिको बाटो देखाएको छ," उहाँले भन्नुभयो।

## शुभकामना सन्देश

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १८ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले बुद्ध जयन्ती, उँभौली पर्व तथा विश्व मजदुर दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गर्नुभएको छ।

राष्ट्रपति पौडेलद्वारा जारी शुभकामना सन्देशमा बौद्ध दर्शनका प्रवर्तक, विश्व शान्तिका अग्रदूत तथा राष्ट्रका गौरव गौतम बुद्धको २५७० औँ बुद्ध जयन्तीका अवसरमा सम्पूर्ण बौद्ध धर्मावलम्बी तथा नेपाली दिदीबहिनी र दाजुभाइमा सुख, शान्ति र समृद्धिको कामना गरिएको छ। शुभकामना सन्देशमा वैशाख शुक्ल पूर्णिमाकै दिन गौतम बुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण परेको उल्लेख गर्दै उक्त तिथिलाई विश्वभरका बौद्ध धर्मावलम्बीले श्रद्धा र भक्तिभावका साथ बुद्ध जयन्तीका रूपमा मनाउने गरिएको जनाइएको छ।

यसै गरी राष्ट्रपति पौडेलले किराँत समुदायको महान् पर्व उँभौलीका अवसरमा स्वदेश तथा विदेशमा रहेका राई, लिम्बू, याक्खा, सुनुवारलगायत सम्पूर्ण किराँत समुदायमा शुभकामना व्यक्त गर्नुभएको छ।

त्यसै गरी विश्व मजदुर दिवसका अवसरमा जारी शुभकामना सन्देशमा राष्ट्रपति पौडेलले श्रमिकको हक, अधिकार र पेसागत सम्मान स्थापित भएको दिनका रूपमा प्रत्येक वर्ष मे १ मा मजदुर दिवस मनाइने बताउनुभएको छ । उहाँले यस्ता सांस्कृतिक पर्वले नेपालको सांस्कृतिक विविधताको संरक्षण गर्दै समानता, सहअस्तित्व र सामाजिक सद्भावलाई सुदृढ बनाउन सहयोग पुग्ने उल्लेख गर्नुभएको छ।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले गौतम बुद्ध जयन्ती, उँभौली पर्व र विश्व श्रमिक दिवसको शुभकामना दिनुभएको छ। वैशाख १८ गते शुक्रबारका दिन एकैसाथ भगवान् गौतम बुद्धको जयन्ती, किराँत समुदायको महान् पर्व 'उँभौली' तथा १३७ औ विश्व श्रमिक दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्नुभएको छ।

उहाँले गौतम बुद्ध जयन्तीले सत्य, करुणा, अहिंसा र मैत्रीको मार्गमा मानवतालाई अघि बढाउने प्रेरणा मिल्ने उल्लेख गर्नुभएको छ। उँभौली पर्व, किराँत समुदायको मौलिक सांस्कृतिक परम्परा हो, जसले प्रकृतिप्रतिको श्रद्धा, कृषि चक्रको निरन्तरता र सामूहिक एकताको सन्देश दिने उहाँले उल्लेख गर्नुभएको छ।

## तेलको मूल्य घट्यो ग्यासको बढ्यो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यमा हेरफेर गरेको छ। निगम सञ्चालक समितिको बैठकले बिहीबार रातिदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मटितेलको मूल्य घटाउने तथा खाना पकाउने एलपी ग्यासको मूल्य बढाउने निर्णय गरेको हो।

निगमद्वारा जारी विज्ञप्ति अनुसार पेट्रोलमा प्रतिलिटर दुई रुपियाँ, डिजेल र मटितेलमा प्रतिलिटर १२ रुपियाँले मूल्य घटेको छ भने खाना पकाउने ग्यासमा प्रतिसिलिन्डर १५० रुपियाँ वृद्धि भएको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढाव र इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यका आधारमा स्वचालित मूल्य प्रणाली बमोजिम मूल्य समायोजन गरिएको निगमले जनाएको छ।

## अझै केही दिन वर्षा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

अझै केही दिन देशका विभिन्न स्थानमा वर्षा जारी रहने जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागले शनिबारसम्म देशका एकाध स्थानमा भीषण वर्षा र अन्यत्र हल्कादेखि मध्यम वर्षा निरन्तर रहने जनाएको छ।

मौसमविद् बिनु महर्जनका अनुसार नेपालमा पश्चिमी र स्थानीय वायुका साथै नेपालको पूर्वी भूभागनजिक तल्लो वायुमण्डलमा न्यून चापीय क्षेत्रको प्रभाव रहेको छ । मङ्गलबार रातिदेखि बादलीसहित निरन्तर देशका विभिन्न स्थानमा शनिबारसम्म वर्षा हुने सम्भावना रहेको छ। उहाँले भन्नुभयो, "कोशी, गण्डकी, बागमती, मधेश प्रदेश र अन्य जिल्लामा पहाडी तथा हिमाली जिल्लामा वर्षाको सम्भावना छ।" बिहीबार केही क्षेत्रमा सतर्कता अपनाउनुपर्ने देखिए पनि शुक्रबारदेखि भने वर्षाले त्यति ठुलो असर नगर्ने सम्भावना रहेको छ। केही दिनयता लगातार वर्षा भएका स्थानमा सचेत रहनुपर्ने सुझाव उहाँले दिनुभयो।

शिक्षा क्षेत्रको सुधार

## फिनल्यान्डसँग सहकार्यको प्रस्ताव

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले विद्यालय शिक्षा सुधारका लागि सहकार्य गर्न फिनल्यान्ड सरकारसँग प्रस्ताव गर्नुभएको छ।

नेपालका लागि फिनल्यान्डका राजदूत पेट्री पुहाक्कासँग बिहीबार मन्त्रालयमा भएको भेटमा मन्त्री पोखरेलले उक्त प्रस्ताव गर्नुभएको हो। भेटमा शिक्षामन्त्री पोखरेलले नेपाल र फिनल्यान्डबिच सदैव सुखद र असल सम्बन्ध भएको उल्लेख गर्दै नेपालको विकासमा फिनल्यान्ड सरकारले गर्दै आएको सहयोगका लागि धन्यवाद दिनुभयो।

सरकारको प्राथमिकता र आगामी कार्यक्रमबारे जानकारी गराउँदै मन्त्री पोखरेलले फिनल्यान्ड सरकारका तर्फबाट आगामी दिनमा पनि नेपालको शिक्षालगायत क्षेत्रमा फिनल्यान्डको निरन्तर सहयोगको अपेक्षा गर्नुभयो। शिक्षामन्त्री र राजदूतबिच द्विपक्षीय सम्बन्ध, विकास सहायता परिचालन, शिक्षा क्षेत्रमा फराकिलो साझेदारिता अभिवृद्धिलगायत विषयमा छलफल भएको छ । भेटमा राजदूत पुहाक्काले नेपालको शिक्षा क्षेत्रमा फिनल्यान्ड सरकारले गरेको सहयोगलाई आगामी पाँच वर्षसम्म निरन्तर रहने प्रतिबद्धता जनाउनुभयो। फिनल्यान्डको सहयोगमा हाल विद्यालय शिक्षा क्षेत्र कार्यक्रम र ' टिचर्स एजुकेसन' परियोजना सञ्चालित छन्।

नेपाल सरकारले अटिजम विद्यालय स्थापना गर्ने नीति लिएको सन्दर्भमा राजदूत पुहाक्काले अटिजम र 'इन्क्लुसिभ एजुकेसन' मा फिनल्यान्डको विज्ञता रहेकाले आफूहरू पनि यी शैक्षिक कार्यक्रममा सहयोग तथा सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो । उहाँले वर्तमान सरकारको प्राथमिकतामा रहेको 'डिजिटल ट्रान्सफर्मेसन' को एजेन्डामा फिनल्यान्ड सरकारको विज्ञताको हिसाबले सो क्षेत्रमा पनि सझेदारिता गर्ने इच्छा व्यक्त गर्नुभयो।

## पोर्चुगलले नेपालमा नियोग खोल्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

परराष्ट्रमन्त्री शिशिर खनाल र पोर्चुगलका उपविदेशमन्त्री डा. आना इसाबेल जेभियरबिच बिहीबार शिष्टाचार भेटवार्ता भएको छ। परराष्ट्रसचिव अमृतबहादुर राईको निमन्त्रणामा तीन दिनको औपचारिक भ्रमणका क्रममा जेभियर बुधबार नेपाल आउनुभएको हो।

परराष्ट्रमन्त्री खनालसँगको शिष्टाचार भेटमा पोर्चुगलका विदेशमन्त्री पाउलो रङ्गेलसँग भएको टेलिफोन वार्तालाई स्मरण गर्दै मन्त्री खनालले पोर्चुगल सरकारले काठमाडौँमा कूटनीतिक नियोग खोल्ने घोषणाको स्वागत गर्नुभयो। उहाँले नेपालमा नियोग स्थापनामा नेपाल सरकारको पूर्ण सहयोगको आश्वासनसमेत दिनुभयो । नेपाली नागरिकको कन्सुलरसम्बन्धी मुद्दाको समाधान गर्न पोर्चुगिज सरकारले सकारात्मकता देखाएकोमा मन्त्री खनालले आभार प्रकट गर्नुभयो । उपविदेशमन्त्री जेभियरले नेपालको परराष्ट्रमन्त्रीको नियुक्तिमा बधाई दिँदै सफल कार्यकालका लागि शुभकामना दिनुभएको थियो । यसअघि बिहीबार नै परराष्ट्र सचिव राई र उपविदेशमन्त्रीबिच मन्त्रालयमा द्विपक्षीय भेटवार्ता भएको थियो।

### नौसैनिक नाकाबन्दीले...

युद्धको प्रभाव अमेरिकी आन्तरिक राजनीतिमा पनि देखिन थालेको छ। यो युद्ध आममतदातामाझ लोकप्रिय नभएकाले ट्रम्पमाथि युद्ध अन्त्य गर्न राजनीतिक दबाब बढेको छ। साथै तेलको मूल्यवृद्धि हुँदा अमेरिकी उपभोक्ताको खर्च बढेको छ भने अमेरिकी सहयोगी देश पनि असुरक्षामा परेका छन्।

### राष्ट्रपतिद्वारा दुई...

बैठकसम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्ने उद्देश्यका साथ संवैधानिक परिषद्को काम कर्तव्य र अधिकारसम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्ने अध्यादेश जारी गर्न सिफारिस गरेको हो। उहाँले सहकारी ऐन, २०७४, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐन, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्न सरकारले राष्ट्रपतिसमक्ष सिफारिस गरेको जानकारी गराउनुभयो।

प्रधानमन्त्री कार्यालयका अनुसार केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमार्फत २० वटा ऐन संशोधन हुने छ। सो अध्यादेश जारी गर्नसमेत सिफारिस गरिएको हो। सरकारका अनुसार सो अध्यादेशमार्फत भूमि, जग्गा नापजाँच, मालपोत, शिक्षा, वन, स्वास्थ्य, निजामती र बिमालगायतका कानुनमा देखिएका अवरोध हटाउन सहयोग पुग्ने छ।

#### राष्ट्रपतिद्वारा परामर्श

राष्ट्रपति रामचन्द्र पौडेल सरकारले सिफारिस गरेका अध्यादेशबारे कानुनी परामर्शमा जुट्नुभएको छ। राष्ट्रपतिको कार्यालयका अनुसार उहाँले बिहीबार नेपाल सरकारका महान्यायाधिवक्ता नारायणदत्त कँडेलसहित संवैधानिक कानुनका जानकारसँग परामर्श गर्नुभएको हो। महान्यायाधिवक्ता कँडेलसँग राष्ट्रपति पौडेलले बिहीबार बिहान छुट्टै परामर्श गर्नुभयो। स्रोतका अनुसार सरकारका कानुनी सल्लाहकार कँडेलले सरकारले सिफारिस गरेको अध्यादेश जारी गर्न राष्ट्रपतिलाई सुझाव दिनुभयो।

राष्ट्रपतिको सचिवालयका अनुसार राष्ट्रपति भवन शीतल निवासमा संविधानविद् तथा कानुनविद्सँग राष्ट्रपति पौडेलले बिहीबार बेलुकी परामर्श गर्नुभएको हो। राष्ट्रपतिको कार्यालयले परामर्शका लागि कानुनविद्हरू बद्रीबहादुर कार्की, महादेव यादव, पूर्णमान शाक्य, भीमार्जुन आचार्य र टीकाराम भट्टराई सहभागी हुनुहुन्थ्यो। परामर्शमा सहभागी कानुनविद्का अनुसार राष्ट्रपति पौडेलले विशेष गरी संवैधानिक परिषद्सम्बन्धी अध्यादेशबारे चासो राख्नुभयो।

### जिप दुर्घटनामा...

स्थानीय प्रत्यक्षदर्शीका अनुसार घटनापछि सो क्षेत्रमा चित्कार र रुवाबासी मच्चिएको थियो। मृतकको पहिचान अझै खुल्न नसकेको र उनीहरू रुकुमपूर्वका एउटै गाउँ वा आसपासका हुन सक्ने अनुमान गरिएको छ। प्रशासनले शव सङ्कलन तथा पहिचान प्रक्रिया अघि बढाइरहेको जनाएको छ।

प्रहरीले दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरिसकेको छ। क्षमताभन्दा बढी यात्रु, सडकको अवस्था वा यान्त्रिक गडबडीमध्ये कुन कारण मुख्य हो भन्नेबारे अध्ययन भइरहेको सूचना अधिकारी थापाले जानकारी दिनुभयो।

## त्रिवि पदाधिकारीको सामूहिक राजीनामा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले सामूहिक राजीनामा दिएका छन् । विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्याल, शिक्षाध्यक्ष प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदार रिजालले बिहीबार विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) समक्ष राजीनामा दिनुभएको हो।

उहाँहरूले विश्वविद्यालयकै कर्मचारीमार्फत प्रधानमन्त्री कार्यालयमा राजीनामा बुझाउनुभएको हो। उहाँहरूको राजीनामा बुझाउन विश्वविद्यालयका कर्मचारीलाई सिंहदरबार पठाइएको थियो। राजीनामा बुझाएपछि तिनै जना पदाधिकारीले विश्वविद्यालयको तर्फबाट लिइएको सम्पूर्ण सामग्री बुझाएर बिहीबार नै घर फर्कनुभएको छ।

राजीनामा बुझाएपछि उपकुलपति अर्यालले भन्नुभयो, "आजैदेखि हामी विश्वविद्यालयको पदाधिकारीको हैसियतबाट बिदा भइसकेका छौँ। अब सर्वसाधारण सरह भयौँ।" पदाधिकारीबाट राजीनामा दिए पनि उपकुलपति र शिक्षाध्यक्षले भने विश्वविद्यालयमा प्राध्यापकका रूपमा प्राध्यापनलाई जारी राख्नुहुने छ। रजिस्ट्रार रिजाल भने यसअघि नै विश्वविद्यालय सेवाबाट निवृत्त भइसक्नुभएको छ।

उपकुलपति अर्याललाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले गत असार २५ गते नियुक्त गरेको थियो । त्यतिबेला पनि पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारको पालामा नियुक्त हुनुभएका तत्कालीन उपकुलपति प्राडा केशरजङ्ग बरालले राजीनामा दिएपछि अर्याललाई नियुक्त गरिएको थियो । शिक्षाध्यक्ष र रजिस्ट्रार भने बरालकै पालामा नियुक्त हुनुभएको थियो। त्यतिबेला उपकुलपतिमा बराललाई तत्कालीन माओवादी, केसीलाई एमाले र रिजाललाई कांग्रेसको भागबण्डामा नियुक्त गरिएको थियो।

## आधार शिविरको बसाइमा कडाइ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

वसन्तकालीन आरोहणको याम सुरु भएसँगै सगरमाथा आधार शिविरमा हुने गतिविधि नियन्त्रणको कार्य सुरु गरिएको छ । पर्यटन व्यवसायीले रातको समयमा सगरमाथा आधार शिविरमा बस्ने गरी ग्राहक योजना सार्वजनिक गर्न थालेपछि पर्यटन विभागले आधार शिविरमा हुने अवाञ्छनीय गतिविधिमा कडाइ सुरु गरेको हो।

विभागका शाखा अधिकृत प्रकाश पोखरेलका अनुसार सगरमाथा आधार शिविरमा 'एक्सपिडिसन क्याम्प' का नाममा रातभर बस्ने गरी ग्राहक योजनासहित विज्ञापन गरेको गुनासो बढेपछि आधार शिविरमा कडाइ थालिएको हो।

विभागका अनुसार पर्वतारोहणसम्बन्धी नियमावली अनुसार पर्वतारोही दलका सदस्य, सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने कामदार, आधार शिविरका कामदार र स्थानीय कामदारबाहेक विभागको पूर्वस्वीकृतिबेगरका अन्य व्यक्तिलाई आधार शिविरमा राति बस्न नदिने व्यवस्था छ तर पछिल्लो समय कानुनी प्रावधानविपरीतका कार्य भइरहेको र अनधिकृत बसाइ भइरहेको गुनासोका आधारमा प्रचलित कानुनबमोजिम कारबाही गर्ने गरी कडाइ सुरु गरिएको विभागले जनाएको छ।

पर्वतारोहण नियमावली अनुसार आरोहीका परिवारका सदस्यले विभागबाट स्वीकृति लिएर बढीमा दुई दिनसम्म आधार शिविरमा बस्न दिने व्यवस्था रहेको छ भने पदयात्राका क्रममा आधार शिविर पुगेका पर्यटकले आधार शिविरमा क्याम्प बनाएर बस्न पाउँदैनन्।

पाँच हजार ३६४ मिटर उचाइमा रहेको सगरमाथा आधार शिविर जलवायु परिवर्तनसँगै बढ्दो मानवीय गतिविधिका कारण हिमपहिरो आउने, हिमताल फुट्ने, हिमाली जैविक विविधता मासिने खतरा बढ्दै गएको छ। त्यस्तै क्याम्पमा हुने गरेको हिटिङ सिस्टम र सोलारको बढ्दो प्रयोग, लाउन्ज र काउच राखेर सुविधासम्पन्न रुम तयार गर्ने, ड्रोनको अनधिकृत प्रयोगलगायतका क्रियाकलापले समेत पर्वतीय क्षेत्रमा असर पर्दै गएको छ।

### समयसीमा तोकेरै...

दिनमा गर्ने कार्यको सूचीका अधिकांश काम तोकिएकै मिति र समयमा गर्दै आएको जनाएको छ। गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भण्डारीले एक सय वटा कार्यसूची आउनुभन्दाअगाडिदेखि नै बेथानचोक गाउँपालिकाले कार्ययोजना अनुसार काम गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कुनै पनि शाखामा फाइल रोकियो भने के कारणले रोकिएको हो त्यसको सम्बन्धित शाखाले जानकारी दिने र काम हुन नसक्ने स्पष्ट कारण खुलाएर पठाउने र काम हुने भए तत्काल काम गर्ने गरिएको छ।"

गोर्खाको पालुङटार नगरपालिकाले सेवा प्रवाह र सुशासन कायम गर्न कार्यसूची अनुसार काम गरिरहेको जनाएको छ । नगरपालिका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले नगरपालिकाले सरकारको एक सय कार्यसूचीलाई सहयोग पुग्ने गरी सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने कार्य, तोकिएकै मितिमा तोकिएका काम गर्दै आएको बताउनुभयो। नगरपालिकाले सार्वजनिक जग्गा अतिक्रमण भएका स्थानको पहिचान गरी १५ दिनभित्र अतिक्रमित क्षेत्र हटाउन सार्वजनिक सूचना जारी गरी जग्गा संरक्षण गर्ने कार्यको थालनी पनि गरेको नगरपालिकाले जनाएको छ।

**स्टार्टअप उद्यम कर्जा २०८२ सम्बन्धी अत्यन्त जरुरी सूचना**

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा प्रवाह सम्बन्धी कार्यक्रम अन्तर्गत "स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ (पहिलो संशोधन सहित)" बमोजिम यस प्रतिष्ठानले परियोजना प्रस्ताव आह्वान गरेकोमा प्राप्त प्रस्तावहरूमध्ये दफा ४ बमोजिम योग्य प्रस्तावकहरूको प्रारम्भिक सूची प्रतिष्ठानको वेबसाइट https://.iedi.gov.np मा प्रकाशित गरिएको साथै प्रारम्भिक सूचीमा समावेश भएका परियोजना प्रस्तावहरूको थप मूल्याङ्कनका लागि आवश्यक पर्ने सूचनाको ढाँचा (Format) भरी सूचना प्रकाशित भएको मितिले ७ (**सात**) **दिनभित्र** (**२०८३ वैशाख २३ गते बेलुका ५:०० बजेसम्म**) अनिवार्य रूपमा दिइएको WhatsApp Number-९७१२००६७१७ मा पठाइसक्नुपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**
**(An ISO 9001:2015 Certified Institution)**
**त्रिपुरेश्वर, काठमाडौँ, फोन नं.** ९७७-१-५३६१३३९,५३६६१६२
**इमेल** : info@iedi.gov.np, **Website:** https://iedi.gov.np

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
**पदपूर्ति समिति, त्रिपुरेश्वर, काठमाडौँ**

**अन्तर्वार्ता कार्यक्रम स्थगन सम्बन्धी सूचना**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८३।१।१८)**

यस कम्पनीको मिति २०८२/१२/२३ गते प्रकाशित सूचना बमोजिमका अन्तर्वार्ता कार्यक्रममध्ये मिति २०८३/०१/१८ गते बिहान ७:०० बजेदेखि मिति २०८३/०१/२४ गते बिहान ७:०० बजेसम्म सञ्चालन हुने अन्तर्वार्ता कार्यक्रमका साथै मिति २०८३/०१/१९ गते हुने कम्प्युटर सीप परीक्षण र प्रयोगात्मक परीक्षा कार्यक्रम समेत अर्को सूचना प्रकाशन नभए सम्मका लागि विशेष कारणवश स्थगन गरिएको व्यहोरा पदपूर्ति समितिको मिति २०८३/०१/१७ को निर्णायानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

**सुदूरपश्चिम विश्वविद्यालय**
**गोकुलेश्वर बहुमुखी क्याम्पस**
**गोकुलेश्वर, दार्चुला**

**सूचना**

सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतको आङ्गिक क्याम्पस यस श्री गोकुलेश्वर बहुमुखी क्याम्पस गोकुलेश्वर, दार्चुलालाई आवश्यक पर्ने विज्ञान सामग्री तथा कम्प्युटर उपकरण सप्लाई सम्बन्धी GMC/GOODS/SQ/2082/83-01 नम्बरको विज्ञापन मिति २०८३/०१/१७ को सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) मा दोस्रो पटक प्रकाशित गरिएको व्यहोरा सबै सरोकारवालाहरूलाई जानकारी गराईन्छ।

**क्याम्पस प्रमुख**

**साधारणसभाका लागि सार्वजनिक सूचना**

**राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालको**
**वार्षिक साधारणसभामा उपस्थित हुनेसम्बन्धी सार्वजनिक सूचना**

यस राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपालको तदर्थ समितिको पाँचौं बैठकको निर्णयानुसार यस संघको विधान २०७२ बमोजिम **मिति २०८३/०२/०५ (तदनुसार मे १८, २०२६), सोमबार बिहान ११:०० बजेदेखि काठमाडौँको होटल पेन्सनवासना, डिल्लीबजारमा १०औं वार्षिक साधारणसभा** तथा कार्यसमिति निवाचन **garnee ra niyamanusar chatau** अधिवेशन आयोजना गरी निम्नानुसारका विषयमा छलफल हुने भएकाले यस संघका प्राप्त सबै सदस्यहरूलाई निर्धारित मिति २०८३ जेठ ५ गते, ११ बजेदेखि निम्न समय र स्थानमा उपस्थित भई सहभागिता जनाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**छलफलका विषयहरू**

१. **लेखा परीक्षक नियुक्ति**
२. **वार्षिक प्रगति प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन प्रस्तुति**
३. **नयाँ कार्यसमिति चयन**
४. **आगामी कार्ययोजनासम्बन्धी छलफल**

**द्रष्टव्य** : साधारणसभामा आउँदा अनिवार्य रूपमा सदस्यहरूले संघको तर्फबाट स्वीकृत प्राप्त भएको सदस्यता प्रमाणपत्र वा शुल्क तिरेको अर्धकट्टी लिएर आउनु हुन अनुरोध छ। अन्यथा यस साधारणसभामा सहभागी गराउन समिति असमर्थ हुने पनि जानकारी गराइन्छ।

**राजर्षि जनक विश्वविद्यालय**
**विज्ञान, प्रविधि तथा इन्जिनियरिङ सङ्काय**
**डीनको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१७**

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

राजर्षि जनक विश्वविद्यालयको विज्ञान, प्रविधि तथा इन्जिनियरिङ सङ्काय डीनको कार्यालय, जनकपुरधाममा Desktop Computer-16 pieces र LED Smart Board – 2 pieces अध्यापन प्रयोजनका लागि आवश्यक भएकोले आपूर्ति गर्न चाहने कम्पनी वा अधिकृत बिक्रेताले सार्वजनिक खरिद ऐनको दफा ४० को उपदफा (३) को प्रावधान बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस सङ्काय डीनको कार्यालयमा कार्यालय समयभित्र वा सम्पर्क नं. ९८४४१०९६०७/९८६०८३३६६३ मा सम्पर्क गरी विस्तृत जानकारी प्राप्त गर्न सकिनेछ।

**डीन**

**Besishahar Municipality**
**Office of Municipal Executive**
**Besishahar, Lamjung**

**INVITATION FOR ELECTRONIC BIDS**

**First Date of Notice Publication : 2083/01/18**

Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following work under NCB procedures. All other information and Bid Document can be downloaded from PPMO's website **https://www.bolpatra.gov.np/egp/.**

| Contract ID No. | Name of Project | Estimated Amount (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| BM/W/NCB/82/83/15 | Upgrading of Ritthebagar-Bhakunde-Tilahar Road | 45,71,680.00 | 1,12,500.00 | 3,000.00 |

# ‘छोरी सशक्तीकरण र युवा उद्यमशीलता प्रमुख प्राथमिकतामा’



**अस्मिता पोखरेल**
*धादिङबेँसी, वैशाख १७ गते*

नेपाली कांग्रेसबाट समानुपातिकतर्फ सांसद बन्नुभएकी सीता थपलिया (उर्मिला) शिक्षित, स्वस्थ र आत्मनिर्भर नागरिक निर्माण गर्न सके समृद्ध राष्ट्रनिर्माण सम्भव हुने धारणा राख्नुहुन्छ। छोरी सशक्तीकरण र युवा उद्यमशीलतालाई आफ्नो प्रमुख राजनीतिक प्राथमिकता बताउने उहाँ धादिङको सिद्धलेक गाउँपालिका–१ मा जन्मिनुभएको हो।

स्नातक तहसम्मको अध्ययन पूरा गरेकी उहाँले छोरीलाई परिवार, समाज र राष्ट्रको भविष्यका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, “छोरीहरू केवल परिवारको जिम्मेवारी होइनन्, उनीहरू समाज र राष्ट्रको भविष्य हुन्। गुणस्तरीय शिक्षा, सिपमूलक तालिम र सहज स्वास्थ्यसेवामा उनीहरूको पहुँच सुनिश्चित गरिनु पर्छ।”

उहाँका अनुसार शिक्षित र स्वस्थ छोरीले मात्र आत्मविश्वासका साथ निर्णय लिन सक्छन्। नेतृत्व गर्न, समाजलाई सही दिशातर्फ अघि बढाउन सक्छन्। त्यसैले शिक्षा र स्वास्थ्यलाई आधार मानेर छोरी सशक्तीकरणमा जोड दिनु अत्यावश्यक छ।

**सीता थपलिया (उर्मिला)**

**जन्मस्थान : सिद्धलेक गापा–१, धादिङ**
**उमेर : ४१ वर्ष**
**शैक्षिक योग्यता : स्नातक**
**पार्टी : नेपाली कांग्रेस**

हाम्रा विधायक

युवालाई उद्यमशीलतातर्फ अग्रसर गराउँदै रोजगारी सिर्जना गर्ने वातावरण निर्माण गर्नु आफ्नो अर्को प्राथमिकता रहेको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, “अहिले धेरै युवा बाध्यताले विदेश पलायन भइरहेका छन्। जसले देशको सम्भावनालाई कमजोर बनाइरहेको छ। त्यसै अब युवालाई आफ्नै देशमै अवसर देखाउने, उनीहरूको सिप र क्षमतालाई उपयोग गर्ने तथा उद्यमका लागि आवश्यक ज्ञान, तालिम, लगानी र नीतिगत सहयोग उपलब्ध गराउनु पर्छ।”

उहाँले बिदेसिएका युवालाई पुनः स्वदेश फर्काएर यहाँकै स्रोत, सम्भावना र बजारको उपयोग गर्दै उद्यममा लगाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। शिक्षा प्रणालीलाई व्यावहारिक, सिपमुखी तथा स्वास्थ्यक्षेत्रलाई सुदृढ र पहुँचयोग्य बनाउँदै लैजानु छ। हरेक युवा स्वस्थ, दक्ष र आत्मनिर्भर बन्न सक्ने वातावरण सिर्जना गर्नुपर्ने उहाँको भनाइ छ।

विद्यार्थी राजनीतिबाट आफ्नो राजनीतिक यात्रा सुरु गरेकी थपलियाले विद्यार्थी आन्दोलन र राजतन्त्रविरुद्धको आन्दोलनमा अग्रपङ्क्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो। आन्दोलनका क्रममा गम्भीर घाइते भई लामो समय उपचारमा बस्नु परेको तथा अश्रुग्यासको असरले देब्रे कानमा स्थायी समस्या देखिएको छ।

उहाँको राजनीतिक यात्रा नेविसङ्घको नीलकण्ठ मावि एकाइ उपाध्यक्ष (२०५४) बाट सुरु भई नेपाल विद्यार्थी सङ्घ जिल्ला तहदेखि केन्द्रीय नेतृत्वसम्म विस्तार भएको छ। उहाँ नेपाल विद्यार्थी सङ्घको केन्द्रीय उपाध्यक्ष र महामन्त्री हुँदै २०७९ सालमा नेपाली कांग्रेसको केन्द्रीय सदस्यसमेत बन्नुभएको थियो।

राजनीतिसँगै लेखन र सामाजिक अभियानमा समेत सक्रिय थपलियाका विभिन्न कृति प्रकाशित छन्। छोरी सशक्तीकरण, युवा रोजगारी र उद्यमशीलता विकासमार्फत समृद्ध राष्ट्रनिर्माण गर्ने स्पष्ट दृष्टिकोणका साथ आफू अघि बढिरहेको उहाँले बताउनुभयो।

# वर्षाका कारण बिपी राजमार्ग दर्जन पटक अवरुद्ध

**बनेपा समाचारदाता**
*बनेपा, वैशाख १७ गते*

काठमाडौँलाई पूर्वी तराई तथा पहाडी जिल्लासँग जोड्ने बिपी राजमार्गको अस्थायी डाइभर्सन बगाउँदा यात्रु सास्ती खेप्न बाध्य भएका छन्। २०८१ असोज १०–१२ को बाढीले बिपी राजमार्गको भकुण्डे (१ नम्बर पुल) देखि नेपालथोकसम्मको सडकमा क्षति पुगेपछि सामान्य वर्षामा समेत सर्वसाधारणले यात्रा गर्दा सास्ती खेप्नु परेको हो।

बाढीले क्षति गरेको राजमार्ग पुनर्निर्माणको काम भइरहँदा गत वर्ष वैशाखदेखि हालसम्मको एक वर्षको अवधिमा वर्षाका कारण एक दर्जन पटक राजमार्ग अवरुद्ध भएको छ भने जिल्ला सुरक्षा समितिको बैठक बसेर चार पटक राजमार्ग बन्द गराइएको छ। रोसी खोलाको माथिल्लो क्षेत्र बनेपा, पनौती, धुलिखेल, बेथानचोकलगायतका स्थानमा वर्षा हुँदा राजमार्गमा निर्माण गरिएको अस्थायी डाइभर्सन बगाउँदा राजमार्ग अवरुद्ध हुने गरेको छ।

साथै स्थानीय प्रशासनले समेत राजमार्गमा यात्रा गर्ने सवारीसाधन र यात्रुमा हुने जोखिम कम गर्नका लागि स्थानीय प्रशासनले राजमार्ग बन्द गर्ने गरेको छ। जिल्लास्थित सुरक्षा निकायको तथ्याङ्क अनुसार गत वर्ष वैशाख ५ गतेदेखि ६ गतेसम्म एक दिन, वैशाख १२ देखि १४ गतेसम्म करिब ३६ घण्टा, साउन ४ गते करिब डेढ घण्टा, भदौ १२ गते करिब १२ घण्टा सडक पूर्ण रूपमा बन्द रहेको थियो। यस्तै जिल्ला सुरक्षा समितिको बैठकले गत वर्ष असार ६ गतेदेखि भदौ मसान्तसम्म, असोज महिनाको १६ गतेदेखि १८ गतेसम्म रातको समयमा यातायात बन्द गरेको हो।

यसै गरी चैत महिनाको ७ गते चार घण्टा, १३ गतेदेखि १४ गतेसम्म एक दिन, चैत १५ गते चार घण्टा राजमार्ग पूर्ण रूपमा बन्द गरिएको थियो। वैशाख महिनामा १२, १३ र १४ गते राजमार्ग पूर्ण र आशिंक रूपमा बन्द गरिएको जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ।



बाढीका कारण भत्किएको बिपी राजमार्ग।

काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले पुनर्निर्माण भइरहेको बिपी राजमार्गमा हाल रोसी खोलाको किनारबाट डाइभर्सन बनाएर यातायात सञ्चालन गरिएकाले बनेपालगायतका क्षेत्रमा वर्षा हुनेबित्तिकै राजमार्गमा सवारी आवागमनमा रोक लगाउने गरिएको बताउनुभयो। उहाँले वर्षाका कारण हुन सक्ने क्षतिलाई कम गर्नका लागि सुरक्षा समितिको बैठकले रातको समयमा समेत राजमार्ग बन्द गर्ने गरेको बताउनुभयो।

पछिल्लो समय बनेपाआसपासका क्षेत्रमा वर्षा सुरु भएसँगै जिल्ला प्रहरी कार्यालयले राजमार्गमा हुन सक्ने क्षति कम गर्नका लागि राजमार्ग बन्द गराउँदै आएको छ। बाढीले क्षति गरेको बिपी राजमार्गको काभ्रेपलाञ्चोकतर्फ १ नम्बर पुल, चौकीडाँडा, गिम्दीबेँसी, चारसयबेँसी, कालढुङ्गा, घुमाउने, बोक्सीकुनासम्मको २५.११ किलोमिटर सडक क्षति गरेको थियो भने सिन्धुलीतर्फ नेपालथोकदेखि काभ्रेपलाञ्चोकको सिमानासम्मको करिब चार किलोमिटर सडकमा क्षति पुगेको थियो। बनेपाआसपासका क्षेत्रमा वर्षा भएसँगै रोसी खोलामा पानीको बहाब बढ्दा चौकीडाँडादेखि नेपालथोकसम्म निर्माण गरिएको अस्थायी डाइभर्सन सडक बगाउँदा यात्रुहरू मर्कामा पर्दै आएका छन्।

बाढीले क्षतिग्रस्त बिपी राजमार्गको काभ्रेपलाञ्चोकतर्फ चार खण्डमा र सिन्धुलीतर्फ एक खण्डमा पुनर्निर्माणको काम भइरहेको छ। राजमार्ग पुनर्निर्माणको काम भइरहेकाले तत्कालका लागि रोसीखोला किनारमा अस्थायी डाइभर्सन सडक निर्माण सञ्चालन गर्दै आएकाले सामान्य वर्षामा समेत डाइभर्सन बगाएर यातायात अवरुद्ध हुँदै आएको छ। बिपी राजमार्गको वैकल्पिक सडक नहुँदा राजमार्ग अवरुद्ध हुँदा सवारीसाधन र यात्रु राजमार्गमा नै फस्ने गरेका छन्।

# सुकुमवासीको घरमा डोजर चल्दैन : नगरप्रमुख लामा

**चितवन समाचारदाता**
*चितवन, वैशाख १७ गते*

ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएकालाई कुनै स्थानीयलाई अफवाहमा नलागी ढुक्क भएर बस्न राप्ती नगरपालिकाले आग्रह गरेको छ। नगरप्रमुख शमशेर लामाले जारी गरेको सूचनामा केही नगरवासीले भोगचलन गर्दै आएको तथा निस्सा प्राप्त गरिसकेको ऐलानी जग्गा नेपाल सरकारले संरक्षण गर्ने क्रममा हटाइने भन्ने अफवाह फैलिएको उल्लेख गरिएको छ। यस प्रकारका हल्लाले सर्वसाधारणमा अन्योल र डर सिर्जना गरेको भन्दै नगरपालिकाले यस्ता भ्रममा नपर्न आग्रह गरेको छ।

नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीको यथार्थ अवस्थालाई ध्यानमा राख्दै उनीहरूको व्यवस्थापन तथा स्थायी समाधानका लागि पहल भइरहेको जनाएको छ। यसका लागि भूमि समस्या समाधान आयोग, चितवनसँग आवश्यक समन्वय गर्दै रातोपुर्जा वितरण प्रक्रिया अगाडि बढाइएको पनि सूचनामा उल्लेख छ। नगरप्रमुख लामाले सबै नगरवासीलाई कुनै पनि अफवाहमा नलागी ढुक्क भएर बस्न आग्रह गर्दै आवश्यक जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकामा सम्पर्क राख्न अनुरोध गर्नुभएको छ।

## निकुञ्जद्वारा अतिक्रमित जग्गाका संरचना हटाउन सूचना

यसैबिच चितवन राष्ट्रिय निकुञ्ज कार्यालय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र भएका अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरिएको छ। कार्यालयले वनक्षेत्र, सामुदायिक वन, कुन्जभित्रका सडक, खोला तथा नदी किनारका क्षेत्रमा अनधिकृत रूपमा बसोबास तथा संरचना निर्माण गरिएको भन्दै त्यसलाई तत्काल हटाउन निर्देशन दिएको हो। कार्यालयका सूचना अधिकारी अविनाश थापामगरले वनक्षेत्रभित्र अनधिकृत रूपमा बनाइएका घरटहरा, गोठ, पर्खाल, खेतीपातीलगायतका संरचना १५ दिनभित्र खाली गर्न निर्देशन गरेको जानकारी दिनुभयो। तोकिएको समयभित्र अतिक्रमण नहटाएमा कानुनी कारबाही गरिने चेतावनी पनि दिइएको छ।

निकुञ्ज प्रशासनले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार जरिबाना तथा कैद सजाय हुन सक्ने उल्लेख गरिएको छ। अतिक्रमण हटाउन सम्बन्धित सबैलाई अनुरोध गरेको छ। साथै बुधबार अर्को सूचना प्रकाशित गरी अतिक्रमित क्षेत्र हटाउने कार्य निकुञ्जको नियमित कार्यभित्र रहेकाले संयमित भएर काम गर्न अनुरोध गरिएको छ।

**नेपाल सरकार**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**पुरातत्व विभाग**

**बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८३।०१।१८**
**सूचना नं. ०९/०८२/८३**

यस विभागबाट विभिन्न मितिमा आह्वान गरिएका बोलपत्र/सिलबन्दी दरभाउपत्रहरूको मिति २०८३।०१।१७ को निर्णयानुसार ठेक्का स्वीकृतिको लागि आशयको सूचना प्रकाशन गरिएको छ। सो सूचनाको विस्तृत विवरण यस विभागको सूचना पाटी र विभागको वेबसाइट www.doa.gov.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**महानिर्देशक**

**श्री पन्चकन्या सामुदायिक वन उपभोक्ता समूह**
हेटौडा-१८, मकवानपुर

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

दोस्रो पटक सूचना प्रकाशन मिति : २०८३/०१/१८

यस सामुदायिक वन उपभोक्ता समूहको काठमाडौँ तराई मधेश द्रुतमार्ग सडक आयोजनाको मार्गाधिकारमा पर्ने वन क्षेत्रबाट नियमानुसार आ.व. २०८१।०८२ मा कटान मुछान गरी समूहलाई हस्तान्तरण गरेको घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान १९३८ को ११०६७.८० घनफिट काठ र साल र अन्य जातको दाउरा १०२.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानुनबमोजिम उद्योगको रुपमा दर्ता तथा नवीकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यससम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**पन्चकन्या सामुदायिक वन उपभोक्ता समूह**
हेटौंडा-१८, मकवानपुर

**दक्षिणकाली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल**

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८३/०१/१८

यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय फर्पिङबाट मिति २०८२/१२/१४ गतेको राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको इ-बिडिङ पोर्टल [www.bolpatra.gov.np] मा प्रकाशित विद्युतीय बोलपत्रको ३० दिने सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्रदाताहरूको मूल्याङ्कन समितिको प्रतिवेदन तथा सिफारिस अनुसार न्यूनतम मूल्याङ्कित र सारभुत रूपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृत गर्नको लागि मिति २०८३/०१/१७ गतेको निर्णयानुसार छनोट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ।

| क्र.स. | ठेक्का नं. | विवरण | सारभूत प्रभावग्राही फर्मको नाम | कबोल अंक (मू.अ.क.र PS सहित रु.) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | DM/NCB/WORKS/2082-83/07 | Champadevi Khulla school Sanchalan Tatha Byawasthapan | Mainstream Builders Pvt. Ltd. | 25,07,796.99/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**नेपाल पशु चिकित्सा परिषद्, त्रिपुरेश्वर, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८३।०१।१८)**

यस परिषद्को मिति २०८२।१२।१२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना न. ०१/२०८२/८३ को बोलपत्र आह्वान सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरूमध्येबाट न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का न. | कामको विवरण | निर्माण व्यवसायी | कबोल अंक रु. (VAT, PS सहीत) |
|---|---|---|---|
| VCN/NCB/WORKS-01/082/83 | Construction Of Prefab Structure in Nepal Veterinary Council | Deula Nirman sewa, Tajakot Humla | 37,96,207.50 |

***Acting Registrar***

**नेपाल मेडिकल काउन्सिलको दर्ता किताबबाट नाम हटाइएको (दर्ता खारेजी) सम्बन्धी अत्यन्त जरुरी सूचना**

(मिति २०८३ वैशाख १८)

नेपाल मेडिकल काउन्सिल ऐन, २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३, नेपाल मेडिकल काउन्सिलको निर्णयानुसार, नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका तपसिल बमोजिमका चिकित्सकहरूको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेजी गर्ने भनी निर्णय गरेको हुँदा तपसिल बमोजिम चिकित्सकहरूको नाम नेपाल मेडिकल काउन्सिल दर्ता किताबबाट यसै मितिदेखि लागु हुने गरी हटाइएको (दर्ता खारेज) व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | नाम | नागरिकता नं/जारी जिल्ला | दर्ता नं | उपाधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | डा. सुमिन्द्रा पुन | ७५०९१/रुपन्देही | २७३४ | एम.बि.बि.एस. | ब्रिटिश नागरिक |
| २. | डा. शैलेश कुमार जयसवाल | २१००/०३३०/बारा | ३९९० | एम.बि.बि.एस. | क्यानडियन नागरिक |
| ३. | डा. भूपेश खड्का | ११४३/ काठमाडौं | ४९४३ | एम.बि.बि.एस. | अमेरिकन नागरिक |
| ४. | डा. आरती रानाभाट | १३३६४/५५/चितवन | ५५९६ | एम.बि.बि.एस. | न्युजिल्याण्ड नागरिक |
| ५. | डा. रमेश राज पहारी | ७१२१६/कास्की | ६३०४ | एम.बि.बि.एस. | ब्रिटिश नागरिक |
| ६. | डा. सन्जोक घले | ७०७३/४४/४५/चितवन | ६३७२ | एम.बि.बि.एस. | ब्रिटिश नागरिक |
| ७. | डा. ऋषिराज बराल | ३५२७३/मोरङ | ६६५५ | बि.डी.एस. | क्यानडियन नागरिक |
| ८. | डा. प्रभु पाण्डे | ४३२/काठमाडौं | ६७५८ | एम.बि.बि.एस. | न्युजिल्याण्ड नागरिक |
| ९. | डा. तृप्ति महर्जन | ००३३९९/ललितपुर | ८६७७ | एम.बि.बि.एस. | ब्रिटिश नागरिक |
| १०. | डा. सृजना श्रेष्ठ | ६७५९१/स्याङ्जा | ८८३० | बि.डी.एस. | ब्रिटिश नागरिक |
| ११. | डा. सुनिता बिष्ट | ९९८२४/पाल्पा | ९०९६ | एम.बि.बि.एस. | ब्रिटिश नागरिक |
| १२. | डा. दिपा मल्ल | ७९३०५/पाल्पा | १२२१६ | एम.बि.बि.एस. | अमेरिकन नागरिक |
| १३. | डा. सौरब जी.सी. | १७७७/काठमाडौं | १२३४५ | एम.बि.बि.एस. | ब्रिटिश नागरिक |
| १४. | डा. जेनिशा श्रेष्ठ | ३३९१०/०६३/६४/सुनसरी | १३७६१ | एम.बि.बि.एस. | अमेरिकन नागरिक |
| १५. | डा. प्रभास रेग्मी | ३१८४८- ललितपुर | १४५६४ | एम.बि.बि.एस. | जर्मन नागरिक |
| १६. | डा. दिपिका ज्ञवाली | ४७१४/काठमाडौं | १८७७१ | एम.बि.बि.एस. | अमेरिकन नागरिक |
| १७. | डा. हेमु चौरासिया | ३४१००२/८६/पर्सा | १८८८२ | एम.बि.बि.एस. | भारतीय नागरिक |
| १८. | डा. समिक्षा शर्मा | २७१०६०/९६३/काठमाडौं | १९३१२ | एम.बि.बि.एस. | अस्ट्रेलियन नागरिक |
| १९. | डा. मनोरमा पाण्डे | १/५७३४२/धादिङ | २४००६ | एम.बि.बि.एस. | अमेरिकन नागरिक |

नेपाल सरकार
**शिक्षक सेवा आयोग**
**बढुवा सिफारिस समितिको सचिवालय**
**शिक्षा विकास निर्देशनालय**
**बागमती प्रदेश, हेटौंडा, मकवानपुर**

**कार्यसम्पादन मूल्याङ्कनका आधारमा शिक्षक बढुवाको सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०१/१८**

शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरको २०८२/०८/१५ गते प्रकाशित कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरिने ७५ प्रतिशत शिक्षक बढुवाका लागि निवेदन दिएका उम्मेदवारहरू मध्ये शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) को परिच्छेद–४ को नियम ३३ बमोजिम शिक्षक सेवा आयोग, बढुवा सिफारिस समितिको सचिवालय, शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश हेटौँडाको निर्णयानुसार बागमती प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका निम्न माध्यमिक तह द्वितीय श्रेणीको विज्ञापन अनुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको बढुवा नामावली, शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३४ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। बढुवा सिफारिस सम्बन्धी विस्तृत विवरण शिक्षा विकास निर्देशनालय, हेटौँडाको वेबसाइट www.edd.bagamati.gov.np र शिक्षक सेवा आयोगको वेबसाइट www.tsc.gov.np मा हेर्न सकिने छ।

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**विष्णुपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउ-पत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८३/०१/१८

प्रस्तुत विषयमा यस विष्णुपुर गाउँपालिकाको चालु आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक शसर्त अनुदान तर्फ खाद्यान्न बालीको उन्न बिउँ उपयोगमा अनुदान धान गहुँ तर्फ रन्जित मन्सुली र नेपाली कान्छी धानको बिउ खरिद कार्यको लागि मिति २०८३/०१/०१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तोकिएको समयमा दर्ता हुन आएका शिलबन्दी दरभाउ-पत्रहरु मध्ये तपसिलमा उल्लेख भएको शिलबन्दी दरभाउ-पत्र न्यूनतम मूल्यांकित तथा सारभुत रूपमा प्रभावकारी भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहित को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि शिलबन्दी दरभाउ पत्र दाताहरूको लागि ७ दिने आशयको सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनोट भएको दरभाउ पत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम प्रति के.जि |
|---|---|---|---|---|
| १ | ०१/कृषि/आ.व. २०८२/०८३ | धानको बिउ खरिद कार्य | भैरव बिज भण्डार राजविराज सप्तरी | १००/- एक सय मात्र |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल एपीएफ स्कुल**
**कीर्तिपुर-४, काठमाडौं**

**शिक्षक आवश्यकता**

सशस्त्र प्रहरी बल नेपाल कल्याणकारी सेवा केन्द्रद्वारा सञ्चालित यस नेपाल एपीएफ स्कुल कीर्तिपुरमा आवासीय रूपमा रही अध्यापन गर्न इच्छुक, ऊर्जाशील, आत्मप्रेरित तथा दक्ष शिक्षकहरूको तत्काल आवश्यकता परेको हुँदा देहाय बमोजिमका पदहरूमा आवेदन आह्वान गरिएको छ।

**निम्न**

| सि.नं. | विषय | तह | माग संख्या | आवेदन दिने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | अर्थशास्त्र | माध्यमिक तह | १ | २०८३।०२।१८ | |
| २. | अंग्रेजी | आधारभूत तह | १ | | |

**आवश्यक योग्यता:**

- आधारभूत तहका शिक्षकका लागि सम्बन्धित विषयमा न्यूनतम +2/PCL उत्तीर्ण गरेको हुनु पर्ने।
- माध्यमिक तहका शिक्षकका लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने।
- सम्बन्धित विषयको अध्यापन अनुमति पत्र (Teaching License) अनिवार्य भएको हुनु पर्ने।
- उम्मेदवारको उमेर ४० वर्ष ननाघेको हुनु पर्नेछ।
- आवासीय रूपमा विद्यालयमा रही कार्य गर्न इच्छुक तथा सक्षम हुनु पर्ने।


**आवेदन प्रक्रिया:**

इच्छुक उम्मेदवारहरूले हस्तलिखित निवेदन, रु. १० को टिकट, अद्यावधिक बायोडाटा, पासपोर्ट साइजको फोटो २ प्रति, शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्रहरूको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि तथा अध्यापन अनुभवसम्बन्धी प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र विद्यालय प्रशासन शाखामा वा विद्यालयको इमेल ठेगानामा आवेदन पेश गर्नु पर्नेछ।

**अन्य सुविधा:**

- अन्य सेवा सुविधा विद्यालयको नियम अनुसार उपलब्ध गराइनेछ।
- छनोट सूचीमा परेका उम्मेदवारहरूलाई मात्र छनोट प्रक्रियाका लागि सम्पर्क गरिनेछ।
- थप जानकारीका लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्न सकिनेछ।

०१-५२१३००३, ५२१३०८१, ५२१३१६६, 9851271449
**Gmail: nepalapfschool@gmail.com, Website: www.napfs.edu.np**



मेहनत यसरी गर्नु कि भाग्य पनि
तिमीलाई साथ दिन बाध्य होस् ।
*-एपिजे अब्दुल कलाम*

## सम्पादकीय

# सार्वजनिक जग्गा संरक्षण

**सरकारी, सार्वजनिक र गुठीको जग्गा अतिक्रमण गर्ने प्रवृत्तिमा कमी आएको छैन । यस्तो जग्गा अतिक्रमण गर्ने कार्य सङ्घीय राजधानी काठमाडौँमा व्यापक छ । यसलाई रोकेर सार्वजनिक सम्पत्तिको संरक्षण गर्न विगत लामो समयदेखि प्रयास गरिँदै आएको छ । यद्यपि यसमा आशा गरिए अनुसारको सफलता पाउन सकिएको छैन । काठमाडौँ देशको सङ्घीय राजधानी मात्र होइन, हाम्रो सभ्यता, संस्कृति र पहिचानको केन्द्र पनि हो । यहाँ ७७ वटै जिल्लाबाट आएका नागरिकको बसोबास छ । छ्यालिस सालको जनआन्दोलनपछि र विशेष गरी माओवादी द्वन्द्व सुरु भएपछि विभिन्न जिल्लाबाट काठमाडौँ आउने र यहीं बसोबास गर्नेको सङ्ख्या ह्वात्तै बढेको हो । माओवादीसँग असहमत नागरिक गाउँमा बस्न सक्ने अवस्था नभएपछि राजधानी सहर पसे । सहर पसेपछि उनीहरू गाउँ फर्केनन् । यो अवधिमा जग्गा खरिदबिक्री मात्र होइन, अतिक्रमण गर्ने काम पनि व्यापक रूपमा भयो । सबैतिरबाट थिचिएर, मिचिएर दबाबमा पर्दा हरियाली र खुला ठाउँ घटेर काठमाडौँ 'कङ्क्रिटको जङ्गल' बन्दै गयो । काठमाडौँ महानगरभित्र यो समस्या अझ बढी छ । सरकारी, सार्वजनिक र गुठीका जग्गालाई निजी सम्पत्ति झैँ उपयोग गर्ने, खोलाका किनार मिचेर घरटहरा बनाउने काम भएको छ । यसले महानगरको स्वरूप बिगारेको छ । खुला ठाउँको कमी भएको छ ।**

**लामो समयसम्म राजनीतिक संरक्षण र प्रशासनिक मौनताका कारण काठमाडौँका खुला ठाउँ साँघुरिँदै गएका हुन् । टुकुचालगायतका खोलामाथि बनेका संरचना हुन् वा विभिन्न चोक र गल्लीमा मिचिएका फुटपाथ, यी सबैले विधिको शासनलाई चुनौती दिइरहेको छ । काठमाडौँ महानगरपालिकाले जग्गा अतिक्रमण हटाउ अभियान चलाएको छ । यसमा विविध कारणले ठुलो सफलता हासिल हुन सकेको छैन । सबैले बुझ्नुपर्ने कुरा के छ भने सार्वजनिक जग्गा व्यक्ति वा संस्थाको निजी बिर्ता होइन । यस्तो जग्गा निजी बिर्ता जस्तो ठानेर दोहन गर्नु कुनै हिसाबले राम्रो होइन । जग्गा अतिक्रमण हटाउने कार्य प्राविधिक र कानुनी रूपमा जटिल पनि छ । कतिपय अवस्थामा नक्सा पास भएका घर पनि सार्वजनिक जग्गामा परेका छन् । यसरी मिचिएका जग्गाको कानुनी उपचार साथै वैज्ञानिक सीमाङ्कन गरी त्यसलाई दीर्घकालीन रूपमा संरक्षण गर्ने कार्ययोजना बनाउनु पर्छ । राजधानीवासी नागरिक स्वयम्ले पनि आफ्नो वरिपरिको सार्वजनिक जग्गा मिचिन नदिन खबरदारी गर्नु पर्छ । यदि हामीले आज हाम्रा खुला ठाउँ जोगाउन सकेनौँ भने भोलिको पुस्ताले सास फेर्ने ठाउँसमेत पाउने छैन । काठमाडौँलाई पुनः जीवन्त र सुन्दर बनाउने हो भने सार्वजनिक जग्गा अतिक्रमणलाई रोक्नै पर्छ ।**


**दुःखको कुरा, व्यक्तिको नाममा पुगेका काठमाडौँ महानगरभित्रका करिब एक हजार आठ सय रोपनी जग्गा अझै सरकारमातहत आउन सकेको छैन । तीन दशकअघि नै विभिन्न व्यक्तिको नाममा सरकारी, सार्वजनिक र गुठीको जग्गा भएको पाइएको छ । २०४९ सालमा आयोग नै बनाएर यस्तो जग्गाबारे छानबिन गरिएको थियो । त्यतिबेला बनाइएको 'सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग' (रावल आयोग) ले अतिक्रमण भएको जग्गा सरकारको नाममा ल्याउन सिफारिस गरेको थियो । आयोगले सिफारिस गरेको सरकारी जग्गा अझै सरकारको नाममा ल्याउन सकिएको छैन । पूर्वसचिव रामबहादुर रावलको नेतृत्वमा गठित उक्त आयोगले काठमाडौँ महानगरका विभिन्न ठाउँमा जग्गा अतिक्रमण गरी व्यक्तिको नाममा पुगेको ठहर गर्दै फिर्ता गर्न र दोषीमाथि कारबाही गर्नसमेत सिफारिस गरेको थियो । उक्त आयोगले तीन वर्ष लगाएर २०५२ सालमा सरकारलाई प्रतिवेदन बुझायो । यो प्रतिवेदन कार्यान्वयनमा नआउँदा काठमाडौँ महानगरभित्रको एक हजार ८५९ रोपनी सरकारी जग्गा सरकारको नाममा आउन सकेको छैन । यी सरकारी जग्गा अहिले पनि व्यक्तिले अतिक्रमण गरेर राखिरहेका छन् ।**

**मूलतः जग्गाको अतिक्रमण हटाउने कार्य आफैँमा चुनौतीपूर्ण र संवेदनशील विषय हो । महानगरले चालेका कतिपय कदम अदालतसम्म पुगेका छन् भने कतिपय ठाउँमा स्थानीयवासीसँग द्वन्द्वको स्थिति पनि सिर्जना भएको छ । यद्यपि नगरको दीर्घकालीन हित र सौन्दर्यका लागि कठोर निर्णय लिनुको विकल्प छैन । सार्वजनिक जग्गा खाली गराउँदा ऐतिहासिक प्रमाण, नापीको नक्सा र कानुनी आधारलाई थप बलियो बनाउनु पर्छ । खाली गराइएका स्थानलाई पुनः अतिक्रमण हुन नदिन त्यहाँ पार्क निर्माण, वृक्षरोपण वा खुला व्यायामशाला जस्ता सार्वजनिक हितका पूर्वाधार बनाउनु पर्छ । काठमाडौँलाई बस्न योग्य, स्वच्छ र सुन्दर बनाउन महानगरपालिकाको प्रयास मात्र पर्याप्त हुँदैन । यसमा सङ्घीय सरकार, सुरक्षा निकाय र आमसहरवासीको उत्तिकै रचनात्मक सहयोग र खबरदारी आवश्यक छ । सार्वजनिक सम्पत्तिमाथि कसैले आँखा लगाउन नपाउने गरी सामाजिक चेतनाको विकास गर्नु आजको आवश्यकता हो । मिचिएका हरेक इन्च जग्गा सार्वजनिक हितमै प्रयोग हुने वातावरण निर्माण गरिनु पर्छ ।**

## १०० वर्ष अधिको

# गोर्खापत्र

१९८१ साल पौष ८ गते सोमबार



गोर्खापत्रको नियम ।

गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर मोफसल सर्वत्र ४ रुपैंया मात्र छ.

ठेगाना बदल्नुपर्‍यां भनेछाडेका ठांकोर सरेका ठामका ठेगानासमेत लेखिपठाउनु

### गोर्खापत्रको नियम ।

गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर
मोफसल सर्वत्र ४ रुपैँया मात्र छ,
ठेगाना बदल्नुपर्यो भने छाडेको
ठाँकोर सरेको ठाममा
ठेगानासेमेत लेखिपठाउनु

## चिन्तन

एक: स्वादु न भुञ्जीत:
एकस्चार्थान्न चिन्तयेत् ।
एको न गच्छेदध्वानं नैक: सुप्तेषु
जागृयात् ॥

**एक्लै स्वादिलो भोजन नगर्नू, एक्लै कुनै
विषयको निर्णयमा नपुग्नू, एक्लै बाटो
नहिँड्नू र धेरैजना सुतेको ठाउँमा आफू
एक्लो जागा नबस्नू !**


**- विदुर नीति**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# सुकुमवासी 'स्वाभिमान'



डा. शोभाकर पराजुली




नेपालमा सुकुमवासी समस्या कुनै नयाँ वा नौलो समस्या होइन, न यो कुनै स्थानीयस्तरको वा कुनै ठाउँविशेषको मात्रै समस्या हो । यो सदिऔँदेखि थाती रहेको एउटा राष्ट्रव्यापी समस्या हो । राज्यले बेलैमा सम्बोधन गर्नुपर्ने यो समस्यालाई यहाँका राजनीतिक दलहरूले आफ्नो राजनीतिक मुद्दाका रूपमा स्थापित गर्दा बर्सौंदेखिको सुकुमवासी समस्या जस्ताका तस्तै रह्यो । राज्यको दायित्व मात्रै नभएर हरेक नागरिकको मौलिक अधिकारका रूपमा रहेको गाँस, बास र कपास जस्तो आधारभूत कुराबाट लाखौँ नागरिक बर्सौंसम्म पिरोलिइरहेका छन् ।

खासमा पुस्तौँदेखि घरबास नभएका, पुस्तौँदेखि नै जग्गाजमिनमा स्वामित्व नभएका नागरिक वास्तविक सुकुमवासी हुन् तर सुकुमवासीका नाममा जग्गा पाइने लोभ र लालचका कारण वास्तविक कैयौँ सुकुमवासीका मुद्दा या गन्जागोल नै भए या त त्यत्तिकै ओझेलमा परे; जसका कारण सुकुमवासी सधैँ पुस्तैनी सुकुमवासी नै रहँदै आए । सुकुमवासीका नाउँमा कतिपय हुनेखाने धनी बन्दै गए । राज्यको निरन्तर उपेक्षा र राजनीतिक मुद्दाका कारण सदिऔँदेखि नेपालका सुकुमवासी कहिले व्यापारिक रूपमा प्रयोग भए त कहिले राजनीतिक रूपमा । सामाजिक रूपमा भने उनीहरू सधैँ 'सुकुमवासी' कै पहिचानमा मात्रै सीमित रहे । यसरी सुकुमवासी समस्या राज्यको मात्रै मुद्दा नभएर सामाजिक विभेदको एउटा विम्ब पनि बन्दै आयो । वास्तविक सुकुमवासीका लागि भने यो एउटा सामाजिक, आर्थिक र नैसर्गिक स्वाभिमानको लामो लडाइँका रूपमा स्थापित भयो । समग्रमा सामाजिक विभेदका रूपमा राज्यको एउटा चरित्र झल्काउने गरी सुकुमवासी समस्या सधैँ उस्तै समस्या रहँदै आयो ।

नेपालमा 'बास' को अधिकार नैसर्गिक हो अर्थात् संविधानको मूल प्रस्तावनामै उल्लिखित एक मौलिक अधिकारका रूपमा स्थापित यो अधिकारलाई राज्यले सधैँ दोस्रो दर्जामा राख्यो । उनीहरूलाई मनोवैज्ञानिक रूपमा पनि दोस्रो दर्जाकै नागरिकसरह राज्यले व्यवहार गर्दै आयो । नेपालको संविधान, २०७२ मा मौलिक अधिकारका रूपमा रहेको गाँस, बास र कपासको अधिकारलाई व्याख्या र विस्तारसमेत गरिएको छ । संविधानको धारा २५ मा सम्पत्तिको हक, धारा ३७ मा आवासको हक, धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक न्यायको हकका बारेमा लेखिएको छ । धारा ४० को उपधारा ५ मा संविधान जारी भएपछि राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्ने व्यवस्था छ । उपधारा ६ मा राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्ने भनिएको छ । जातिगत रूपमा मात्रै नभई समग्र भूमिहीन सुकुमवासीलाई पनि राज्यले जग्गाजमिन उपलब्ध गराउने ग्यारेन्टीसमेत गरेको छ; जस अनुसार संविधानको भाग–४, निर्देशक सिद्धान्त, नीति तथा दायित्वको (च) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको (६) बमोजिम भूमिहीन सुकुमवासी पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन व्यवस्था गर्ने भनिएको छ । त्यस्तै संवैधानिक व्यवस्था कार्यान्वयन गर्न भनेर २८ माघ २०७६ सालमा सङ्घीय संसद्‌ले भूमिसम्बन्धी ऐन, २०२१ को आठौँ संशोधन गरेर ऐनको दफा ५२ (क) मा भूमिहीन दलितलाई एक पटकका लागि तीन वर्षभित्र जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ । ५२ (ख) मा भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने तथा ५२ (ग) मा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने भनी उल्लेख गरिएको छ तर अहिलेसम्म संवैधानिक रूपमा भएको व्यवस्था अनुसार राज्यले कुनै पनि विषय कार्यान्वयन गर्न सकेको छैन ।

यो समस्या समाधानका लागि हरेक सरकारले प्रयास नगरेका भने होइनन् तर त्यसमा राजनीतिक स्वार्थले प्रेरित गरिरह्यो । कुनै पनि सरकारसँग त्यस्तो इच्छाशक्ति देखिएन । एउटा राजनीतिक दलको सरकारले भूमिहीन सुकुमवासीलाई व्यवस्थापन गर्न खोज्दा अर्काथरीले त्यसको विरोध गरे । उनीहरूलाई राजनीतिक हतियारका रूपमा प्रयोग गरेर 'विपक्षी' तर्साउनका लागि राजनीतिक दलहरू लागिरहे । ५० को दशकदेखि नै नेपालमा सुकुमवासी समस्या समाधानका लागि राज्य लागिरहेको देखिन्छ । अहिलेसम्म सुकुमवासी समस्या समाधानका लागि १८ वटाभन्दा धेरै आयोग बनिसकेका छन् तर ती कुनै पनि आयोगले वास्तविक समस्याको स्थायी समाधान खोज्न सकेनन् । हरेक जिल्लामा विस्तार गरिएका ती आयोग अन्तर्गतका निकाय मात्रै कार्यकर्ता व्यवस्थापनका लागि भर्तीकेन्द्र मात्रै बन्न सके । केही सय सुकुमवासीलाई पुर्जा वितरण (त्यो पनि आफ्नो अनुकूलका मान्छे वा आफ्ना दल निकटलाई मात्रै) बाहेक ती आयोगले कहिल्यै पनि काम फत्ते पार्न सकेनन् । देशभरि कति सुकुमवासी छन्, कुनै यकिन तथ्याङ्कसमेत छैन । त्यसमाथि कति वास्तविक सुकुमवासी छन् वा कति नक्कली बनेर जग्गाजमिन ओगटेर मात्रै बसेका छन् भन्ने विषय त झन् गन्जागोल छ ।

> ढिलै भए पनि वर्तमान सरकारले सुकुमवासी समस्याको स्थायी समाधान खोज्ने गरी काम सुरु गरेको छ । यसबाट बर्सौंदेखि थाती राखिएको यो समस्याको समाधान हुने आशा पलाएको छ । त्यसका लागि सरकारले दिगो परियोजना सञ्चालन गर्न जरुरी छ । जग्गाजमिन नभएकाहरू पनि यही देशका नागरिक हुन् ।

जेनजी आन्दोलनपछि २०८२ साल फागुनमा आमनिर्वाचन भयो । यो निर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टीलाई झन्डै दुई तिहाइनजिकको मतपरिणामसहित सरकारमा पुर्‍यायो । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह प्रधानमन्त्री हुनुभयो । त्यसअघि उहाँ काठमाडौँ महानगरपालिकाका प्रमुखसमेत हुनुहुन्थ्यो । त्यहीबेला नै उहाँले महानगरका तर्फबाट काठमाडौँका विभिन्न स्थानमा रहेका सुकुमवासी बस्ती व्यवस्थित गर्ने अभियान पनि थाल्नुभयो तर सङ्घीय सरकारसँग उहाँको राजनीतिक दुरी बढ्यो; जसका कारण ती बस्ती व्यवस्थित हुन सकेनन् । अब उहाँ प्रधानमन्त्री हुनुभयो र आफ्नो त्यही अभियानलाई निरन्तरता दिनुभयो ।

हालै मात्र सरकारले काठमाडौँको थापाथली, मनोहरा, गैरीगाउँलगायतका सार्वजनिक जग्गामा बसेका सुकुमवासीलाई उठाएर त्यो जमिन खाली गराएको छ । ती बस्तीका को को वास्तविक सुकुमवासी हुन् भनेर सरकारले पहिचान गरिरहेको छ । अहिलेसम्म सार्वजनिक भएका समाचारका आधारमा त्यहाँ आधाभन्दा धेरै मानिससँग कुनै न कुनै ठाउँमा आफ्नै जग्गाजमिन रहेको छ । वास्तविक सुकुमवासी एकदमै न्यून मात्रामा देखिएका छन् । सरकारले वास्तविक सुकुमवासी ठहर भएका उनीहरूलाई कतै न कतै स्थायी बसोबासको व्यवस्था गर्ने गरी काम गरिरहेको छ । तसर्थ यो काम सुकुमवासी समस्या समाधानको एउटा अध्याय मात्रै होइन, बरु पुस्तौँदेखि एक टुक्रा जमिनमा र आफ्नै स्वामित्वको एउटा 'लालपुर्जा' को आशामा बसिरहेका देशभरिका लाखौँ सुकुमवासीको सपना पूरा गर्ने सरकारको एउटा परीक्षा पनि हो । यद्यपि यसबाट एकप्रकारको आशा भने सञ्चार भएको देखिन्छ । अघिपछि जस्तो यसपालि सरकारले बस्ती खाली गर्न लाग्दा उल्लेख्य कुनै हुलदङ्गा भएन । कुनै नाराजुलुस भएन र कुनै उल्लेख्य अप्रिय घटना हुन पाएन । बरु सरकारको योजनाबमोजिम उनीहरूले शान्तिपूर्वक बस्ती खाली गरिदिए र सरकारले व्यवस्था गरे अनुसार नै बसिरहेका छन् । एकप्रकारले यो पुस्तौँदेखिको एउटा स्वाभिमानको जितको आशा र सञ्चार पनि हो ।

नेपालमा सुकुमवासी समस्या कहिले वा कसरी उत्पत्ति हुँदै गयो भन्ने कुनै अध्ययन छैन । तथापि जनसङ्ख्या वृद्धिसँगै बस्नयोग्य जमिनको अभाव र बढ्दो सहरीकरणका कारण विभिन्न ठाउँमा सुकुमवासीको सङ्ख्या बढ्दै गएको पाइन्छ । त्यसमा पनि सहरी क्षेत्रमा खाली क्षेत्र वा नदी, खोलाका किनार तथा सरकारी जग्गाजमिनको अतिक्रमण विभिन्न राजनीतिक कालखण्डमा भएको देखिन्छ । कतिपय समयमा आफ्नो 'भोट बैङ्क' सुरक्षित गर्नका लागि राजनीतिक दलहरू आफैँले वा उनीहरूको सरकार भएका बेलामा त्यस्तो जग्गाजमिनमा आफ्ना मान्छे बसालेको पनि देखिन्छ तर समय बित्दै जाँदा ती जमिन पनि किनबेच भएको अवस्था छ । त्यसैले सुकुमवासी समस्या नेपालका लागि एउटा राजनीतिक, सामाजिक र आर्थिक गाँठोका रूपमा रहिरह्यो ।

ढिलै भए पनि वर्तमान सरकारले सुकुमवासी समस्याको स्थायी समाधान खोज्ने गरी काम सुरु गरेको छ । यसबाट बर्सौंदेखि थाती राखिएको यो समस्याको समाधान हुने आशा पलाएको छ । त्यसका लागि सरकारले दिगो परियोजना सञ्चालन गर्न जरुरी छ । जग्गाजमिन नभएकाहरू पनि यही देशका नागरिक हुन् । यही माटोमा जन्मिएका उनीहरूका कैयौँ पुस्ता यही भूमिमै अस्ताएका छन् । तसर्थ हरेक नागरिकको आत्मसम्मान उसको नैसर्गिक अधिकार हो । हरेकको स्वाभिमानलाई राज्यले अनदेखा गर्न मिल्दैन र त्यसलाई अपमानित हुने गरी कुल्चिन पनि मिल्दैन । यो देशको नागरिक हुनु अनि जग्गाजमिन नभएकै कारण राज्यले दोस्रो दर्जाको नागरिक सरह उसको आत्मसम्मानमा चोट पुग्ने गरी कुनै पनि प्रक्रिया सञ्चालन गर्नु हुँदैन । आत्मसम्मान र स्वाभिमानमा चोट पुग्ने गरी जबरजस्ती गलहत्याउनुको सट्टा कुनै न कुनै वैकल्पिक व्यवस्था गरेर उनीहरूलाई ससम्मान स्थापित गर्नु राज्यको दायित्व हो । आफ्नै माटोमा कुनै पनि नागरिकले 'शरणार्थी' जसरी आफ्नो परिचय पुनर्स्थापित गर्न नपरोस् । नयाँ सरकारसँग आशा र भरोसा पनि यत्ति मात्रै हो ।

# असल औद्योगिक सम्बन्ध



सीता शर्मा

आज मे १ तारिख अर्थात् १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस । यस दिन नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आरामको माग गर्दै १९ औँ शताब्दीमा युरोप र अमेरिकाका श्रमिकले गरेको सङ्घर्षको सम्झनामा श्रमिक दिवस मनाइन्छ । विश्वका श्रमिकले यो दिवसलाई विशेष पर्वका रूपमा लिँदै आफ्ना सुविधाको समयानुकूल बढोत्तरी वा आफ्ना अधिकारको सुनिश्चितका लागि रोजगारदातालाई दबाबसहितका कार्यक्रम गरी मनाउँछन् । त्यसो त नेपाल सरकारले श्रमिक आन्दोलनका एजेन्डालाई स्वीकार गरी श्रमिकको अधिकार स्थापित गराउन थुप्रै राम्रा ऐन कानुन निर्माण गरिसकेको छ । त्यसबाहेक सरकारले श्रमिकको न्यूनतम ज्याला र बिमाको सुविधासहित आफ्नो समस्या सम्बन्धित निकायमा राख्न पाउने व्यवस्थालाई सहजीकरणसमेत गर्दै आएको छ । श्रमिकलाई कुनै औद्योगिक प्रतिष्ठानमा काम गर्ने वातावरण सिर्जना गरी योगदानमा आधारित सामाजिक सुरक्षाको प्रत्याभूति गराउने काममा पनि क्रियाशील देखिन्छ तर त्यो पर्याप्त नभएको गुनासो श्रमिकको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले मर्यादित कामलाई 'स्वतन्त्रता, समानता, सुरक्षा र मानवीय मर्यादाको अवस्थामा महिला र पुरुषका लागि उत्पादनशील काम' भनेर परिभाषित गरेको छ । रोजगारी र उद्यम प्रवर्धन, काममा अधिकारको सुनिश्चित, सामाजिक सुरक्षा विस्तार र सामाजिक संवाद प्रवर्धन आइएलओका मर्यादित कार्यका चार स्तम्भ हुन् । मर्यादित काम मात्र लक्ष्य होइन, यो दिगो विकासको माध्यम पनि हो । मर्यादित कामबाट श्रमिकको आर्थिक स्थिति बलियो हुनुका साथै अधिक समावेशी आर्थिक वृद्धि हुनु हो । मर्यादित कामले असमानता घटाउँछ र लचिलोपन बढाउँछ । सामाजिक संवादका माध्यमबाट विकसित नीतिले मानिस र समुदायलाई जलवायु परिवर्तनको प्रभावसँग सामना गर्न मद्दत गर्छ । जबकि थप दिगो अर्थतन्त्रतर्फ सङ्क्रमणलाई सहज बनाउँछ । यति मात्रै होइन, आत्मसम्मान, आशा र सामाजिक न्यायको भावनाले सामाजिक शान्ति कायम राख्न मद्दत गर्छ ।

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा हरेक नागरिकले मर्यादित रूपमा रोजगारी गर्न पाउने अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिसेकेको छ । नेपालको संविधान, २०७२ ले रोजगारी र सामाजिक सुरक्षाका साथै ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजीमा संलग्न हुने मौलिक हकलाई समेटेको छ । संविधान र राष्ट्रिय कानुनले पनि बालश्रम र जबरजस्ती श्रम निषेधसहित श्रम शोषणविरुद्ध महत्त्वपूर्ण संरक्षण समावेश गरेको छ । सरकारले श्रमिक र रोजगारदाता सङ्गठनसँग मिलेर हालैका वर्षमा श्रम ऐन, २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ पारित भए पनि श्रम नीतिले न्यून पारिश्रमिक, अनौपचारिक क्षेत्रका महिला, युवा र सामाजिक रूपमा बहिष्कृत समूहको एकीकृत रूपमा पहिचान र सम्बोधन गर्न सकेका छैनन् । श्रम ऐन, २०७४ ले सबैका लागि समान अवसर, ज्यालाको अन्तर घटाउने र कार्यस्थलमा हुने भेदभाव हटाउन प्रतिबद्ध छ तर यी नीतिगत प्रावधान अपर्याप्त छन् ।

नेपालले विसं २०६३ पछि अपेक्षाकृत थोरै अन्तर्राष्ट्रिय श्रम महासन्धिलाई अनुमोदन गरेको छ । अन्तर्राष्ट्रिय व्यापार साझेदार र सम्भावित विदेशी लगानीकर्ताबाट राष्ट्रिय कानुन, नीति र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताबिच थप कानुन सुधारको माग भइरहेको छ । सरकारले आइएलओका तीन प्राथमिकतामा रहेका सुशासन

**सन्दर्भः अन्तर्राष्ट्रिय श्रमिक दिवस**

> देशका उद्योगबाट उत्पादन र उत्पादकत्व वृद्धिका लागि असल श्रम सम्बन्ध र असल औद्योगिक सम्बन्ध हुनु पर्छ । रोजगारदाताले उद्योगबाट राम्रो उत्पादन दिनका लागि श्रमिकलाई खुसी पार्ने काम गर्नु पर्छ भने श्रमिकले पनि रोजगारदाता नै नभएको अवस्थामा आफूले कसरी श्रमको उचित मूल्य पाउन सक्छु भन्ने हेक्का राख्नु पर्छ ।

महासन्धि ८१ र १२९ श्रम निरीक्षण र १२२ रोजगार नीतिलाई अनुमोदन गर्न बाँकी छ । घरेलु श्रमिकको अधिकारसम्बन्धी महासन्धि १८९ र कार्यस्थलमा हिंसा र उत्पीडनसम्बन्धी महासन्धि १९० लाई सम्बोधन गर्ने अधिवेशनलगायत नयाँ प्राविधिक मापदण्डको अनुमोदनका लागि राष्ट्रिय सरोकारवालाको वकालतले अझै परिणाम दिएको छैन । यसबाहेक ऐतिहासिक रूपमा नेपाली कामदार र रोजगारदाताका प्रतिनिधिले यी उपलब्ध संयन्त्रको सीमित चेतनाका कारणले गर्दा राष्ट्रियस्तरमा श्रम मापदण्डको प्रभावकारी कार्यान्वयनलाई अगाडि बढाउन आइएलओको निरीक्षण प्रणालीको सीमित प्रयोग गरेका छन् ।

प्रभावकारी श्रम बजार र सुशासन सङ्घीय प्रणालीले श्रम र रोजगार नीति सुधार गर्न र विभिन्न क्षेत्रमा श्रमिक तथा उद्यमको विभिन्न आवश्यकता एवं अवसर अनुरूप सार्वजनिक कार्यक्रम, सेवा डिजाइन र वितरण गर्ने अवसर खुलेको छ । यी सुधार अनुरूप, रोजगारी र श्रम बजारसम्बन्धी कार्यक्रम पछिल्ला वर्षमा सङ्घीय तहबाट प्रदेश र स्थानीय तहमा क्रमशः विस्तार हुँदै गएका छन् । तैपनि परिवर्तनको प्रतिरोध, अपर्याप्त समन्वय, साथै पालिका सरकार र उपराष्ट्रिय श्रम संस्थाको नयाँ कार्यादेश पूर्ण रूपमा ग्रहण गर्ने क्षमतालाई सीमित गर्ने बजेट र कानुनी खाडललगायत धेरै कारकले प्रगतिमा बाधक बनेका छन् ।

श्रमिक र रोजगारदाताको भूमिका रोजगारदाता र श्रमिकबिच असल सम्बन्धबाट असल औद्योगिक वातावरण र संस्कृतिको विकास हुनु पर्छ । यसले उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग पुग्छ । रोजगारदाता र श्रमिकको असल सम्बन्ध विस्तारका लागि नीतिगत कमीकमजोरी हुन सक्छन् । श्रम ऐन, नियमावलीमा भएका कमीकमजोरीलाई सुधार गर्न सरकारसमक्ष सुझाव रोजगारदाता र श्रमिक ट्रेड युनियनका तर्फबाट दिनु पर्छ । त्यसो त नेपालका श्रमिकको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन अनुसार नेपालमा महिला श्रमिकको अनुपात ३२.४७ प्रतिशत र पुरुष श्रमिकको अनुपात ६७.५३ प्रतिशत रहेको छ । यसमा पनि कार्य समय, पारिश्रमिक, बिदा, बिमा, सामाजिक सुरक्षालगायत औषधी उपचारलगायतका हक अधिकारको उचित व्यवस्था सबै प्रतिष्ठानमा हुन सकेको छैन । सामाजिक साझेदारको आवाजलाई कायम राख्न र सुदृढ गर्न सबै तहका रोजगारदाता, श्रमिक सङ्गठनलाई उदीयमान श्रम र रोजगारीमा क्षमता निर्माण गर्न आवश्यक छ ।

अन्त्यमा १३७ औँ मे दिवस मनाइरहँदा नेपाली श्रमिकको जीवनमा अझै सुधार हुन बाँकी छ । योगदानमा आधारित सामाजिक सुरक्षा लागु भएको छ तर व्यावहारिक कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । तसर्थ नेपालको संविधान २०७२ र त्यसपछिका श्रम सुधारका प्रतिबद्धतालाई साकार पार्नु पर्छ । सबै तहका सरकारमा सामाजिक संवादका संरचना विस्तार गर्ने र श्रम प्रशासनलाई सुदृढ एवं व्यवस्थित गरी श्रमिकको पहुँचमा पुर्‍याउनका लागि विस्तार र विकास गरी श्रम निरीक्षण प्रणालीलाई बलियो र भरपर्दो बनाउनु आवश्यक छ । रोजगारी प्रवर्धनका लागि ट्रेड युनियनको सहभागितामा रोजगार नीति र औद्योगिक नीति परिमार्जन गर्नुका साथै सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउनु पर्छ । राजनीतिक एजेन्डा एउटा होला तर देशका उद्योगबाट उत्पादन र उत्पादकत्व वृद्धिका लागि असल श्रम सम्बन्ध र असल औद्योगिक सम्बन्ध हुनु पर्छ । रोजगारदाताले उद्योगबाट राम्रो उत्पादन दिनका लागि श्रमिकलाई खुसी पार्ने काम गर्नु पर्छ भने श्रमिकले पनि रोजगारदाता नै नभएको अवस्थामा आफूले कसरी श्रमको उचित मूल्य पाउन सक्छु भन्ने हेक्का राख्नु पर्छ । श्रमिक खुसी हुन सकेमा मात्रै गुणस्तरीय उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिन्छ । यसमा दुवै पक्ष सचेत र चनाखो हुनु जरुरी छ । सरकारको सहजीकरणको भूमिका, रोजगारदाता र श्रमिकको सकारात्मक सोचबाट मात्रै असल औद्योगिक सम्बन्ध विकास गर्न सकिन्छ । यसले श्रमिक दिवसको सार्थकता झल्कन्छ ।

# बौद्ध धर्मका सम्प्रदाय



डा. उद्धव पुरी

बौद्ध धर्म भन्नेबित्तिकै सिद्धार्थ गौतमको नाम लिइन्छ तर बौद्ध धर्मका अनुयायी वा बौद्ध शिक्षाका जानकारले भने गौतम बुद्ध अघि र पछिका बुद्धबारे पनि चर्चा गरेको पाइन्छ। सत्ययुग, त्रेतायुग, द्वापरयुग र वर्तमान कलियुगमा सात बुद्धको जन्म भइसकेको र अब गौतम बुद्धको शासनकालपछि मैत्रीय बुद्ध आउने छन् भन्ने पनि मानिएको छ। बौद्ध धर्मका केही सम्प्रदायमा गौतम बुद्धअघि अरू धेरै बुद्ध थिए भन्ने विश्वास गरिन्छ। कतै कतै उनीहरूका नाम पनि उल्लेख गरिएको पाइन्छ। कतिपय बौद्ध ग्रन्थले समेत गौतम बुद्धभन्दा अघिदेखि नै बौद्ध धर्मको निरन्तरता हुँदै आएको भन्ने माने पनि कति बुद्ध आए र गए भन्ने विषयमा भने एकै मत भएको पाइँदैन। ऐतिहासिक प्रमाण र बौद्ध ग्रन्थलाई आधार मान्ने हो भने अधिकांश बुद्ध नेपालमा जन्मेका र केही बुद्ध मात्र हालको नेपाल भूमिभन्दा बाहिर जन्मेको उल्लेख गरिएको पाइन्छ। नेपालको कपिलवस्तुमा नै गौतम बुद्धअघि क्रकुच्छन्द र कनकमुनि बुद्ध जन्मेको प्रामाणिक अभिलेख अहिले पनि देख्न सकिन्छ। उपत्यकाको स्वयम्भू, स्वयम्भू पुराण र केही महायानी ग्रन्थसमेतलाई आधार मान्दा विशेष गरी उपत्यका नै बौद्ध धर्म परम्पराको विकसित वा निरन्तरतामा चल्दै आएको स्थल मान्नु पर्छ। यहाँ प्रचलित महायान वा वज्रयान परम्परामा गौतम बुद्धभन्दा अघिका बुद्ध र बोधिसत्त्वहरू धेरैको चर्चा हुनुका साथै पूजा पनि हुन्छ।

गौतम बुद्धभन्दा अघिको बौद्ध इतिहासका लागि स्वयम्भूको पौराणिक कथालाई ठुलो आधार मानिन्छ। केही बौद्ध मत, वंशावली र स्वयम्भू पुराणका अनुसार गौतम बुद्धभन्दा अघिका मानव बुद्धहरू विपश्वी, शिखि, विश्वभू, क्रकुच्छन्द, कनकमुनि, काश्यपलगायतका बुद्ध अनि मञ्जुश्री, पद्मसम्भव, नागार्जुनलगायतका धेरै बोधिसत्त्वहरू उपत्यकामा आएको र उनीहरूसँग स्वयम्भूको उत्पत्तिको कथा र काठमाडौँ उपत्यकाको पानी निकास गरेर हालको स्वयम्भू निर्माण भएको जस्ता विषय र अरू प्रसङ्ग जोडिएका छन्। गौतम बुद्ध पनि स्वयम्भूको दर्शन गर्न आएका थिए भन्ने विषय स्वयम्भू पुराणमा उल्लेख छ तर त्यसको ऐतिहासिक पुष्टि भने पाइँदैन। बौद्ध परम्परामा पहिलेका बुद्ध र बोधिसत्त्वको नाम लिए पनि बौद्ध शिक्षाको आधार र मान्यता भने पछिल्लो बुद्धसँग मात्रै जोडिएर मान्ने चलन चलेको देखिन्छ। त्यसैले गौतम बुद्धभन्दा अघिका बुद्धको शिक्षाका बारेमा कतै उल्लेख भएको पाइँदैन। वास्तवमा तिथि, मिति र ऐतिहासिकताका आधारमा गौतम बुद्ध नै पछिल्लो वा प्रामाणिक बुद्ध हुन्। उनको मात्रै ऐतिहासिक र पुरातात्त्विक प्रमाण आधिकारिक छन्। बुद्धको मूल उपदेश वा उनले प्राप्त गरेका ज्ञान चार आर्यसत्य नै अहिलेको बौद्ध शिक्षा हो।

गौतम बुद्धको महापरिनिर्वाणपछि बौद्ध अनुयायीले जतिसुकै शाखा वा सम्प्रदाय बनाए वा बने पनि गौतम बुद्धकै शिक्षा वा उपदेश मात्र नै संसारभरका बौद्ध अनुयायीको मार्ग हो। उनको बोधिज्ञान चार आर्यसत्य हो, जुन जन्म, दुःख र दुःख निवारणसँग जोडिएको छ। त्रिरत्न अर्थात् बुद्ध, धर्म र सङ्घ बुद्ध शासनको परम्परा हो। मूल ग्रन्थ त्रिपिटक हो, जसमा बुद्धका उपदेश समावेश भएको सुत्तपिटक, बुद्ध परम्पराको नियम विनयपिटक र बौद्ध दर्शनका कुरा समावेश भएको अभिधम्मपिटक रहेका छन्। यी बुद्ध वचनहरू हुन् र यसको मूल सङ्ग्रह पाली भाषामा छ। उनका उपदेश चार आर्यसत्य, पञ्चशील, अष्टशीललगायतका शील र दर्शन जीवन उपयोगी विज्ञानमार्ग हुन्, जुन अहिले पनि संसारभर फैलिँदैछ।


शाक्यमुनि बुद्धले बोधिज्ञान प्राप्त गरेपछि करिब ४५ वर्ष पैदलयात्रामा आफ्नो धर्म प्रचार गर्दै बिताए। उनले त्यस बेलाको बोलिचालीको भाषालाई नै धर्म देशनामा प्रयोग गरे। उनकै समयमा या उनको महापरिनिर्वाण हुनुपूर्व शिष्यमा मतान्तर थिएन र यान, वाद, गुट वा सम्प्रदायको विकास भएको पनि मानिँदैन तर त्यसपछि भने मूल सङ्घबाट छुट्टिएर नयाँ सम्प्रदाय बन्न थालेका थिए। इसापूर्व छैटौँ शताब्दीदेखि इसापूर्व तेस्रो शताब्दी वा बौद्ध धर्मका प्रचारक अशोकको समयमा आइपुग्दासम्म अठारभन्दा बढी सम्प्रदाय विकास भएका थिए, जसले मूल सङ्घलाई छाडेनन्। उनीहरू थेरवाद भनिए र अरूलाई महायानमा बुझ्न थालियो। मुख्य रूपमा अहिले थेरवाद, महायान र रमहायानको एक शाखा वज्रयान बढी प्रचलनमा रहेको देखिन्छ। नेपालमा बहुसङ्ख्यक वज्रयानी छन् भने विदेशमा थेरवाद र महायानका अन्य पररम्परा प्रचलनमा छन्। नेपालमा थेरवादको परम्परा पुनर्स्थापित भइरहेको छ। उनले मुख्य रूपमा तीन पटक धर्म चक्र प्रवर्तन गरेका थिए भनिन्छ। बौद्ध दर्शन वा उपदेशका आधारमा पनि यसलाई विभाजन गर्न खाज्दै पञ्चवर्गीय भिक्षुहरू समक्ष सारनाथमा सम्पन्न भएको प्रथम धर्मचक्र प्रवर्तनलाई थेरवादसँग जोडिएको छ। त्यसै गरी उनको गृद्धकुटमा भएको दोस्रो प्रवर्तनलाई महायानी बौद्ध धर्मको उपदेशना मान्ने गरिन्छ भने तेस्रो धर्मचक्र प्रवर्तन धान्यकटक पर्वतमा गरिएको भन्दै यो उपदेश वज्रयानी बौद्ध दर्शनसँग सम्बन्धित छ भनिन्छ तर बुद्ध आफैँले यसलाई प्रामाणिक रूपमा कुनै सम्प्रदायसँग जोडेर उल्लेख गरेको कतै भेटिँदैन।

बुद्धको महापरिनिर्वाणलगत्तै केही भिक्षुले आफूलाई स्वतन्त्र झैँ ठाने र आफ्नो दैनिकीमा विचलन ल्याउन थाले। करिब एक सय वर्षपछि केही भिक्षुले त नयाँ नियम बनाउँदै आफ्नो अनुकूल पालना गर्न पनि थाले, जसले बुद्धको मूल उपदेशमा विकृति ल्याउन सक्नेदेखि त्यसलाई प्रतिबन्ध लगाइयो। उनीहरूलाई मूल सङ्घबाट पनि निकालियो। गौतम बुद्धकै समयको परम्परा वा उनको विनयलाई मानी मूल सङ्घलाई निरन्तरता दिनेहरू स्थवीरवाद वा थेरवाद वा हीनयान भनियो र उनीहरूले पाली भाषाकै त्रिपिटकलाई आफ्नो मूल ग्रन्थ माने, जो परिवर्तित थिए वा विनयलाई समयानुकूल मान्दै परिवर्तनमा लागेका थिए, उनीहरू महासाङ्घिकका रूपमा धेरै गुटमा विभाजित बन्दै गए। समग्रमा उनीहरू महायानी बने। यही महासाङ्घिकका एक पक्ष तन्त्र र मन्त्रसँग परिमार्जित र परिस्कृत भएर वज्रयानी बौद्ध दर्शन फैलिन थाल्यो। उनीहरूका ग्रन्थ संस्कृतमा बन्न थाले। वज्रयानको प्रभाव आठौँ शताब्दीदेखि सुरु भएर १२औँ शताब्दीसम्ममा भारतमा व्यापक विकास भएको मानिन्छ। यो परम्परा नेपाल, तिब्बत र चीन हुँदै अन्यत्र पनि फैलियो तर अहिले यो परम्परामा धेरै देशमा स्थानीय मौलिकतासँग जोडिएर विकास भएको पाइन्छ। नेपाल, तिब्बत र भुटानमा वज्रयानको प्रष्ट रूप देख्न पाइन्छ। नेपालमा प्रचलित वज्रयान परम्परामा हिमाली क्षेत्रमा तिब्बती स्वरूप बोन परम्परासँग नजिक देखिन्छ। यसलाई हिजोआज हिमाली बौद्ध धर्म पनि भन्न थालिएको छ। उपत्यकामा वज्रयान आफ्नै खालको छ र केही सनातनी परम्परासँग नजिक देखिन्छ, जसलाई नेवारी बौद्ध धर्म पनि भनिन्छ। वज्रयानमा मन्त्र र तन्त्र साधना विधि र कर्मकाण्डी परम्पराले आफ्नो पहिचान बनाएको छ तर बौद्ध धर्मका कुनै पनि निकाय वा सम्प्रदाय त्रिपिटक तिनका निकायभन्दा बाहिर गएर अरू धर्मसँग भने मिल्दैनन्। थेरवादीहरू बुद्धलाई एक महामानव मान्छन् र यो ज्ञान मार्ग हो भन्छन्। महायानीहरू बुद्धलाई अलौकिक देवता मान्छन् र आफ्नो मार्गलाई भक्तिमार्ग ठान्छन्। दुवैको पूजा विधिमा पनि भिन्नता देखिन्छ तर दुवैका परम्परा गौतम बुद्ध र उनको शासन विधिमा हुने बिहार परम्परामा रहने भिक्षु, भिक्षुणी र गृहस्थमा रहने उपासक, उपासिकाकै प्रचलन छन् वा बुद्ध, धर्म र सङ्घ नै सबैको पहिचान हो।

नेपालमा बौद्ध धर्म र परम्पराको लामो इतिहास भए पनि गौतम बुद्धको समयदेखिका थेरवादीबारे प्राचीन र मध्यकालीन इतिहास प्राप्त गर्ने त्यति धेरै आधार पाइँदैन। विसं ७५० तिरको मानिएको साँखुको एक अभिलेख र केही मध्यकालीन राजाले बिहारमा दान गरेको र भिक्षु भिक्षुणीका प्रसङ्ग पनि उल्लेख गरेकाले थोरबहुत थेरवादीहरू नेपालमा रहेको देखिन्छ। जात र वर्ण विभाजन, नेपालको सनातन परम्परामा भारतीय हिन्दु धर्म परम्पराको प्रभाव बढ्दै गएको र वज्रयानी परम्परामा उपत्यकावासीको सहभागिता बढेसँगै भिक्षु र भिक्षुणी बनी बिहारमा बस्ने थेरवादी प्रचलन जयस्थिति मल्लको समयपछि हराउँदै गयो भनिन्छ। त्यसपछि गौतम बुद्धको शील, समाधि र प्रज्ञाको अभ्यास गर्दै अर्हत वा निर्वाण प्राप्तसम्म पुग्ने बुद्धमतका अनुयायी भेटिनै छाडे। विश्व सङ्गठनका रूपमा परिचित धर्मोदय सभा गठन र यता सन् १९४३ तिर आनन्दकुटी बिहार बनेपछि नेपालमा थेरवादी परम्पराको अभ्यास पुनः सुरु भयो। नेपालमा प्रजातन्त्रको सुरुवातसँगै अर्थात् सन् १९५० पछि थेरवादको विकासमा कुनै रोकतोक छैन। अहिले थेरवादी परम्पराको महत्त्व बढ्दै गएको देखिन्छ। भिक्षु र गुरुमा बन्ने र बिहार निर्माण गर्ने क्रम पनि बढिरहेको छ।

नेपालमा प्रचलित वज्रयान, महायान सम्प्रदाय तन्त्रबाट विकसित भएको दर्शन हो, जसलाई गृहस्थमा बसेर नै मान्न सकिन्छ। यो मन्त्रमा आधारित हुन्छ। मन्त्र शक्तिको उपासना यस दर्शनको मुख्य विशेषता हो। जहाँ वज्र र घण्टको महत्त्व हुन्छ। वज्र शून्यताको प्रतीक मानिन्छ भने घण्ट प्रज्ञाको प्रतीक हुन्छ। वज्रयानमा योग, ध्यान, तन्त्र र मन्त्र साधनाका माध्यमबाट मनलाई शुद्ध बनाउँदै बोधिचित्त उत्पन्न गरी बोधिचर्या गर्नु हो भनिन्छ। यसलाई उनीहरू बुद्धत्व प्राप्त गर्ने छोटो मार्ग मान्छन्। नेपालको हिमाली क्षेत्र र उपत्यकामा यसको गहिरो प्रभाव रहँदै आएको छ। दुवै सम्प्रदायले विश्वमा आफ्नो बेग्लै पहिचान बनाएका छन्।

थेरवादी, क्लेश मुक्त गरी अर्हत् हुन चाहन्छन् भने महायानी आफू पनि बुद्ध हुने चाहना गर्छन् तर गौतम बुद्धको शिक्षा वा उपदेशलाई सबै सम्प्रदाय वा बौद्ध अनुयायीले बौद्धमार्ग वा मध्यममार्ग भनी स्विकार्छन्। थेरवाद र महायान दुवैले बुद्ध गुण, धर्म गुण र सङ्घ गुण बुद्ध शासनको परम्परा मान्छन्। सबै बौद्ध अनुयायीले मूल उपदेश चार आर्यसत्यलाई सर्वश्रेष्ठ सत्य, अष्टाङ्गिक मार्गलाई सर्वश्रेष्ठ मार्ग, वैराग्य धर्मलाई सर्वश्रेष्ठ धर्म र सम्यक सम्बुद्धलाई सर्वश्रेष्ठ मनुष्य मान्छन्। बुद्धको शासनकालमा बुद्ध मूर्ति वा तस्बिर बनाउन बुद्धले अनुमति दिएका थिएनन्। धेरै पछाडिमात्र (दोस्रो शताब्दीतिर) भक्तिमार्गका लागि बुद्ध मूर्ति बन्न थाले। पाँच रङको बुद्ध झन्डा त सन् १८८५ मा बनाइएको हो। यसले सन् १९५२ देखि अन्तर्राष्ट्रिय बौद्ध झन्डाका रूपमा मान्यता पाएको थियो। त्यसअघि बुद्धको सम्झनाका लागि बुद्धको जन्मस्थल लुम्बिनीलगायत बोधिज्ञान प्राप्त स्थल बुद्ध गया, प्रथम धर्म देशना स्थल सारनाथ र महापरिनिर्वाण स्थल कुशीनगर बौद्ध दर्शनको सबैभन्दा पवित्र स्थल हुन्। बुद्धले पनि आफ्नो अन्तिम अवस्थामा आफ्ना अनुयायीलाई आफूलाई सम्झन पर्दा ती स्थान पुग्न सकिने भनी सुझाएको बौद्ध ग्रन्थहरूमा उल्लेख छन्।



सन्दर्भ बुद्ध जयन्ती

> क्लेश मुक्त गरी थेरवादी अर्हत् हुन चाहन्छन्। महायानी आफू पनि बुद्ध हुने चाहना गर्छन् तर गौतम बुद्धको शिक्षा वा उपदेशलाई सबै सम्प्रदाय वा बौद्ध अनुयायीले बौद्धमार्ग वा मध्यमार्ग भनी स्विकार्छन्। थेरवाद र महायान दुवैले बुद्ध गुण, धर्म गुण र सङ्घ गुण बुद्ध शासनको परम्परा मान्छन्।

# व्यवहारमा बौद्ध शिक्षा



मोहन नेपाली

नेपालमा सुशासन कायम गर्न कानुनी र नीतिगत सुधारमा सीमित नभई मानिसको नैतिक आचरण र दृष्टिकोणको बहसलाई प्राथमिकता दिनु पर्छ। यस सन्दर्भमा बुद्धले प्रस्तुत गरेका आठ मार्गलाई मानवको उच्च नैतिक आचरणको ढाँचाका रूपमा ग्रहण गर्नु वाञ्छनीय हुन्छ। यी मार्गले मूलतः मानवकर्तामा जवाफदेहिता, पारदर्शिता र दूरदर्शिताको विकास गर्न मद्दत गर्छन्। अनि सामाजिक मनोविज्ञानले पनि सोही अनुरूप उचाइ ग्रहण गर्छ। सामाजिक मनोविज्ञानलाई रूपान्तरण गर्दै सुशासनको यात्रा अगाडि बढाउन सकिन्छ। सार्वजनिक कल्याणको प्रवर्धन सम्भव हुन्छ। त्रिपिटक (बुद्धको शिक्षाको सङ्ग्रह) अन्तर्गतका पुगनपुग ५२ वटा ग्रन्थको साझा सारसङ्क्षेप आर्य अष्टाङ्गिक मार्ग हो। यसमा मूलतः आठ अङ्गलाई उल्लेख गरिएको छ। ती हुन् : सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वाणी, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि।

सम्यक् दृष्टि शास्त्रीय रूपमा चार आर्य सत्यसँग सम्बन्धित छ, जुन दुःख छ, दुःखको कारण छ, दुःखको अन्त्य गर्न सकिन्छ र दुःखको अन्त्य गर्ने उपाय पनि छ। सांसारिक अर्थमा बुझ्दा जीवनको धरातलीय यथार्थको बोध गर्ने प्रक्रियालाई सम्यक् दृष्टिले समेट्छ। यसले मूलतः समस्याको पहिचान, कारण, समाधान र समाधानको रणनीतिक बाटोलाई जनाउँछ। तथ्यमा आधारित यथार्थवादी नीति निर्माण गर्न सर्वप्रथम मुद्दालाई बुझ्ने दृष्टिकोणमा स्पष्टता र वस्तुपरकता चाहिन्छ। नीतिनिर्णय तथ्यभन्दा बढी मनोगत चिन्तन, राजनीतिक शक्ति वा स्वार्थ समूहको दबाबबाट प्रभावित हुनुहुन्न। सम्यक् दृष्टिले समस्याको जरा पहिल्याउने, त्यसले कहाँ के असर पुऱ्याएको छ भन्ने बुझ्ने, के कस्तो समाधान सम्भव छ र त्यो कसरी गर्ने भन्ने सम्बन्धमा सम्यक् दृष्टिको उपयोगिता रहन्छ।

सम्यक् सङ्कल्पले चाहिँ नियत वा वैचारिक पक्षलाई बढी जोड दिन्छ। हामी जे सोच्दछौँ, त्यही अनुसार हाम्रो व्यक्तित्व बन्ने हो। आशक्ति, घृणाको भाव, अज्ञान वा भ्रमलाई यथाशक्य न्यूनीकरण गर्न शुद्ध र सकारात्मक सोचलाई आफ्नो मनमा स्थापित गर्नुपर्ने हुन्छ। यसबाट सुशासनका मापदण्ड कार्यान्वयन गर्न मद्दत मिल्छ। नियतले नियतिको निर्माण गर्छ। राजनीतिलाई कस्तो बनाउने भन्ने कुरा नेतृत्वको सोचले धेरै हदसम्म निर्धारण गर्छ, जुन सम्यक् सङ्कल्प अन्तर्गतको विषय हो। चुनावी वा प्रचारप्रसारको राजनीतिमा रुमलिने परिपाटीभन्दा जनकल्याणप्रति प्रतिबद्ध भएर परिणाममुखी राजनीतिको अभ्यास गर्ने अबको दशकको विशेषता बन्यो भने नेपाली समाजको रूपान्तरणले उच्च गति समात्ने छ। यसका निम्ति भएभरको जातको क्लस्टर बनाएर भद्दा प्रकारको जातिवादी नीति अनुसार चल्नुको साटो सम्यक् सङ्कल्प अनुसार जनताको वस्तुपरक राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक सूचकाङ्कका आधारमा प्राथमिकता निर्धारण गरी मानव अधिकारमुखी नीति अपनाउन सके नेपालमा समृद्धि र सामाजिक न्यायले छिटै आकार ग्रहण गर्ने छ।

त्यस्तै सम्यक् वाणीले मानव सञ्चारसँग सरोकार राख्छ। वैयक्तिक स्तरमा मात्र होइन, सबै प्रकारका सञ्चार क्रियाकलापलाई सम्यक् वाणीको सिद्धान्तले समेट्न सक्छ। हिजोआज डिजिटल सञ्चार क्षेत्रमा योजनाबद्ध झुट, सामाजिक र जातीय विभाजन, तुच्छ गालीगलौज र हिंसा भड्काउने अभिव्यक्तिको बाढी आइरहेको पाइन्छ। यी सबको विपरीत नैतिक आचरणयुक्त, सत्य र शालीन सञ्चार गर्नु नै सम्यक् वाणीको ध्येय हो किनभने यसले सबैको कल्याण गर्छ। सम्यक् वाणी सुशासनको अभिन्न अङ्ग हो। पारदर्शी र जिम्मेवार सञ्चार संस्कृतिको विकासमा सरकार, सञ्चार क्षेत्र, दल र नागरिकलगायत सबै सरोकारवाला पक्षको भूमिका हुन्छ।

अष्टाङ्गिक मार्ग अन्तर्गतको अर्को पक्ष सम्यक् कर्म हो, जसले मानसिक, शारीरिक एवं सञ्चार कर्म सत्य र असल नियतमा आधारित हुनुपर्ने कुरामा जोड दिन्छ। सरल भाषामा भन्नु पर्दा हत्याहिंसा, भ्रष्टाचार वा चोरीडकैती, झुटो सञ्चार, व्यभिचार नगर्ने, मस्तिष्क र शरीरलाई असन्तुलित र नोक्सानी पुऱ्याउने वस्तुको सेवन नगर्ने जस्ता नैतिक आचरणयुक्त क्रियाकलापमा सम्यक् कर्मको शिक्षाले विशेष जोड दिन्छ किनभने स्वस्थ मन र स्वस्थ शरीरबाट मात्र सत्कर्मको अपेक्षा गर्न सकिन्छ। सुशासनमा सम्यक् कर्म अनिवार्य हुन्छ। नीतिगत एवं सञ्जालीकृत भ्रष्टाचारको नियन्त्रण, कानुनी शासनको पालना, राजनीतिक शक्तिको सदुपयोग जस्ता गुण सम्यक् कर्मले माग गर्दछ।

बुद्धले असल जीवनयापनको पक्षलाई पनि त्यत्तिकै महत्त्व दिएका छन्, जसलाई सम्यक् आजीविका भनिन्छ। इमानदार र नैतिक तरिकाले जीवनयापन गर्न यथाशक्य हानिकारक पेसा वा व्यवसाय नगर्ने शिक्षा उनले दिएका छन्। स्वच्छ बजार, पारदर्शी ठेक्कापट्टा, इमानदार लेखा परीक्षण आदि सम्यक् आजीविका अन्तर्गत पर्छन् भने भ्रष्टाचार, घुसखोरी, कमिसनखोरी, बिचौले धन्दा, तस्करी, हुन्डी कारोबार, जुवा आदि यसका विपरीत हुन्।

आर्य अष्टाङ्गिक मार्ग अन्तर्गत अर्को महत्त्वपूर्ण अङ्ग सम्यक् व्यायाम हो, जुन मनभित्रका खराब विचारलाई हटाएर तिनका ठाउँमा असल विचारलाई हुर्काउने कसरत हो। मनले निरन्तर पदार्थसँग अन्तक्रिया गरिरहने हुँदा अनेक विचार पैदा भइरहेका हुन्छन्, जसमध्ये कतिपय राम्रा हुन्छन् भने कतिपय नराम्रा। विशेष गरी हाम्रा इन्द्रियले उत्पादन गर्ने संवेदनाले मनलाई निरन्तर प्रभावित पारिरहेका हुन्छन्। यो प्रभावमा पैदा हुने कतिपय राम्रा विचारलाई सँगालेर, संवर्धन गरेर राख्नुपर्ने हुन्छ भने नराम्रा विचारलाई उपेक्षा गर्दै मनबाट विस्थापित गर्नुपर्ने हुन्छ, जुन मूलतः सम्यक् व्यायामभित्र पर्छ। समाज मिश्रित चरित्रबाट निर्मित हुन्छ। देशमा अनेक घटना हुँदै जान्छन्। फरक फरक सूचनाका स्रोत र स्तर एवं नागरिकका आआफ्नै वैयक्तिक खुबी अनुसार विविध प्रतिक्रिया तरङ्गित भइरहेका हुन्छन् तर पनि ती प्रतिक्रियाका कारण विचलित नभई हरेक क्षेत्रमा रूपान्तरण ल्याउने चेष्टालाई निरन्तरता दिनु सम्यक् व्यायाम हो।

बुद्धको आर्य अष्टाङ्गिक मार्गले समेटेको अर्को बहुचर्चित मार्ग सम्यक् स्मृति हो। यो चित्तको हरदम सजगता, मनमा पैदा भइरहने विचार, संसारमा वा आफ्नै मनमा घट्ने घटनाप्रति प्रतिक्रियात्मक भएर भन्दा साक्षीले परबाट हेरेको जस्तो गरी सचेतापूर्वक अवलोकन गरेर सत्य जान्ने अभ्याससँग सम्बन्धित छ। आफू के गरिरहेको छु, किन गरिरहेको छु, कसरी गरिरहेको छु भन्नेतर्फ सजग बन्ने प्रक्रिया सम्यक् स्मृति हो। अर्थात, हामीले गर्ने प्रत्येक क्रियाकलापप्रति सजग रहने अभ्यासमा सम्यक् स्मृतिले जोड दिन्छ। हाम्रो मानसिक, शारीरिक तथा सञ्चारजन्य कर्मप्रति सजग रहनु पर्छ। नीति कार्यान्वयनमा निरन्तर अनुगमन, मूल्याङ्कन र आवश्यक सुधारप्रति निष्पक्ष र पूर्वाग्रहरहित ध्यान दिनु सम्यक् स्मृति हो। हिजोआज विपश्यना तथा सम्यक् स्मृति ध्यान संसारभरि प्रचलित छ।

सम्यक् समाधि चाहिँ यस्तो मार्ग हो, जो आवश्यकताबमोजिम मनलाई गहिऱ्याइमा पुऱ्याएर एकाग्रता र शान्तिमा अडाइराख्ने अभ्यास हो। यो मानसिक संस्कार विकास गर्ने कडी हो। मन बाहिरी संसारमा यत्रतत्र भौँतारिरहेको हुन्छ, तितरबितर भइरहेको हुन्छ। यसलाई गहिरो एकाग्रता र शान्ति चाहिन्छ। एकाग्रता र शान्तिका साथ गरिएको निर्णय र कार्यले आफैँ र अरूलाई पनि कल्याण गर्छ। ब्रह्माण्ड गतिशील छ। सबै चिज निर्माण हुने र विघटन हुने प्रक्रियाबाट गुज्रिरहेका हुन्छन् तर मनले भने तटस्थ साक्षी भावले आवश्यकता अनुसार एकाग्रता र शान्तिमा बसेर कार्य गर्नुपर्ने हुन्छ। बुद्धले अरूको निन्दा मात्र गरेर जीवन बिताउनुभन्दा आफैँ कुनै असल कामको दृष्टान्त बन्न सुझाएका छन्।

## पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

### न्युयोर्कको चुनावमा नेपाली मूलका उम्मेदवार

अमेरिकाको न्युयोर्क स्टेट एसेम्बली डिस्ट्रिक्ट–३० को आगामी निर्वाचनका लागि डेमोक्रेटिक प्राइमरीमा नेपाली मूलका सोमनाथ घिमिरेले उम्मेदवारी घोषणा गरेसँगै अमेरिकामा बसोबास गर्ने नेपाली समुदायबिच उत्साह छाउनुका साथै चर्चा बढेको छ। 'यो पटकको नेपाली, सधैँको नेपाली' भन्ने नारा अहिले न्युयोर्कका नेपालीबिच व्यापक रूपमा गुन्जिएको छ। करिब तीन दशकअघि नेपालबाट अमेरिका पुग्नुभएका घिमिरेले आफ्नो जीवनमा विभिन्न उतारचढाव पार गर्दै सामाजिक सेवामार्फत पहिचान बनाउनुभएको हो। उहाँ व्यवसायी हुनुहुन्छ। उहाँले विशेष गरी न्युयोर्क सहरमा बसोबास गर्ने आप्रवासी समुदायलाई सहयोग प्रदान गर्दै आउनुभएको छ।

घिमिरेले अमेरिकामा बसोबास गर्ने नेपालीको हकहितका लागि निरन्तर काम गर्दै आउनुभएको छ। उहाँले मानव अधिकारलगायत विभिन्न क्षेत्रका सम्मान प्राप्त गर्नुभएको छ। साथै उहाँले गिरिजाप्रसाद फाउन्डेसनको अमेरिकी च्याप्टरको अध्यक्षका रूपमा समेत नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो। अमेरिकामा रहेका मध्यमवर्गीय नेपालीहरूको उत्थान, उनीहरूले भोगिरहेका समस्याको समाधान र समुदायको सशक्तीकरणका लागि यो उम्मेदवारी प्रस्ट पार्नुभएको छ। अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाको नेतृत्व र भाषणशैलीबाट उहाँ प्रभावित हुनुहुन्छ। अमेरिका अवसरको देश भए पनि यहाँ राजनीतिक सहभागिता पनि उत्तिकै महत्त्वपूर्ण छ। आर्थिक रूपमा स्थापित भएपछि समुदायका लागि राजनीतिक रूपमा पनि योगदान दिनु पर्छ भन्ने सोचले उहाँ यो यात्रामा लाग्नुभएको हो। घिमिरेले आफ्नो जीवनको पहिलो दशक व्यक्तिगत स्थायित्वका लागि खर्चनु भयो। त्यसपछिका दुई दशक नेपाली समुदायको सेवामा समर्पित हुनुभयो। उहाँले धेरै नेपालीलाई निःस्वार्थ सहयोग गरिरहनुभएको छ।

अमेरिकामा लोकतान्त्रिक अभ्यास सुदृढ भएकाले तल्लो तहबाट क्रमशः अघि बढेर राजनीतिमा स्थापित हुन सकिने आधार छ। साधारण नेपालीको छोरो भएर अमेरिकी राजनीतिमा यसरी अघि बढ्न सकिन्छ भन्ने पहिले कल्पना पनि नगरेको घिमिरेको भनाइ छ। समय, लगन र परिश्रमले असम्भवलाई पनि सम्भव बनाउँछ। अमेरिकामा रहेका नेपालीको वास्तविकता बाहिर देखिए जस्तो सहज छैन।

न्युयोर्कबाट पहिलो पटक नेपाली समुदायको प्रतिनिधित्व गर्दै उम्मेदवार बन्नुभएका घिमिरेले समुदायभित्र एकताको खाँचो औँल्याउनुभएको छ। हामीबिच एकता भएन भने अन्य समुदायमा गलत सन्देश जाने उहाँ औँल्याउनुहुन्छ। कलेज जीवनमा एक प्राध्यापकले नेपालबारे गलत तथ्य भनेको घटनाले उहाँलाई गहिरो प्रभाव परेको थियो। त्यसको प्रतिवादका लागि विभिन्न सचेतनामूलक गतिविधि पनि उहाँले सञ्चालन गर्नुभएको थियो।

निर्वाचित भएमा न्युयोर्कमा रहेका नेपालीको समस्यालाई सम्बोधन गर्न पहल गर्ने, आवश्यक विधेयक अघि बढाउने तथा समुदायको व्यवस्थित तथ्याङ्क सङ्कलन गरी नीतिनिर्माणमा उपयोग गर्ने योजना उहाँको छ। आगामी निर्वाचनमा आफूलाई नेपाली समुदायको बलियो साथ रहनेमा उहाँ विश्वस्त हुनुहुन्छ।

**सुधीर नेपाल**

### चर्को शुल्कले सेक्यो

विद्यार्थी भर्नाको मौसम सुरु भएको छ। शिक्षा मन्त्रालयले भर्ना शुल्क नलिनु भनेको छ। अझ वैशाखको शुल्क पनि नलिनु भनेको छ तर निजी विद्यालयले अनेक अनेक शीर्षक राखेर चर्को शुल्क लिइरहेका छन्। यसमा स्थानीय तहले केही गर्दैन। उदाहरणका लागि सानोठिमीस्थित एउटा विद्यालयबाट हामी पीडित अभिभावक हौँ। नयाँ भर्नासँगै नयाँ नयाँ शीर्षकमा शुल्कको फेहरिस्त प्राप्त भएको छ। किताब बाहिरबाट किन्न पाइँदैन। विद्यालयबाट किन्नुपर्ने। त्यो पनि किताबमा लेखिएको मूल्यभन्दा बढीमा। त्यति मात्रै हो र कापीकलम पनि स्कुलबाटै लिनुपर्ने। नर्सरी कक्षाको वर्षको एकमुस्ट १० हजार। कक्षा ७ को १४ हजार। कक्षा ८ को १६ हजार। यो अनिवार्य तर कापीकलमको गुणस्तर रद्दी। गुणस्तरहीन कलमका कारण बच्चाको कपडादेखि घरका ओछ्यान, सोफासम्म सबै मसी नै मसी। योभन्दा लुटमार के होला ?

कक्षा ३ भन्दा तलका विद्यार्थीलाई आफैँले घरबाट स्वस्थकर खाजा बनाएर खुवाउन नपाइने। तीन हजार रुपियाँ वा त्योभन्दा माथि तिरेर स्कुलकै खाजा खुवाउनुपर्ने। नर्सरीमा पढ्ने बच्चालाई दिनको तीन पटक खुवाउने र त्यसभन्दा माथिकालाई दुई पटक खुवाउने रे तर के खुवाउँछन्, कस्तो खुवाउँछन् केही थाहा हुँदैन। दिन त हप्ताभरको 'मेनु' बनाएर दिएका हुन्छन् तर केटाकेटीले त्यो अनुसार नखाएको बताउँछन्। अनि लामो समय बिदा हुँदा पनि खाजाको शुल्क बुझाइरहनुपर्ने बाध्यता छ।

विद्यालय सञ्चालकलाई पढाइ राम्रो बनाउनभन्दा फुटसल हल बनाउन रुचि छ। अनावश्यक नानाथरी शीर्षकमा पैसा उठाएको खर्च जो गर्नु छ। खाजा र पुस्तकमा भइरहेको लुटमार रोक्न जाने निकाय छैन। नगरपालिकाले उही यो दिन सार्वजनिक बिदा छ भन्नेबाहेक केही गर्न सकेको जस्तो लाग्दैन। उजुरी गर्न फोन गर्न खोज्यो त्यहाँका जिम्मेवार पदाधिकारी फोन नै उठाउँदैनन्। उठाइहाले पनि बहाना बनाउँछन्। मेरो बिदा छ। फलानोलाई फोन गर्नु इत्यादि।

हामी अभिभावक सङ्गठित छैनौँ। एक/एक जना गएर विद्यालयमा भन्दा सञ्चालक/प्रिन्सिपल नानाथरी बहाना बनाउँछन्। अलि चर्को स्वरमा बोलौँ, आफ्ना बालबच्चा त्यहीँ पढाउनु छ। यस्ता सामान्य कुरा पनि सम्बोधन गर्न नसक्ने स्थानीय तह देख्दा उदेक लागेर आउँछ। औचित्यप्रति प्रश्न उठाउन मन लाग्छ। पुस्तकमा सामान्यता बाहिर किन्दा २० प्रतिशतसम्म छुट पाइन्छ। अनि हामी अभिभावकले बाहिर किताब किन्न नपाउने। अनि विद्यालयले जे खुवाउँछ हामी चुपचाप उनीहरूले भने जति बुझाइरहनुपर्ने। शिक्षाका नाममा यो कस्तो लुटमार ?


**सुललिता शर्मा र**
**पीडित अभिभावक**
सानोथिमि, भक्तपुर

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

थारू भाषा पृष्ठ



सन्दर्भ : वैशाख पूर्णिमा/बुद्धजयन्ती

# बुद्धके सन्देश फैलाबू गामठाम



■ बुद्धसेन चौधरी

विकास या सृजना करनेसे ठिक रहे मति !
वचन या करुणासे मिले सुख या शान्ति !!

विश्वमे मानव समुदायके शान्तिपूर्वक जियैके लेल एकटा पेरा देखाइबला महामानव गौतम बुद्धके सम्मान, आदर, सद्भाव, भक्तिभाव, समर्पण या ज्ञान प्राप्तिके खातिर बुद्ध जयन्ती मन्याल जाइछै। शान्तिको अग्रदूत यी महामानवके जनम ई.पू.५६३ मे नेपालमे कपिलबस्तुके तिलौराटमे बैशाख पूर्णीमाके दिन भेल रहै। उ ई.पू.४८३ मे ८० बछरके उमेरमे बैशाख पूर्णिमाके दिन महापरिनिर्वाण (देह त्याग) करने रहै। वनङ त येकर जनमके तिथिमे कुछ विवादो छै, मतर मितिमे कोनो किसिमके सन्देह नै छै। वैशाख पूर्णिमा कहु याँ र्गाेग्यियल म्बथ या ःबथ कहु, वोइमे सबकोई एकमत छै। संसारमे येह्या एकटा महापुरुष चियै जेकर जलम, ज्ञान पाबनाइ या देह त्यागनाइ एके दिन वैशाख पूर्णिमाके दिनमे भेल रहै। तैदुवारे बुद्ध जयन्ती वैशाख पूर्णिमाके दिन पुरे मानव समुदाय धुमधामके एकरा मनाइछै।

नेपालमे विक्रम संवत २००८ साल जेष्ठ ८ गतेसे संस्थागतरुपमे बुद्ध जयन्तीके दिन सैबसे पैहने सभ्किया रुपमेमे छुट्टिके व्यवस्था भेलै करल गेलै। वोहै दिनसे अखैत तैक बुद्धके जलम भेलहा दिनसे धुमधामसे मनाबैले छुट्टी भ्यारहलछै। तैहनङ बि.स. २०१२ फागुन ७ गते बुद्धके जलमलहा ठाम लुम्बिनीमे बुद्ध जयन्तीके दिन हत्या, हिंसामे रोक लागाबैके घोषणा करल्कै। सारा विश्व ऐकर जलम दिन बहौत हर्षोलास के साथ मनाईछै। संयुक्त राष्ट्रिय संघमे सेहो सन १९९९ डिसम्बर १५ के दिन सर्वसम्मतिसे प्रस्ताव नम्बर ५४१५५ से बुद्ध जयन्तीके दिनको त्जभ क्ष्लतभचलबतष्यलबा चिभअयनलष्तष्यल म्बथ या ख्भकबप बत ग्ल बलम यतजभच ग्ल यााष्अभक के रुपमे मनावैके लेल स्वीकृत करल्कै। सन २००२ से संयुक्त राष्ट्र संघमे सेहो बुद्ध जयन्ती मनाबैले सार्वजनिक हिसाबसे छुट्टी सेहो दैले लागलै। यैसे हम सैब नेपालीके छाति गर्वसे उच भ्या गेलछै। खास कैरके थारूसब जेकर कूलमे येहेन महामानवके जलम भेलै। थारूके ऐसे आपन अलग्गै पहचान भेटलै। वैशाख महिना थारूसबके खास मैहना चियै। काम काज गाम घरमे वोतहेक नै रहैछै। लोकसब बियाहसादी या प्रवचन गोष्टीमे लागल रहैछै। वोकरा संयुक्त राष्ट्र संघसे पहचान पाबनाइ अपने आपमे बरका उपलब्धि चियै। आइ संसारमे कानो चिजके सैबसे बेसी लेख, रचना, किताब प्रकाशन भेल छै त उ बुद्धके उपदेशमे चियै। आइ संसारमे सैबसे बेसी मूर्ति या शालिक ककरो बनलछै त बुद्धके बनलछै। आइ कोनो धर्मके बेसीसे बेसी दोसर भाषामे उल्था करलगेलछै त बुद्धके उपदेह चियै।

बुद्ध २९ बछरके उमेरमे घर त्याग करल्कै। ३५ बछरके उमेरमे पिपरके गाछमे तरमे ध्यान करैत करैत ज्ञान पाबलकै। ८० बछरके उमेरमे आ तियाइग देल्कै। ओई बिचमे उ ८४ दाईव सार्वजनिक रुपमे आपन प्रवचन देने रहै। ओकर प्रवचन अहिंसा, शान्ति, करुणा मैत्रीमे अधारित एक शान्ति धर्ममे केन्द्रित रहै। तैदुवारे शान्ति या बुद्ध धरम एक दोसरके प्रयावाचीके रुपमे छै। संयुक्त राष्ट्र संघके पञ्चशील सिद्धान्त एकरे जैरमे बनलछै या अरकल छै। ई.पू. छठमा शताब्दीके धार्मिक क्रान्तिके जुग कहैके कारण बुद्ध धरमके जलमे चियै। बुद्ध बहौत किसिमके धरम या विचारके आपन वाणी या उपदेशसे खण्डन करैत जनता (परजा) या रजाके एके ठाममे लावैमे सफल भेलै। तहै दिनसे धरम, राजके सीमा तोईरके सिमापार भेलै। ने त धरम त बरका लोक या राजामे मात्रै रहै। एकदेशसे दोसर देश हैत अन्तरराष्ट्रिय रुपमे सेहो स्थापित भेलै। ओइ समयमे राजसे जारी करलहा धरमके मानैले परबे करै छेलै। बुद्ध धरमके स्थापित भेलापर जनताके ओई घेराके पार कैर सकैवला चलनके सुरुवात भेलै। यी धरम लोकके सुख शान्तिसे जियैके तरिका सिखाइल्कै।

बुद्ध सारनाथमे सैबसे पैहने आपन पहौनका प्रबचन दैत चेलासवके जिम्मेवार हैत देनेंरैहे की बेसीसे बेसी लोकके हितके खातिर, बेसीसे बेसी लोकके सुखके लेल, लोकके उपर दया करैके लेल या संसारके सैब पौष प्राणीके कल्याणके लेल तोरौरके संसारमे विचरन करैले परतौ कैहके उपदेश देने रहै। अन्तिम उपदेशके रुपके कुशीनगरमे जिवनके अन्तिम क्षण जखुन सैबकोइयो कानैत रहै त कहल्कै जेकर जनम हैछे ओकर मरन निश्चित हैछै। बुद्ध ओहो कहल्कै कि जे हमर देहके चिन्हलकै ऊ हमरा नै चिन्हलकै। महज जे हमर सिद्धान्त, उपदेश या बात बिचारके चिन्हलकै ऊ जरुर हमरा चिन्हलकै। विश्वमे शान्ति या अमन चैनके खातिर सैब मानव समुदाय बुद्धके देलहा उपदेशके मानैले परतै। एकर खातिर यै धरमके धारण कैरके चिन्तन मननके साथ ओइमे विचरन भ्याके दोसरोके समाहित कराइले परतै।

खास कैरके नेपाल सरकारके साथे साथ यैसनाके अगुवा, राजनितिज्ञ, सरकारी गैर सरकारी संघ संस्था, बुद्धिजिवी,पत्रकार, बहौत किसिमके आपन-आपन काममे लगलहा महानुभाव सबके साथे साथ सर्वसाधारण सैबके बुद्ध जयन्तीके एकटा औपचारिकतामे मात्रे नै बाइन्हके एकर संरक्षण या विकास करैत यै धरमके पालन करे परतै।

देशमे स्थिरता कायम कैरके एकरा विश्वके नमुना शान्ति क्षेत्रके रुपमे विकास करैले परतै। वनङ त नेपाल सरकार,लुम्बिनी भ्रमण वर्ष मनाइल्कै या रु. ५० हजार अमेरिकी डलर पुरस्कार राशि तोइकके गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कारके स्थापना करल्कै। सैइकसे पैहने यी पुरस्कार सन् २०१० मे जपानी नागरिक तादातोसी या तोकीहिसाके प्रदान करने रहै। उसब हिरोसिमा या नागाकागीके मेयर रहै। पाँच पाँच बछरमे प्रदान करैले घोषणा करने रहै। मगर दुखके बात तेकरबाद बहौत रङके कारण देखाइत यी पुरस्कार फेरसे वितरण नै भलै।

एकर खातिर एकटा अन्तर्राष्ट्रिय अभियान चलाइले परतै या ओकरा निरन्तरता दैले परतै। थारूवो समुदायके त यैमे ओर जोरतोरसे बेसीसे बेसी लागैले परतै। वनङ त आइकौल कोइयो जान या अन्जानमे बेसी से बेसी बुद्धके उपदेश पालन करैचछै त उ थारूवे चियै। वोकर नश्लेमे शान्ति या अहिंसा छै। मतर दुःखके बात उसब कैरतो भी हम बुद्ध चियै से कैहैले नैसकैछै। कथिले त ओकरमे हिन्दुके प्रभाव जे परलछै। कतहेक ठाममे त यहै दिन मानव सभ्याताके कलंकके रुपमे रहल जीवजन्तुके सेहो बैल चरहाबै छै। जेकी कोनो हिसाबसे निक नै चियै। कम्तिमे योहोटा दिन काटमार बन करे परतै। सरकारियो तरफसे यैमे विषेश जोर देनाइ जरूरी छै।

अन्तमे; बुद्धके जलम दिनके अवसरमे सैककोइके एकरा एकटा औपचारिकतामे मात्रे नै बाइन्हके बुद्धके सन्देश आपन निजी जिनगी या व्यवसायिक जीवनके अगा बरहाइत गामठाममे फैलाइले बरका जरूरी छै। बुद्धके उपदेश सही रुपमे पालन करनाइये ओकरप्रतिके सम्मान या आदर चियै। यहैमे जीनगी छै। सुख छै, शान्ति छै, करूणा छै, सृजना या विकास सेहो छै। मानव जीवन अस्तित्व छै। भवतु सब्ब मंगलम् !

> बुद्धके जलम दिनके अवसरमे सैककोइके एकरा एकटा औपचारिकतामे मात्रे नै बाइन्हके बुद्धके सन्देश आपन निजी जिनगी या व्यवसायिक जीवनके अगा बरहाइत गामठाममे फैलाइले बरका जरूरी छै।



## विश्व शान्तिके कामना कर्टी बुद्ध जयन्तीम् विशेष कार्यक्रम

काठमाडौं। मध्यपूरुव क्षेत्रम् बहर्टी गइलक चिन्ता व विश्वव्यापी अस्थिरताक बीच नेपाल आदिवासी जनजाति महासंघ, यूएई (नेफिन यूएई) २५७०औँ बुद्ध जयन्तीक अवसरम विशेष कार्यक्रम आयोजना कर्ना होरहल। कार्यक्रममसे विश्व शान्ति, सहअस्तित्व व मानवताक सन्देश फैलालिना उद्देश्य ढैगिलक आयोजकले जनैल बा।

नेफिन यूएईका अध्यक्ष भागरथी कुमार भगतक अनुसार आब विश्वक ढेर भागम हुइटी रलक द्वन्द्व, हिंसा व युद्धले मानव जीवनम भारीकर्रा असर कर्टी रलक सन्दर्भम शान्तिक कामनासहित पूजा-पाठ तथा धार्मिक अनुष्ठान आयोजना कर लागल हो। खासकैख मध्यपुरुवम् बहर्टी रलह युद्धक् डरले जनमानसम चिन्ता बहर्टी रलक ब्यालम् असिन् कार्यक्रम सकारात्मक सन्देश देना आयोजकक् विश्वास रल बा।

आयोजकक अनुसार यी कार्यक्रम अइना मे ३, २०२६ अट्वारक् दिन बरदुबईस्थित क्लब क्पठ म आयोजना हुइने बा। कार्यक्रमम स्थानीय लामा गुरुहुकनसे बाट विशेष पूजा-पाठ, प्रवचन तथा विविध सांस्कृतिक प्रस्तुति हुइना होरहल। बुद्ध जयन्तीक अवसरम कैगिना धार्मिक अनुष्ठानमसे विश्वम फैलल् अशान्ति निज्वक् शान्ति स्थापना हुई कना कामना कर्जिने बा।

कार्यक्रम राजु मिलु गुरुङक संयोजनम सञ्चालन हुइने बा कलसे नेफिन यूएईम् आबद्ध मेरमेह्रिक जातीय संस्थाहुकनके सहकार्य हुइनेबा। संग, यूएईम रलक सक्कु नेपाली समुदायह कार्यक्रमम सहभागी होक शान्तिक पक्षम ऐक्यबद्धता जनाए अध्यक्ष भगत आह्वान कर्ल बट। यहबीच, नेवाः पुचः यूएई फे यूएईम रलक सक्कु सम्पूर्ण नेवार समुदायह् मौलिक भेषभूषाम उपस्थित होख भगवान बुद्धक पूजा-पाठम सहभागी ह्वाए अर्जि कर्लबा। और जातीय संघसंस्थाहुकन् फे आपन पहिचान झल्किना सांस्कृतिक प्रस्तुतिसहित कार्यक्रमम सहभागी ह्वाए अर्जि कैगिल बा।

कार्यक्रमह् भव्य बनाए सांस्कृतिक सामा झट्कार कैगिल् बा। नाँचहोर कलाकार सन्ध्या द्यौला व भजन तथा गायनतर्फ लक्ष्मण श्रेष्ठ व कुमार बलामीक नेतृत्वम कलाकारहुकन् प्रशिक्षण डेगिल् बा। आयोजकक अनुसार गइलक वरससेफे फरक व आकर्षक शैलीम कार्यक्रम प्रस्तुत कैजिने बा। नेफिन यूएई बुद्ध जयन्तीहन् खाली धार्मिक टिउहारक रूपमकेल निहोक शान्ति, एकता व मानवताक सन्देश फैलिना अवसरक रूपम मनाई लाग्लिक जनैल बा। यूएईम रलक सक्कु नेपाली समुदायह समय निकाख कार्यक्रमम सहभागी ह्वाए अपिल कैगिल बा।

# गुमल आँइखके इजोत लाबैत लहान नगरपालिका



**सिरहा।** लहान नगरपालिका-१७ के ६० बछरके हरि सदा या ओकर ५८ बछरके घरबाली सुकुमरिया सदाके संसार रसेरस अन्हार भेलजाइछेलै। करिब दुई बछरसे ओकर आँइखके चमक कमजोर हैत जाइछेलै, यैसे दुवोगेराके जीनगी अन्हारदिसना चैलज्यारहल्छेलै। मनमे अस्पताल जाइले त छेलै मतर पैसाकौरी नैभेलासे ओकर सपना सब चकनाचूर भ्यालजाइछेलै।

"आँइख नै देखलासे आपनो आङना लरैबुलैले बरका कठिन छेलै।", सुकुमरिया कहल्कै, "डाक्टरके देखाइले या अप्रेसन करैले पैसा कतैसे आनबै ? येहा बरका चिन्ता लागलछ्याल।"

यैहनङ समस्या छेलै वैहे वडाके ७० वछरके हिरा चौधरी या ओकर घरवाली ७० बछरके निमानी चौधरीके। बुरहारीसे मारल शरीर, तै उपरसे हऱ्याल जाइत आँइखके इजोतसे यै दुवोपरानी लोकैके सहारामे रैहैबला स्थिति बनल छेलै।

| १. | सुचिकार | (क) सिटअप १० पटक । (ख) पुसअप १० पटक । (ग) चिनअप ३ पटक । (घ) ३०० मिटर दौड ६० सेकेण्डमा पूरा गर्नुपर्नेछ । (ङ) २ माइल दौड १६ मिनेटमा पूरा गर्नुपर्नेछ । | (क) सिटअप ८ पटक । (ख) पुसअप ५ पटक । (ग) चिनअप २ पटक । (घ) ३०० मिटर दौड ७० सेकेण्डमा पुरा गर्नुपर्नेछ । (ङ) १ माईल दौड १० मिनेटमा पुरा गर्नुपर्नेछ । |
| २. | सफाईकर्मी | | |
| ३. | चर्मकर्मी | | |
| ४. | लोहकार | | |
| ५. | केशकर्तक | | |
| ६. | सिकर्मी | | |
| ७. | सयस | | |
| ८. | नालबन्दी | | |

(घ) **अन्य योग्यता** : उल्लिखित पदका उम्मेदवारहरू स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा "**सैनिक सेवा नियमावली, २०६९**" र "**भर्ना छनौट निर्देशिका, २०७१**" मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

६. **उमेरको हद** : उम्मेदवारहरूको उमेर दरखास्त पेस गर्ने अन्तिम **मिति २०८३/०२/१६** गतेसम्म निम्न अनुसार हुनु पर्नेछ ।

| सि.नं. | पद | पुरुष/महिला |
|---|---|---|
| १. | सैन्य | १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको (**जन्म मिति २०६१/०२/१६ गतेदेखि मिति २०६५/०२/१६ गतेसम्म**) र नेपाली सेनाको बहालवाला उम्मेदवारहरूको हकमा २६ वर्ष ननाघेको (**मिति २०५७/०२/१६ गते र सोपछि जन्म मिति भएको**) हुनुपर्नेछ । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | १८ वर्ष पूरा भई २६ वर्ष (**जन्म मिति २०५७/०२/१६ गतेदेखि मिति २०६५/०२/१६ गतेसम्म**) ननाघेको हुनुपर्नेछ । |

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरूको लागि** :
(क) दरखास्त पेस गर्ने अन्तिम मिति २०८३/०२/१६ गतेका दिन न्यूनतम सेवा अवधि १ (एक) वर्ष पूरा भएको हुनुपर्नेछ ।
(ख) युनिटपतिको सिफारिस पेस गर्नुपर्नेछ ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरू** : देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवार स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेस गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरू मान्य हुनेछैन । दरखास्त साथ पेस गरिने सबै कागजातहरूको सक्कल प्रति साथमा ल्याउनुपर्नेछ ।
(क) नेपाली नागरिकताको प्रमाणपत्र ।
(ख) सबै शैक्षिक योग्यताहरूको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।
(ग) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयहरूबाट उपाधी हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द्र/त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।
(घ) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाणपत्रहरू (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाणपत्रहरू भएमा ।
(ङ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।**
(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।
(२) बहालवाला सैनिकको हकमा "**सैनिक सेवा नियमावली, २०६९**" को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।
(३) सम्बन्धित उम्मेदवारसँगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ** : उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।
(क) पासपोर्ट साइजको फोटो प्रति-४ (चार) ।
(ख) २X२ साइजको फोटो प्रति-१ (एक) ।

१०. **सम्पर्क मिति र स्थान** : मिति २०८३/०३/१० गतेको ११०० बजे दरखास्त पेस गरेको सम्बन्धित भर्ना छनौट केन्द्रमा ।

११. **छनौट प्रक्रिया** : देहाय बमोजिमका छनौट प्रक्रिया सञ्चालन हुनेछ ।
(क) **सैन्य पदः** छनौट परीक्षा अन्तर्गत वियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट सञ्चालन हुनेछ), विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ ।
(ख) **विभिन्न ट्रेडका फलोअर्स पदः** छनौट परीक्षा अन्तर्गत वियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, प्रयोगात्मक परीक्षा (ब.का.सि. पद बाहेकको लागि), विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ ।
(ग) सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरूको शारीरिक तथा वियरिङ्ग परीक्षाको मापदण्ड श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** को **VACANCY & REQUIREMENTS** मा अपलोड गरिएको विज्ञापनमा हेर्न सकिनेछ ।
(घ) उम्मेदवारहरूको छनौट परीक्षा सम्बन्धित भर्ना केन्द्रहरूमा सञ्चालन हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू** : नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

१३. **अन्य शर्तहरू** :
(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत कर्मचारीले दरखास्त फाराममा आफू कार्यरत रहेको व्यहोरा अनिवार्य रूपमा उल्लेख गरी विभागीय स्वीकृति पत्र समेत दरखास्त पेस गर्दा नै बुझाउनुपर्नेछ र त्यसो नगरेमा आवेदन लगायत सम्पूर्ण परीक्षा रद्द गरिनेछ ।
(ख) समावेशी तर्फका पुरुष उम्मेदवारहरूको हकमा आदिवासी/जनजाति, मधेसी र दलितमध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागू हुनेछैन । साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरूले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।
(ग) महिलाको हकमा **Direct Combat Duties/Close Combat Role** (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रूपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरू बाहेकका **Combat Related Duties/Combat Support/Combat Service Support** (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरूमा समावेश गराइनेछ ।
(घ) उम्मेदवारहरू (बहालवाला सैनिक व्यक्ति बाहेक) अविवाहित हुनुपर्नेछ र सैन्य पदको हकमा तालिम अवधिभर विवाह गर्न पाइने छैन ।
(ङ) आवेदकले एउटै विज्ञापन नम्बर र समान पदमा एउटा भर्ना छनौट केन्द्रमा मात्र आवेदन दिन पाइनेछ ।
(च) अन्य शर्तहरू नेपाली सेनाको आधिकारिक वेबसाइट **www.nepalarmy.mil.np** मा गएर **नेपाली सेना भर्ना सम्बन्धी जानकारी तथा सूचना, भर्ना छनौट निर्देशनालयभित्र VACANCY AND REQUIREMENTS** मा वा आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा गई हेर्न सकिनेछ ।

१४. **अनलाइन फाराम भर्ने सम्बन्धमा जानकारी** :
(क) मोबाइल/कम्प्युटरबाट नेपाली सेनाको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा गई **VACANCY AND REQUIREMENTS** मा गई सैन्य पदको विज्ञापन अन्तर्गत रहेको **"APPLY"** मा **CLICK** गर्ने ।
(ख) आवेदकले अनलाइन फाराममा रहेको आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक योग्यताको विवरण, भर्ना केन्द्रको विवरण र नागरिकताको विवरण भरेपश्चात् आउने अनलाइन पेमेन्ट गेटवेको माध्यमबाट अनलाइन भुक्तानी गरी प्राप्त हुने भौचर र व्यक्तिगत विवरण फाराम **Save** गरी प्रिन्ट गर्ने ।
(ग) उक्त प्रिन्ट गरेको भौचर तथा व्यक्तिगत विवरण फाराम, अन्य आवश्यक कागजात र फोटोसहित आफूले छनौट गरेको भर्ना छनौट केन्द्रमा तोकिएको मितिभित्र उपस्थित हुनुपर्नेछ ।
(घ) यदि कुनै उम्मेदवारले अनलाइनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो **अनलाइनबाट मात्र Submit गरेको फारामलाई मान्यता दिइने छैन ।**
(ङ) अनलाइन फाराम भर्न केही प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै, **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केही जानकारी लिनुपरेको अवस्थामा सम्बन्धित भर्ना छनौट केन्द्रको सम्पर्क नं. वा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

१५. **विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाडौँ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरूमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. ०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** भित्र र पद अनुसारको पाठ्यक्रमहरू **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप जानकारी लिनुपरेको खण्डमा आफूलाई पायक पर्ने भर्ना छनौट केन्द्र वा श्री भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९४७८ मा कार्यालय समयभित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

# यातायात कार्यालयमा कर्मचारीको अभाव, चालक र कार्यालय सहयोगीलाई दर्ताको जिम्मेवारी

**सुर्खेत समाचारदाता**
*सुर्खेत, वैशाख १७ गते*

सेवाग्राहीको भिड लाग्ने यातायात व्यवस्था कार्यालय सुर्खेतमा पर्याप्त कर्मचारी नहुँदा कार्यालयको सेवा प्रदान गर्न सवारीचालक र कार्यालय सहयोगीलाई समेत दर्ताको काममा लगाइएको छ।

कार्यालयमा अहिले दुई जना कार्यालय सहयोगी र एक जना चालकसहित १५ जना कर्मचारी छन् । कार्यालयले सेवाग्राहीलाई पूर्ण सेवा दिन कम्तीमा ३० जना कर्मचारी हुनुपर्ने जनाउँदै आएको छ। कर्मचारीको अभाव भएपछि गाडीचालक र कार्यालय सहयोगीलाई दर्ता, रुट परमिटको काममा लगाउनु परेको कार्यालय प्रमुख मुकुन्दनाथ योगीले बताउनुभयो। कार्यालयले दैनिक सेवा प्रवाहका साथै हप्तैपिच्छे लाइसेन्स वितरण र ट्रायलको कामसमेत गर्ने गरेको छ। ती सबै काम गर्दा जनशक्ति नपुगेर सहज सेवा प्रदान गर्न हम्मे हम्मे भइरहेको उहाँले गुनासो गर्नुभयो। कार्यालय प्रमुख योगी भन्नुहुन्छ, "अहिलेसम्म पाँच पटक कार्यालयका लागि कर्मचारी माग गरिसकियो। सम्बन्धित मन्त्रालय, मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, कार्यालय प्रमुखहरूको बैठक, प्रमुख सचिवलगायतसँग न्यूनतम जनशक्ति पठाइदिन पत्राचार गर्दासमेत कुनै सुनुवाइ भएको छैन। त्यसैले कार्यालय सहयोगी र चालकलाई दर्तालगायतका काममा लगाउनु परेको छ।"

कर्मचारी अभाव हुँदा पूर्ण रूपमा लाइसेन्स पनि खुलाउन नसकिएको कार्यालयले जनाएको छ। सातामा कम्तीमा पाँच सयदेखि सात सयसम्म लाइसेन्स खुलाउनुपर्ने भए पनि कर्मचारी अभावमा डेढ/दुई सय जनाको मात्र लाइसेन्स खुलाउनु परेको उहाँको भनाइ छ। उहाँले पूर्ण रूपमा सेवा प्रदान गर्न २५ देखि ३० जना कर्मचारीको व्यवस्थापन हुन सके सातामा सात सयसम्म लाइसेन्स खुलाउन र राजस्व पनि बढी सङ्कलन गर्न सकिने बताउनुभयो। कार्यालयको एउटा फाँटको कर्मचारीलाई लाइसेन्स परीक्षा, ट्रायललगायतमा पठाउँदा सेवाग्राहीको काम ठप्प हुने हुँदा बाध्य भएर न्यून सेवा प्रदान गर्नु परेको उहाँको भनाइ छ।


## भूलसुधार

मिति २०८३।०१।१७ गते गोरखापत्र दैनिकको पृष्ठ १७ मा प्रकाशित **सडक डिभिजन जुम्ला**को **बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**को तालिका निम्न अनुसार हुनुपर्नेमा प्रविधिक कारणले भूलवश अन्यथा भई प्रकाशित भएकोले सच्याइएको छ।

| S. N. | Contract Number | Work Description | Name and address of Contractor | Quoted Amount NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | RDJML/ 337011384/ 082/83-23 | Rigid Pavement Works on Jumla Airport Area Along Tharmare-Chaurjahari-Jajarkot Khalanga-Jumla Kudari-Mugu Rara Road (Rara Rajmarga NH 56), Jumla | M/S Supriya Nirman Sewa, Jumla | 95,47,201.50 |
| 2 | RDJML/ 337011694/ 082/83-24 | Roadway excavation works including structure works along Luma Bridge to Siyala Gadigaun section of Urthu-Lasi-Pere-Siyala Gadigaun Road, Jumla | M/S Paban Construction, Birendranagar, Surkhet | 78,92,622.73 |
| 3 | RDJML/ 337011694/ 082/83-25 | Structure Works along Talcha Airport Gate to Zero Point section on Talcha Rara Road, Mugu | M/S Shubha Nirman & Order Suppliers Pvt. Ltd., Mugu | 48,75,130.62 |

Government of Nepal
Ministry of Health and Population
Department of Health Services
Management Division
Teku, Kathmandu, Nepal

## Invitation for Electronics Bids

**Invitation for Bids No. : DOHS/G/NCB-38/MD/2082-83**
**Date of publication : 1 May 2026**

1. The Department of Health Services invites electronic bids from eligible bidders for the Procurement of Equipment for Newly Constructed Cold Room under National competitive bidding – Single Stage Single Envelope procedures.
2. The bidder may submit the bid for single or more packages/lots as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done for each package/lot, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Department of Health Services Management Division Teku Kathmandu*** or may visit PPMO egp system **www.bolpatra.gov.np/egp**.
4. A complete *set* of Bidding Documents may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **NRs. 3,000.00** in the following Rajaswa(revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : Rastriya Banijya Bank, Teku Kathmandu**
   **Name of the Office : Department of Health Service,**
   **Office Code No. : 370-013-501**
   **Office Account No. : 1000100200010000**
   **Revenue Head No. : 14229**
5. Electronic bids must be submitted to the office Department of Health Services Management Division Teku Kathmandu through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **13:00 Hr on 1 June 2026** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:10 Hr. on 1 June 2026** at the office of ***Department of Health Services Management Division Teku Kathmandu***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs. *44,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. **29 September 2026*)***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
**सामाजिक विकास कार्यालय,** मार्तडी, बाजुरा

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति :- २०८३। ०१ ।१७ गते

यस सामाजिक विकास कार्यालयको चालू आ.व २०८२।०८३ मा तपसिल बमोजिमका आयोजनाहरुको निर्माण कार्य गर्नुपर्ने भएकाले इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा संस्थाले तोकिएको सर्तको अधिनमा रही तोकिएको समयभित्र रीतपूर्वक सिलबन्दी दरभाउपत्र E-GP प्रणाली मार्फत पेस गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि गाउँपालिकाको वेबसाइट (www.gaumulmun.gov.np) मा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ( E-GP ) पोर्टलाबाट हेर्न सकिने गरी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

| S. N. | Seal quotation No. | Description of Works | Estimated Amount (NRS) Including VAT | Bid Security | Bid document Fee | Bid Security Validity Period | for Submission of Bids |
|---|---|---|---|---|---|---|---|
| 1 | SDO/Bajura/ Works SQ/ 01/@082-083 | Rumdi Community Health Post Building Construction Works at Himali RM 02, Bajura | 19,39,584.19 | 50000 | 1000 | 75 days | 2083/01/07 12:00 Hrs |
| 2 | SDO/Bajura/ Works/SQ/ 02/@082-083 | Wai Community Health Post Building Construction Works at Swamikartik Khapar RM 04 Wai, Bajura | 14,61,704.65 | 37000 | 1000 | 75 days | 2083/01/07 12:00 Hrs |

**निमित्त कार्यालय प्रमुख**

खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी, मधेश प्रदेश, नेपाल

## गम्हरिया पोखरी सौन्दयीकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तयार गर्ने कार्यको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१८

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ बमोजिम निम्न प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राबधान बमोजिम निम्नलिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकाले तपसिलमा उल्लेख भए बमोजिमका सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरु दिनुहुन अनुरोध गर्दछौं।

| प्रस्तावको नाम | सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान |
|---|---|
| गम्हरिया पोखरी सौन्दयीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयार गर्ने कार्य | २०८३/०१/२४ गते दिउँसो २ बजे खडक नगरपालिकाको ६ नं. वडा कार्यालय प्राङ्गनमा |
| **प्रस्तावक:** | **परामर्शदाता** |
| खडक नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>कल्याणपुर, सप्तरी, मधेश प्रदेश, नेपाल<br>इमेलः ito.khadakmun@gmail.com<br>सम्पर्क नं: ०३३–५४००५३/५४ | नाम : आर बि इन्जिनियरिङ कन्सल्टेन्सी<br>ठेगाना : खडक नगरपालिका -६, सप्तरी<br>ईमेलः rbcon2073@gmail.com<br>सम्पर्क नं: ९८१६७८८६३७ |

मधेश प्रदेश सरकार
ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय
भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन
पर्सा, वीरगन्ज

## संसोधित सूचना प्रकाशित मिति २०८३।०१।१८

यस डिभिजनवाट मिति २०८३।०१।१७ गते गोरखापत्र दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचनाको Contract No. हरूमा GWBRJ/SQ/082-83/01, GWBRJ/SQ/082-83/02, GWBRJ/SQ/082-83/3, GWBRJ/SQ/082-83/4/ र GWBRJ/SQ /082-83/05 हुनुपर्नेमा अन्यथा हुन गएको हुँदा सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शिक्षा, युवा तथा खेलकुद शाखा**
डाँछी , काठमाडौं

## विद्यालयको नाम परिवर्तनसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

होप एजुकेसनल एकेडेमी प्रा.लि.द्वारा कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ७, काठमाडौंमा सञ्चालित होप एजुकेसनल एकेडेमीले साविक नाम परिवर्तन गरी प्रकृति पाठशाला (Prakriti Pathshala) कायम गर्न माग भई आएकोले यस विद्यालयसँग कोही कसैको लेनदेन दाबी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यसै नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा स–प्रमाण दाबी विरोध निवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको ३५ दिनपश्चात प्राप्त दाबी विरोध माथि कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

## भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति:
वि.सं. २०३२ /०१/१५



स्वर्गारोहण
वि.सं. २०८३ /०१/०८

**स्व. अभय शम्शेर ज.ब.रा**

हाम्रा मिलनसार भाई **स्व. अभय शम्शेर ज.ब.रा** स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिको अवसरमा दिवंगत आत्माको चीरशान्तिको लागि भगवानसंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छौं।

दाजु /भाउजु
सुधिर शम्शेर ज.ब.रा./ अर्चना राणा
विक्रम भवन, कुमारीपाटी-५ ललितपुर

कृषि विकास बैंक लि
जनशक्ति व्यवस्थापन विभाग

## वैकल्पिक उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गरिएको सूचना

**सूचना प्रकाशन मिति : २०८३।०१।१७**

यस बैंकको पदपूर्तिका लागि लोक सेवा आयोगबाट सञ्चालित खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरूको लिखित परीक्षा र अन्तर्वार्ताको कुल प्राप्ताङ्कका आधारमा पदपूर्ति समितिको निर्णयानुसार नियुक्तिका लागि सिफारिस भएका मध्ये रिक्त भएको पदमा पदपूर्ति समितिको मिति २०८३/०१/१७ गतेको निर्णयानुसार वैकल्पिक उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गरिएको सूचना बैंकको Website (**www.adbl.gov.np**) मा मिति २०८३/०१/१७ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | सिफारिस समूह | वैकल्पिक योग्यता क्रमबाट सिफारिस पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | १८/२०८१–८२ | ४ | लेखपाल | प्रशासन | खुला | १ |

**सदस्य सचिव**
पदपूर्ति समिति
कृषि विकास बैंक लि.

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०८३।०१।१८)**

यस इच्छाकामना गाउँ कार्यपालिकाको मिति २०८२।१२।१७ गतेमा प्रकाशित सूचना अनुसार रीतपूर्वक पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिलको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रूपमा प्रभावग्राही देखिएकोले यस कार्यालयको मिति २०८३।०१।१७ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सूचना तथा दफा ४७ को उपदफा १ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | ठेक्का शीर्षक | कबोल अङ्क (VAT बाहेक) | छनोट भएको बोलपत्र दाता |
|---|---|---|---|---|
| १. | IR/IRM/01/ 082/83 | Sustainable Extraction Of River Bed Materials From Khageri Khola And Syangdi Khola | रु. २,००,००,०००।०० | Kingfisher Construction And Suppliers, Kalika-02, Chitwan |

**प्रमुख प्रशासकीय अधिकृत**

जितपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जितपुर, बारा, मधेश प्रदेश, नेपाल

## सूचना सच्याइएको बारे

(प्रकाशित मिति २०८३/०१/१८)

यस कार्यालयबाट मिति २०८२/१२/२४ गते गोरखापत्रको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान गरिएको सूचनामा contract no मा JSMC/NCB/WORKS/10-2082/83 हुनुपर्नेमा अन्यथा भएकोले सो सूचना सच्याइएको जानकारी गराइन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

Nuts and Fruits in Hilly Areas (NAFHA) Project
Project Implementation Unit (PIU)
Koshi Province, Biratnagar

## Notice of Intent to Award the Contract

Date of Publication: 1st May, 2026

This is to notify all concerned bidders that it is our intention to contract the following party, selected as the substantially responsive lowest evaluated bid for the execution of the specified work under contract ID provided below.

| S. N. | Contract ID | Description of Work | Name and Address of Successful Bidder | Bid Price Including VAT and PS(NPR) |
|---|---|---|---|---|
| 1 | NAFHA/PIU-Koshi/Works/ CW06 | Horticulture center/station upgrade-Horticulture Center, Phaplu, Solukhumbhu, Koshi | Khushi Group Pvt. Ltd., Gokarneshwor-06, Kathmandu | 1,19,44,483.6 |

**Provincial Project Manager**

बढुवा समितिको सचिवालय,

## कोष तथा लेखा नियन्त्रक कार्यालय, कैलाली

(सूचना प्रकाशित मितिः २०८३/०१/१८)

जल तथा मौसम विज्ञान कार्यालय अत्तरिया, कैलालीमा रिक्त रहेको नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.अनं. प्रथम श्रेणी, लेखापाल पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा पद संख्या १ (एक) को पदपूर्ति गर्न लोकसेवा आयोगबाट प्रकाशित बढुवा सूचना नं. २५५/२०८२/०८३ अनुसार मिति २०८३/०१/१७ गते बसेको बढुवा समितिको बैठकवाट दरखास्त पेश गर्ने निम्न उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएको हुँदा निजामती सेवा ऐन २०४९ को दफा २४ (च) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | कार्यालय | प्राप्तांक |
|---|---|---|---|
| १ | गौरी बडाल (संकेत नं. २०८४९१) | तथ्याङ्क समन्वय कार्यालय कैलाली | १०० (एक सय) |

Kshireshwornath Municipality
Office of the Municipal Executive
Mahendranagar, Dhanusha
Madhesh Province, Nepal

## Invitation for Electronic BID

**Second Publication Date: 2083/01/18**

| S.No. | Contract Identification No. | Description of Works | Bid security amount (NRs.) | Bid Document Cost (NRs.) (Non Refundable) |
|---|---|---|---|---|
| 1 | KMO/NCB/ GOODS/01/2082-83 | Procurement of goods for Returnee Migrant | 63,000.00 | 3,000 |
| 2 | Kmo/sq/ goods/01/2082-83 | Procurement of sanitary pads | 33,000.00 | 1,000 |

1. Eligible Bidders may obtain further information at Kshireshwornath Municipality, Office of the Municipal Executive, Mahendranagar, Dhanusha or may visit PPMO's e-GP systemi.e www.bopatra.gov.np/egp
2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the NCB/ SQ without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मितिः २०८३/०१/१८ गते)

यस मन्त्रालयको तपसिल बमोजिमको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका तपसिल बमोजिमको बोलपत्रहरू मूल्याङ्कन समितिको सिफारिस अनुसार सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| सि.नं. | ठेक्का नं. | विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|
| १. | MoHA/G/ NCB/082-083/06 | Furniture and Fixtures | Chandika Modern Furniture And Saw Mill Pvt.Ltd,kathmandu | रू ४८, १५,४५०/- (अक्षरूपी अठ्चालिस लाख पन्द्र हजार चार सय पचास मात्र) |

For More Information visit: www.moha.gov.np

नेशनल सहकारी संस्था लि.
काठमाडौं–२७, महाबौद्ध, फोन नं. ५३६९०६० को

## कार्यालय सार्ने सम्बन्धी जरुरी सूचना

यस नेशनल सहकारी संस्था लि. को कार्यालय काठमाडौं–२७, महाबौद्धबाट संस्थाको कारोबार हुँदै आएकोमा संस्थाको सञ्चालक समितिको मिति २०८३।०१।१६ गते को ४२४औं बैठकको निर्णयानुसार संस्थाको कार्यालय काठमाडौं–२७, महाबौद्धबाट काठमाडौं–२७, मोटाहिटी स्थित चाहाना इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. "चाहाना कम्पलेक्स" को पाँचौ तल्ला भवनमा सार्ने र मिति २०८३ वैशाख २७ गते आइतबारका दिनदेखि सोही भवनबाट नियमित काम कारोबार सञ्चालन गर्ने सर्व सम्मत निर्णयानुसार सम्पूर्ण शेयर सदस्य लगायत सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा विनम्र अनुरोध गरिन्छ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, त्रिभुवनचोक (४२७)

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।१७)**

बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १५ बस्ने नन्दराना कुर्मीको मिति २०८२/१२/२८ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी देवरानी नाता पर्ने, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १५ बस्ने माया वती कुर्मीले यस बैंकमा मिति २०८३/०१/१६ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय त्रिभुवनचोकमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड
कोटेश्वर काठमाडौं, फोन नं. ४९९२१५२

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८३।०१।१८)

यस कम्पनीको लागि आवश्यक तेजपात तेल खरिद गर्नको लागि गोरखापत्र दैनिकमा मिति २०८२।१२।०६ मा प्रकाशित भए अनुसार विद्युतीय प्रणालीमा पर्न आएका बोलपत्रहरू मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्रदाता एवम् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबुल गरेको रकम (मू.अ.करबाहेक) |
|---|---|---|---|
| HPPCL/NCB Goods/02/ 082/83 | Procurement of Supply and Delivery of Tejpat Leaf Essential Oil | श्री कुलायन नेचुरल हर्बल प्रा.लि. मेचीनगर, झापा | ४३,१६,८००। |

निजामती कर्मचारी अस्पताल
मीनभवन, काठमाडौं।

## बोलपत्र पेस गर्ने सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०८३/०१/१८

यस अस्पतालमा चालू आ.व.२०८२/८३ को लागि तपसिल बमोजिमको स्वास्थ्य उपकरण खरिद गर्नुपर्ने भएकोले उल्लेखित खरिद कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा संस्थाबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट https://www.bolpatra.gov.np/egp/ मार्फत रीतपूर्वक विद्युतीय बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। **तपसिलः**

| सि. नं. | ठेक्का नं. | विवरण | धरौटी (विडबण्ड) | बोलपत्र दस्तुर | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक तथा खाता नं. |
|---|---|---|---|---|---|
| १. | CSH/NCB/ GB/14/ 082/83 | Procurement of Extracorporeal Membrane Oxygenation (ECMO) | रु. १०,४२,०००/– | रु. ५,०००/– | कृषि विकास बैंक, मीनभवन खाता नं. ०२१०२०००५३७८३०१७ |

# बालविवाह अन्त्य गर्ने अभियानमा स्थानीय सरकार



तस्बिर : बाबुराम देवकोटा

बालविवाह अन्त्यका लागि आयोजित कार्यक्रमका सहभागी ।

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, वैशाख १७ गते*

सिन्धुलीका स्थानीय सरकार बालविवाह अन्त्य गर्ने अभियानमा जुटेका छन् । जिल्ला समन्वय समिति सिन्धुलीले बुधबार आयोजना गरेको 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना–२०८२' कार्यान्वयनमा स्थानीय तहको भूमिका र आगामी कार्ययोजना विषयक जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रममा सहभागीले सो जानकारी दिएका हुन् ।

बालविवाह अन्त्यका लागि स्थानीय सरकारले बालबालिका, अभिभावकबिच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन र उनीहरूलाई तालिम, बालमैत्री शासन आदि कार्यक्रम गरिरहेको पनि स्थानीय तहका प्रतिनिधिले जनाएका छन् । सो अवसरमा राष्ट्रिय बालअधिकार परिषद्का अधिकृत तथा सूचना अधिकारी रामबहादुर चन्दले सरकारको सन् २०३० सम्म नेपालबाटै बालविवाह अन्त्य गर्ने लक्ष्य रहेको र सोही अनुसार रणनीति तयार गरी काम गरिरहेको जानकारी दिनुभयो ।

फिक्कल गाउँपालिकाका सामाजिक विकास शाखा प्रमुख नारायणप्रसाद अधिकारीले बालविवाह अन्त्यका लागि पालिकाले विभिन्न सामाजिक सचेतना अभिवृद्धिका कार्यक्रम गर्नुका साथै स्थानीय पाठ्यक्रममा समावेश गरी बालबालिकालाई सचेतना गर्ने कार्य भइरहेको बताउनुभयो । गोलन्जोर गाउँपालिकाले बालविवाह अन्त्यका लागि विवाह गर्नुअघि वडा कार्यालयबाट विवाह गर्ने उमेर पुगेको योग्यताको प्रमाणपत्र पेस गरी सिफारिस लिनुपर्ने व्यवस्थाको सुरु गरेको जनाएको छ । गाउँपालिका शिक्षा शाखा प्रमुख सुषमा आचार्यले तीन वर्षअघि कार्यपालिकाको बैठकले उक्त निर्णय गरी कार्यान्वयन गरेको बताउनुभयो ।

विवाहका लागि २० वर्ष अनिवार्य पुग्नुपर्ने र उमेर नपुगी विवाह गर्ने जोडीलाई गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाबाट समेत वञ्चित गर्ने निर्णय भएको छ । यसबाहेक प्रत्येक वडामा वडास्तरीय बालअधिकार समिति गठन, बाल सञ्जाल गठन, विद्यालयमा अभिमुखीकरण कार्यक्रमलगायतका गतिविधि भइरहेका छन् ।

मरिण गाउँपालिकाले बालविवाह रोक्नकै लागि विवाहको निमन्त्रणा कार्डमा उमेर अनिवार्य उल्लेख गर्नुपर्ने नियम लागु गरेको जनाएको छ । गाउँपालिका अध्यक्ष विमर्श मोक्तानका अनुसार विवाह गर्ने बेलामा सम्बन्धित वडा कार्यालयबाट अनिवार्य उमेर प्रमाणित गर्नुपर्ने व्यवस्था गरी लागु गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "वडाबाट उमेर प्रमाणित नगरी विवाह भएको छ भने नागरिकता र जन्मदर्ता हेरी उमेर नपुगी गरेको विवाह रोक्ने काम भइरहेको छ ।"

साथै बालविवाह अन्त्यका लागि एसइई दिएका किशोरीलाई उच्च शिक्षा अध्ययनका लागि साइकल वितरण, विवाह नगरी स्नातक उत्तीर्ण गर्ने किशोरीलाई नगद एक लाख रुपियाँ प्रोत्साहन भत्ता, विद्यालयमा छात्रवृत्ति व्यवस्थालगायतका काम भइरहेको पनि उहाँले सुनाउनुभयो । 'मरिणभरि हल्ला छ, २० वर्षपछि विवाह गर्ने सल्लाह छ' भन्ने नारा नै बनाएर बाल संरक्षण नीतिमार्फत बालविवाह न्यूनीकरणका लागि जुटेको छ । जिल्ला समन्वय समिति प्रमुख कार्साङ लामाले बालविवाह अन्त्यका लागि बनाइएको नीति, नियम र कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको र स्थानीयस्तरमा जनचेतनाको पनि बढाइनुपर्ने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले बालविवाह अन्त्यका लागि एक्लो प्रयासले मात्र सम्भव नहुने र सबैको सहयोग आवश्यकता रहेको औँल्याउनुभयो । बालविवाह मानव विकास सूचकको हिसाबले पनि नमिल्दो भएकाले त्यसले सामाजिक विकृति, स्वास्थ्य, सम्बन्धित व्यक्तिको शारीरिक विकासलाई समेत असर पार्ने स्थानीय तहले जनाएको छ । गरिबी र अज्ञानताका कारण पनि कतिपय बालविवाह हुने गरेको छ । दीर्घकालीन योजना बनाएर बालविवाह न्यूनीकरण गर्नेतर्फ स्थानीय तह जुटेका छन् । बालविवाह अन्त्यका लागि बनाएका नीति, नियम, कानुनको प्रभावकारी कार्यान्वयनसँगै स्थानीयस्तरमा जनचेतनाको खाँचो रहेको सरोकारवाला निकायको जोड रहेको छ ।

# बनेपामा 'चण्डेश्वरी जात्रा' सुरु

**बनेपा समाचारदाता**
*बनेपा, वैशाख १७ गते*



हरेक वर्ष बुद्धजयन्ती अर्थात् चण्डिपूर्णिमाको दिनमा काभ्रेपलाञ्चोकको बनेपाका स्थानीयवासी (नेवार) समुदायले धुमधामका साथ मनाउने 'चण्डेश्वरी जात्रा' को तयारी पूरा भएको छ । बनेपावासीले चण्डेश्वरी जात्रालाई सबैभन्दा ठुलो चाडका रूपमा मनाउँदै आएका छन् ।

राजा आनन्द देवको पालामा चण्डेश्वरी जात्रा सुरु भएको किंवदन्ती रहेको पाइन्छ । माई चण्डेश्वरी जात्रा सञ्चालन समितिले चण्डेश्वरी जात्राका लागि रथ बनाउने, दक्षिणकाली पुजा, मेपूजा, तला पुखु घाट गणेश पूजा, तरबार जात्रा गरी जात्राको सबै तयारी पूरा भएको जनाएको छ । परापूर्व कालमा चण्डासुर नामको दैत्यले तेत्तिसकोटी देवताका साथै बनेपा नगरवासीलाई धेरै दुःख दिएकाले उनीहरूको दुःखबाट मुक्ति दिनका लागि रक्तचन्दन वनबाट चण्डेश्वरीमाई प्रकट भई सो दैत्यको नाश गरेको खुसियालीमा बनेपा नगरवासीले हरेक वर्ष चण्डेश्वरी जात्रा मनाउने गरिन्छ । बिहीबार चण्डेश्वरीसहित विभिन्न देवीदेवताको पूजा अर्थात् तकः पूजा गरी चण्डेश्वरीमा १२ वटा काला बोकाको बलि दिई जात्राको सुरु गरिएको हो । जात्राको दोस्रो दिन (शुक्रबार) बिहान ३ बजे बनेपाका स्थानीयले हातहातमा चिराग (मसाल) लिएर बनेपाको लायकु दरबारमा उपस्थित भई विभिन्न वाद्यवादनसहित भजनकीर्तन गर्दै चिराग लिएर चण्डेश्वरीनजिकै रहेको जैसिगाकुण्ड (पवित्र तीर्थस्थल) मा गई नुहाउने समितिले जनाएको छ ।

यस्तै शुक्रबार नै काठमाडौँको हनुमानढोकाबाट कानफुट्टा जोगी आएपछि बनेपाको तीनधारामा एक भेडा र एक कुखुराको भाले काटी पूजाआजा गरी देवता राख्न रथलाई चण्डेश्वरी मन्दिरमा पुऱ्याइने छ । जात्राको तेस्रो दिन (शनिबार) देवी राख्नका लागि चण्डेश्वरी मन्दिर पुऱ्याइएको रथमा देवता राखी बजारतर्फ ल्याइने छ । देवता राखी ल्याइएको सो रथलाई भैरव कुण्डलमा देवताको मुख धोएर बजारतर्फ ल्याइने छ । देवता राखेर ल्याइएको रथलाई भोक्षिभोया थरका कन्याले लशकुश अर्थात् देवताको मुख खोलेर स्वागत गर्ने चलन रहेको छ ।

# प्रहरी चौकीलाई उद्धार सामग्री

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, वैशाख १७ गते*

सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाले मनसुनलक्षित विपत् व्यवस्थापनको तयारीलाई तीव्र बनाएको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका चार वटा प्रहरी चौकीलाई उद्धार तथा प्रतिकार्यका लागि आवश्यक सामग्री वितरण गरी विपत् व्यवस्थापनको तयारी सुरु गरेको हो । गाउँपालिकाले क्यानेश्वर प्रहरी चौकी, गुर्जी प्रहरी चौकी, झनझने प्रहरी चौकी र महेन्द्रझ्याडी प्रहरी चौकीलाई १५ प्रकारका सामग्री उपलब्ध गराएको जनाएको छ ।

गाउँपालिकाको विपत् व्यवस्थापन शाखामार्फत चार वटा प्रहरी चौकीलाई ती सामग्री उपलब्ध गराएको गाउँपालिका अध्यक्ष वज्रध्वज बाइबाले जानकारी दिनुभयो । उहाँका अनुसार सेफ्टी हेलमेट, डेड बडी ब्याग, बन्चरो, गमबुट, भेरीलाइट, फर्स्ट एड बक्स, रेस्क्यु बेल्ट, पिक, साबेल, गल, फोरुवा, कोदालो, टर्चलाइट, टेचर, पन्जालगायतका सामग्री प्रहरी चौकीलाई हस्तान्तरण गरिएको हो । अध्यक्ष बाइबाले विपत्का बेला तत्काल प्रतिक्रिया दिन सकिने वातावरण तयार पार्ने उद्देश्यले यस्तो पहल गरिएको बताउनुभयो । गाउँपालिकाले मनसुनको समयमा हुन सक्ने प्राकृतिक विपत् न्यूनीकरण र उद्धार कार्यलाई सहज बनाउन यस्ता तयारीलाई प्राथमिकतामा राखेको उहाँले बताउनुभयो ।


**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भरतपुर, चितवन**

**Invitation for Bid (IFB)**

Bharatpur Metropolitan City Office Bharatpur, Chitwan, invites only electronic bids for the following Works under Specified Bidding Procedure.

| S.N. | Contract No./ (IFB No.) | Name of the Project | Estimated Amount in NRs. (Including VAT and PS) | Price of Bid Document | Last Date of Bid Submission | Bid Validity Period | Bid Security (NRs) |
|---|---|---|---|---|---|---|---|
| **Invitation for Bids- Date of online publication: 30th April, 2026 (2083/01/17)** | | | | | | | |
| 1 | 74-BMC/082/ 083/W/SQ/183 | Construction of Blacktopped Road in Gorkhali Tole Machapucchre Marga, BMC-11 | 1256130.01 | NRs. 1000.00 | 15th May, 2026; 12:00 Hours | 45 days | NRs. 32,000.00 |
| 2 | 74-BMC/082/ 083/W/SQ/184 | Construction of Central Drain at Janodaya Tole (Remaining Section), BMC-11 | 521613.67 | NRs. 1000.00 | 15th May, 2026; 12:00 Hours | 45 days | NRs. 13,000.00 |
| 3 | 74-BMC/082/ 083/W/SQ/185 | Excavation, Loading and Transportation of Gravel from Rigdi Khola to BMC-2 Aaptari Dumping Site | 1994073.21 | NRs. 1000.00 | 15th May, 2026; 12:00 Hours | 45 days | NRs. 50,000.00 |
| 4 | 74-BMC/082/ 083/G/SQ/186 | Procurement of Cultural Goods for Tharu Kalyankari Samiti's Musuem, BMC-22 | - | NRs. 1000.00 | 15th May, 2026; 12:00 Hours | 45 days | NRs. 30,000.00 |
| 5 | 74-BMC/082/ 083/G/NCB/187 | Procurement of Masaland Items for BMC | - | NRs. 3000.00 | 1st June, 2026; 12:00 Hours | 90 days | NRs. 1,40,000.00 |
| 6 | 74-BMC/082/ 083/G/NCB/188 | Procurement of Printing Related Items for BMC | - | NRs. 3000.00 | 1st June, 2026; 12:00 Hours | 90 days | NRs. 55,000.00 |
| 7 | 74-BMC/082/ 083/W/NCB/189 | Infrastructure Construction Works at Sitamai Area, BMC-13 | 2499338.76 | NRs. 3000.00 | 1st June, 2026; 12:00 Hours | 90 days | NRs. 65,000.00 |
| 8 | 74-BMC/082/ 083/W/SQ/190 | Construction Works in Meghauli Sana Sahari Khanepani Tank and Assembly Hall, BMC-27 | 1456595.26 | NRs. 1000.00 | 15th May, 2026; 12:00 Hours | 45 days | NRs. 40,000.00 |
| 9 | 74-BMC/082/ 083/W/SQ/191 | Saptakanya Devi Sauchalaya And Compound Fencing, BMC-18 | 797853.40 | NRs. 1000.00 | 18th May, 2026; 12:00 Hours | 45 days | NRs. 20,000.00 |
| 10 | 74-BMC/082/ 083/W/SQ/192 | Blacktopped Road Construction at Lafa Chowk Sudesh Marga, BMC-14 | 1760432.31 | NRs. 1000.00 | 18th May, 2026; 12:00 Hours | 45 days | NRs. 45,000.00 |
| 11 | 74-BMC/082/ 083/G/NCB/193 | Procurement of Computer Related Items for Different Schools of BMC (Package-2) | - | NRs. 3000.00 | 1st June, 2026; 12:00 Hours | 90 days | NRs. 1,25,000.00 |

Eligible bidders may obtain further information from Bharatpur Metropolitan City Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp
**Tel: 056-521080, 056-520720, Email: kharid.bmc@gmail.com**

**Chief Administrative Officer**



**भीमफेदी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भीमफेदी, मकवानपुर**
बागमती प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८३/०१/१८**

यस कार्यालयबाट तपसिल बमोजिम निर्माण कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त कार्यको लागि निर्धारित समयभित्र www.ppmo.gov.np. epg मार्फत कार्यालयमा दर्ता हुन आएका बोलपत्रदाताहरूमध्ये उल्लेखित बोलपत्रदाताले पेस गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ को प्रयोजनार्थ उक्त ऐनकै दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । **तपसिलः**

| सि.नं | ठेक्का नं. | कामको विवरण | फर्मको नाम, ठेगाना | कुल मूल्याङ्कित रकम रु. (भ्याट र PS समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | BRMMK/SQ/WORKS/ CASSKS/02/2082.083 | Construction of Aadharbhut Swasthya Sewa Kendra Sudridhikaran Bhimphedi -5 | rana construction | रु. १४,४१,५५१।६५ (अक्षरेपिः चौध लाख एकचालिस हजार पाँच सय एकाउन्न रुपैंया, पैसठ्ठी पैसा मात्र) | |
| २ | BRMMK/SQ/WORKS /BPBDS/03/2082.083 | Construction of Bhimphedi Paribazar Bhimha Dho Samrakshan-06 | Dayzen builders and suppliers pvt.ltd. | रु. १६,५४,८२९।८५ (अक्षरेपिः सोह्र लाख चवन्न हजार आठ सय उनन्तिस रुपैंया, पचासी पैसा मात्र) | |



**Government of Nepal**
**Office of the Chief of Province**
**Janakpurdham, Dhanusha (Nepal)**

**Invitation for Bids**

**First Date of Publication: 2083/01/18)**

1. The Office of The Chief of Province invites for sealed bids through Sealed Quotation from eligible Nepalese bidders for Supply of Motorcycle **For Office of the Chief of Province, Madhesh Province**
2. Eligible bidders may obtain further information and inspect the bidding documents at the Office of the Chief of Province Janakpurdham, Dhanusha, Gmail: ocs.p2.gov@gmail.com or may visit website: www.oph.madhesh.gov.np
3. A Complete set of bidding documents may be purchased from the **Office of the Chief of Province** Madhesh Province by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of Rs.1000.00 till 2083-02-01 during office hours.
4. Bidders submitting their bid should deposit the cost of bidding documents in the following account.
   **Name of the Bank**: Rastriya Banijya Bank Ltd.
   **Name of the Office**: Office of the Chief of Province, Madhesh Province
   **Office Code**: 103001701 **Office Account No**: 1000100200010000
   **Rajaswa (Revenue) Shirshak No**: 14229 **Bidding Document Fee**: 1,000/-
5. Sealed bids must be submitted to the office of the chief of province Janakpurdham Dhanusha by hand on or before [12:00] on [2083/02/04]. Bids received after the deadline will be rejected.
6. The bids will be opened in the presence of bidders representatives who choose to attained at 4th of Jestha 2083 at 14:00 hrs at the Office of the Chief of Province, Madhesh Province Janakpurdham Dhanusha. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs.35000.Which shall be valid for 30 days beyond the validity period of the bid (i.e.75 days). If bidder wishes to submit the cash security, the cash should be deposited in the following Account.
   **Name of the Bank**: Rastriya Banijya Bank Ltd.
   **Name of the Office**: Office of the Chief of Province, Madhesh Province
   **Office Code**: 103001701 **Office Account No**: 1220100102030000
   [**Account Name**: KA-2-3: DHARAUTI A/C KO.LE.NI.KA.]
7. If the last date of purchasing and/or submission false on a government holiday, then the next working day shall be considered as the last date in such case the validity period of the bid security shall remain the same as specified for the original last date of the bids submission.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the sealed quotations without assigning any reason, whatsoever.
9. Contact for detailed information in contact no: 9844324823, 041-526659
10. Details of Works

| S.N. | Contract Identification No. | Name of Project | Estimate Amount without Vat (NRs.) | Bid Security Amount (Rs.) | Bid Document Fee | Remark s |
|---|---|---|---|---|---|---|
| 1 | **SQ/01/082-083-G** | Supply of Motorcycle | 1235044.25 | 35000.00 | 1000.00 | 4 Pcs |



**Siyari Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Harniya , Rupandehi**

**Invitation for Electronic Sealed Quotation**

**First Date of publication: 01-05-2026 (2083/01/18)**

1. Siyari Rural Municipality, Harnaiya, Rupandehi invites sealed quotations from registered Suppliers and firms for the procurement of works as mentioned here:

| S.N. | Sealed Quotation No. | Description | Bid security amount NRS/ Validity Period | Estimated amount NRS ( Without VAT but Including Ps) | Document Fee |
|---|---|---|---|---|---|
| 1. | 30/SQ/WORKS/ SRM/2082-083 | Bhaisakhadar Gaundekhi gaushala Jane Bato PCC Dhalan ; Chhapiya Sadak dekhi boharawa gaunma jane bato PCC Dhalan ; Siyari Tole PCC Dhalan | 50,000 / 75 days | 1,681,453.14 | 1,000 |
| 2. | 31/SQ/GOODS/ SRM/2082-083 | Procurement of Supply and Delivery of Classroom Desk Bench at Siyari Rural Municipality | 35,000/ 75 days | 1,299,500 | 1,000 |

Eligible Bidders may obtain further information regarding quotation submission deadline and inspect the quotation documents by visiting e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# माझगाउँमा घर घरमा धारा

**बागलुङ समाचारदाता**
*बागलुङ, वैशाख १७ गते*

जिल्लाको विकट मानिने जैमिनी नगरपालिका–३, दमेकको देउरालीखानीमा 'एक घर एक धारा' योजना सम्पन्न भएको छ।

गोर्खा वेलफेयर ट्रस्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग, नगरपालिकाको समन्वय र स्थानीय जनसहभागितामा देउरालीखानीमा 'एक घर एक धारा' योजना सम्पन्न भएको हो।

योजना अन्तर्गत देउरालीखानीका ३४ घरधुरी लाभान्वित भएका छन्। त्यसबाहेक विद्यालय र खोप क्लिनिक गरी ३६ वटा खानेपानीको धारा निर्माण गरिएको हो। गोर्खा वेलफेयरको ३६ लाख र स्थानीयको नौ लाख बराबरको श्रमदान गरी ४५ लाख रुपियाँ बजेटमा 'एक घर एक धारा' योजना सम्पन्न गरिएको देउरालीखानी माझगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वेदबहादुर छन्त्यालले जानकारी दिनुभयो।

माझगाउँको सिरमा रहेको छेरछेरे मूलको पानी सङ्कलन गरेर गाउँका घर घरमा वितरण गरिएको छ। योजना अन्तर्गत दुई हजार लिटरका दुई, चार र पाँच हजार लिटर क्षमताका दुई ट्याङ्की निर्माण गरिएको छन्त्यालले बताउनुभयो। योजना बनेपछि देउरालीखानीमा पर्याप्त खानेपानीको व्यवस्था भएको अध्यक्ष छन्त्यालको भनाइ थियो। वि.सं. २०५३ मा कादुरी संस्थाले निर्माण गरिदिएको खानेपानी योजना अन्तर्गत बनेका सामूहिक धाराबाट माझगाउँवासीले पानी उपभोग गर्दै आएका थिए। "योजना जीर्ण हुनु र सामूहिक धाराले उपभोक्तालाई असहज थियो। घर घरमा धारा बनेपछि पर्याप्त खानेपानी उपभोग गर्न पाएका छौँ," समितिका सचिव जमुना छन्त्यालले भन्नुभयो।



पानी सङ्कलनका लागि निर्माण गरिएको ट्याङ्की। तस्बिर : रामकृष्ण बोहरा

खानेपानीको स्रोत भएर पनि सहज रूपमा खानेपानी नपाउँदा समस्या झेल्दै आएका थिए। घर घरमा खानेपानी विस्तार भएसँगै स्थानीयवासी खुसी भएका छन्। आँगनमै खानेपानीको धारा निर्माण भएपछि दैनिक उपभोग गर्न र वस्तुभाउलाई खुवाउन निकै सजिलो भएको छन्त्यालले बताउनुभयो।

सबैको घरमा चौबिसै घण्टा फिल्टर गरेको स्वच्छ खानेपानी आउन थालेपछि माझगाउँवासीलाई सुविस्ता भएको छन्त्यालले थप्नुभयो। खानेपानी योजनालाई दिगोपना दिन नगरपालिकाले साथ दिने जैमिनीका नगरप्रमुख हरिहर शर्माले बताउनुभयो। "नागरिकको दुःखमा साथ दिन स्थानीय सरकार सधैँ तत्पर छ," योजनाको शुभारम्भ शर्माले भन्नुभयो, "सीमित स्रोत र साधनका बाबजुत पनि दूरदराजका जनताका न्यूनतम आवश्यकता परिपूर्ति गर्न तयार छौँ।"

# श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, वैशाख १७ गते*

मकवानपुरको भीमफेदी गाउँपालिकाले अनौपचारिक क्षेत्रका ११६ श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराएको छ। गाउँपालिकाले अनौपचारिक क्षेत्रका श्रमिक तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने अभियानलाई तीव्रता दिएको हो।

चालु आर्थिक वर्ष २०८२/८३ मा ३० लाख रुपियाँ बजेट विनियोजन गर्दै गाउँपालिकाले ११६ जनालाई कोषमा आबद्ध गराएको हो। गाउँपालिकाका अनुसार यस वर्ष ४७ जना सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र ७९ जना अनौपचारिक क्षेत्रका श्रमिक गरी कुल ११६ जनालाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरिएको छ। बिहीबार आयोजित एक कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापाले कोषमा आबद्ध श्रमिकलाई परिचयपत्र वितरण गर्नुभयो।

हालसम्म गाउँपालिकाले ३११ जना असङ्गठित क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिसकेको जनाएको छ। सामाजिक सुरक्षा योजना अन्तर्गत श्रमिकले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा तथा वृद्धावस्था सुरक्षा जस्ता सुविधा पाउने छन्।

---


**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
काठमाडौं प्लाजा, काठमाडौं, बागमती प्रदेश, नेपाल
सहकारी विभाग

**३ महले संशोधित कार्यविधि पेश गर्ने सम्बन्धी सहकारी संस्थाहरूलाई सूचना।**

प्रकाशित मिति : २०८३।०१।१८ (नेपाल संवत् ११४६ बछलाथ्व पुन्हि)

काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा १९ ले व्यवस्था गरे बमोजिम, संस्थाको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुनसक्ने व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुने व्यवस्था छ।

यस प्रयोजनका लागि केही सहकारी संस्थाहरूले पेश गरेको कागजात तीन महले ढाँचामा नरहेको व्यवस्था तथा ल्याइएका कागजातमा एकरूपता नभएकोले संस्थाको साधारण सभाबाट विनियम तथा आन्तरिक कार्यविधि स्वीकृतिका लागि सिफारिस गर्दा मूल विनियमको उद्देश्य परिवर्तन नहुने गरी संशोधन भएको दफालाई तीन महले ढाँचामा पेश गर्नुहुन सूचित गरिन्छ।



रुख रोपौं वन जोगाऔं
**श्री रम्भादेवी सामुदायिक वन उपभोक्ता समूह**
देवदह–१०, दलदले

**काठ/दाउरा लिलाम बिक्रीको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०१।१८)

श्री डिभिजन वन कार्यालय रुपन्देहीको उपभोक्ता समूह बाहिर तर्फको बिक्री वितरण सहमति अनुसार यस सा.व.उ.स.को स्विकृत वन कार्ययोजना अनुसार आ.व २०८२।०८३ को पुनरुत्पादन कटान तर्फका रुखहरूबाट संकलन भएको साल गोलिया ए, बि, सि र डि ग्रेड गरी जम्मा थान ५३७ को २२९७.८८ क्यू फुट, अस्ना ए, बि र सि ग्रेड गरी जम्मा थान २७ को २२४.१३ क्यु फुट, कर्मा सि ग्रेड गरी जम्मा थान ४ को १४.१७ क्यु फुट, पियारी थान २३ को ५०.०२ क्यु फुट, बाँझी थान २ को २.७६ क्यु फुट र भलायो थान ७ को २४.३९ क्यु फुट गरी जम्मा थान ६०० को २६१३.३५ क्यु फुट गोलिया काठ समूह बाहिर बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनमा दाखिला गर्न आह्वान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

रम्भादेवी सामुदायिक वन उपभोक्ता समूह
देवदह न.पा १०, रुपन्देही



**Nepal Electricity Authority**
**Notice Regarding Intent to Award the Contract**
Notice Publication Date : 2083/01/18

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Substantially Responsive Bidder | Total Accepted Bid Price |
|---|---|---|---|
| Grid Operation Department, Minbhawan (Tel No : 01-4106956) | GOD/ 2082/083-08 | M/s Hightension Switchgears Pvt. Ltd., A.T. Complex Kathmandu, Nepal | NRs. 151,950,839.40 (Without VAT & Custom Duty) |
| Marsyangdi Hydropower Station, Aanboo Khairani, Tanahun (Tel No :065-540066) | NEA-MHPS-2082/83-MT-03 | M/s Creative Business Enterprises, Tripureshwor, Kathmandu | NRs. 28,53,769.80 (With VAT) |
| | NEA-MHPS-2082-83-ESQ-01 | M/s Bini International Pvt. Ltd. New Baneshwor, Kathmandu | NRs. 8,34,646.25 (With VAT) |
| Building & Physical Infrastructure Construction Project (Tel No :01-4537675) | NEA/BPICP /NCB/EV-01-2082/083 | M/s MAW Vriddhi Autocorp Pvt. Ltd.,Naxal, Kathmandu,Nepal | NRs. 58,75,000.00 (With VAT) |
| Sudurpaschim Provincial Office, Attariya, Kailali (Tel. No. : 099-551173) | NEA/SPO -2082/083/Civil -Tender-01 | M/s A.B.D. Nirman Sewa Dhangadhi 3, Kailali | NRs. 27,22,990.89 (With VAT) |



**विनयी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
नवलपरासी, बर्दघाट सुस्तापूर्व, गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशन मिति: २०८३/०१/१८

यस कार्यालयबाट मिति २०८३/०१/१५ गते आह्वान भएको ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूतरूपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ|

तपशिल:

| सि.न. | बोलपत्र न. | ठेक्काको विवरण | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | 45/BTRM/ NCB/ Rev/2082-083 | Riverbed materials (stone,sand) auction (bidding)-Binayi Khola riverbank area (Khayerghari and Magar Park) dumping site | Saugat Brother Construction And Suppliers Pvt.Ltd. Nawalpur, Binayi Tribeni | Nrs. 2914986.42 |

नि. प्रमुख प्रशासकीय अधिकृत



नेपाल सरकार
**राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८३/०१/१८

मिति २०८२/१२/०५ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय बोलपत्र सम्बन्धी पोर्टल www.nvpl.gov.np र राष्ट्रिय दैनिक पत्रिका कारोबारमा प्रकाशित सूचना अनुसार निम्न ठेक्का नं. को लागि पेश भएको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले "सार्वजनिक खरिद ऐन, २०६३" को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्रसँग सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| IFB No. | Goods for Procurement | Bidder's Name and Address | Bid Price Excluding VAT |
|---|---|---|---|
| NVPL/G/NCB/ 2082-83/05 | Supply and Delivery of Refrigerated Vehicle | Effective Cool Service Pvt. Ltd., Kathmandu | NRs. 93,45,000.00 |



काइके गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
शहरताराबगर, डोल्पा
कर्णाली प्रदेश,नेपाल

**त्रुटि सच्याईएको सूचना**

प्रकाशित मिति:२०८३।०१।१८

प्रस्तुत विषयमा मिति २०८३।०१।०३ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा यस काइके गाउँपालिकाको Construction of Administrative Office Building ठेक्का नं. KRM/NCB/WORKS/082-083/01 को बोलपत्र स्विकृत गर्ने आशयको सूचनामा कबोल अंक रु.७,३१,५१,६७५।५१ (अक्षेरुपी सात करोड एकतिस लाख एकाउन्न हजार छ सय पचहत्तर पैसा एकाउन्न मात्र) हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत



कोशी प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, मोरङ**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(प्रकाशन मिति: २०८३/०१/१८)

यस कार्यालयबाट मिति 208२/१२/१२ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार निर्माण कार्य गर्नको निम्ति निर्धारित समयभित्र रितपुर्वक पेश भएका बोलपत्रदाताहरुका मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिश अनुसार प्राबिधिक प्रस्तावको मूल्यांकनमा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्तावका शर्तहरु पुरा गर्न सफल भएको हुँदा उक्त सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८३/०१/२५ गते दिनको १३:०० बजे यस कार्यलयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) को नियम ३१(ज) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| S.N. | Contract No. | Description of Works | Responsive Bidders Name & Address |
|---|---|---|---|
| 1 | IDO/MOR/ NCB/R/W-202/082-83 | Upgrading of Bhaunne Amtola Sadak (Chainage: 0+000 to 4+000) | M/S Sunsari Gadhi/PS JV, Gadhi-6, Sunsari |
| | | | M/S Budhathoki Hiwa Joint Venture, Morang |
| | | | M/S Siddhakali-B&B-Jayabhawani JV, Triveni Chowk-10 |

Office Chief



**ठाकुरबाबा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सैनवार, बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

**ठेक्का स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति: २०८३/०१/१८

यस कार्यालयको तपसिलमा उल्लेखित खरिद कार्यको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| सूचना नं. | विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|
| TBM/W/NCB-31/082/083 | Gravel Road Construction in Ward 01, 02, 03, 04 & 05 | श्री गणपति कन्स्ट्रक्सन, गुलरिया -२ बर्दिया। | रू. ५६,३७,५५०.०६/- |
| TBM/W/NCB-32/082/083 | Gravel Road Construction in Ward 06, 07, 08, 09 | श्री ठाकुरबाबा निर्माण सेवा, ठाकुरबाबा-०१, बर्दिया। | रू. ३७,४५,१७५.२०/- |



मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय**
लहान, सिरहा

**बोलपत्र स्विकृतिको आशयको सूचना**

(प्रकाशन मिति: २०८३/०१/१८)

यस कार्यालयबाट मिति २०८२/१२/२२ गते गोरखापत्रमा प्रकाशित सवारी चालक अनुमतिपत्रको लागि निरोगिता जाँच सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिलका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्कीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि प्रकाशित गरिएको छ।

तपसिल:

| सि.नं. | स्विकृत भएको बोलपत्रदाता | कबोल अंक (प्रतिनिरोगिता) |
|---|---|---|
| 1. | डा. दिलिप कुमार यादव असनपुर-3, सिरहा (NMC NO 15556) | रु. 48/- (अक्षेरपी रु. अठ्चालिस मात्र) |



**Government of Nepal**
**Ministry of Health and Population**
**National Tuberculosis Control Center Thimi, Bhaktapur**

**Request for Invitation for Expression of Interest (EOI)**

**Date of Publication: 1 May, 2026**

1. National Tuberculosis Control Center, invites Expression of Interest (EOI) from eligible Consulting Firms to provide the following Consulting Services. EOI document shall be delivered through online e-GP system (www.bolpatra.gov.np) only.

| IFB NO. EOI NO. | Name of the Services | Deadline of bid submission and Opening | Minimum Score to Pass |
|---|---|---|---|
| IFB NO. 13 EOI: NTCC/S/NCB-05/2082-83 | To Evaluate and Compare the efficacy of Active Case Finding (ACF) with X-Ray and Symptoms Screening as a means of identifying Tuberculosis (TB) cases at-risk Population in Nepal | 18 May, 2026 12:00 hrs and 18 May, 2026, 13:00 hrs respectively. | 70 out of 100 |

2. EOI shall be assessed based on the Qualification 30.0%, Experience 50.0%, and Capacity 20.0% of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the PPMO e-GP portal https://www.bolpatra.gov.np/egp. only on or before, 18 May, 2026 12:00 Hr.
4. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date, but the time will be the same as stipulated.
5. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the NTCC reserves the right to amend and correct the bid at any time.



नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
महेन्द्रनगर, कंचनपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशन मिति: २०८३/०१/१८)

यस कार्यालयबाट निम्नानुसार ठेक्काका लागि प्रकाशित वोलपत्र आह्वानको सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र न्यूनतम मूल्याङ्खीत सारभुतरुपमा प्रभावग्राही भइ स्वीकृतीको लागी पेश भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागी ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागी जारी गरिएको छ।

| सि. नं. | खरिद नं | कामको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु (मू.अ.कर बाहेक ) |
|---|---|---|---|---|
| 1 | DAO/KC/ NCB/ 01/2082/83 | 1) Construction & Repairing of Boundary Wall Works at District Administration Office Kanchanpur | 1. Prasang Nirman Sewa Pvt. Ltd. Krishnapur-05, Kanchanpur. | रु. 14,85,750.70 |

कार्यालय प्रमुख



**बढुवा समितिको सचिवालय**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना**

(प्रकाशन मिति:२०८३/०१/१८ गते)

लोकसेवा आयोगको देहायको सूचना नं./बढुवा सूचना नं., सेवा, समूह र श्रेणीको रिक्त पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०८३/०१/१७ को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४ च. को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सू.नं. ९८३/०८२-८३, ब.सू.नं. २७८/०८२-८३, नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी(प्रा.), असिष्टेण्ट केमिष्ट**

| योग्यताक्रम | क.सं.नं. | उम्मेदवारको नाम | कैफियत |
|---|---|---|---|
| 1 | २४६९०३ | सुवास अर्याल | |

पुनश्चः बढुवा सूचना नं. २७६/०८२-८३ नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूहको रा.प.अनं. प्रथम श्रेणी (प्रा.), ल्याब टेक्निसियन पदमा ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवामा दरखास्त नपरेको।

# प्रदेश सरकारको गिद्ध संरक्षण योजना

**बुलबुले समाचारदाता**
*सुर्खेत, वैशाख १७ गते*

कर्णाली प्रदेश सरकारले गिद्धको वासस्थान संरक्षणको योजना बनाएको छ। गिद्धको सङ्ख्या घट्न थालेपछि सरकारले गिद्ध संरक्षणको योजना बनाएको हो । गिद्ध संरक्षणका लागि स्थानीय तह तथा समुदायमा सचेतनाका कार्यक्रम गर्ने गरिएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

पछिल्लो समय विषाक्त औषधीको प्रयोग, सुरक्षित वासस्थान अभाव, विद्युतीय धराप, रुख कटान, मानवीय अज्ञानताका कारण गिद्धको सङ्ख्या दिनप्रतिदिन घटिरहेको छ । यो वर्ष पनि पन्छी संरक्षणका लागि विभिन्न कार्यक्रम गरिएको मन्त्रालयको वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाले जनाएको छ । गत वर्षको चैत १२ गते मुगुको गमगढीमा सचेतना कार्यक्रम गरिएको महाशाखा प्रमुख शेरबहादुर परियारले बताउनुभयो। यस वर्षबाट प्रदेश सरकारले गिद्ध संरक्षणको योजना ल्याएको हो । पहिलो वर्ष गिद्धको वासस्थान धेरै भएको ठाउँमा विभिन्न सचेतनाका कार्यक्रम गरिएको उहाँले बताउनुभयो।

प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर पन्छी संरक्षणको योजना ल्याएको थियो । यो वर्ष कार्यक्रम कार्यान्वयनका लागि आठ लाख रुपियाँ बजेट विनियोजन गरिएको छ । यो वर्ष अध्ययनको काम गरेर अर्को वर्ष कार्यक्रम कार्यान्वयन गरिने महाशाखा प्रमुख परियारले बताउनुभयो । पन्छीविज्ञसँग राय सुझाव माग गरिएको छ । तीन तहको सरकार र समुदाय मिलेर आहारा व्यवस्थापन, पूर्वाधार विकासमा जोड दिने गरी योजना निर्माणको काम भइरहेको प्रदेश सरकारले जनाएको छ। केही जिल्लामा पुगेर यसबारे सामान्य जानकारी लिने तथा सचेतना फैलाउने काम गरिएको जानकारी उहाँले दिनुभयो।

सामुदायिक वन र संरक्षणकर्ताको सक्रियताले मात्र गिद्धको सुरक्षित वासस्थान बन्न सक्छ। पशु उपचारमा प्रयोग हुने डाइक्लोफेनेकको प्रयोग न्यून भएपछि गिद्धको मृत्युदर घट्ने उहाँको भनाइ छ। अहिले पशु उपचारमा प्रयोग हुने डाइक्लोफेनेकको अत्यधिक मात्रामा प्रयोग बढेको छ।

यस्तै पश्चिम सुर्खेतको चौकुने गाउँपालिकाले पनि गिद्ध संरक्षणको योजना बनाएको छ । गिद्ध संरक्षण गर्ने उद्देश्यले (गौशाला) निर्माण गरिएको छ । अहिले चौकुनेमा रहेको गौसंरक्षण केन्द्र (गौशाला) गिद्धको जमघटस्थल बनेको छ। चौकुने गाउँपालिका–३ मा डेढ वर्षदेखि संरक्षण केन्द्र सञ्चालनमा आएपछि ठुलो सङ्ख्यामा गिद्ध आउन थालेको गाउँपालिकाले जनाएको छ।

किसानले बुढा भएका र बिरामी चौपाया छाडा छाड्ने क्रम बढ्दै गएपछि व्यवस्थापन गर्न गाउँपालिकाले गौसंरक्षण केन्द्र सञ्चालनमा ल्याएको छ तर यही ठाउँमा पछिल्लो समय गिद्धको हुल भेटिने गरेको गाउँपालिकाका अध्यक्ष खड्क विकले बताउनुभयो । छाडा चौपायाले किसानको बाली खाएर नोक्सान गरिदिने, सडक अवरुद्ध गरेर दुर्घटना निम्त्याउने र फोहोर बढ्न थालेपछि गाउँपालिकाको सक्रियतामा गत वर्षबाट गौसंरक्षण केन्द्र सञ्चालन गरिएको हो। केद्रमा मरेका गाईगोरु खाल्डो खनेर पुर्न थालेपछि वरपर गिद्ध आउने क्रम बढ्दै गएको स्थानीयको भनाइ छ।

# गुच्ची च्याउ सङ्कलनको चटारो

**मुगु समाचारदाता**
*मुगु, वैशाख १७ गते*

मुगुमा जडीबुटीजन्य गुच्ची च्याउ सङ्कलनको मौसम सुरु भएको छ। यो मौसममा यहाँका स्थानीय जङ्गलमा गई गुच्ची च्याउ सङ्कलनमा व्यस्त हुने गर्छन्।

जिल्लाको छायानाथ रारा नगरपालिका–६, ७, ८, ९, १०, १२, १३ र १४, सोरु गाउँपालिकाका वडा नं. २, ३, ४ र ६ तथा खत्याड गाउँपालिकाका वडा नं. ६, ७ र ८ र मुगमकार्मारोङ गाउँपालिकाका वडा नं. ६, ७, ८ र ९ का स्थानीयको गुच्ची च्याउ राम्रो आम्दानीको स्रोत बन्दै आएको छ।

छायानाथ रारा नगरपालिका–६ का मानबहादुर बोहोराले गुच्ची च्याउ सङ्कलन चैतको दोस्रो सातादेखि वैशाखको अन्तिमसम्म हुने गरेको बताउनुभयो। उहाँका अनुसार हरेक घरले एकदेखि तीन किलोसम्म च्याउ सङ्कलन गर्दै आएका छन्। प्रतिगोटा गुच्ची च्याउ १० रुपियाँका दरले स्थानीय व्यापारीले किन्दै आएका छन्।

मुगमकार्मारोङ गाउँपालिका–८ का चिमात्तगाउँका हर्ष रोकायाले चिमात्तगाउँलगायतमा स्थानीयले गुच्ची च्याउबाट घर खर्च चलाउन सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "गुच्ची च्याउबाट चिमात्तगाउँमा हरेक घरधुरीले ३० हजारदेखि ५० हजार रुपियाँसम्म आम्दानी गर्ने गरेका छन् ।" छायानाथ रारा नगरपालिका–९ का नन्दसिङ रोकायाले हरेक वर्ष गुच्ची च्याउको आम्दानीले भेडाबाख्रा जोड्दै आएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो वर्ष गुच्ची च्याउ उत्पादन हुने समयमा राम्रोसँग पानी परेकाले ५० देखि ७० हजार रुपियाँसम्म आम्दानी हुने अपेक्षा गरेको छु।"

उहाँका अनुसार जिल्लाका कृषक जडीबुटी उत्पादन हुने समयमा हरेक थरिका जडीबुटी सङ्कलन गर्ने गरेका छन् तर कृषकलाई जडीबुटीको बजार मूल्यबारे राम्रो जानकारी नहुँदा भने सोजे जस्तो आम्दानी गर्न भने सकेका छैनन्।

उहाँ भन्नुहुन्छ, "डिभिजन वन कार्यालयले हरेक सामुदायिक वन उपभोक्ता समितिलाई जडीबुटी बजारको बिक्री मूल्य विवरण पठाएमा कृषकले भने अनुसार मूल्य पाउने थिए।"

स्थानीय जडीबुटी व्यवसायी पञ्चबहादुर ऐडीले कृषकसँग गुच्ची च्याउ प्रतिगोटा १० रुपियाँमा खरिद गर्दै आएको बताउनुभयो। उहाँ गुच्ची च्याउ विशेष गरी सल्लो र गोब्रे सल्लोको जङ्गलमा उत्पादन हुने भएकाले सामुदायिक वनजङ्गल पनि संरक्षण हुनुपर्ने आवश्यकता औँल्याउनुहुन्छ।

डिभिजन वन कार्यालयको कार्यविधि अनुसार स्थानीय जडीबुटी व्यवसायीसँग गुच्ची च्याउ सङ्कलनका लागि प्रतिकेजी पाँच सय रुपियाँका दरले राजस्व लिइँदै आएको छ। डिभिजन वन कार्यालयका वन संरक्षण अधिकृत दिनेशजङ्ग खत्रीका अनुसार चालु आर्थिक वर्षको चैतसम्म एक करोड दुई लाख ७९५ रुपियाँ राजस्व सङ्कलन भएको छ।

# नगरका प्रमुख स्थानमा सिसी क्यामरा

**कालीकोट समाचारदाता**
*कालीकोट, वैशाख १७ गते*

कालीकोटको रास्कोट नगरपालिकाले सडकबत्ती र नगरका महत्त्वपूर्ण स्थानमा सिसी क्यामरा जडान गरेको छ । रातिको समयमा हुने चोरी, डकैती र हिंसा न्यूनीकरण गर्न नगरपालिकाले सडकबत्ती र सिसी क्यामरा जडान गरेको हो । नगरपालिकाको केन्द्रमा चोरीका घटना बढेपछि नगरपालिकाले प्रविधिको जडान गरेको हो।

नगरपालिकाले नगरभित्र ३० वटा सडकबत्ती र १० वटा सिसी क्यामरा जडान गरेको जनाएको छ। नगरका स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख जनक न्यौपानेले सिसी क्यामरालाई सडकबत्तीसँग जोडिएको बताउनुभयो।

रास्कोटमा इलाका प्रशासन कार्यालय स्थापना गरेर नागरिकता र राष्ट्रिय परिचयपत्र सेवा दिन थालिएको छ । वैशाख ७ गतेबाट सदरमुकाम मान्मबाट पाइने नागरिकता र राष्ट्रिय परिचयपत्र इलाका प्रशासन कार्यालय रास्कोटबाटै प्रदान गर्न थालिएको जिल्ला प्रशासन कार्यालय कालीकोटका सहायक प्रजिअ जनक शर्माले बताउनुभयो । उहाँले सोमबारदेखि शुक्रबारसम्म इलाका प्रशासन कार्यालय रास्कोटले २५० नागरिकता र ३४० राष्ट्रिय परिचयपत्र जारी गरेको बताउनुभयो।

नगरपालिकाका सूचना प्रविधि अधिकृत भीमबहादुर बुढाले सडकबत्ती र सिसी क्यामरा जडानले बाह्य सुन्दरता पनि थपेको बताउनुभयो । सिसी क्यामरासँग सोलार प्यानल र विद्युत् दुवैबाट विद्युत् प्रवाह हुने गरी व्यवस्थापन गरिएको छ । उहाँका अनुसार नगरपालिकाको भवनभित्र १० वटा सिसी क्यामरा, नगर प्रहरीको ब्यारेकमा एक र बजारमा दुई वटा राखिएको छ। सूचना प्रविधि अधिकृत बुढाले तीन लाख ५० हजार रुपियाँको लागतमा बत्ती र दुईदेखि छ मेगापिक्सलको क्यामरा खरिद गरेर जडान गरिएको जानकारी दिनुभयो।

नगर उपप्रमुख मनिराज बरालले सडकबत्ती र सिसी क्यामराले सुरक्षित रास्कोट अभियानलाई मद्दत पुर्‍याउने बताउनुभयो । इलाका प्रशासनसहित दुई वटा बैङ्कका शाखा, इलाका प्रहरी कार्यालय, नगर अस्पताल, खाद्य र साल्ट ट्रेडिङको बिक्री केन्द्रसमेत रहेको रास्कोटमा सडकबत्ती र सिसी क्यामराको जडानले नगर सुरक्षित बनाउन सहयोग पुगेको उहाँको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय कालीकोटका सूचना अधिकारी प्रहरी निरिक्षक गणेश ज्ञवालीले सिसी क्यामरा जडान भएपछि नगरपालिकाभित्र हुने अवैध गतिविधि, अपराध नियन्त्रणमा कमी आउने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सदरमुकाम मान्ममा केही स्थानमा चलेका सिसी क्यामराले जिल्लाका धेरै घटना न्यूनीकरण भएको उल्लेख गर्दै रास्कोटमा पनि त्यसको सकारात्मक प्रभाव पर्ने बताउनुभयो।

# विद्यार्थी जुटे बाटो बनाउन

**रलिङ समाचारदाता**
*रलिङ (हुम्ला), वैशाख १७ गते*

सिमकोट गाउँपालिका–३, रलिङ माध्यमिक विद्यालय जाने बाटो अप्ठ्यारो भएपछि विद्यार्थी आफैँ जुटेर बाटो बनाएका छन्। किताबकापी बोकेर विद्यालय जानुपर्ने विद्यार्थी घर घरबाट कुटो, कोदालो बोकेर विद्यालयतर्फ हिँडेका रलिङ माध्यमिक विद्यालय बरगाउँका शिक्षक सूर्यमणि बोहोराले बताउनुभयो। उनीहरूसँगै बाटो निर्माणमा शिक्षक पनि सहभागी हुनुभएको छ।


## शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र
बाँसबारी, काठमाडौँ

**सूचना !**

(प्रकाशित मितिः २०८३।०१।१८)

यस केन्द्रद्वारा खरिद गरिएको Toshiba Cathlab Machine मा प्राविधिक समस्या आएकोले उक्त मेसिनको Foot Switch लगायतका पार्टपुर्जा खरिद गरी मर्मत सम्भार गराउनुपर्ने भएकोले सो खरदि कार्य उक्त कम्पनीको नेपालस्थित स्थानीय आधिकारिक बिक्रेता Global Meditech International Pvt. Ltd. बाट गर्न लागिएको हुँदा केन्द्रको आर्थिक कार्यविधि नियमावली २०७८ को दफा ९७ को उपदफा (१५) मा व्यवस्था भए बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै यस सम्बन्धमा अन्य फर्म या कम्पनीहरूले कुनै हकदाबी गर्नुपर्ने भए यो सूचना प्रकाशित मितिले ७ दिनभित्र लिखित रूपमा यस केन्द्रमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ।

## नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
दरबारमार्ग, काठमाडौँ, फोन नं. ११५०

**विद्युत लाइन अवरुद्ध हुने बारे अन्यन्त जरुरी सूचना।**

११ के.भी. **मिन्ट र ११ के.भी. त्रिपुरेश्वर फिडर**को को Preventive Maintenance तथा Underground कार्य गर्नुपर्ने भएकोले **मिति २०८३/०१/१९ गते शनिबार दिउँसो १२:०० बजेदेखि १६:०० बजेसम्म (४ घण्टा) सो फिडरहरू अवरुद्ध भई टेकु सबस्टेसन एरिया, टेकु फोहोरमैला, पचली, टेकु चोक, सवलवहाल, वंसिघाट, टेकु स्वास्थ्य सेवा विभाग, विश्व निकेतन, उद्योग वाणिज्य संघ र टेकु चोकदेखि त्रिपुरेश्वर चोकसम्म तथा आसपास**का क्षेत्रहरूमा विद्युत आपूर्ति बन्द हुने।

*तथा*

११ के.भी. **कमलपोखरी फिडरको** Preventive Maintenance कार्य गर्नुपर्ने भएकोले **मिति २०८३/०१/२० गते आइतबार दिउँसो १२:०० देखि १६:०० (४ घण्टा)** सो फिडर अवरुद्ध भई **पुतलीसडक, न्यु प्लाजा, पद्मोदय चोक, पुतलीसडक चोक, कमलादी चोक, कृष्ण पाउरोटी चोक, कमलपोखरी, सिटी सेन्टर, केसी टोल, धोबीधारा लगायत आसपास**का क्षेत्रहरूमा विद्युत आपूर्ति बन्द हुने भएकोले सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध गर्दछौं। थप जानकारीको लागि ने.वि.प्रा. को वेबसाइट www.nea.org.np मा हेर्न या ने.वि.प्रा. को हटलाइन नम्बर ११५० को एक्सटेन्सन नं. ३ मा डायल गरि बुझ्न सकिने छ। यसबाट पर्न जाने असुविधाप्रति नेपाल विद्युत प्राधिकरण क्षमाप्रार्थी छ। कार्य सम्पन्न भएमा निर्धारित समय अगावै विद्युत सेवा सुचारु हुनेछ।

## सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**टीकापुर अस्पताल**
टीकापुर कैलाली, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८३।०१।१८**

मिति २०८२।१२।२६ गते प्रथम पटक प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसारको निम्न ठेक्काको आपूर्ति कार्यको लागि पर्न आएको दरभाउपत्र तपसिल बमोजिमको बोलपत्रदाता न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको प्रकार | बोलपत्रदाताको नाम, ठेगाना तथा कबोल अंक |
|---|---|---|
| TH/Kailali/SQ/Works/01/2082-083 | Construction of Boundary Wall in East of Hospital | कालीमाई कन्स्ट्रक्सन, टीकापुर-१<br>रु. १४,८५,२०७।४७ (भ्याट सहित) |

प्र.मे.सु.

## नेपाल विद्युत प्राधिकरण
बानेश्वर वितरण केन्द्र

**विद्युत लाइन अवरुद्ध हुने बारे अन्यन्त जरुरी सूचना।**

उपरोक्त सम्बन्धमा ने.वि.प्रा बानेश्वर वितरण केन्द्रको कार्यक्षेत्र अन्तर्गतमध्ये बानेश्वर र पुरानो बानेश्वरस्थित बानेश्वर र बत्तिसपुतली फिडरहरूमा Bush cutting कार्य गर्नुपर्ने भएकोले सो फिडरहरू सटडाउन गर्नुपर्ने भएकोमा तपसिल बमोजिमको मिति, स्थान र समयमा विद्युत आपूर्ति बन्द रहने छ। साथै उल्लिखित समय अगावै कार्य सम्पन्न भए विद्युत सुचारु हुने समेत जानकारी गराइन्छ।

| सि.नं. | मिति | फिडर | लाइन बन्द रहने स्थानहरू | समय |
|---|---|---|---|---|
| १ | २०८३/०१/१९ शनिबार | **Baneshwor feeder** | मिलन चोक, कात्यानी चोक, ठुलो खरिबोट, मध्य बानेश्वर, पुरानो बानेश्वर | बिहान ११:०० देखि ०२:३० सम्म ३.५ घण्टा |
| २ | २०८३ /०१/१९ शनिबार | **Battisputali feeder (Minbhawan S/S)** | मध्य बानेश्वर, पुरानो बानेश्वर, बत्तिसपुतलि, राम मन्दिर एरिया | बिहान ११:०० देखि ०२:३० सम्म ३.५ घण्टा |

यसबाट पर्न जाने असुविधाप्रति नेपाल विद्युत प्राधिकरण बानेश्वर वितरण केन्द्र क्षमाप्रार्थी छ।

## Infrastructure Development Directorate,
Birendranagar, Surkhet

**Letter Of Intent (LoI)**

**Date of Publication: 2083/01/18 (1th May, 2026)**

This is notify to all concerned bidders as per Section 27 (2) of Public Procurement Act, 2063 that we are going to award following contracts as per **IFB No: 06-082/083**, Published on Rajdhani National Daily Newspaper on **2082/10/08** to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion for the provision of Section 47 of Public Procurement Act, 2063. If no bidder makes an application pursuant to Section 47 within the period of seven days of the notice referred to in Section 27 (2), the bid of the bidder selected pursuant to Section 27 (1) shall be accepted.

| S. N. | Contract ID, Description of works | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount With PS & VAT (NRs.) |
|---|---|---|---|
| 1 | **IDD/SKT/W/NCB/62/082-083,** Construction of Chadani Chauk Tallo Parseni Khola Bridge, Birendranagar-09, Surkhet | M/S Shiva Nirmal - B. Seven JV, Nepalgunj, Banke | 2,98,18,037.8 |
| 2 | **IDD/SKT/W/NCB/63/082-083,** Construction of Parseni School Alayachaur Khola Bridge, Birendranagar-09, Surkhet, | M/S ARCHI-KALIKOT JV, Kalikot | 2,14,83,878.75 |

## SHIVASATAKSHI MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
KOSHI PROVINCE, JHAPA

**Invitation for online Bids**

**Date of Publication : 2083/01/17 (30-Apr-2026)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract Number | Description of Work | Bid doc Fee | Bid Validity Period | Minmum Bid Security Amount | Bid Security Validity Period | Deadline for Submission Of Bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|
| 28/SM/NCB/ Goods/ 2082/083 | Supply and delivery Of Sanitary Pad | Nrs 3000 | 90 days After Bid opening | Nrs 65,500 | 30 days Beyond Validity of Bid | 01-June-2026 12:00 Hours | 01-June-2026 14:00 Hours |

2. **Information to deposit the cost of Bidding document in Bank**
3. **Name of the Bank**: Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
4. **Name of Office**: Shivasatakshi Municipality
5. Office Account no.: **29601400000017**
6. If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
7. A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**

## नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**सघन शहरी तथा भवन निर्माण आयोजना**
भैरहवा, रुपन्देही

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८३/०१/१८**

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि बोलपत्र आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरूमध्ये देहाय बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभरत रूपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं | खरिद नं. | आयोजनाको नाम | सफल बोलपत्रको नाम | कबोल अंक (VAT बाहेक PS सहित) |
|---|---|---|---|---|
| 1 | PUDBC/Rupandehi/NCB/Works/32/2082/083 | Repair/Reconstruction/Restoration Work of Loksewa Aayog, Butwal Office Building Damaged during the Gen-Z movement as per the Study Report. | M/S Gyan Amrit Construction , Tilottama-09, Rupandehi | 17,43,049.00 |
| 2 | PUDBC/Rupandehi/NCB/Works/33/2082/083 | Repair/Reconstruction/Restoration Work of Pradesh Pramukh Office, Lumbini Province Damaged during the Gen-Z movement as per the Study Report | M/S Shree Himalayan Design And Construction Pvt.Ltd, Baneshwor-10, Kathmandu | 36,39,171.32 |
| 3 | PUDBC/Rupandehi/NCB/Works/34-082/83 | Repair/Reconstruction/Restoration Work of Shram Tatha Rojgaar Office, Butwal Damaged during the Gen-Z movement as per the Study Report | M/S Auradha Construction, Siddharthanagar-9, Rupandehi | 27,68,643.55 |

आयोजना प्रमुख

## Institute of Science and Technology,
Tribhuvan University, Kirtipur, Kathmandu

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : २०८३।०१।१८**

यस कार्यालयको मिति २०८२।०९।१४ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना The Procurement of Supply and Delivery of Field Emission Scanning Electron Microscope, IFB No: IoST/TU/NCB/02/2082/2083 and The Procurement of Supply and Delivery of Bio-Analytical Instruments, IFB No: IoST/TU/NCB/05/2082/2083 कार्यका लागि आह्वान गरिएको बोलपत्रमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये प्राविधिक प्रस्तावमा योग्य रहेका तपसिल बमोजिमका बोलपत्र दाताहरूको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, समय र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| कामको विवरण | ठेक्का नं. | प्राविधिक प्रस्तावमा सारभूत रूपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरूको नामावली |
|---|---|---|
| The Procurement of Supply and Delivery of Field Emission Scanning Electron Microscope (FESEM) | IoST/TU/NCB/02/2082/2083 | 1. Labline Traders Pvt. LTD. |
| The Procurement of Supply and Delivery of Bio-Analytical Instruments | IoST/TU/NCB/05/2082/2083 | Package 1 Gas Chromatography-Mass Spectrometry (GC-MS):<br>1. Prudent Meditech International 2. Pacific Commercial Company Pvt. Ltd.<br>Package 2: HPLC: 1. Helix Enterprises Pvt.Ltd. 2. Pacific Commercial Company Pvt.Ltd.<br>Package 3: AAS: Pacific Commercial Company Pvt.Ltd.<br>Package 4: FTIR: Pacific Commercial Company Pvt.Ltd.<br>Package 5: NGS: 1. Helix Enterprises Pvt. Ltd 2. Associated Enterprises<br>Package 6: DSC: Not Responsive<br>Package 7: 1. Helix Enterprises Pvt. Ltd. 2. Madhav International Pvt. Ltd 3. Associated Enterprises 4. Pacific Commercial Company Pvt.Ltd.<br>Package 8: Infrared Gas Analyzer (IRGA): Helix Enterprises Pvt. Ltd.<br>Package 9: Soil Testing Reference Lab: Helix Enterprises Pvt. Ltd |

आर्थिक प्रस्ताव खोलिने मिति : २०८३-०१-२५ गते शुक्रबार, समय : २:३० बजे, स्थान : Institute of Science and Technology, Tribhuvan University, Kirtipur, Kathmandu.

## फलेवासमा 'आमाबा स्वास्थ्य कार्यक्रम'

**फलेवास समाचारदाता**
*पर्वत, वैशाख १७ गते*

पर्वतको फलेवास नगरपालिकाले ग्रामीण बस्तीका ज्येष्ठ नागरिकलाई लक्षित गर्दै घरदैलोमै पुग्ने स्वास्थ्य सेवा कार्यक्रम सुरु गरेको छ। 'आमाबा स्वास्थ्य कार्यक्रम' नाम दिइएको यो अभियानले गाउँमै बसेर उपचार लिन नसक्ने वृद्धवृद्धालाई नियमित जाँच, परामर्श र आवश्यक उपचार सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ।

नगरपालिकाको वडा नं.-४, मुडीकुवाबाट सुरु भएको अभियान अब नगरका सबै ११ वडामा विस्तार गरिने छ। स्वास्थ्य शाखा प्रमुख रुद्र सापकोटाका अनुसार चिकित्सकसहितको टोली घर घर पुगेर रक्तचाप, मधुमेह, मुटु र मिर्गौलासम्बन्धी परीक्षण गर्ने छ। साथै रगत, दिसा, पिसाब र खकार परीक्षणसँगै पोषण अवस्थाको मूल्याङ्कन पनि गरिने छ।

कार्यक्रम अन्तर्गत दीर्घरोगीलाई औषधी सेवनको तरिका, मात्रा र समयबारे जानकारी दिइने छ भने गम्भीर बिरामीलाई थप उपचारका लागि अस्पताल पठाइने व्यवस्था मिलाइएको छ।

# सडकमै बिस्कुन सुकाउँदा दुर्घटनाको जोखिम

**बबई समाचारदाता**
*बबई (बर्दिया), वैशाख १७ गते*

बर्दिया जिल्लामा सार्वजनिक सडकलाई अव्यवस्थित रूपमा प्रयोग गर्ने प्रवृत्ति बढ्दै जाँदा सवारी दुर्घटनाको जोखिम पनि बढ्दै गएको पाइएको छ। विशेष गरी कृषिजन्य उत्पादन 'बिस्कुन' (मकैलगायत अन्नबाली) सडकमै सुकाउने चलनले यात्रु र सवारीचालक दुवैलाई जोखिममा पारिरहेको छ।

गुलरिया नगरपालिका र आसपासका क्षेत्रमा स्थानीय कृषकले उत्पादन गरेको मकै मुख्य सडकमै सुकाउन राख्ने गरेका छन्। कतिपय स्थानमा सडकको आधाभन्दा बढी भाग अन्नबालीले ढाकिँदा सवारी आवागमनमा अवरोध हुनुका साथै दुर्घटनाको सम्भावना बढेको स्थानीयको गुनासो छ।

गुलरिया-४, क्याम्पस रोडका प्रकाश मल्लका अनुसार सडकमा जथाभाबी मकै सुकाउँदा सवारीचालकले समयमै ध्यान नदिँदा ठुला दुर्घटना हुन सक्ने खतरा रहन्छ। त्यस्तै गुलरिया-८, आशापुरका जीवन लोधले स्थानीयले अटेर गर्दै सडकमै अन्न सुकाउने, पशु बाँध्ने तथा चौपाया छाड्ने गरेको बताउनुभयो। यसले सडकलाई थप जोखिमपूर्ण बनाएको उहाँको भनाइ छ।

गुलरिया-५ का किसमोहन चौधरीका अनुसार गत वर्ष पनि यस्तै कारणले धेरै मोटरसाइकल दुर्घटनामा परेका थिए। पछिल्ला केही वर्षदेखि सडकलाई व्यक्तिगत प्रयोजनमा प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दियाका प्रमुख सन्दीप बेल्वासेले यस्ता गतिविधि नियन्त्रण गर्न चुनौती रहेको बताउनुभयो।

**उदयपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८३।०१।१८ गते**

यस कार्यालयबाट मिति २०८२।१२।११ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलका सूचनामा रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू मध्ये तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित सिलबन्दी दरभाउपत्र सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको सात(७) दिने सूचना सम्बन्धित सिलबन्दी दरभाउपत्र दाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.स. | विवरण | सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक ने.रू. (VAT र PS सहित) |
|---|---|---|---|
| १ | URM/SQ/Works/04-2082/83,Sworge Nagbele Lahan Sadak Staronnati Ward No.6(Ch 0+000 to 6+000 km) | M/S Tawashree Construction and Suppliers Pvt.Ltd., Katari, Udayapur | रू.१३२८१२९.८१।- |
| २ | URM/SQ/Works/05-2082/83,Konjosom Gumba Baki Kaam Sampanna Ward No.3 | M/S DB Construction, Tapli-5, Udayapur | रू.११७६१८६.५०।- |

**प्रमुख प्रशासकीय अधिकृत**

## Lalitpur District Court
**Lagankhel, Lalitpur**

### Invitation for Electronic Sealed Quotation

**Date of publication: 2083/01/18 (01 May 2026)**

**Lalitpur** District Court, Lagankhel invites electronic sealed quotation from Nepalese eligible bidders for the following works. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Name of Project | Total Estimate (Including PS and VAT) NRs. | Bid Document Fee NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | LDC/ WORKS/ SQ-01/ 082/083 | Maintenance and reconstruction of the compound wall at Lalitpur District Court. | 15,00,000.00 | 1,000.00 | 32,000.00 |

**Registrar**

**सुदूरपश्चिम प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
## डिभिजन वन कार्यालय पहलमानपुर
**कैलाली, नेपाल**

### काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०१/१८**

यस कार्यालय मातहतको सब-डिभिजन वन कार्यालय सुखड, कैलाली अन्तर्गत राष्ट्रिय वन क्षेत्रबाट आ.व. ०८२/८३ मा सङ्कलन भई श्री जनकल्याण मा.वि. कम्पाउण्ड, घोडाघोडी नगरपालिका वडा नं. १०, ठेवै, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटका खयर जातको गोलिया काठ थान ३७१ को परिमाण १३२७.६७ क्यु. फिट र सिसौ जातको गोलिया काठ थान १४३ को परिमाण ७४८.०१ क्यु.फिट जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र वन निर्देशनालय, धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपराह्न २:०० बजेभित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आह्वान गरिन्छ।

**Lumbini Province Government**
**Ministry of Social Development**
## Social Development Division Office Dang
**Publication Date : 2083/01/18**

### INVITATION FOR BIDS (IFB)

1. The **Social Development Division Office, Dang** invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Social Development Division Office, Dang*** or may visit www.bolpatra.gov.np/egp

| S. N. | Contract No/Bid No./IFB No. | Description of Work | Estimated Cost Excluding VAT | Bid Security Amount (Nrs) | Bid Document Price (Nrs) | Last date of bid submission & Time |
|---|---|---|---|---|---|---|
| 1. | NCB/GOODS/ SDDOD/01/082/083 | Procurement of ICT related goods for Social Development Division Office, Dang | 21,54,911.50 | 55,000.00 | 3,000.00 | 2083/02/17 Up to 12:00 |
| 2. | SQ/WORKS/ SDDOD/31/082/083 | Ma. Bi. Aswara ma Bhawan ko Finidhing ko Kaam Tulsipur-8, Dang | 10,37,103.44 | 25,000.00 | 1,000.00 | 2083/02/03 Up to 12:00 |

**- Office Chief**

## Nepal Electricity Authority

### Invitation for Electronic Bids

(Date of publication 1st May, 2026 (18/01/2083)

| Name of Office | Tender No./ Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Sunkoshi Hydropower Station, Lamosanghu, Sindhupalchowk (Tel No :011-482155) | NEA-SHPS-2082/ 83-EMQ-02-RE | Supply and Delivery of Tools and Spare parts for 3 MVA Transformer at SHPS |
| Hydropower Plant Automation Project (Tel No :01-4153070) | NEA-HPAP-2082/ 83-CSQ-03 | Repair and Maintenance of Access Road to Hydropower Plant Automation Project Buildings. |
| Sudurpaschim Provincial Office, Attariya, Kailali, (Tel. No. : 099-551173) | NEA/SPO-2082/ 083-SQ-MCCB-05 | Supply and Delivery of MCCB with Box. |
| Butwal Grid Division, Butwal (Tel No : 071-437302/437003) | BGD/2082/083-04 | Supply, Delivery, Installation, Testing and Commissioning Of 11KV Switchgear Panel at Bardaghat and Butwal Substation |
| | BGD/2082/083-05 | Supply, Delivery, Installation, Testing and Commissioning Of 110V, 400Ah MFVRLA Battery at Mainahiya,Shivapur,Gandak and New-Butwal SS |
| Chanauli Distribution Centre (Tel. No. : 053-591892) | NEA-CDC-2082/ 083-Civil/SQ-01(Re) | Construction of room above office using MS Truss and Prefab wall |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details

## Gauradaha Municipality
## Office of the Municipal Executive
Gauradaha, Jhapa
Koshi Province, Nepal

### Re-Invitation for Electronic Bids

First Date of publication : 19th March 2026 A.D.(2082/12/05 BS)
Second Date of publication : 1st May 2026 A.D. (2083/01/18 BS)

1. The Gauradaha Municipality re-invites electronic bids for all the Nepalese eligible bidders for the following construction works under NCB Bidding procedures:-

| Contract No./ Notice no./ Tender type | Description of Works | Minimum bid security amount | Estimated Amount (with VAT and PS.) | Bid documents fee | Bid submission / open Date/ Rajaswa Detail/ Pre bid | Procurement category/ method/bid validity/ Bid Bond Validity/Account |
|---|---|---|---|---|---|---|
| GMO/W/ NCB/ AGRO/ 1/082-083; Second Notice ; 1S1E; WORKS | SUPPLY AND FITTING OF MOTOR BORING WORKS UNDER SMALL IRRIGATION PROGRAM, GAURADAHA,JHAPA | Nrs. 1,85,000 | Nrs. 84,63,697.23 | Nrs. 3000 | 12:00 hrs of 18th May 2026 (2083/02/04 BS); 14:00 hrs of 18th May 2026 (2083/02/04 BS);Name of Bank:- NIC Asia Bank, Gauradaha Rajaswa (revenue) Shirshak no. :14229 Gauradaha Municipality Office(Antarik Rajaswa Khata) Office Account no. 0872050028408002 Office code no:- 80112403300<br><br>Pre Bid:- 14:00 hrs on 8th May 2026 (2083/01/25 BS). | Works/NCB /Bid validity period 90 days/ Bid bond should be valid 30 days beyond bid validity.<br><br>In case of cash deposit Security deposit account no : 87CA750361152401, Dharauti Shirshak. : Gauradaha municipality office (Dharauti khata) |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gauradaha Municipality, Technical Section, Jhapa, Telephone No: 023-597006/9842147978 within office hours. The bidders may visit the E-Procurement Section of PPMO's Web Site http://www.bolpatra.gov.np/epg.

2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

CHIEF ADMINISTRATIVE OFFICER.

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
## Department of Water Resources and Irrigation
## Irrigation and Water Resources Management Project
Manthali, Ramechhap

### Invitation for Electronic Sealed Quotation (Re-Bid)

(Date of publication: 2083-01-18 (1st May, 2026)

Irrigation and Water Resources Management Project (IWRMP), Ramechhap invites online Sealed Quotation (Re-Bid) under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding: All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions, within the mentioned period.

| S. N | Contract ID | Description and location of Program/ Activity | Bid Security Amount (NRs.) | Price of Bid Documents Non-refundable Amount (NRs.) | Estimated cost ( Excl. VAT and Contingencies and Including PS) NRs. |
|---|---|---|---|---|---|
| 1 | IWRMP-Ramechhap/ Ramechhap/SQ/ Works-01-082/83 | L/S Khimti River Training Work, Gokulganga Rural Municipality-1, Chuchure, Ramechhhap | 50,000.00 | 1000.00 | 17,04,880.91 |
| 2 | IWRMP-Ramechhap/ Ramechhap/SQ/ Works-02-082/83 | Dhaandwaari Protection Work, Gokulganga Rural Municipality-1, Chuchure, Ramechhhap | 50,000.00 | 1000.00 | 17,11,701.00 |

Bid Submission Deadline: Date: 2083-02-04 (2026-05-18), Time: 12:00 Hours

Bid Opening Date: 2083-02-04 (2026-05-18), Time: 13:00 Hours

Project Manager

Government of Madhesh Province
## Ministry of Energy, Irrigation and Water Supply
## Water Supply and Sanitation Division Office
Jaleshwor, Mahottari

### Invitation for Bids (IFB)

Notice No:- 05/2082/83
Date of publication : 2083/01/17

WSSDO, Mahottari invites electronic bids from eligible bidders for below mentioned works under Sealed Quotation bidding procedure. Bidding Documents can be downloaded from the PPMO E-Portal-www.bolpatra.gov.np/egp

| Contract No. | Description of Works | Estimate Amount (With Vat & PS ) NRs. | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|
| WSSDO/Mahottari/ Works/SQ/31/082/83 | Drilling and installation of 2" PVC Deep Tubewell at Mithila Bihari Na. Pa-06,07 Dhanusha (4 no. in each Ward) | 1528768.43 | 40000 | 1000 |
| WSSDO/Mahottari/ Works/SQ/42/082/83 | Supply and Installation of Submersible Pump and Pipe Line Works at Matihani Na. pa-09, Jalsagar bal Sasastra Prahari Bal | 1284907.96 | 35000 | 1000 |
| WSSDO/Mahottari/ Works/SQ/43/082/83 | Drilling and installation of 4 inch PVC Deep Tubewell in Mithila Na. Pa-05,Dhanusha | 782437.40 | 20000 | 1000 |
| WSSDO/Mahottari/ Works/SQ/44/082/83 | Drilling and installation of 4 inch PVC Deep Tubewell-1(one) at Balwa 7, Mahottari | 782563.36 | 20000 | 1000 |
| WSSDO/Mahottari/ Works/SQ/45/082/83 | Drilling and installation of 4 inch PVC Deep Tubewell-1(one) at Balwa 11, Mahottari | 1954395.13 | 55000 | 1000 |
| WSSDO/Mahottari/ Works/SQ/46/082/83 | Laying and Installation of Drinking Water Pipes at Siswa Kataiya WSP. ,Manra Siswa Na.Pa-5 | 1941894.43 | 55000 | 1000 |

Division Chief

### Invitation for Online Bids

## Prasauni Rural Municipality
## Office of The Rural Municipal Executive
Prasauni, Bara,Madhesh Pradesh, Nepal
Date of Publication: 2083/01/18 (2026/05/01)

1. Prasauni Rural Municipality, Prasauni,Bara invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for the following works.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

| S. No | Contract ID No. | Project Name | Estimated Amount With Vat & Ps (Nrs.) | Bid security (Nrs.) | Bid Fee (Nrs.) | Pre-bid Meeting | Last Date Of Bid Submission (Date & Time) | Bid Opening (Date & Time) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PRM/NCB/W/ 08/2082/083 | Construction Integrated Slum Development Project For Underprivileged Communities At Prasauni Rural Municipality,Ward No.5, Prastoka | 2,92,25,735.64 | 7,50,000.00 | 5000.00 | 2083/02/01 (2026-05-15) on 14:00 Hrs | 2083/02/18 (2026-06-01) on 12:00 Hrs | 2083/02/18 (2026-06-01) on 14:00 Hrs |

3.For further details bidders are requested to visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4.The office reserves right to accept or reject any or all bids without assigning reasons,whatsoever.

# सुकुमवासी व्यवस्थापनका लागि छलफल

**घोराही समाचारदाता**
*घोराही, वैशाख १७ गते*

घोराहीमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको जग्गा अतिक्रमण गरेर बसेका वास्तविक सुकुमवासीको व्यवस्थापनका लागि पहल सुरु भएको छ।

भूमिहीन तथा सुकुमवासी परिवारलाई घोराही उपमहानगरपालिका–१८, नवलपुरमा व्यवस्थापन गर्ने गरी छलफल भएको हो।

अम्बापुर जग्गा एकीकरण आयोजना अन्तर्गतको जग्गामा भूमिहीन तथा सुकुमवासी परिवारलाई व्यवस्थापन गर्ने गरी राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र नवलपुर बहुउद्देश्यीय सरोकार समितिका बिचमा सहमति भएको छ।

सहमति अनुसार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको घोराही उपमहानगरपालिका–१४, कटुवाखोलाछेउमा बसोबास गर्ने करिब १५० घरधुरीमध्ये वास्तविक भूमिहीन सुकुमवासीको पहिचान गरी वास्तविक जग्गा नहुने परिवारलाई अम्बापुर जग्गा एकीकरण आयोजनामातहतको जग्गामा व्यवस्थापन गर्ने गरी छलफल गरिएको हो।

प्रारम्भिक सहमति अनुसार प्रत्येक घरधुरीलाई पाँच/पाँच धुरका दरले बसोबासका लागि जग्गा उपलब्ध गराउने सहमति भएको नवलपुर बहुउद्देश्यीय सरोकार समितिका अध्यक्ष एवं अम्बापुर जग्गा एकीकरण आयोजनाका बलिभद्र रानाले जानकारी दिनुभएको छ।

भूमिहीनलाई जग्गा दिएको स्थानमा बाटो, बिजुली, खानेपानीलगायतका सुविधा व्यवस्थित गर्न घोराही उपमहानगरपालिका, लुम्बिनी प्रदेश सरकार र सङ्घ सरकारसँग नवलपुर बहुउद्देश्यीय सरोकार समितिले पहल गर्ने गरी समिति र प्रतिष्ठानबिच सहमतिसमेत भएको छ।

प्रतिष्ठानको घोराही–१४, ट्राफिक चोकमा रहेको करिब दुई बिघा जग्गा अतिक्रमणमा पर्दा प्रतिष्ठानले फोहोर व्यवस्थापन, सवारी पार्किङसँगै शैक्षिक कार्यक्रम विस्तारका लागि भौतिक संरचना निर्माण गर्न नसकेको प्रतिष्ठानका निमित्त उपकुलपति एवं रजिस्ट्रार प्राध्यापक श्याम लम्सालले जानकारी दिनुभएको छ।

दाङमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगै नेपाल संस्कृत विश्वविद्यालय, जिल्ला प्रशासन कार्यालय, महेन्द्र बहुमुखी क्याम्पसलगायतको जग्गा लामो समयदेखि अतिक्रमणमा रहेको छ।

## सच्याइएको सूचना

**मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर**को मिति २०८३।०१।१५ गते गोरखापत्र दैनिकको पृष्ठ १२ मा प्रकाशित **आवश्यकता सम्बन्धी सूचना**को तालिकामा सि.नं. २, मुख्य प्राविधिक सहायक (फार्मेसी) र सि.नं. ३, मुख्य प्राविधिक सहायक (प्याथोलोजी) पदको लिखित परीक्षाको मिति २०८३।०२।०३ हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।

## भूलसुधार

मिति २०८३।०१।१७ गते गोरखापत्र दैनिकको पृष्ठ १८ मा प्रकाशित सोलुदुधकुण्ड न.पा. नगर कार्यपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बुबाट Invitaion for Bids सूचनामा Cost of Bid Document (Non-refundable) महलमा NRs. 1,000 र Bid Security Amount (NRs.) महलमा NRs. 35,000 हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

---

**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**
**(मिति २०८३।०१।१८)**

महालक्ष्मी नगरपालिका वडा नं. ८ साविक लामाटार गा.वि.स. ९क, कित्ता नं. ११६३ क्षेत्रफल १९०.७४ वर्ग मिटर जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८२ चैत २६ गते महालक्ष्मी नगरपालिका वडा नं. ८ को कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लिखित संधियारहरूसँग सम्पर्क हुन नसकेकोले नक्सा पासका लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लिखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाईं साँधसंधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिकाको ८ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीका लागि सूचित गरिन्छ। म्याद भित्र कसैको कुनै प्रतिक्रिया दाबी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भई जाने व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल**
**पश्चिम तर्फ** : नाम थाहा नभएको **कि.नं.** : ४४८० **दक्षिण तर्फ** : दिपेन्द्र कैनी **कि.नं.** २९०६

महालक्ष्मी नगरपालिका कार्यालय
८ नं. वडा कार्यालय, लुभु, ललितपुर।

---

**श्री भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंबाट जारी जि. काठमाडौं, काठमाडौं.म.न.पा. वडा नं. ४ बस्ने दिपुराज उपाध्याय (आचार्य) र जि. काठमाडौं, काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने शम्भुराज पैडेलका नाउँको हाजिर हुन आउने बारेको विशेष अदालत ऐन, २०५९ को दफा १०(९) वमोजिम म्याद सरहको ३० (तीस) दिने सार्वजनिक सूचना**
**सूचना प्रकाशित मितिः २०८३ ।०१।१८**

यसमा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ४ सिट नं. १०२१२२७१६ कि.नं. १६५ क्षे.फ. ०-२-०-३, ऐ. सिट नं. १०२१०२७१७ कि.नं. २११ र १४८ क्षे.फ. ०-९-०-१ र ०-२-३-१ जग्गाको मोही मेरो बाबु राम बहादुर डंगोल महर्जन भएकोमा मोही बावु राम बहादुर डंगोल महर्जनको मिति २०७८।११।१२ आफ्नै कालगतिले परलोक हुनु भएकोले निजको मृत्यु पछि हक खाने हकदारहरूमा श्रीमती माया डंगोल - १ छोराहरू प्रकाश डंगोल-१, राम प्रसाद डंगोल-१, राजेन्द्र डंगोल-१, राजेश डंगोल-१, तारा डंगोल-१ समेत गरी जना ६ भएकोमा हकदारहरूमध्ये म निवेदक प्रकाश डंगोलका नाममा मोही नामसारी तथा जग्गा बाँडफाँट गरी मोही लगत कट्टा गरी पाऊँ भन्ने व्यहोराको निवेदन परेको हुँदा तपाईंहरूका नाउँमा जारी भएको म्याद सम्बन्धित वडा कार्यालयमा टाँस गर्दा म्यादको अवधिभित्र यस कार्यालयमा तपाईंहरूको कुनै प्रतिउत्तर नपरेको र हाजिर पनि नभएकाले यो सूचना प्रकाशित भएका मितिले ३० (तीस) दिनभित्र आफूसँग भएको सबुद प्रमाण तथा प्रतिउत्तर सहित यस कार्यालयमा हाजिर हुन आउनुहोला नआए कानून बमोजिम मोही नामसारी भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

---

**भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंबाट नामसारीको हकदाबी सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना**
**निवेदक- सरीता थापा** **जग्गाधनी- मनोज मानन्धर**

यसमा जिल्ला काठमाडौं, हाल का.म.न.पा. १७ मा बस्ने सरीता थापाले निजको भाई मनोज मानन्धर समेतको नाममा काठमाडौं नगर १७ कि.नं. ६६९ क्षेत्रफल ०-१-०-१ घरजग्गा रहेकोमा भाई जग्गाधनीको मिति २०७२।०४।१४ मा अविवाहित अवस्थामै मृत्यु भएको, जग्गाधनीको बाबु/आमाको समेत मृत्यु भएको, हाल निज जग्गाधनीको हकदारहरूमा दिदी नाताको म निवेदिका मात्र रहेकोले उल्लिखित जग्गामध्ये भाइ मनोजको हकहिस्सा जति मेरो नाममा नामसारी गरी पाऊँ भनी का.म.न.पा. १७ नम्बर वडा कार्यालयको च.नं. ८११ मिति २०८१।०९।२३ र च.नं. ११६४ मिति २०८१।१२।२२ को हकदार सिफारिस, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र समेत संलग्न राखी मागदाबी निवेदन पेश गर्नु भएकोमा कार्यालयको आदेशानुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः उल्लिखित ज.ध.को अन्य हकदारहरू पनि भए वा ज.ध.को स्याहार सम्भार/पालनपोषण र मृत्यु पछिको काजक्रिया अन्य कोही कसैले समेत गरेको भए वा उल्लिखित घरजग्गा निवेदकको माग बमोजिम निजको नाममा नामसारी गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुत-प्रमाण सहित लिखित रुपमा दाबी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भई जानेछ।

---

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय राजविराज (२१८)**

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।१८)**

मधेश प्रदेश, सप्तरी जिल्ला, साविक राजविराज न.पा. ३ हाल वडा नं. ४ बस्ने स्व. महमद अयुब (ना.प्र.नं. १६-०१-७६-०८६८०, जारी मिति २०७६-०९-०८, सप्तरीको मिति २०८२/११/१९ मा मृत्यु भएकोले यस बैंकमा रहेको बचत हिसाब नम्बर २१८०१०००७३५६३०१० खाताको सम्पूर्ण रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी एक मात्र पत्नी कसमा विवी (ना.प्र.नं. ५४९३/४२७७, सप्तरी, जारी मिति २०४५/०२/०७) ले सम्पूर्ण रकम पाऊँ भनी यस बैंकमा मिति २०८३/०१/१७ मा निवेदन दिएको हुनाले निज खातावालको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय राजविराजमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

---

**मालपोत कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।**

| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | - | - | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | १८ | | | | | | |
| छनोट भएको सङ्ख्या | ३ | - | - | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | १५ | चन्द्र प्रसाद भट्टराई | प्रेम प्रसाद | शिव प्रसाद | खुला |
| २. | २० | दिबश बिष्ट | इन्द्र बहादुर | नर बहादुर | खुला |
| ३. | ४२ | रामचन्द्र पराजुली | वेद प्रसाद | घन्जु | खुला |

**प्रस्तुतीकरण तयारीः** २०८३/०१/३० गते बुधबार, बिहान ०७:०० बजे,
**प्रस्तुतीकरणः** २०८३/०१/३० गते बुधबार, साँझ ०५:१५ बजे,
**अन्तर्वार्ता हुने मिति र समयः** २०८२/०१/३१ गते, बिहीबार बिहान ०७:०० बजे, केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।
**स्थानः** निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**५) सेवा/समूहः प्राविधिक/इन्जिनियरिङ** **पदः प्रबन्धक (मेकानिकल)** **तहः८**

| विज्ञापन नं.: | ३६/२०८२-८३ (आ.ज.) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | - | - | १ | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | १ | | | | | | |
| छनोट भएको सङ्ख्या | - | - | १ | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | २ | सुनिल महर्जन | राम | आशा लाल | आ.ज. |

**प्रस्तुतीकरण तयारीः** २०८३/०१/३१ गते बिहीबार, साँझ ०५:१५ बजे,
**प्रस्तुतीकरण हुनेः** २०८३/०१/३१ गते बिहीबार, साँझ ०६:३० बजे,
**अन्तर्वार्ता हुने मिति र समयः** २०८३/०१/३१ गते , बिहीबार साँझ ०७:१५ बजे,
**स्थानः** केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**६) सेवा/समूहः प्राविधिक/इन्जिनियरिङ** **पदः प्रबन्धक (सिभिल)** **तहः८**

| विज्ञापन नं.: | ३७/२०८२-८३ (महिला) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | - | १ | - | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | ५ | | | | | | |
| छनोट भएको सङ्ख्या | - | ३ | - | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ७ | निर्मला कुमारी बोकटी | घनश्याम | कृपा दत्त | महिला |
| २. | ८ | प्रकृति के.सी. | रण बहादुर | कृष्ण बहादुर | महिला |
| ३. | १३ | सुशिला चित्रकार | बिजय कुमार | कमल बहादुर | महिला |

**प्रस्तुतीकरण तयारीः-** २०८३/०२/०१ गते शुक्रबार, बिहान ०७:०० बजे,
**प्रस्तुतीकरणः** २०८३/०२/०१ गते शुक्रबार, साँझ ०५:१५ बजे,
**अन्तर्वार्ता हुने मिति, समयः** २०८३/०२/०२ गते बिहान ०७:०० बजे, शनिबार,
**स्थानः** निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**७) सेवा/समूहः अप्राविधिक/प्रशासन** **पदः सहायक प्रबन्धक** **तहः६**

| विज्ञापन नं.: | ३९/२०८२-८३ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | - | - | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | ७९ | | | | | | |
| छनोट भएको सङ्ख्या | ३ | - | - | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ३८ | आकृति लामिछाने | राजेन्द्र प्रसाद | टुक नारायण | खुला |
| २. | १९९ | विष्णु पाण्डे | गुणानिधि | नन्दराम | खुला |
| ३. | २४३ | हिक्मत खनाल | महेश्वर | विनि प्रसाद | खुला |

**कम्प्युटर सीप परीक्षण मिति र समयः** २०८३/०२/०२ गते शनिबार, दिउँसो ११:०० बजे
**कम्प्युटर सीप परीक्षण हुने स्थानः निगमको ई.आर.पी परियोजना कार्यालय, लोकन्थली, भक्तपुर**
**अन्तर्वार्ता मिति र समयः** २०८३/०२/०३ गते आइतबार, बिहान ०७:०० बजे
**स्थानः** निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**८) सेवा/समूहः अप्राविधिक/लेखा** **पदः सहायक प्रबन्धक** **तहः६**

| विज्ञापन नं.: | ४०-४१/२०८२-८३ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | १ | - | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | ४१ | | | | | | |
| छनोट भएको सङ्ख्या | ४ | ४ | - | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ९ | अमृता थापा | हिक्मत बहादुर | टेक बहादुर | महिला |
| २. | ४३ | चन्द्रमणि पोखेल | तारापती | चक्रपाणी | खुला |
| ३. | १०० | मनिषा आचार्य | गणेश प्रसाद | ठाकुर प्रसाद | खुला, महिला |
| ४. | १११ | रश्मी प्रधानाङ्ग | रत्न गोपाल | कृष्ण गोपाल | महिला |
| ५. | १२९ | विष्णु पाण्डे | गुणानिधि | नन्दराम | खुला |
| ६. | १३८ | संगिता थापा | नर बहादुर | चन्द्र बहादुर | महिला |
| ७. | १५१ | साजन कुमार शर्मा | लखराज | कमल | खुला |

**कम्प्युटर सीप परीक्षण मिति र समयः** २०८३/०२/०२ गते शनिबार, दिउँसो १२:०० बजे
**कम्प्युटर सीप परीक्षण हुने स्थानः निगमको ई.आर.पी परियोजना कार्यालय, लोकन्थली, भक्तपुर**
**अन्तर्वार्ता मिति र समयः** २०८३/०२/०३ गते आइतबार, बिहान ११:०० बजे,
**स्थानः** निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**९) सेवा/समूहः प्राविधिक/इन्जिनियरिङ** **पदः सहायक प्रबन्धक (इलेक्ट्रिकल)** **तहः६**

| विज्ञापन नं.: | ४२-४३/२०८२-८३ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | - | १ | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | ४६ | | | | | | |
| छनोट भएको सङ्ख्या | ३ | - | ५ | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ३ | अनिश शर्मा पौडेल | पुष्पराज | डम्बरराज | खुला |
| २. | १५ | आकाश मान शाक्य | आदित्यमान | मुन्नीलाल | खुला, आ.ज. |
| ३. | ४६ | डेविड श्रेष्ठ | देवेन्द्र | तुलसी नारायण | खुला, आ.ज. |
| ४. | ८२ | भाइचुङ ल्होमी | किङसन | छेदार | आ.ज. |
| ५. | ८६ | मनिष धिमाल | बुद्धिमान | खड्ग बहादुर | आ.ज. |
| ६. | १०४ | रुपेश योञ्जन | पासाङ्ग | पदम बहादुर | आ.ज. |

**अन्तर्वार्ता मिति, समय र स्थानः** २०८३/०२/०३ गते आइतबार, दिउँसो ०२:०० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**१०) सेवा/समूहः प्राविधिक/इन्जिनियरिङ** **पदः सहायक प्रबन्धक (इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन)** **तहः ६**

| विज्ञापन नं.: | ४४/२०८२-८३ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | - | - | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | २१ | | | | | | |
| छनोट भएको सङ्ख्या | ३ | - | - | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ६ | आशिर्वाद तामाङ | जीत बहादुर | लोकमान | खुला |
| २. | ८ | किसन बिष्ट | केसव बहादुर | नरेन्द्र बहादुर | खुला |
| ३. | २६ | निराजन झा | शम्भु नारायण | दिवस | खुला |

**अन्तर्वार्ता मिति, समय र स्थानः** २०८३/०२/०३ गते आइतबार, अपराह्न ०५:०० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**११) सेवा/समूहः प्राविधिक/इन्जिनियरिङ** **पदः सहायक प्रबन्धक (इन्डष्ट्रियल)** **तहः६**

| विज्ञापन नं.: | ४६/२०८२-८३ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिमः | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | - | १ | - | - | - | - | - |
| लि.प.मा सम्मिलित सङ्ख्याः | ३ | | | | | | |
| छनोट भएको सङ्ख्या | - | १ | - | - | - | - | - |

| व.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | १ | आराधना श्री | शिव नारायण | युगल | महिला |

**अन्तर्वार्ता मिति, समय र स्थानः** २०८३/०२/०३ गते आइतबार, अपराह्न ०६:३० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**१२) सेवा/समूहः अप्राविधिक/ प्रशासन** **पदः वरिष्ठ सहायक (प्रशासन)** **तहः ५**

| विज्ञापन नं. | ४७-४८/२०८२-८३ (खुला र मधेशी) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | - | - | १ | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्याः | १०८ | | | | | | |
| छनोट भएको सङ्ख्याः | ३ | - | - | ६ | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ४ | अखलेश्वर कुमार साह | अमर | मकसुदन | खुला, मधेशी |
| २. | ४५ | आकाश प्रसाद यादव | चन्द्रेश्वर प्रसाद | नागेन्द्र | खुला, मधेशी |
| ३. | ९७ | गोविन्द कुमार महतो | सोमन | मोति | मधेशी |
| ४. | ३०६ | राहुल प्रसाद यादव | हरेन्द्र | रामअश्रे | मधेशी |
| ५. | ३४९ | शिवजी कुमार यादव | महेन्द्र प्रसाद | बासुदेव | मधेशी |
| ६. | ४०७ | सुमित प्रसाद कुशवाहा | दिनेश प्रसाद | रामेश्वर | खुला, मधेशी |

**कम्प्युटर सीप परीक्षण मिति र समय र स्थानः** २०८३/०२/०२ गते, शनिबार, दिउँसो ०१:०० बजे, निगमको ई.आर.पी परियोजना कार्यालय, लोकन्थली, भक्तपुर
**अन्तर्वार्ता मिति, समय र स्थानः** २०८३/०२/ ०४ गते, सोमबार, बिहान ०७:०० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**१३) सेवा/समूहः अप्राविधिक/ लेखा** **पदः वरिष्ठ सहायक (लेखा)** **तहः ५**

| विज्ञापन नं. | ४९/२०८२-८३ (मधेशी) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | - | - | - | १ | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्याः | ३६ | | | | | | |
| छनोट भएको सङ्ख्याः | - | - | - | ४ | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | २ | अजय राय यादव | रामपुजन | बच्चालाल | मधेशी |
| २. | ६७ | महेश साह | ठक | राजेश्वर | मधेशी |
| ३. | ८९ | रामानन्द यादव | चन्र शेखर | रामेश्वर | मधेशी |
| ४. | ११४ | सुमित प्रसाद कुशवाहा | दिनेश प्रसाद | रामेश्वर | मधेशी |

**कम्प्युटर सीप परीक्षण मिति र समयः** २०८३/०२/०२ गते, शनिबार, दिउँसो ०२:०० बजे
**कम्प्युटर सीप परीक्षण हुने स्थानः निगमको ई.आर.पी परियोजना कार्यालय, लोकन्थली**
**अन्तर्वार्ता मिति, समय र स्थानः** २०८३/०२/०४ गते, सोमबार, साँझ ०५:१५ बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ।

**१४) सेवा/समूहः प्राविधिक/ विविध** **पदः वरिष्ठ सहायक (कम्प्युटर/आइ.टी)** **तहः ५**

| विज्ञापन नं. | ५०-५१/२०८२-८३ (खुला र महिला) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | १ | - | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्याः | २०५ | | | | | | |
| छनोट भएको सङ्ख्याः | ६ | ६ | - | - | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | २१ | अनुराधा कुमारी महतो | लटु | गुलचन | महिला |
| २. | २४ | अन्तराम भुल | गुन्ना | लाटो | खुला |
| ३. | १६६ | तरनुम खातुन | अनवारुल | मस्लीउदिन | महिला |
| ४. | १८५ | दिपेन्द्र नाथ | जनके | कृष्ण | खुला |
| ५. | २२९ | परी आचार्य | ऋषिराम | मोहराज | महिला |
| ६. | २३२ | पवन प्रधान | ज्ञान बहादुर | खड्ग बहादुर | खुला |
| ७. | ३४६ | योगेश भट्टराई | टंक नाथ | भिमलाल | खुला |
| ८. | ४०७ | रोशन गिरी | होम बहादुर | कुलन्त | खुला |
| ९. | ४३० | विन्दु कुमारी | राम नारायण | राम अशिष | महिला |
| १०. | ५०६ | सिमा कुमारी यादव | महेश | खेहरू | महिला |
| ११. | ५१८ | सुनिल यादव | राम एकवाल | भजन | खुला |
| १२. | ४५३ | सृष्टी आचार्य | शालिकराम | टिकाराम | महिला |

**प्रयोगात्मक परीक्षा हुने मिति र समयः** २०८३/०२/०९ गते, शनिबार, बिहान ०७:०० बजे (व.क्र.सं. १ देखि ६ सम्म)
२०८३/०२/०९ गते, शनिबार, बिहान ०८:०० बजे (व.क्र.सं. ७ देखि १२ सम्म)
**प्रयोगात्मक परीक्षा हुने स्थानः निगमको ई.आर.पी परियोजना कार्यालय, लोकन्थली**
**अन्तर्वार्ता मिति, समयः** २०८३/०२/११, बिहान ०७:०० बजे, सोमबार (व.क्र.सं. १ देखि ५ सम्म)
२०८३/०२/११, अपराह्न ०५:१५ बजे, सोमबार (व.क्र.सं. ६ देखि १२ सम्म)
**स्थानः** निगमको केन्द्रीय कार्यालय, बबरमहल।

**१५) सेवा/समूहः प्राविधिक/ ल्याब** **पदः वरिष्ठ सहायक (ल्याब)** **तहः ५**

| विज्ञापन नं. | ५२-५३/२०८२-८३ (खुला र आ.ज.) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | - | १ | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्याः | २८ | | | | | | |
| छनोट भएको सङ्ख्याः | ६ | - | ५ | - | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ८ | आकाश रिजाल | गोविन्द प्रसाद | पदमपाणी | खुला |
| २. | २१ | गृषा श्रेष्ठ | गोविन्द लाल | भिम लाल | आ.ज. |
| ३. | २६ | जितेश कुमार झा | कालिकान्त | श्रीपाल | खुला |
| ४. | ३२ | धुर्व सुवाल | चन्द्र बहादुर | देवदास | खुला, आ.ज. |
| ५. | ४२ | पार्वती टण्डन | ज्ञान बहादुर | मेघ बहादुर | खुला |
| ६. | ५२ | रवि धिमाल | दल बहादुर | बिलट | आ.ज. |
| ७. | ६० | शीखा चौधरी | राजकुमार | बावर | आ.ज. |
| ८. | ६२ | सन्तोष लामिछाने | नेत्रलाल | खडु | खुला |
| ९. | ६३ | सपना राई बारघरे | डम्बर बहादुर | मान बहादुर | आ.ज. |
| १०. | ७४ | सुवर्ण कार्की | भिम बहादुर | खड्ग बहादुर | खुला |

**प्रयोगात्मक परीक्षा हुने स्थान, मिति, समयः** केन्द्रीय प्रयोगशाला, सिनामङ्गल, काठमाडौँ, २०८३/०२/०९ शनिबार, बिहानः ११:०० बजे, (व.क्र.सं. १ देखि ५ सम्म)
केन्द्रीय प्रयोगशाला, सिनामङ्गल, काठमाडौँ, २०८३/०२/०९ शनिबार, दिउँसोः १२:०० बजे, (व.क्र.सं. ६ देखि १० सम्म)
**अन्तर्वार्ता हुने मिति र समयः** २०८३/०२/१२ बिहान ०७:०० बजे, मङ्गलबार (व.क्र.सं. १ देखि ५ सम्म)
२०८३/०२/१२ साँझ ०५:१५ बजे, मङ्गलबार (व.क्र.सं. ६ देखि १० सम्म)
**स्थानः** निगमको केन्द्रीय कार्यालय, बबरमहल।

**१६) सेवा/समूहः प्राविधिक/ इन्जिनियरिङ** **पदः सहायक (मिस्त्री-मेकानिकल)** **तहः ४**

| विज्ञापन नं. | ५४/२०८२-८३ (खुला) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | १ | - | - | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्याः | ५५ | | | | | | |
| छनोट भएको सङ्ख्याः | ६ | - | - | - | - | - | - |

(बाँकी पृष्ठ १९ मा)

# ‘सञ्चार माध्यमले नागरिकको आवाज सशक्त बनाउँछ’

**पोखरा समाचारदाता**
*पोखरा, वैशाख १७ गते*



कार्यशालामा बोल्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मिडिया क्षेत्र लोकतन्त्रको महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता राज्यका मूल्य मान्यतासँग जोडिएको बताउनुभयो।

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत रहेको प्रेस रजिस्ट्रारको कार्यालय, गण्डकी प्रदेशको आयोजनामा भएको प्रसारण माध्यम/मिडिया उद्योग व्यवस्थापनसम्बन्धी अन्तर्क्रियामा बोल्दै उहाँले सञ्चार माध्यमले केवल सूचनाप्रवाह गर्ने माध्यम मात्र नभई नागरिकको आवाजलाई सशक्त बनाउने बताउनुभयो।

गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरेले डिजिटल मिडियाको तीव्र विकाससँगै सञ्चार क्षेत्रमा नयाँ अवसर सिर्जना भए पनि स्रोतको अभाव, दक्ष जनशक्ति पलायन तथा व्यवस्थापन पक्षका कमजोरी प्रमुख चुनौतीका रूपमा रहेको बताउनुभयो। उहाँले परम्परागत सञ्चार माध्यमलाई डिजिटल प्लेटफर्मसँग जोडेर प्रभावकारी बनाउनु आजको आवश्यकता भएको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले गण्डकी प्रदेशमा सञ्चार क्षेत्रलाई थप व्यवस्थित, उत्तरदायी र व्यावसायिक बनाउनका लागि मिडियाका समस्या, अवस्था र भावी कार्ययोजनाका बारेमा छलफल र अन्तर्क्रियात्मक कार्यक्रमको आयोजना गर्दा यसबारे प्रस्ट खाका कोरी अघि बढ्न सहयोग गर्ने बताउनुभयो । कार्यशालामा व्यावसायिक कार्ययोजना निर्माण, गुणस्तरीय सामग्री उत्पादन, डिजिटल रूपान्तरण तथा दक्ष जनशक्ति व्यवस्थापनका विषयमा केन्द्रित छलफल गरिएको थियो।

सहभागीहरूले बजार अनुसन्धान, आयस्रोत विविधीकरण तथा दीर्घकालीन रणनीति अपनाएर सञ्चार उद्योगलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए। त्यसै गरी ‘कन्टेन्ट फर किङ्ग’ भन्ने अवधारणा आत्मसात् गर्दै नागरिकको विश्वास जित्ने खालका सामग्री उत्पादनमा जोड दिनुपर्ने निष्कर्ष निकालिएको छ।

# ‘युवा उद्यमशीलताकेन्द्रित बजेट ल्याउँछौँ’

**दाङ समाचारदाता**
*दाङ, वैशाख १७ गते*



कार्यक्रममा सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री चेतनारायण आचार्य ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले युवा उद्यमशीलतालाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिने बताउनुभएको छ। प्रदेश युवा परिषद् विकास समितिले आयोजना गरेको नमुना युवा संसद् कार्यक्रममा सहभागी युवासँग मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी) मा बिहीबार भएको छलफलमा मुख्यमन्त्री आचार्यले युवालाई स्वरोजगार बनाउन उद्यमशीलताको क्षेत्रलाई प्राथमिकतामा राखिने स्पष्ट पार्नुभयो।

उहाँले प्रदेश सरकारले बजेट तथा कार्यक्रममार्फत युवामैत्री नीति ल्याउने र बैङ्किङ प्रणालीमार्फत उद्यमशीलताका लागि लगानी परिचालन गर्ने योजना बनाएको बताउनुभयो। “प्रदेश सरकारले युवा उद्यमशीलतालाई प्राथमिकतामा राखेर आगामी वर्षको बजेट विनियोजन गर्छ,” उहाँले भन्नुभयो, “युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न योजनाबद्ध रूपमा अघि बढेका छौँ।”

मुख्यमन्त्री आचार्यले युवा वर्तमानका हिस्सेदार र भविष्यका कर्णधार भएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले असल नागरिकका रूपमा प्रस्तुत हुँदै राष्ट्रनिर्माणमा सक्रिय हुन आह्वान गर्नुभयो। उहाँले मुलुक अग्रजको ठूलो बलिदानबाट प्राप्त भएको उल्लेख गर्दै राष्ट्रियता, धर्म र संस्कृतिप्रति सचेत रहन युवालाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, “राष्ट्रियता कमजोर भयो भने मुलुक पनि कमजोर हुन्छ। त्यसैले राष्ट्रियताको भावना विकास गर्न युवाको भूमिका महत्त्वपूर्ण छ।”


Government Of Bagmati Province
## Ministry of Forest and Environment
Directorate of Forest
Soil and Watershed Management Office
Hetauda, Makawanpur

## Re-Invitation for Electronic Bids

**Notice No. - 05-082/83**
**Date of Publication: 2083-01-18**

1. Soil and Watershed Management Office, Makawanpur has allocated funds GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Soil and Watershed Management Office, Makawanpur invites electronic bids from eligible bidders for the following work.

| S.N | IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Estimate Amount (NRs.) (With VAT and without Contingencies) |
|---|---|---|---|---|---|---|---|
| 2 | SWMOMAK/ WORKS/ SQ/01/082/83 | Construction of Gabion Embankment Work For Khandkhola Alekhet Sanrakshan Bhorleni Magartole,Bagamati Rural Municipality-5 Makawanpur | 1000.00 | 40,000.00 (Forty thousand only) | 2083-02-04 12:00 hour 2026-05-18 | 2083-02-04 13:00 hour 2026-05-18 | 17,51,366.83 |

3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp

Mugum Karmarong Rural Municipality
## Office of the Rural Municipal Executive
Pulu, Mugu

## Invitation for Bids

**Date of Publication: - 2083/01/18 BS, 2026/05/01 AD**

1. The Mugum Karmarong Rural Municipality,Pulu Mugu invites Bid from eligible bidders for the Procurements of following Goods under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations..

| S.N. | Contract No/ Bid No | Description of Works | Total cost of project exclusive Vat and Contengency NRs | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Last date of submission of bids | Bid opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MKRM/NCB/ GOODS/ MEDICAL/ EQUIPMENT/ 09/2082-083 | Procurement of Supply and Delivery of Medical Equipment for Riusabagar Community Hospital, Mugum Karmarong RM-06, Mugu | 6910000.00/- | ***2,00,000/-*** | 3000.00/- | ***2026-06-01 Time 12:00 PM*** | ***2026-06-01 Time 14:00 PM*** | |

2. To deposit Bid Document Price Use revenue account No. 4550100301010003, Account name MUGUMKARMARONG GA.PA.
3. For More Information Please visit PPMO website www.bolpatra.gov.np/egp or Contact +9779858322737, +9779844888359, and +9779851218668

**Chief Administrative Officer**

Bagamati Province Government
## Ministry of Health
Health Directorate
Tokha Chandeshwori Hospital
Tokha, Kathmandu

## Invitation for Bids

**Publication: 2083.01.18**

Tokha Chandeshwori Hospital invites electronic bids from eligible bidders for the below-mentioned activities in Tokha Chandeshwori Hospital under National Competitive Bidding procedure. Eligible Bidders may obtain further information at the office of Tokha Chandeshwori Hospital or may visit PPMO website: www.bolpatra.gov.np/egp

| S. No. | Notice No. | Tender Description | Bid Document Fee | Package | Items | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | TCH/NCB/ GOODS/ 082/83-04 | The Procurement of Supply, Delivery, Installation & Commissioning of Various Equipment at Tokha Chandeshwori Hospital | Rs. 3,000.00 | Package 1: Power Backup | 150 kVa Generator | 69,500.00 | 2083/02/18 12:00 hours | 2083/02/18 13:00 hours |
| | | | | Package 2: Electrical items | A.C & Refrigerator | 19,000.00 | | |
| | | | | Package 3: Medical Equipments | Defibrilator, Oxygen Concentrator,Suction Machine, Infant Warmer, Infusion Pump, Syringe Pump, Gynae Bed | 82,500.00 | | |
| | | | | Package 4: Equipments for Opthalmology | Slit Lamp, 90D Lens, Auto Lensometre, Retinoscope | 11,000.00 | | |
| | | | | Package 5: Laboratory Equipments | Protein Analyzer, DI Water Plant, PT/INR machine | 18,500.00 | | |
| | | | | Package 6: Computer and Related Goods for EMR | Desktop, Printer, Tab & Online UPS | 46,500.00 | | |

**Tokha Chandeshwori Hospital, Tokha**


(पृष्ठ १८ को बाँकी)

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ८ | अभिषेक कुमार कर्ण | कृष्ण मोहन | बैजनाथ | खुला |
| २. | ११ | आदर्श झा | अजय कुमार | चन्द्रदेव | खुला |
| ३. | २७ | जिवछ कुमार सिंह | ललित | ज्ञान | खुला |
| ४. | ७२ | राम प्रकाश महतो | श्री किशुन | सुबध | खुला |
| ५. | ७३ | रोहित कुमार साह | रघु कुमार | नन्दि | खुला |
| ६. | ७५ | लालदेव साह | जीवछ | अछे | खुला |

**प्रयोगात्मक परीक्षा हुने स्थान, मिति, समय**: हवाई इन्धन डिपो, सिनामङ्गल, काठमाडौँ, २०८३/०२/०९ शनिबार, दिउँसो: ०२:०० बजे,
**अन्तर्वार्ता हुने मिति र समय**: २०८३/०२/१३ गते बुधबार, बिहान ०७: ०० बजे,
**स्थान**: निगमको केन्द्रीय कार्यालय, बबरमहल।

१७) **सेवा/समूह: प्राविधिक/ इन्जिनियरिङ** **पदः सहायक (मिस्त्री -इलेक्ट्रिकल)** **तहः ४**

| विज्ञापन नं. | ५५/२०८२-८३ (आ.ज.) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | - | - | १ | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्या: | १६ | | | | | | |
| छनोट भएको सङ्ख्या: | - | - | ५ | - | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | २ | अभिषेक मण्डल | संजित | महाविर | आ.ज. |
| २. | ३ | अशोक चौधरी | दुर्योधन | दुखरण | आ.ज. |
| ३. | ७ | कृष्ण बहादुर पुन मगर | कर्ने | धनिराम | आ.ज. |
| ४. | २४ | सरोज कुमार पंडित | बिशेश्वर | राम कृपाल | आ.ज. |
| ५. | २८ | हिरालाल कुमार मण्डल | कन्हैया लाल | राम नारायण | आ.ज. |

**प्रयोगात्मक परीक्षा हुने स्थान, मिति, समय**: हवाई इन्धन डिपो, सिनामङ्गल, काठमाडौँ, २०८३/०२/०९ गते शनिबार, दिउँसो: ०३:३० बजे,
**अन्तर्वार्ता हुने मिति, समय र स्थान**: २०८३/०२/१३ गते बुधबार, साँझ: ०५:१५ बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल।

१८) **सेवा/समूह: प्राविधिक/ ल्याब** **पदः सहायक (ल्याब)** **तहः ४**

| विज्ञापन नं. | ५६/२०८२-८३ (मधेशी) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | - | - | - | १ | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्या: | १८ | | | | | | |
| छनोट भएको सङ्ख्या: | - | - | - | ७ | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | ३ | अखिलेश प्रसाद यादव | बिरिचन | दशाई | मधेशी |
| २. | ४ | अजय कुमार यादव | खुशिलाल | सुकदेव | मधेशी |
| ३. | ९ | आकाश कुमार गुप्ता | रोहित कुमार | हरी दन्द्र प्रसाद | मधेशी |
| ४. | १३ | जितेश कुमार झा | कालिकान्त | श्रीपाल | मधेशी |
| ५. | ३४ | रामचन्द्र साह | कृतानन्द | झबर | मधेशी |
| ६. | ३५ | राहुल पंडित | शत्रोहन | सिताराम | मधेशी |
| ७. | २४ | विमल कुमार कौशल ठठेर | राम | सुरज लाल | मधेशी |

**प्रयोगात्मक परीक्षा हुने स्थान, मिति, समय**: केन्द्रीय प्रयोगशाला, सिनामङ्गल, काठमाडौँ, २०८३/०२/०९ शनिबार, ०५:०० बजे,
**अन्तर्वार्ता हुने मिति, समय र स्थान**: २०८३/०२/१४ गते बिहीबार, विहानः ०७:०० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल।

१९) **सेवा/समूह: प्राविधिक/ इन्जिनियरिङ** **पदः टेक्निसियन** **तहः तहविहिन**

| विज्ञापन नं. | ५७-५९/२०८२-८३ (खुला तथा समावेशी) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | २ | १ | १ | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्या: | ११३ | | | | | | |
| छनोट भएको सङ्ख्या: | ७ | ६ | ८ | - | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | १ | अक्षय चौधरी | भक्तिनारायण | सुदिलाल | आ.ज. |
| २. | २८ | ऋचा ओझा | श्याम प्रसाद | विष्णु प्रसाद | महिला |
| ३. | ३१ | कमल चौधरी | किसुन प्रसाद | मधै | आ.ज. |
| ४. | ४२ | गजेन्द्र कुमार पंडित | विरेन्द्र | मोहन | आ.ज. |
| ५. | ४४ | गिता कुमारी थारु | भौना | दिन्वा | महिला, आ.ज. |
| ६. | ४७ | गोविन्द कुमार गच्छदार थारु | चम्पालाल | टेक नारायण | आ.ज. |
| ७. | ५६ | जिवछ कुमार सिंह | ललित | ज्ञान | खुला, आ.ज. |
| ८. | २०४ | ज्ञानी कुमारी चौधरी | मवि नारायण | चिचाई | महिला |
| ९. | ८५ | प्रियंका मेहता | विनोद कुमार | रामी | महिला |
| १०. | १०८ | महेश कुमार चौधरी | बुदुर | दसन | आ.ज. |
| ११. | ११९ | योगेश प्रसाद वजगाई | मोहन प्रसाद | गिरी प्रसाद | खुला |
| १२. | १२१ | रजनी श्रेष्ठ | वृखमान | हिरालाल | महिला |
| १३. | १३७ | राम कुमार चौहान | जगन प्रसाद | विश्वनाथ | खुला |
| १४. | १४० | राम दुलार ठाकुर | श्याम सुन्दर | विश्वनाथ | खुला |
| १५. | १५५ | लाल देव शाह | जीवछ | अछे | खुला |
| १६. | ९४ | विपना थापा मगर | महेन्द्र बहादुर | रङ्गध्वज | महिला |
| १७. | ९९ | वुध सागर मण्डल | सम्पत | नेमु | खुला |
| १८. | १६७ | संजय पौड्याल | रुपनारायण | टिकाराम | खुला |
| १९. | २०३ | हिरालाल कुमार मण्डल | कन्हैयालाल | राम नारायण | आ.ज. |

**प्रयोगात्मक परीक्षा हुने स्थान, मिति, समय**: हवाई इन्धन डिपो, सिनामङ्गल, काठमाडौँ, व.क्र.सं. १ देखि ६ सम्म २०८३/०२/१० गते आइतबार, बिहानः ०७:०० बजे
हवाई इन्धन डिपो, सिनामङ्गल, काठमाडौँ, व.क्र.सं. ७ देखि १२ सम्म २०८३/०२/१० गते आइतबार, बिहानः ०८:३० बजे
हवाई इन्धन डिपो, सिनामङ्गल, काठमाडौँ, व.क्र.सं. १३ देखि १९ सम्म २०८३/०२/१० गते आइतबार, बिहानः१०:०० बजे
**अन्तर्वार्ता हुने मिति, समय र स्थान**: २०८३/०२/१४ गते बिहीबार साँझः ०५:१५ बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल (व.क्र.सं. १ देखि ६ सम्म)
२०८३/०२/१५ गते शुक्रबार बिहानः ०७:०० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल (व.क्र.सं. ७ देखि १३ सम्म)
२०८३/०२/१५ गते शुक्रबार बिहानः ०९:०० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल (व.क्र.सं. १४ देखि १९ सम्म)

२०) **सेवा/समूह: प्राविधिक/ इन्जिनियरिङ** **पदः बाउजर अपरेटर** **तहः तहविहिन**

| विज्ञापन नं. | ६०/२०८२-८३ (महिला) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किसिम | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| माग पद सङ्ख्या | - | २ | - | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित सङ्ख्या: | २ | | | | | | |
| छनोट भएको सङ्ख्या: | - | १ | - | - | - | - | - |

| व.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | बाबुको नाम | बाजेको नाम | छनोट समूह |
|---|---|---|---|---|---|
| १. | २ | मनिषा पराजुली | पूर्ण बहादुर | पदम बहादुर | महिला |

**प्रयोगात्मक परीक्षा हुने स्थान, मिति, समय**: हवाई इन्धन डिपो, सिनामङ्गल, काठमाडौँ, २०८३/०२/१० आइतबार , बिहानः ११:३० बजे,
**अन्तर्वार्ता हुने मिति, समय र स्थान**: २०८३/०२/१५ गते शुक्रबार बिहानः ११:०० बजे, निगमको केन्द्रीय कार्यालय, बबरमहल।

# माधवनारायण नगरपालिकाको प्रशासकीय भवन उद्घाटन

**चन्द्रपुर समाचारदाता**
*चन्द्रपुर (रौतहट), वैशाख १७ गते*



तस्बिर : प्रवीणकुमार शर्मा

**नवनिर्मित माधवनारायण नगरपालिकाको प्रशासकीय भवन ।**

रौतहटको माधवनारायण नगरपालिकाले स्थापनाको आठ वर्षपछि नयाँ प्रशासकीय भवनबाट सेवा सुरु गरेको छ। नवनिर्मित प्रशासनिक भवनको नगरप्रमुख वैजनाथप्रसाद यादवले उद्घाटन गर्नुभएको छ।

उद्घाटन कार्यक्रममा नगरप्रमुख यादवले निर्वाचनको समयमा जनतासँग गरिएका प्रतिबद्धता अनुरूप प्रशासकीय भवन निर्माण गरिएको बताउनुभयो। नागरिकको काम छिटोछरितो र झन्झटरहित बनाउन भौतिक पूर्वाधारको पनि योगदान रहने भएकाले आफू निर्वाचित भएदेखि नै सुविधासम्पन्न प्रशासनिक भवन निर्माणको प्रक्रिया थालेको बताउनुभयो। उहाँले नयाँ प्रशासनिक भवनबाट सेवाग्राहीले छिटोछरितो र सहज रूपमा सेवा पाउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत ऋषिकेश रेग्मीले नयाँ भवनबाट जनताले परिवर्तनको अनुभूति हुने गरी कार्य गर्न कर्मचारीलाई निर्देशन दिनुभयो। जनभावना अनुसार प्रचलित नियम कानुनको पूर्ण पालना गर्दै द्रुत रूपमा सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई निर्देशन दिँदै प्रमुख प्रशासकीय अधिकृत रेग्मीले प्रविधिको उच्चतम प्रयोग गरेर नतिजामुखी कार्य गर्न जोड दिनुभयो।

सङ्घीय सरकारको ५० प्रतिशत र नगरपालिकाको ५० प्रतिशत साझेदारीमा निर्माण भएको भवन बाल तथा वृद्धवृद्धामैत्री रहेको नगरपालिकाका वरिष्ठ इन्जिनियर नागेन्द्र राययादवले बताउनुभयो। शारीरिक रूपले अशक्त, वृद्ध, फरक क्षमता भएका व्यक्तिसमेतले नगरपालिकाबाट सहज रूपमा सेवा लिऊन् भन्ने उद्देश्यले लिफ्टसहितको साढे तीनतले भवन निर्माण गरिएको उहाँले जानकारी दिनुभयो।

प्रशासकीय भवनको कुल लागत ११ करोड ८८ लाख ९२ हजार २९४ रुपियाँ रहेको छ। भवन निर्माणका लागि २०८० कात्तिक १९ गते चण्डी श्रीराम जेभी नुवाकोटले नगरपालिकासँग सम्झौता गरेको थियो । भवनका लागि नगरप्रमुख यादवले करिब एक करोड मूल्य बराबरको पाँच कट्ठा जग्गा निःशुल्क रूपमा नगरपालिकालाई दान गर्नुभएको थियो।

# सडकको क्षेत्र छुट्याउन सुरु

**कन्हैयालाल केशरी**
*पर्सा, वैशाख १७ गते*

वीरगन्जको गण्डक चोकदेखि मितेरी पुलसम्म सडकको बिच भागबाट दायाँबायाँतर्फको २५/२५ मिटर नापी चिह्न लगाएर सडक क्षेत्र छुट्याउन थालिएको छ।

सडक डिभिजन कार्यालय हेटौँडाले सडक विस्तार गर्ने क्रममा १० दिनअगाडि वीरगन्जको गण्डक चोकदेखि मितेरी पुलसम्म सडक अतिक्रमण गरी बनाइएका संरचना भत्काएको भए पनि सडक क्षेत्र नछुट्याइएका कारण सडकछेउका घरधनीलाई आफ्नो भत्केको घर मर्मतसम्भार गर्न तथा सडक क्षेत्र खाली गर्न समस्या भएको थियो। घरधनीले गुनासो गरेपछि सडक डिभिजन कार्यालयले सडक क्षेत्राधिकार छुट्याउन थालेको जनाएको छ।

सडक डिभिजन कार्यालय हेटौँडाका इन्जिनियर भोलाप्रसाद साहले सडकको बिच भागबाट दायाँबायाँतर्फको २५/२५ मिटरभित्रको जग्गामा बनेको घरटहरा र अन्य संरचना हटाउन नापी गरी चिह्न लगाउने काम भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "चिह्न लगाउने काम सम्पन्न भएपछि मुख्य सडकका घरधनीले सोही अनुसार आफ्नो संरचना हटाउनुका साथै भत्केका घरको मर्मतसम्भार गर्न सक्नु हुन्छ।" उहाँले १० दिनभित्र चिह्न लगाएर सडक क्षेत्र छुट्याउने काम सम्पन्न हुने बताउनुभयो। उहाँले यी काम सम्पन्न भएपछि सडक विस्तारको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउने काम अगाडि बढ्ने बताउनुभयो।

# अवैध स्वास्थ्य संस्था अझै सञ्चालनमा



तस्बिर : जनार्जन खत्री

**सर्लाहीमा स्वास्थ्य संस्थाको अनुगमनमा खटिएका कर्मचारी तथा स्वास्थ्यकर्मी ।**

**सर्लाही समाचारदाता**
*सर्लाही, वैशाख १७ गते*

सर्लाहीमा केही दिनयतादेखि स्वास्थ्य संस्थाको अनुगमन भइरहेको छ।

गोरखापत्रसहित विभिन्न सञ्चार माध्यममा एक वर्षअघि तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहले अवैध भन्दै बन्द गराएको स्वास्थ्य संस्था अहिले निर्बाध सञ्चालन भइरहेकाबारे समाचार प्रकाशित भएपछि सरोकारवाला निकायले अनुगमन तीव्र पारेका हुन्। त्यस क्रममा एक साताको अवधिमा सदरमुकाम मलङ्गवा, बरहथवा, नवलपुर र हरिवनका दुई दर्जन स्वास्थ्य संस्था अवैध रहेको भन्दै सिल गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीको अगुवाइमा भइरहेको स्वास्थ्य संस्थाको अनुगमनमा स्वास्थ्य कार्यालय, प्रादेशिक अस्पताल मलङ्गवा र सम्बन्धित पालिकाका स्वास्थ्यकर्मी तथा प्रतिनिधि सहभागी भइरहेका छन्। सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले अधिकांश स्वास्थ्य संस्थाले ऐन, कानुन पालना नै नगरेको र चरम लापर्बाही गर्ने गरेको फेला परिरहेको बताउनुभयो।

बजार क्षेत्रमा नियामक निकायको निगरानी हुने डरले भित्री बस्तीमा अवैध स्वास्थ्य संस्था खोलेर ठगी गर्ने गरेको पाइएको सहायक प्रजिअ घिमिरेले बताउनुभयो। "नवलपुर र मलङ्गवा त अवैध स्वास्थ्य संस्थाको हब नै रहेछ," सहायक प्रजिअ घिमिरेले गोरखापत्रसँग भन्नुभयो, "हामीलाई जहाँ जहाँबाट गुनासो आएका छन्, ती सबै ठाउँमा पुगेर अनुगमन गरिरहेका छौँ।"

सहायक प्रजिअ घिमिरे नेतृत्वको टोलीले बुधबार मात्र लालबन्दी नगरपालिका–२, जुटपानीमा अवैध स्वास्थ्य संस्था खोलेर अवैध रूपमा गर्भपतन गराउने गरेको फेला पारेको छ। नवलपुर बजारदेखि करिब एक किलोमिटर दक्षिणमा एक घर भाडामा लिएर अवैध गर्भपतन गराएको आरोपमा धनुषाको लक्ष्मीनियाँ गाउँपालिका–२, सिनुजोडाका ४५ वर्षीय लालबाबुराय यादव पक्राउ परेका छन्।

यादवमाथि सर्लाही जिल्ला अदालतबाट इलाससम्बन्धी कसुरमा पाँच दिन म्याद थप गरी अनुसन्धान भइरहेको छ। यादवले मुख्य बजार छलेर लुकीछिपी अवैध रूपमा सञ्चालन गरिरहेको स्वास्थ्य संस्थाबाट गर्भपतन गराउन प्रयोग हुने औषधी र उपकरणसमेत फेला परेको स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा. नवलकिशोर झाले बताउनुभयो।

# वनक्षेत्र अतिक्रमणमुक्त बनाउन पहल

**महोत्तरी समाचारदाता**
*महोत्तरी, वैशाख १७ गते*

महोत्तरीमा वन अतिक्रमण बढ्न थालेपछि वन कार्यालयसँग सम्बन्धित निकाय अतिक्रमणमुक्त बनाउन सक्रिय भएका छन्। बिहीबार डिभिजन वन कार्यालय महोत्तरी अन्तर्गतका बाँके सबडिभिजन वन कार्यालय, लक्ष्मीनिया तथा गढन्ता सबडिभिजन वन कार्यालय गौशालाले छुट्टाछुट्टै सार्वजनिक सूचना जारी गर्दै अतिक्रमित वनक्षेत्र सात दिनभित्र खाली गर्न सूचना जारी गरेको छ।

विगतदेखि नै घरटहरा बनाई बसोबास तथा व्यवसाय सञ्चालन गर्दै आएकोमा सडक विस्तारका क्रममा सरकारबाट क्षतिपूर्ति तथा मुआब्जा पाइसक्दा पनि पुनः वनक्षेत्रमा घरटहरा बनाउने कार्य भइरहेकाले सो कार्य बन्द गर्न सूचना जारी गरिएको छ।

बाँके सबडिभिजन वन कार्यालय लक्ष्मीनियाका वन अधिकृत राकेश विश्वकर्माले यस कार्यालयको क्षेत्राधिकारभित्र पर्ने पूर्वपश्चिम राजमार्गको मरहा खोलादेखि बाँकेखोलाको लक्ष्मीनिया चौकमा पर्ने ठाउँमा घरटहरा बनाउने कार्य भइरहेकोले उक्त कार्य वन ऐन, २०७६ को दफा ४९ (ग) ले निषेध गरेकोले उक्त कार्य नगर्न तथा अनधिकृत रूपमा बनेको घरटहरा सात दिनभित्र खाली गरिदिन आग्रहसहित सूचना जारी गर्नुभएको छ।

त्यसै गरी गढन्ता सबडिभिजन वन कार्यालय गौशालाले पनि पूर्वपश्चिम राजमार्ग अन्तर्गत झब्सी पुलदेखि ढुङ्ग्रेखोलाको गौशाला चोकसम्मका क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका घर तथा टहरा हटाउन सूचना जारी गरेको छ।

विगतदेखि घरटहरा निर्माण गरी बसोबास तथा व्यवसाय सञ्चालन गर्दै आएका व्यक्तिको कार्य वन ऐन, २०७६ को दफा ४९ (ग) विपरीत रहेको भन्दै तत्काल खाली गर्न निर्देशन दिइएको जिल्ला वन कार्यालयका प्रमुख अजय मिश्रले जानकारी दिनुभयो।

वालेन्द्र शाह नेतृत्वको सरकारले शासकीय सुधारसम्बन्धी जारी गरेको सय बुँदे कार्यसूचीको बुँदा नं. ९२ मा अतिक्रमणलाई कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने कार्यलाई गम्भीरतापूर्वक लिई सोलाई कार्यान्वयन गर्न अभियान थालिएको वन प्रमुख मिश्रले बताउनुभयो।

जिल्लामा सागरनाथ वन परियोजना, सामुदायिक वन, साझेदारी वन, धार्मिक वनलगायतका वन छन् तर सागरनाथ वन परियोजनालाई जिल्लाको ठुलो वनक्षेत्रका रूपमा हेरिने गरिन्छ।

२०७८ सालको तथ्याङ्क अनुसार यो परियोजना अन्तर्गत छ हजार २१४ हेक्टर क्षेत्रफल रहेको छ। २०८१ सालमा आएर यो क्षेत्रफल १० प्रतिशतले खुम्चिएको छ। परियोजनाको महोत्तरी सूचना अधिकारी प्रेम उपाध्यायका अनुसार वनको क्षेत्रफल निरन्तर घट्ने क्रममा छ। २०७८ सालमा मापन भएको जम्मा क्षेत्रफलमध्ये ४१.८९ हेक्टर वन अतिक्रमणमा परेको परियोजनाले जनाएको छ।

जिल्लामा गौशाला नगरपालिकाको कुसमाडी, लक्ष्मीनिया, बर्दीबास नगरपालिकाको हात्तीलेट, पूर्वपश्चिम राजमार्ग दायाँतर्फ व्यापक मात्रामा अतिक्रमणमा परेका छन्।

जिल्लाको २२ हजार २४६ हेक्टर वनक्षेत्रमध्ये सागरनाथ वन परियोजनाले मात्र पाँच वर्षअगाडि ३३ प्रतिशतभन्दा बढी क्षेत्रफल ओगटेको थियो तर त्यो अहिले खुम्चिएर २८.७ प्रतिशतमा सीमित भएको जनाइएको छ।

# भेन्टिलेटर सञ्चालनका लागि स्वास्थ्यमन्त्रीको ध्यानाकर्षण

**सर्लाही समाचारदाता**
*सर्लाही, वैशाख १७ गते*

सर्लाहीको नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा छ वर्षदेखि थन्किएको आइसियु र भेन्टिलेटर सञ्चालनका लागि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहतासँग माग गरिएको छ।

सर्लाही क्षेत्र नं. १ की प्रतिनिधि सभा सदस्य नीतिमा भण्डारी कार्कीले स्वास्थ्यमन्त्री मेहतालाई भेटेरै सर्पदंश उपचार केन्द्रमा थन्किएको आइसियु र भेन्टिलेटर सञ्चालनका लागि मन्त्रालयबाट पहल गरिदिन आग्रह गर्नुभएको हो। सर्लाहीको उत्तरी भेग, सिन्धुली, महोत्तरी र रौतहटका स्थानीयलाई समेत सेवा प्रदान गर्दै आइरहेको सर्पदंश उपचार केन्द्र नवलपुरमा आइसियु र भेन्टिलेटर थन्किँदा यस क्षेत्रमा सर्पले डसेर गम्भीर अवस्थामा ल्याइएका बिरामीको उपचारमा समस्या हुँदै आएको छ।

आइसियु र भेन्टिलेटर सञ्चालन नहुँदा यहाँ उपचार सम्भव नभएका बिरामीलाई अन्यत्र रेफर गर्दा अधिकांश बिरामीको बाटोमै मृत्यु हुने गरेको छ।

# पाउडर दुधको प्रयोग बढ्दै

**सञ्जयकुमार मिश्र**
*गौर, रौतहट, वैशाख १७ गते*

रौतहटमा विवाह, व्रतबन्ध, मुण्डनलगायत धार्मिक अनुष्ठानमा दुधको अभाव भएपछि सर्वसाधारणले पाउडर दुधको प्रयोग गर्न थालेका छन्।

ग्रामीण क्षेत्रमा पर्याप्त मात्रामा गाईभैंसीको दुध उपलब्ध नभएपछि सर्वसाधारणदेखि मिठाई व्यवसायीले पाउडर दुधको प्रयोग गरिरहेको स्थानीय निर्भय ठाकुरले बताउनुभयो।

उहाँले आफूले छोरीको बिहेमा दुधको अभावमा मिठाई बनाउन समस्या भएपछि पाउडर दुधबाट मिठाई बनाउन लगाएको बताउनुभयो। पाउडर दुधले बनाइएको दही, मिठाई, खिरलगायतका परिकार राम्रो तथा स्वादिलो हुने गरेका कारण पनि पाउडर दुधप्रति उपभोक्ताको रोजाइ बढेको छ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, नुवाकोट**
**बढुवा समितिको सचिवालय**
नुवाकोट
मिति २०८३/०१/१८

लोकसेवा आयोगको बढुवा सूचना नं. ३७४/०८२-८३ ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा बमोजिम नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह रा.प.अनं. द्धितिय श्रेणी, खरिदार पदको रिक्त पदमा यस बढुवा समितिको मिति 2083/01/1७ को निर्णय अनुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २०(४) र दफा २४च. को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा**

| बढुवा सूचना नं. | योग्यताक्रम | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर | सिफारिस गरिएको निकाय |
|---|---|---|---|---|
| ३७४/०८२–८३ | १ | १५२८९९ | सुन्दर प्रसाद पाठक | श्री जिल्ला हुलाक कार्यालय नुवाकोट |



कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय सुनसरी**
कोशी प्रदेश, इनरुवा, नेपाल

**शिलबन्दी बोलपत्रको माध्यमबाट दरिया बुर्दी काठ दाउरा लिलाम बिक्री गर्ने सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०१।१८**

डिभिजन वन कार्यालय सुनसरीबाट आ.व. २०८२/०८३ मा सप्तकोशी नदीको पूर्वी किनार सुनसरी जिल्ला तर्फ नदीले बगाई ल्याएको, किनारा लागेको, अड्केको वा पुरिएको बेवारिसे तथा दरिया बुर्दी दहत्तर बहत्तर काठ दाउरा संकलन भई रामधुनी र नडाहामा घाटगद्दीमा रहेका खयर समेत जातका ७०१ थानको गोलियाको ५६४.०९ क्यु. फिट काठ र अन्य जातका ८.० चट्टा दाउरा समेत (२ वटा लट) शिलबन्दी बोलपत्रको माध्यमबाट बढाबढमा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटी र Website– htpp//dfosunsari.koshi.gov.np/ मा राखिएको छ। थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ। ( मो.नं. ९८६०१८२६७६, ९८५२०५९५२१)



मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**
डिभिजन नं. ४ (बारा, पर्सा), कलैया

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/१८ गते**

यस खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कलैयाबाट मिति २०८२/१२/०४ गते "अन्नपूर्ण" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनोट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|---|
| १ | 11/W/ 2082/083 | Construction of Random Rubble Stone Masonry Boundary Wall around Reservoir Tank, Nijgadh-4 | श्री प्रसिद्ध कन्स्ट्रक्सन एण्ड सप्लायर्स, भीमेश्वर-६, चरिकोट | रु २०,२०,८९१.९० |



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**हनुमानढोका दरबार सङ्ग्रहालय**
बसन्तपुर, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०८३।०१।१८**

हनुमानढोका दरबार सङ्ग्रहालय विकास समितिको नियमित कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको कार्यको सम्बन्धमा मिति २०८२।१२।१३ मा राष्ट्रिय दैनिक हिमालयन टाइम्समा प्रकाशित सूचना अनुसार E-bid मार्फत रितपुर्वक दर्ता हुन आएका प्रस्तावहरु मूल्याङ्कन समितिबाट अध्ययन र परिक्षण भई सारभूत रुपमा न्यून मूल्याङ्कित निम्न बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित ) को दफा २७ उपदफा (२) को प्रायोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ।

**तपशिल**


| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक मू.अ कर र पि.एस समेत रु |
|---|---|---|---|---|
| १ | HDC/NCB/RE-04/2082/83 | हनुमानढोका दरबार परिसरको ढल व्यवस्थापन सम्बन्धमा | जजु निर्माण सेवा, किर्तिपुर | 28,08,427.95 |



नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
**केन्द्रीय कारागार कार्यालय, नुवाकोट**

**आफन्त खोजतलास सम्बन्धी जरुरी सूचना**

**(सूचना प्रकाशित मिति : २०८३/०१/१८)**



यस केन्द्रीय कारागार कार्यालयको कारागार बन्दीगृहमा नवलपुर जिल्ला अदालत र गोरखा जिल्ला अदालतको कैदी पुर्जीले डाँका चोरी मुद्दामा कैदमा थुनामा रहेका अमृत राना मगर भन्ने अम्मर थापाको गोरखा जिल्ला अदालतको मिति २०८१/१२/१० च.नं.३३८९ को यस कारागारमा प्राप्त पत्रानुसार निजको कैद एकीकरण गरी ८ वर्ष कैद र रु.१,३०,०००/- जरिबाना ठहर भै कैद ठेकिएकोमा मिति २०८३/०१/०७ गते यस कारागारमा निज अचानक अचेत भई तत्काल बेलुका ८: ४५ बजेको समयमा त्रिशुली अस्पतालमा उपचारार्थ लगिएकोमा सोही दिन बेलका ठिक ९:३८ बजेको समयमा अस्पतालले मृत्यु भएको घोषणा गरेकोले मृतकको नजिकको आफन्त खोजतलास गर्दा नजिकको मान्छे म हो भनी कोही कसैबाट जिम्मा लिन नआएको तथा हालसम्म नजिकको आफन्त पत्ता लाग्न नसकेको साथै सम्पर्कमा पनि नआएको हुँदा सम्बन्धित व्यक्तिका आफन्तजनलाई निजको शव जिम्मा लगाउन तथा दाहसंस्कार गर्न मृतकका नजिकका आफन्त, परिवारजन वा चिनजानका व्यक्तिहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस केन्द्रीय कारागार कार्यालय नुवाकोटमा वा जिल्ला प्रहरी कार्यालय नुवाकोटमा सम्पर्क गर्नु आउनु हुन अनुरोध छ। तोकिएको समयभित्र मृतकको निकटतम् व्यक्ति कोही सम्पर्कमा नआएमा यसै सूचनालाई आधार मानी प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

| | | | |
|---|---|---|---|
| मृतकको नाम: अमृत राना मगर भन्ने अम्मर थापा | उमेर: अन्दाजी ६० वर्ष कैद रहेको स्थान: केन्द्रीय कारागार कार्यालय, नुवाकोट | मृत्यु मिति: २०८३/०१/०७ बेलुका ९:३८ बजे सम्पर्क ठेगाना: केन्द्रीय कारागार कार्यालय नुवाकोट | सम्पर्क नं. ०१०-५९२४५४, 12 |
| मृतकको बुबाको नाम: मान बहादुर थापा (गोरखा जि.अ.को फैसलामा) | ठेगाना: जिल्ला नवलपुर, गैँडाकोट न.पा.-२, (गोरखा जि.अ.को फैसलामा) | ठेगाना: जिल्ला उदयपुर, रानिबास गा.पा.-२, सालघारी (नवलपुर जि.अ.को फैसलामा) | |
| मृतकको बुबा/आमाको नाम: खिम बहादुर राना/मनरुपा राना (नवलपुर जि.अ.को फैसलामा) | | | |

**कारागार प्रशासक**



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय**
घोराही, दाङ

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति:– २०८३/०१/१८**

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि विभिन्न मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रितपूर्वक e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिए हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

| सि. नं. | खरिद नं. र कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क. सहित) |
|---|---|---|---|
| १. | Construction of 12 Room Building for Janata Secondary School Gam, Sunchhahari R.M-03, Rolpa (FUDBC/Dang/NCB/Works/22/2082/083) | Magar-Nakul J.V., Rolpa | २,३३,५९,६९६.९२ |
| २. | Construction of 12 Room Building for Araniko Secondary School Triveni-02. Rolpa (FUDBC/Dang/NCB/Works/26/2082/083) | Subarnawoti-Kamana J.V., Rolpa | २,१६,८४,७०६.५१ |
| ३. | Infrastructure Development Work in Thabang Settlement of Rolpa District and Improvement Works at Premises Area of Krishnadev School in Gangadev Ga.Pa-2 (FUDBC/Dang/NCB/Works/27/2082/083) | Hari Bhakta Nirman Sewa Udhog, Rolpa | २,४२,५७,९६८.४४ |

**कार्यालय प्रमुख**

हाम्रा विधायक

# ‘महिलामैत्री कानुन निर्माणमा योगदान गर्ने छु’

**सङ्क्षिप्त चिनारी**

नाम : अम्बिकादेवी सङ्ग्रौला
जन्म मिति : २०३१/०९/२५ गते
जन्म स्थान : तेह्रथुम, फेदाव गाउँपालिका
पद : प्रतिनिधि सभा सदस्य (समानुपातिक)
पेसा : समाजसेवा
राजनीतिक दल : श्रम संस्कृति पार्टी
शिक्षा : प्रवीणता प्रमाणपत्र तह



**जयकृष्ण यादव**
*इनरुवा, वैशाख १७ गते*

समाजसेवा र श्रमदान गर्ने अभियानमा रहनुभएकी अभियानकर्मी अम्बिकादेवी सङ्ग्रौला प्रतिनिधि सभामा समानुपातिकतर्फ सांसद बन्नुभएको छ। देशको कानुन निर्माण गर्ने सर्वोच्च थलो संसद्मा पुग्ने र महिलाको आवाज बोल्ने, महिलामैत्री कानुन निर्माणमा योगदान गर्ने साथै देश र जनताको हितमा काम गर्ने सोच राखेर उहाँ २०८२ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा श्रम संस्कृति पार्टीबाट (समानुपातिक प्रतिनिधि सभा सदस्य) बन्नुभएको हो। देशमा विधिको शासन, भ्रष्टाचारमुक्त प्रशासन, सबै क्षेत्रमा पारदर्शितासहितको सुशासन र विकासका लागि सोच राख्ने सङ्ग्रौला संसद्को यात्रामा प्रवेश गर्न पाउनुभएकोमा खुसी हुनुहुन्छ।

उहाँ समाजसेवामा दुई दशक लगाउनुभएको हो। उहाँले राजनीतिमा प्रवेश गर्नु अगाडि सामाजिक कार्य गर्नुभयो। समाजसेवासँगै आफ्नो जीविकोपार्जनका लागि १८ वर्षसम्म व्यापार व्यवसाय गर्नुभएकोमा २०७९ सालको स्थानीय तहको निर्वाचनमा धरान उपमहानगरपालिकाको स्वतन्त्रतर्फका मेयरका उम्मेदवार हर्कराज राईको पक्षमा भोट माग्नेदेखि श्रमदान अभियानमा सक्रिय हुनुभयो। उहाँले दुई दशकको समाजसेवा र १८ वर्षको व्यासायिक अनुभवलाई आफू धरानको मतदाता भएको हिसाबले सही प्रयोग गर्नुभयो। सोही क्रममा २०८२ सालमा प्रतिनिधि सभा सदस्य निर्वाचन लक्षित राईको नेतृत्वमा खुलेको श्रम संस्कृति पार्टीबाट औपचारिक रूपमा राजनीतिक यात्रा सुरु गर्नुभयो।

उहाँले समाजसेवामा स्वतन्त्र दिदीबहिनी समूहको पहिलो वर्ष सहसचिव, दोस्रो पटक श्रम संस्कृति दिदीबहिनी समूहको सचिव हुनुभयो। त्यसपछि पार्टीको स्थापना हुँदा श्रम संस्कृति पार्टीको संस्थापक सदस्य हुँदै केन्द्रीय सदस्य र सोही पार्टीबाटका तर्फबाट खस आर्य क्लस्टरबाट चुनिएर १ नम्बरको श्रमदाता भएकाले सांसद बन्न पाएको बताउनुभयो।

उहाँले नेपाली समाजमा भएका अनेकौँ किसिमका घटना, लैङ्गिक तथा घरेलु हिंसा, मानव बेचबिखन, ढिलासुस्तीविरुद्धमा आवाज उठाउँदै आएका सवाललाई सार्थक रूपमा कार्यान्वयन गर्न संसद्मा भूमिका निर्वाह गर्ने बताउँदै आउनुभएको छ। विभिन्न निकाय तथा विषयमा हुने गरेका बिचौलियाको प्रभाव अनि त्यसबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दुःख पाएको विषयमा आफूले इमानदारीपूर्वक आवाज उठाउने, जनतालाई राहत र न्यायको महसुस हुने गरी काम गर्ने सोचका साथ अगाडि बढ्नुभएको छ। सामाजिक कुप्रथा, कुरीति, बेथितिसहित घरेलु तथा लैङ्गिक हिंसाविरुद्धमा आवाज उठाउँदै, समान कामको समान ज्याला, महिलाको हकहितको सवाल, नागरिक सुरक्षासहित महिलामैत्री कानुन बनाउने र पीडित पक्षलाई न्यायको अनुभूति दिलाउने गरी काम गर्न र आवाज उठाउन आएको बताउनुभयो। उहाँ भन्नुहुन्छ, “संसद्मा नीति, बजेट र योजना पास गर्दा समग्र नेपालीसहित त्यसमा महिलालाई कसरी बढीभन्दा बढी हितकर र प्रभावकारी हुने गरी ल्याउन सकिन्छ ? भन्ने कुरालाई ध्यानमा राखेर म संसद्मा प्रस्तुत हुन्छु।”

उहाँ थप्नुहुन्छ, “आफू धराने मतदाता भएको नाताले तत्कालीन २०७९ सालको स्थानीय तहको निर्वाचनमा लौरो चुनाव लिएर चुनावी मैदानमा उत्रिनुभएको इतिहास र एक सच्चा इमानदार देशभक्त, कर्मठ, निडर नेता हर्क साम्पाङलाई २० हजार ८२१ मत दिएर जितायौँ। त्यसपश्चात् उहाँले मेयर पदमा रहेर स्वाधीनताको पक्षमा, गरिब दुःखी निमुखा जनताको पक्षमा काम गर्दै र जनताको जनप्रिय बन्नुभयो। उपमहानगरपालिकाको मेयर पदमा रहेर श्रमदानको अभियान चलाउदा देशभर चर्चा भएको र श्रमदान गर्नेहरू आएको कुराले आफूलाई झनै प्रेरणा मिलयो।” श्रमदानले अर्थतन्त्रमा ठुलो महत्त्व राख्ने भएकाले आफू श्रमदाताको नाताले हर्क साम्पाङले चलाउनुभएको अभियानमा जोडिएर आफू इमानदार देशभक्त भएर काम गरेको बताउनुभयो। श्रमदाता भएको नाताले उहाँले चलाएका हरेक अभियान श्रमदान अभियान, सरसफाइ अभियान, सुधारका अभियानमा गहन भूमिका निर्वाह गरेकाले संसद् बनाउनुभएको छ। उहाँले लामो समयको अरू राजनीतिक दलका रबैया र सांसद जितेर गएपछि फर्केर नआउने गुनासो सुनेर वाक्कदिक्क भएकाले चुनावमा आफूले त्यसलाई भङ्ग गर्ने जनताको संसद् र जनताकै घरदैलोमा रहेर सेवा गर्ने गरी आएको बताउनुभयो।

पुरानो बेथिति र गलत प्रवृत्तिको अन्त्य गर्न श्रम संस्कृतिको विकास गर्न, सशासन कायम गर्न आएको बताउनुभयो। उहाँले पार्टी अध्यक्ष हर्क राईले धरानमा सुरु गर्नुभएको श्रमदान अभियानमा योगदान र सफल श्रमदाता भएकाले सांसद बन्न पाएको बताउनुभयो। उहाँले राजनीतिमा प्रवेश गरेदेखि संसद्सम्म महिलाको अधिकार, हकहितको विषय, लैङ्गिक विभेद, छुवाछुतको अन्त्य, घरेलु हिंसा रोकथाम तथा न्यूनीकरण प्राथमिकतामा राख्नुभएको छ।

# अवैध उत्खनन नियन्त्रण गर्न निर्देशन

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, वैशाख १७ गते*

प्रतिनिधि सभा सदस्यमा मोरङ १ बाट निर्वाचित यज्ञमणि न्यौपानेले निर्वाचन क्षेत्रभित्रका खोलामा हुने नदीजन्य पदार्थको उत्खननको स्थलगत अनुगमन गर्नुभएको छ।

स्थानीय सरोकारवालाले मापदण्डविपरीत खोला उत्खनन गर्दा खोला गहिरिएर सिँचाइका लागि पानी नउठ्ने र खोलाले निजी जग्गा कटान गर्ने जस्ता समस्या सिर्जना भएको गुनासो गरेपछि सांसद न्यौपाने स्थलगत अनुगमनमा निस्किनुभएको हो। सांसद न्यौपानेको टोलीले वैशाख १३ गते मोरङको निर्वाचन क्षेत्र नं. १ हुँदै बग्ने खदम, लोहोन्द्रा र चिसाङ खोलाको अनुगमन गरेको हो।

सांसद न्यौपानेले स्थानीय बासिन्दाको गुनासो आएपछि खोलाको अनुगमन गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “स्थलगत पुग्दा स्थानीय सरकोकारवाला नागरिकले मापदण्डभन्दा बढी उत्खनन गरेको, जथाभाबी खनेको, सम्झौता भएको ठाउँभन्दा बाहिरसमेत खनेको, ठुला यन्त्र उपकरण प्रयोग गरेर खोला किनारमा खोलाजन्य पदार्थ डम्पिङ गरेको गुनासो सुनाउनुभयो।”

## जातीय विभेदबारे छलफल

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, वैशाख १७ गते*

ताप्लेजुङमा छुवाछुत र जातीय विभेदका विषयमा स्थानीय तहका जनप्रतिनिधिसँग छलफल गरिएको छ। मानव अधिकार मञ्च नेपाल इलामले स्थानीय जनप्रतिनिधिसँग छुवाछुत र विभेद निर्मूलीकरणमा केन्द्रित छलफल गरेको हो।

सदरमुकाम फुङलिङमा आयोजित कार्यक्रममा मञ्चले छुवाछुत र जातीय विभेदका विषयमा जनप्रतिनिधिसँग बृहत् छलफल गरेको हो। अन्तर्क्रियामा छुवाछुत र विभेदको अवस्था, कानुनी उपचार, सजाय र अन्य गतिविधिबारे छलफल गरिएको मञ्चका कार्यक्रम संयोजक मनकुमार बराइलीले जानकारी दिनुभयो।

## भर्ना हुन प्रवेश परीक्षा

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, वैशाख १७ गते*

ताप्लेजुङको सदरमुकाम फुङलिङस्थित भानुजन माध्यमिक विद्यालयले नयाँ विद्यार्थी भर्ना गर्न प्रवेश परीक्षा लिएको छ। भानुजन माविमा भर्ना हुन चाहने बालबालिका अर्थात् विद्यार्थीको प्रवेश परीक्षा लिएको हो।

जिल्लाका अधिकांश सामुदायिक विद्यालयले विद्यार्थी अभावमा घरदैलो अभियान सञ्चालन गर्ने र विद्यालयमा भर्ना हुनका लागि आह्वान गर्ने गर्छन्। सदरमुकामस्थित फुङलिङ नगरपालिका-४, अम्बिटारमा रहेको भानुजन माध्यमिक विद्यालयमा भने भर्ना हुन चाहने विद्यार्थीको भिड लाग्ने गरेको छ।

नेपाली र अङ्ग्रेजी दुवै माध्यममा पढाइ हुने भानुजन माविमा अध्ययन गर्न अर्थात् भर्ना हुन चाहने विद्यार्थीलाई विद्यालयले पहिलो चरणको परीक्षा गराएको हो।

**लमही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**प्रशासन शाखा**
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**Dry Eye Treatment Machine खरिद सम्बन्धी विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०१।१८ गते)

चालु आ.व. २०८२।०८३ को लागि विनियोजित बजेटबाट लमही नगरपालिकामा रहेका लमही आँखा अस्पतालमा Dry Eye Treatment Machine खरिद तथा जडान गर्न न्यूनतम मापदण्डमा उल्लेख भएको स्पेसिफिकेशन अनुसारको Dry Eye Treatment Machine खरिद तथा जडान को विद्युतीय सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म कम्पनी सप्लायर्स व्यवसायीहरुबाट देहाय बमोजिमको शर्त बमोजिमको अधीनमा रही रितपुर्वकको विद्युतीय सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१) दरभाउपत्र फारम खरिद गर्न इच्छुक फर्म, कम्पनी, सप्लायर्स, व्यवसायीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०८३।०१।३१ गते सम्म कार्यालय समयभित्र चालु आ.व को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी नियमानुसार लाग्ने रु. १,०००।- (एक हजार) राजश्व दस्तुर ( फिर्ता नहुने गरी) बुझाई यस लमही नगर कार्यपालिकाको कार्यालय, लमही दाङबाट खरिद गर्न वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं ४२९०१००२०१०१०००२ मा जम्मा गरेको बैंक भौचरको scanned कपि Ebid मार्फत अपलोड गर्नुपर्नेछ सकिनेछ।
२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।
३) सिलबन्दी दरभाउपत्र साथ जमानत जफत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम लमही नगर कार्यापालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, लमही दाङमा रहेको धरौटी खाता नं. ४२९०१००३०३००००००२ मा दाखिला गरेको सक्कलै भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी ७५ दिन अवधी (Validity) रहेको सक्कलै बैंक जमानी पत्र (Unconditional Bid Bond) संलग्न गरी पेश गर्नु पर्नेछ।
४) दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा सहिछाप गरेको हुनुपर्नेछ।
५) म्याद नाघि आएको वा रित नपुगेको वा कुनैपनि शर्त राखी पेश गरेको दरभाउ उपर कुनैपनि कारवाही हुने छैन।
६) सिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद(पहिलो संसोधन) ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन्।
७) सिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुने छ।
८) सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
९) अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ।
१०) दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व को लागि भएकाले आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्य वृद्धि लाई स्वीकार गरिने छैन।

**आवश्यक सामग्री**

| क्र.सं | विवरण | इकाई | मुल्य रू.(भ्याट बाहेक) | धरौटी रकम रू. |
|---|---|---|---|---|
| १ | Dry Eye Treatment Machine | 1 pcs | | ३७,२५०।- |

**प्रमुख प्रशासकीय अधिकृत**

**राजपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गंगदी, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।**

**(सूचना प्रकाशित मिति : २०८३।०१।१८)**

यस कार्यालयबाट तपसिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल अनुसारको बोलपत्र दाताहरूले पेश गरेको बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले प्रचलित कानुनको प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | बोलपत्र/ठेक्का विवरण | बोलपत्र/ठेक्का नं. | निर्माण व्यवसायी/बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरेको अङ्क (मू.अ.कर बाहेक) | सूचना प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|---|
| १. | Extraction of River Bed Materials from Gahira Ghat, Complete as per recommendation and TOR set by G.O.N, President Chure-Terai Madhesh Conservation Development Board. | RRM/R/04/ 2082/083 | Amul and Bhupendra Construction Suppliers Rajpur-3, Khardariya Dang | रू.२१,५२,५००।०० (अक्षरुपी एक्काइस लाख बाउन्न हजार पाँच सय मात्र) | गोरक्ष राष्ट्रिय दैनिक २०८२/१२/११ |
| २. | Extraction of River Bed Materials from Materiya Ghat, Complete as per recommendation and TOR set by G.O.N, President Chure-Terai Madhesh Conservation Development Board. | RRM/R/03/ 2082/083 | Aashita Construction and Suppliers Pvt.Ltd. Rapti-2, Dang | रू. ३१,२९,०००।०० (अक्षरुपी एकतीस लाख उनन्तीस हजार मात्र) | गोरक्ष राष्ट्रिय दैनिक २०८२/१२/११ |
| ३. | Extraction of River Bed Materials from Khardariya Ghat, Complete as per recommendation and TOR set by G.O.N, President Chure-Terai Madhesh Conservation Development Board. | RRM/R/02/ 2082/083 | Amul and Bhupendra Construction Suppliers Rajpur-3, Khardariya Dang | रू. २४,५०,९७५।०० (अक्षरुपी चौबीस लाख पचास हजार नौ सय पचहत्तर मात्र) | गोरक्ष राष्ट्रिय दैनिक २०८२/१२/११ |

**प्रमुख प्रशासकीय अधिकृत**

LOCAL MUNICIPALITY
**RAMGRAM MUNICIPALITY**
OFFICE OF MUNICIPAL EXECUTIVE
RAMGRAM, NAWALPARASI
Lumbini Province, Nepal

**Invitation for Bids- (E-bidding only)**

**Date of publication 1st May, 2026 A.D**

- **Ramgram Municipality Office of Municipal Executive, Ramgram, Nawalparasi** invites **E-bidding only** from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Name of Project | Estimated Amount (excluding VAT and PS) Nrs. | Bid Security Amount, NRs. | Remarks |
|---|---|---|---|---|
| RAM/EB/082/083/10 | Ward no 16 ko ward karyalaya bhawan nirman | 17,26,067.29 | 50,000/- | SQ Rebid |
| RAM/EB/082/083/11 | Patthardeva sadak staronnati, Ramgram 14 | 12,47,375.71 | 37,500/- | SQ Rebid |
| RAM/EB/Goods/082/083/04 | Purchase of Sanitary pad as per attached specification | 14,04,000.00 | 40,000/- | SQ |

- Eligible bidders must visit PPMO website **www.bolpatra.gov.np/egp** to obtain further information and inspect the bidding documents .

**जलेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जलेश्वर महोत्तरी**
मधेश प्रदेश, नेपाल

**आशय- पत्र सम्बन्धी सूचना**

यस जलेश्वर नगरपालिकाबाट विभिन्न कार्यहरूको लागि मिति २०८२/१२/११ गतेको दिन दी पब्लिक टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम फर्म सप्लार्यसबाट मिति २०८३/०१/११ गते पेश हुन आएको बोलपत्र देहाय अनुसारको फर्मसँग खरिद गर्ने भनी मूल्याकंन समितिबाट मिति २०८३/०१/१६ गतेको निर्णय सिफारिस भई आएकोले आश्यपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ। कुनै फर्मको सो सम्बन्धमा प्रतिक्रिया भए ७ दिन भित्र यस नगरपालिकामा पेश गर्न अनुरोध छ।

| सि. न. | कार्यको योजनाको विवरण | ठेक्का न | लई रकम (भ्याट समेत) | कबोल रकम (भ्याट समेत) | फर्मको नाम ठेगाना |
|---|---|---|---|---|---|
| १ | महोत्तरी जिल्ला जलेश्वर न.पा. ५ श्री जनता मा.वि. पर्सामा पूर्वाधार निर्माण कार्य | 06/NCB/1S1E/ WORKS/JM/2082/083 | 3891655.40 | 3581306.56 | JaleshworNathNirman Sewa,Janakpur-1,Dhanusha |
| २ | महोत्तरी जलेश्वर १० सारीमा सामुदायिक भवन निर्माण कार्य | 07/NCB/1S1E/ WORKS/JM/2082/083 | 3830125.19 | 3400279.10 | Singh & Rajput Construction,Jaleshwor-02,Mahottari |
| ३ | महेन्द्र आदर्श महिला मा.वि. मा पूर्वाधार निर्माण कार्य | 08/NCB/1S1E/ WORKS/JM/2082/083 | 10559188.08 | 9780899.11 | HarabaraConstruction& SuppliersPvt.Ltd,sahidnagar na.pa-06,Dhanusha |
| ४ | जलेश्वर ०१ जलेश्वरनाथ महादेव मन्दिरको मूलगेट निर्माण तथा स्तरोन्नति कार्य | 09/NCB/1S1E/ WORKS/JM/2082/083 | 3571937.56 | 3528594.42 | Chure Construction& Suppliers Ekdara-05,Mahottari |

**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
जनकपुरधाम, धनुषा, नेपाल

**विषय- बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा**

प्रस्तुत विषयमा चालु आ.व. ०८२-०८३ मा पूर्वाधार विकास कार्यालयबाट तपसिलका कार्यक्रमको लागि बजेट विनियोजन भएकोमा सो योजनाको लाागि मिति २०८२-१२-०६ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम मिति २०८३-०१-०८ गते खोलिएकोमा सोही ठेक्का नं. मा बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रहरूमा मूल्यांकन समितिको २०८३-०१-१६ को सिफारिस अनुसार निम्न बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले तपसिलका बोलपत्रदाताहरूको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ।

| क्र. सं | योजनाको नाम | ठेक्का नं. | बोलपत्रदाताको नाम तथा ठेगाना | कबोल अंक (रू), Vat र PS सहित |
|---|---|---|---|---|
| १. | Kanchanwan Starunnati ka Bibhinna karya, Laxminiya ga. pa. 3, Dhanusha | IDO/Dhanusha/ W/NCB/16-082/83 | Aanchal Construction and Consultancy Pvt. Ltd. Janakpur-16, Pulchowk, Dhanusha, Nepal | 2548375.47 |
| २. | Banigamma dekhi Nikal Than samma Sadak Starunnati, Laxminiya ga. pa. 3, Dhanusha | IDO/Dhanusha/ W/NCB/17-082/83 | AAMIL-RAJSHREE J.V., Janakpur-14Dhanusa, Dhanusa, Nepal | 2,699,981.27 |
| ३. | Sadak Starunnati karya, Laxminiya ga. pa. -3, Dhanusha | IDO/Dhanusha/ W/NCB/18-082/83 | Shiva and kusum civil construction pvt. ltd., Kathmandu, kumarigal-8, Kathmandu Kathmandu, Nepal | 2956665.62 |
| ४. | Sadak Starunnati, Laxminiya ga. pa.-1, Dhanusha | IDO/Dhanusha/ W/NCB/25-082/83 | Shiva and kusum civil constructionpvt. ltd., Kathmandu, kumarigal-8, Kathmandu Kathmandu, Nepal | 2852078.7 |
| ५. | Sadak Starunnati ,Laxminiya ga.pa 2, Dhanusha | IDO/Dhanusha/ W/NCB/26-082/83 | Shiva and kusum civil constructionpvt. ltd., Kathmandu, kumarigal-8, Kathmandu Kathmandu, Nepal | 2792387.69 |
| ६. | Sadak Starunnati karya, Laxminiya ga pa 5, Dhanusha | IDO/Dhanusha/ W/NCB/27-082/83 | AAMIL-RAJSHREE J.V. Janakpur-14 Dhanusa, Nepal | 2726523.27 |
| ७. | Nathuniyadavko Gharko aagadi Samudayik Bhawan Nirman | IDO/Dhanusha/ W/NCB/28-082/83 | Aanchal Construction and Consultancy Pvt. Ltd. Janakpur-16, Pulchowk, Dhanusha Dhanusa,Nepal | 3222665.94 |
| ८. | Nikal Tole Sadak Starunnati, Laxminiya ga. pa.-6 | IDO/Dhanusha/ W/NCB/42-082/83 | Rajiv Builders, Janakpur-06, Dhanusa Dhanusa,Nepal | 3178697.29 |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी**
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९२,७०० ▼ |
| चाँदी | : | ४८१० ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७३८.७२ (-५.७३) ▼ |
| कारोबार रकम | : | ४,११६,६२६,८४८ ▼ |
| कारोबार भएका सेयर | : | १०,९७७,७८३ |
| कारोबार सङ्ख्या | : | ८०,४२७ |
| कारोबार भएका कम्पनी | : | ३४६ |

### अधिकतम बिक्री मूल्य प्रकरण

# जाँचपास गर्ने प्रक्रियामा सहजता ल्याउन निर्देशन



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

सरकारले आयात गरिने मालवस्तु अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने बाध्यात्मक व्यवस्थामा भन्सार जाँचपास गर्ने प्रक्रियामा सहजता ल्याउन निर्देशन दिएको छ। विभागले बिहीबार सूचनामार्फत विदेशबाट आयात गरिने मालवस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने सम्बन्धमा देखा परेका व्यावहारिक जटिलतालाई भन्सार जाँचपास प्रक्रियामा सहजता ल्याउन आफ्नो मातहतका कार्यालयलाई निर्देशन दिएको हो।

विभागले पत्रचारमार्फत औद्योगिक कच्चा पदार्थ, मेसिनरी तथा सड्ने, गल्ने (पेरिसेबल) वस्तुको आयातमा परेको समस्यालाई दृष्टिगत गरी नयाँ व्यवस्था कार्यान्वयनमा ल्याएको जनाएको छ। भन्सार विभागको निर्णय अनुसार अब पैठारीकर्ताले भन्सार विन्दुमा वस्तुको एमआरपी स्वघोषणा गर्न सक्ने छन्। साथै भन्सार विन्दुमै लेबल लगाउन कठिन हुने अवस्थामा पैठारी भइसकेपछि तर बिक्रीवितरण गर्नुअघि अनिवार्य रूपमा लेबल लगाउने सर्तमा स्वघोषणा गराई जाँचपास गर्न सकिने व्यवस्था मिलाइएको छ।

यसअघि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले २०८२ चैत ३० गते सूचना जारी गर्दै १५ दिनभित्र नेपालमा बिक्री गरिने सम्पूर्ण मालवस्तुमा पैठारीकर्ताले अनिवार्य रूपमा एमआरपी उल्लेख गर्नुपर्ने व्यवस्था गरेको थियो। त्यो समय वैशाख १५ गतेसम्म थियो। पैठारीकर्ता व्यापारीले यसको विरोध गर्दै आएका थिए। उक्त व्यवस्था कडाइ गरेसँगै मालवस्तु पैठारीकर्ता व्यापारीले व्यावहारिक नभएको भन्दै बाध्यकारी एमआरपीको विरोध गर्दै आएका थिए। उक्त व्यवस्थाले गर्दा औद्योगिक औजार, मेसिनरी, कच्चा पदार्थ तथा फलफूल र तरकारी जस्ता वस्तुको भन्सार जाँचपास र व्यापार सहजीकरणमा समस्या देखिएको भन्दै उद्योगी व्यवसायीले गुनासो गर्दै आएका थिए।

आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, बजेट र आर्थिक ऐनमा एमआरपीसम्बन्धी विषयलाई थप स्पष्ट पार्ने तयारी भइरहेको सन्दर्भमा हाललाई व्यापारमा अवरोध नहोस् भनी यो सहजीकरण गरिएको विभागले जनाएको छ।

विभागका निर्देशक भूपालराज शाक्यले भन्सार विभागको उक्त पत्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई कार्यान्वयनका लागि पठाइएको जानकारी दिनुभयो। यो नयाँ व्यवस्थाले विशेष गरी औद्योगिक प्रयोजनका सामग्री र दैनिक उपभोग्य कच्चा वस्तुको आयातमा देखिएको कानुनी र प्राविधिक गाँठो फुकाउने विश्वास लिइएको उहाँको भनाइ छ।

# आधा घट्यो भन्सार महसुल

**नवराज कट्टेल**
*विराटनगर, वैशाख १७ गते*

तीन दिनयता विराटनगर भन्सार कार्यालयमा रोकिएका व्यावसायिक मालवस्तुका मालवाहक सवारी बिहीबार साँझसम्म पनि जाँचपास भएका छैनन्। जाँचपास हुने अवस्था नभएपछि पूर्वका पैठारीकर्ताले बाटोमा रहेका कतिपय सवारीलाई भारतमै पर्खाउन थालेका छन्।

बिहीबार साँझसम्म उद्योगीले उद्योग, वाणिज्य मन्त्रालयसमक्ष राखेको प्रस्ताव स्वीकृत नभएपछि अब शुक्रबार, शनिबार र आइतबार भन्सार जाँचपासको कार्यक्रम हुँदैन। शुक्रबार बुद्ध जयन्ती सार्वजनिक बिदा, शनिबार र आइतबार सरकारी बिदा पर्छ।

विराटनगर भन्सार एजेन्ट सङ्घका अध्यक्ष देवकी शर्माले बाटोमा रहेका मालवाहक सवारीलाई भारतमै होल्ड गराइसकिएको दाबी गर्नुभयो। दैनिक पाँच हजार भारतीय रुपियाँ डिटेन्सन शुल्क बुझाउनु परे पनि भारत र नेपालको आइसिपीपरिसरमा पार्किङ असहज बन्दै जाँदा बाटोमै होल्ड गराइएको हो। अध्यक्ष शर्माका अनुसार भारतको जोगवनी भन्सारमा एकदिन सवारी पार्किङ गरेको एक हजार दुई सय रुपियाँ शुल्क बुझाउनु पर्छ। आइसिपी विराटनगरमा गाडीको अवस्था हेरेर एक हजारदेखि एक हजार दुई सय रुपियाँसम्म शुल्क बुझाउनुपर्ने हुन्छ।

"डिटेन्सन शुल्क दुवै अवस्थामा बुझाउनु परे पनि पार्किङ शुल्क चाहिँ लाग्दैन," अध्यक्ष शर्माले भन्नुभयो, "त्यही भएर भारतीय मालवाहक ट्रकलाई बाटोमै होल्ड गराइएको छ।" त्यसबाहेक भारत र नेपालको आइसिपीपरिसरमा पार्किङमा रहेको शर्माले जानकारी दिनुभयो। अहिले नेपाली

> मालवस्तु जाँचपास नहुँदा दैनिक ५० प्रतिशत भन्सार महसुल सङ्कलनमा असर परेको छ। विराटनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत उमेश श्रेष्ठका अनुसार दैनिक आठ करोड सङ्कलन हुनुपर्ने राजस्व अहिले साढे तीन करोडदेखि चार करोड रुपियाँमा झरेको छ।

उद्योगीको मालवस्तु मगाएका ६० वटा सवारी भारतको भन्सार क्षेत्रमा र झन्डै तीन सय हाराहारी विराटनगर आइसिपीपरिसरमा रोकिएका छन्।

मालवस्तु जाँचपास नहुँदा दैनिक ५० प्रतिशत भन्सार महसुल सङ्कलनमा असर परेको छ। विराटनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत उमेश श्रेष्ठका अनुसार दैनिक आठ करोड सङ्कलन हुनुपर्ने राजस्व अहिले साढे तीन करोडदेखि चार करोड रुपियाँमा झरेको छ। उहाँले बिहीबार साँझसम्म औद्योगिकसहित केही खाद्य वस्तु जस्तै आलु, प्याज र स्याउबाहेकका हकमा जाँचपास गर्न नमिल्ने अवस्था रहेको जानकारी दिनुभयो।

वस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) भन्सार विन्दुमै तोक्नुपर्ने उद्योग, वाणिज्य मन्त्रालयको निर्णय कार्यन्वयनका लागि वैकल्पिक बाटो खोज्न खोजिए पनि त्यो स्वीकार नभएको उद्योग मोरङ व्यापार सङ्घका अध्यक्ष अनुपम राठीले बताउनुभयो। भन्सारमा आयातकर्ताले बोन्ड गर्ने भन्ने विषय स्वीकार भएन, त्यसैले अनिश्चय बढ्दै गएको उहाँको भनाइ छ।

### रसुवा भन्सार पनि ठप्प

***रासस***का अनुसार चीनबाट आयात गरिएका व्यावसायिक सामग्रीको भन्सार जाँचपास प्रक्रिया रसुवा भन्सार कार्यालय टिमुरेले अस्थायी रूपमा बन्द गरेको छ। आयात गरिएका खाद्य तथा गैरखाद्य वस्तुमा अनिवार्य रूपमा उपभोक्ताका लागि अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गरिएको स्टिकर नटाँसिएको पाइएपछि भन्सार कार्यालयले यस्तो निर्णय लिएको हो।

रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईका अनुसार उत्पादक कम्पनी वा आयातकर्ता व्यवसायीले उपभोक्ता मूल्य उल्लेख नगरी सामान आयात गर्नु नियमविपरीत भएकाले त्यस्ता सामग्रीको भन्सार मूल्याङ्कन तथा जाँचपास रोकिएको हो। हाल उद्योग तथा जलविद्युत् आयोजनासँग सम्बन्धित सामग्रीको भने मूल्याङ्कन गरी चलानी गरेर छाड्ने गरिएको उहाँले जानकारी दिनुभयो।

उपभोक्ता हित संरक्षणका लागि सरकारले जारी गरेको ऐन तथा नियम पालना गर्नु सबै सरोकार भएका निकायको साझा जिम्मेवारी भएको उल्लेख गर्दै भट्टराईले चीनबाट सामान आयात गर्दा प्रत्येक प्याकेटमा अनिवार्य रूपमा एमआरपी उल्लेख गरेर मात्रै ल्याउन सबै आयातकर्ता व्यवसायीलाई आग्रह गर्नुभयो।

एमआरपी स्टिकरबिना आयात गरिएका सयौँ ट्रक मालसामान हाल भन्सार हाताभित्र पार्किङ अवस्थामा रहेको रसुवा भन्सार कार्यालयले जानकारी दिएको छ। नियम कार्यान्वयन कडाइसाथ अघि बढाइएपछि आयात प्रक्रिया केही समय प्रभावित हुने देखिए पनि यसले उपभोक्ता अधिकार संरक्षणमा सकारात्मक प्रभाव पर्ने स्थानीयले अपेक्षा गरेका छन्।

### सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक दिवस

# न्यूनतम पारिश्रमिक नपाएको उजुरी बढ्दो



**सीता शर्मा**
*काठमाडौँ, वैशाख १७ गते*

धादिङकी मीनाले काठमाडौँमा आएर घरेलु श्रमिकका रूपमा काम गर्न थालेको सात वर्ष भयो। एउटै घरमा घरभित्रको सरसफाइदेखि बुढाबुढीको स्याहारसुसार गर्दै आएकी मीनालाई गत वर्ष सुन चोरीको दोष लगाएर तीन महिनाको पारिश्रमिकबिना नै निकालियो।

त्यो घरका परिवारले खाएका जुठा भाँडा माझ्ने, ट्वाइलेट सफा, जुत्तामोजा धुनेदेखि घर सरसफाइ गर्दै आएकी मीनाले साप्ताहिक बिदाको माग गरेपछि चोरदोष लगाएर तीन महिनाको पारिश्रमिक नदिई कामबाट निकालिएको थियो। मीनाले घर मालिकको ज्यादतीविरुद्ध श्रम तथा रोजगार कार्यालय टेकुमा उजुरी गर्नुभयो।

उक्त श्रम कार्यालयले मीनाको उजुरीको सुनुवाइ गर्दै घर मालिकबाट तीन महिना बराबरको लिन बाँकी पारिश्रमिक, सात वर्षसम्म साप्ताहिक बिदामा काम लगाएकोसमेत जोडेर क्षतिपूर्ति रकम भराइयो। मीना त एउटा प्रतिनिधिमूलक पात्र मात्रै हुनुहुन्छ। चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा मीना जस्ताका ४५० वटा उजुरी सो कार्यालयमा दर्ता भएका छन्।

कार्यालयका अनुसार आएकामध्ये आधा बढी फर्स्योट भएका छन्। सो कार्यालयका प्रमुख उदयकुमार गुप्ताले कार्यालयमा आउने उजुरीमध्ये अधिकांश औपचारिक क्षेत्रमा काम गर्ने प्रष्ठिानविरुद्धका रहेको र अनौपचारिक क्षेत्रका असाध्यै कम आउने गरेको जानकारी दिनुभयो। उहाँका अनुसार चालु आवको नौ महिनामा आएका उजुरीको सुनुवाइ गर्दै करिब पाँच करोड बराबरको रकम श्रमिकलाई दिलाउन सफल भएका छौँ। उक्त रकम श्रमिक, रोजगारदाताबिच छलफल गराएर सहमतिमा वा सहमति हुन नसकेका उजुरीमा कार्यालयले दुवै पक्षलाई अन्याय नहुने गरी निर्णय गर्ने गरेको छ।

### उजुरी गर्ने क्रम बढ्दो

औपचारिक तथा अनौपचारिक क्षेत्रमा श्रमिकले न्यूनतम पारिश्रमिक नपाएको भन्दै उजुरी गर्ने क्रम बढेको छ। श्रम, रोजगार तथा व्यवसायजन्य सुरक्षा विभाग अन्तर्गतका श्रम तथा रोजगार कार्यालयमा पछिल्लो समयमा रोजगारदातासँग भएको सम्झौता अनुसार पारिश्रमिक, साप्ताहिक बिदा नदिएको र सामाजिक सुरक्षा कोषमा आबद्ध नगरेको भन्दै उजुरी गर्ने श्रमिकको सङ्ख्या बढेको हो।

विभागका अनुसार चालु आव २०८२/८३ को चैतसम्म ७५२ वटा उजुरी परेका छन्। यो सङ्ख्या विभाग अर्न्तगत देशभर रहेका ११ वटा श्रम तथा रोजगार कार्यालयमा परेका उजुरीको सङ्ख्या हो। जसमा सबैभन्दा धेरै काठमाडौँको टेकुमा रहेको श्रम कार्यालयमा ४५० वटा उजुरी परेका छन्। जबकि आव २०८१/८२ मा ७७३ वटा उजुरी परेका थिए भने आव २०८०/८१ मा ६६८ वटा र आव २०७९/८० मा ६४७ वटा उजुरी परेका थिए।

विभागका महानिर्देशक चक्रपाणि पाण्डेले पछिल्ला वर्षमा सम्झौता अनुसार पारिश्रमिक, साप्ताहिक बिदा नपाएको, सामाजिक सुरक्षामा नलगेको भन्ने उजुरी धेरै पर्ने गरेको बताउनुभयो। उहाँले बिनाकारण कामबाट निकाल्ने, काममा विभेद गर्ने, जथाभाबी सरुवा गर्नेलगायतका उजुरी आउने गरे पनि अधिकांश उजुरी न्यूनतम पारिश्रमिक नपाएकासम्बन्धी नै रहेको बताउनुभयो। सरकारले गएको साउन १ गतेदेखि लागु हुने गरी श्रमिकको न्यूनतम पारिश्रमिक १९ हजार ५५० रुपियाँ तोकेको छ। योसँगै श्रम ऐन, २०७४ मा श्रमिकले बिदा र सामाजिक सुरक्षा पाउनुपर्ने अनिवार्य व्यवस्था छ।

# कर्जा कारोबार गर्ने गराउने सम्झौता




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय बिमा कम्पनी लिमिटेडबिच कर्जा कारोबार गर्ने गराउनेसम्बन्धी सम्झौता भएको छ।

सम्झौताबमोजिम राष्ट्रिय बिमा कम्पनी लिमिटेडमा कार्यरत कर्मचारीले नेपाल बैङ्कको काठमाडौँ बैङ्किङ अफिस शाखाबाट व्यक्तिगत आवश्यकता पूरा गर्नका लागि १५ लाख रुपियाँसम्म बिनाधितो सेवाग्राही कर्जा उपभोग गर्न सक्ने भएका छन्। सम्झौताबाट राष्ट्रिय बिमा कम्पनी लिमिटेडमा कार्यरत कर्मचारीले एकै थलोबाट वित्तीय आवश्यकता पूर्ति गर्न सक्ने, समय बचत हुने तथा नेपाल बैङ्क र कम्पनीबिचको संस्थागत सहकार्य अझ सुदृढ हुने अपेक्षा गरिएको छ।

बैङ्कको प्रधान कार्यालयमा आयोजित एक समारोहमा भएको सम्झौतापत्रमा नेपाल बैङ्कका तर्फबाट रिटेल कर्जा प्रमुख अर्जुनबहादुर कँडेल र राष्ट्रिय बिमा कम्पनी लिमिटडका तर्फबाट मुख्य व्यवस्थापक डा. सिर्जना पन्तले हस्ताक्षर गर्नुभयो।

# विद्युत् प्राधिकरणको डिजिटल पूर्वाधार कम्पनी सञ्चालन

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, वैशाख १७ गते*

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी नेपाल डिजिटल पूर्वाधार कम्पनी पूर्ण रूपमा सञ्चालनमा आएको छ।

मुलुकको सूचना प्रविधि र दूरसञ्चार क्षेत्रमा आमूल परिवर्तन ल्याउने उद्देश्यसाथ उक्त कम्पनी सञ्चालनमा ल्याइएको प्राधिकरणले जनाएको छ।

"पूर्वाधार साझा गर्ने अवधारणामा आधारित यो कम्पनीले सहरी सुन्दरता बढाउन, दुर्गम क्षेत्रमा इन्टरनेटको पहुँच विस्तार गर्न र सूचना प्रविधि प्रणालीको एकीकृत विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ," प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले भन्नुभयो। प्राधिकरणका अनुसार यस कम्पनीले इन्टरनेट सेवाप्रदायकलाई 'प्लग-एन्ड-प्ले' ढाँचामा पूर्वाधार उपलब्ध गराउने छ।




प्राधिकरणको पूर्वाधार प्रयोग गर्दा सेवाप्रदायकको पुँजीगत खर्च उल्लेख्य रूपमा घट्ने र त्यसको प्रत्यक्ष लाभ उपभोक्ताले सस्तो इन्टरनेटका रूपमा पाउने अपेक्षा गरिएको पनि प्राधिकरणले जनाएको छ। कम्पनीले प्राधिकरणसँग रहेका अप्टिकल फाइबर, भूमिगत डक्ट, पोललाई 'प्यासिभ एसेट्स' का रूपमा भाडामा उपलब्ध गराउने छ।

काठमाडौँ उपत्यकाको मुख्य समस्याका रूपमा रहेको अव्यवस्थित तार हटाउन यस कम्पनीले प्राथमिकतासाथ काम गर्ने छ। "भूमिगत पाइपको साझा प्रयोगले सहरी सौन्दर्य फर्काउनुका साथै विद्युत् र टेलिफोनका तार आपसमा अल्झिँदा हुने आगलागी र दुर्घटनाको जोखिमलाई समेत न्यून गर्ने अपेक्षा हामीले गरेका छौँ," कार्यकारी निर्देशक शाक्यले भन्नुभयो, "हरेक कम्पनीले छुट्टाछुट्टै सडक खन्ने झन्झट पनि योसँगै अन्त्य हुने छ।"

नेपालका प्रत्येक घरधुरीमा डिजिटल कनेक्टिभिटी पुऱ्याउने सरकारको लक्ष्य हासिल गर्न उक्त कम्पनीले सहयोग पुऱ्याउने विश्वास गरिएको छ। "सरकारको उक्त लक्ष्यलाई पूर्वाधार कम्पनीले नयाँ गति दिने अपेक्षा गरेका छौँ," उहाँले भन्नुभयो, "ग्रामीण क्षेत्रमा आफ्नै पूर्वाधार निर्माण गर्न निजी कम्पनीलाई अत्यन्तै महँगो पर्ने हुनाले प्राधिकरणको विद्यमान प्रसारण लाइन प्रयोग गर्दा सेवा लागत घट्ने र सर्वसाधारणले सस्तोमा इन्टरनेट पाउने वातावरण बन्ने छ।"

**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इँटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र/शिलबन्दी दरभाउ आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८३/१/१८**

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिलबमोजिमका लागि मिति २०८३/१/१८ गते https://www.bolpatra.gov.np/egp मा ई बिडमार्फत सूचना आह्वान भएको हुँदा आवस्यक कागजपत्रहरू संलग्न राखी बोलपत्रको हकमा रु. ३०००।- (तीन हजार मात्र) र सिलबन्दी दरभाउको हकमा रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी श्री नेपाल बैंक लिमिटेड, काँकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता नं. १०६०३००००१००१००००१ मा नगद जम्मा गरी ई-बिडको माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ

**तपसिल**

| क्र. सं | बोलपत्र/शिलबन्दी दरभाउ प्रकाशित मिति | बोलपत्र/शिलबन्दी दरभाउ पेश गर्ने अन्तिम मिति | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (मू.अ.कर कन्टिनजेन्सी र पी एससहित) | बिड सेक्युरिटी रु |
|---|---|---|---|---|---|---|
| १. | २०८३/१/१८ | २०८३/०२/१८ | 87/SuwarnaMarga/w08/Mechi/NCB/2082/083 | Suwarna Marga Kalopatre garne karya,Mechinagar-08 | ४९,९९,४०३.७० | १,२०,०००.०० |
| २. | २०८३/१/१८ | २०८३/०२/०४ | 86/Swimmingpool/SQ/w10/Mechi/2082/083 | Pasang Lhamu Smriti jaycees pratishan Adhuro Swimmimg Pool Nirman,Mechinagar-10 | १९,९८,४१८.०७ | ५०,०००.०० |

# औद्योगिक क्षेत्र, विशेष औद्योगिक क्षेत्र र जुटमिलका अतिक्रमित संरचना हटाइँदै

**नवराज कट्टेल र कपिल ज्ञवाली**
*विराटनगर/सिद्धार्थनगर, वैशाख १७ गते*

सरकारले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र (सेज) तथा सरकारी उद्योगका परिसरमा भइरहेको अव्यवस्थित बसोबास र अन्य संरचना एवं बजार हटाउने तयारी गरेको छ । त्यसका लागि सरकारले रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्र तथा बाँकेस्थित नौवस्ता औद्योगिक क्षेत्रको जग्गामा रहेका अव्यवस्थित बस्ती तथा अन्य भौतिक संरचना हटाउन सम्बन्धित औद्योगिक क्षेत्रलाई पत्राचार गरेको छ । बाराको जितपुरसिमरा उपमहानगरपालिकामा पर्ने विशेष आर्थिक क्षेत्र (सेज) को अतिक्रमित जग्गा खाली गराउन विशेष आर्थिक क्षेत्र प्राधिकरणमार्फत तयारी गरेको छ । उक्त सेजको जग्गामा बसोबास गरिरहेका छ सय घरपरिवारलाई हटाउने विषयमा पनि पत्राचार गरिएको छ ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको केन्द्रीय कार्यालय बालाजुले रुपन्देहीस्थित मोतीपुर औद्योगिक क्षेत्र परियोजना कार्यालय र बाँकेस्थित नौवस्ता औद्योगिक क्षेत्र परियोजना कार्यालयलाई पत्र पठाउँदै लिमिटेडको स्वामित्वमा रहेका जग्गा खाली गराउने प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो । लिमिटेडका महाप्रबन्धक पदम ओलीद्वारा हस्ताक्षरित पत्रमा जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायलगायतलाई आवश्यक समन्वय गरी जग्गा अतिक्रमण हटाउन भनिएको छ ।

सरकारको स्वामित्वमा रहेको औद्योगिक क्षेत्रको ८१९ बिघा जग्गालाई औद्योगिक ग्राम बनाउने घोषणा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको थियो ।

यसै गरी नेपालकै जेठो उद्योग विराटनगर जुट मिल्सको १४ बिघा क्षेत्रफलमा बनेका व्यक्तिका संरचना हटाउने तयारी गरिएको छ । विराटनगर जुट मिल्सका अध्यक्ष राजेन्द्र कार्कीका अनुसार तत्कालीन समयमा जुट मिलका मजदुर बस्ने गरी झुप्रा बनेको हड्ताली हाट र हरिनगरा भट्टा क्षेत्रका संरचना हटाइने भएको हो ।

हट्ताली हाट, दक्षिण गेट, हरिनगरा भट्टा, मोरङ विराटनगर अटोवर्क्स क्षेत्रमा छ सय परिवारको बसोबास छ । त्यसबाहेक जुट मिल र हड्ताली हाटलाई छुट्याउने रानीपथ सडकका ३० वटा पसल पनि हटाइने छ ।

२०७० सालदेखि बन्द उद्योगमा सञ्चालक समितिका अध्यक्ष कार्कीले जुट मिल्सपरिसरको जग्गा हड्प्नेको विराटनगरमा पक्की घरसमेत रहेकाले हटाएर सरकारी सम्पत्तिको संरक्षण हुनुपर्ने बताउनुभयो ।

नेपालको पहिलो जुट उद्योग विराटनगर जुट मिल्स १९९३ सालमा स्थापना गर्नुपूर्व हरिनगरा भट्टा लगाइएको थियो । जहाँ इँटा पोलिन्थ्यो र जुट मिल्सको संरचनाका लागि प्रयोग गरिन्थ्यो । डेढ बिघा क्षेत्रफलमा फैलिएको हरिनगरा भट्टा विराटनगर–१५ मा पर्थ्यो । जुन हड्ताली हाटदेखि दक्षिणपूर्व दुई सय मिटर दुरीमा अहिले घना बस्तीले पुरिएको छ ।

विराटनगर–१६ मा विराटनगर जुट मिल्सको जीर्ण संरचना अहिले पनि टक्रक्क छँदै छ । विराटनगर–१५ र १६ लाई रानीपथले छुट्याउँछ । रानीपथ पश्चिममा जुट मिल्स क्षेत्र र पूर्वतर्फ हड्ताली हाट छ । जुट मिल्सको नाममा जम्मा ६७ बिघा जग्गामध्ये ५१ बिघा उद्योगपरिसरले चर्चेको छ । हड्ताली हाट र हरिनगरा भट्टा क्षेत्रमा १४ बिघा जग्गा रहेको छ । त्यसबाहेक उद्योग भएदेखि पश्चिमतर्फको एउटा कुनामा समेत डेढ बिघा जग्गा रहेको अध्यक्ष राजेन्द्र कार्कीको भनाइ छ ।

## मेडिकल प्रदर्शनी सुरु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

स्वास्थ्य सेवामा प्रयोग हुने अत्याधुनिक उपकरण तथा प्रविधिको प्रदर्शन गर्ने उद्देश्यले 'नेपाल मेडिकल प्रदर्शनी २०२६' सुरु भएको छ ।

केमिकल एन्ड मेडिकल सप्लायर्स एसोसिएसन अफ नेपाल (केमसान) र भारतस्थित एसडी प्रोमो मिडियाको संयुक्त आयोजनामा भएको प्रदर्शनीमा विभिन्न देशमा विकास भएका आधुनिक स्वास्थ्य उपकरण एकै ठाउँमा राखिएका छन् ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रदर्शनीले स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिबारे जानकारी हुने बताउनुभयो । उहाँले मेडिकल एक्स्पोले निजी क्षेत्रलाई चलायमान बनाउने र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो । उहाँले निजी क्षेत्र सरकारसँग सहकार्य गरेर समस्या समाधान गर्न महासङ्घ तयार रहेको बताउनुभयो ।

## किसानलाई प्रविधि र अनुदान

**तनहुँ समाचारदाता**
*तनहुँ, वैशाख १७ गते*

तनहुँमा चैते धान खेतीलाई प्रोत्साहन गर्न र उत्पादन लागत घटाउन किसानलाई आधुनिक कृषि उपकरण वितरण गरिएको छ । भारतबाट हुने चामल र चिउराको आयात न्यूनीकरण गर्ने लक्ष्यसाथ कृषि विकास कार्यालयले यान्त्रिकीकरणमा जोड दिएको हो ।

चैते धान प्रवर्धन कार्यक्रम अन्तर्गत बिहीबार व्यास नगरपालिका–५ स्थित युगबोध कृषि सहकारी संस्थाका पदाधिकारीलाई कम्बाइन मिल (धान कुट्ने मेसिन) र त्रिपाल हस्तान्तरण गरिएको छ ।

सामग्री हस्तान्तरण गर्दै गण्डकी प्रदेश सभा सदस्य श्यामराज महतले कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण नगरेसम्म उत्पादन बढाउन नसकिने बताउनुभयो । उहाँले भन्नुभयो, "परम्परागत खेती प्रणालीले मात्रै खाद्यान्नमा आत्मनिर्भर हुन सकिँदैन । किसानलाई प्रविधिसँग जोडेर चैते धानको क्षेत्रफल विस्तार गर्न सके चामलको आयात उल्लेख्य रूपमा घटाउन सकिन्छ ।"

सांसद महतले बाँझो जमिन सदुपयोग गरी उत्पादनमा लाग्न किसानलाई आग्रह गर्दै प्रदेश सरकारले कृषि क्षेत्रको विकास र यस्ता उपकरण खरिदमा आवश्यक सहयोग जारी राख्ने प्रतिबद्धता जनाउनुभयो । कृषि विकास कार्यालय तनहुँका वरिष्ठ कृषि विकास अधिकृत परशुराम अधिकारीले ७५ प्रतिशत अनुदान र २५ प्रतिशत किसानको लागत सहभागितामा कम्बाइन मिल, त्रिपाल, डिजिटल तराजु र बिउ उपलब्ध गराइएको जानकारी दिनुभयो । उहाँका अनुसार धान आयात कम गर्ने र खेतीयोग्य जमिन बाँझो हुन नदिने उद्देश्यले चालु आर्थिक वर्षमा ९५ लाख रुपियाँ बजेट विनियोजन गरी ९५ हेक्टर क्षेत्रफलका लागि कार्यक्रम सञ्चालन गरिएको छ । कार्यालयका सूचना अधिकारी किरण परियार विशेष गरी चिउराका लागि बढी प्रयोग हुने चैते धानको खेती प्रवर्धन गर्न आधुनिक उपकरणले किसानलाई थप उत्साहित बनाउने विश्वास लिइएको बताउनुहुन्छ ।


**Invitation for Bids**

**Bhumlu Rural Municipality**

**Date of publication : 01/05/2026**

**Invitation for Bids No. : BRM/SQ/GD/03/082/83**

1. The ***Bhumlu Rural Municipality*** invites ***electric Sealed Quotation*** bids from eligible bidders for the procurement of laboratory management equipment and other accessories under National competitive bidding – Single Stage Single Envelope procedures.
2. A complete *set* of Bidding Documents may be purchased from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank :** Nabil Bank **Name of Office :** Bhumlu Rural Municipality
   **Office Code no. :** 801032611 Office **Account no. :** 21501017500045
   **Rajaswa (revenue) Shirshak no. :** 14229, Ga 1.1 **Aantarik Rajaswa Khata :** 21501017500045
   **Pre-bid meeting shall be held :** Not Applicable

| S. N. | Contract ID No. | Name of Work | Bid security Amount | last date and time of bid submission | Bid opening time and date | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | **BRM/SQ/ GD/03/082/83** | **Procurement of laboratory management equipment and other accessories** | **35,000.00** | **18/05/2026 12:00** | **18/05/2026 13:00** | **1,000.00** |

**ताँजाकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चाँखुरे, हुम्ला**
**कर्णाली प्रदेश नेपाल**

**बोलपत्र आह्वान तथा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रकाशन मिति : २०८३।०१।१८**

1. Tanjakot Rural Municipality, Humla invites electronic bids from eligible bidders for the Procurement of Goods as per mentioned in table below under National Competitive Bidding procedures.
2. The **Bids** must be **uploaded** through PPMO **website www.bolpatra.gov.np/egp. before 12.00 on 2083/02/18 (01 June 2026).** Bids received after this deadline will be rejected.
3. Bid **will be opened** in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2083/02/18 (01 June 2026)** at the office of Tanjakot Rural Municipality Humla.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Tanjakot Rural Municipality, Humla, **Mob.no.: 9858038199/9860504819** and email:**ito.tajakotmun@gmail.com** or may visit PPMO website **www. bolpatra gov.np/egp**.

| IFB No. | Description | Bid security | Bid Document Fee | Bid validity/Bid Security Validity |
|---|---|---|---|---|
| 08/TRM/082-83 /NCB/ DEPSS/GOODS | **The Procurement of *Supply, Delivery and Installation of ICT Goods for Digital Educational Programme For Secondary School*** | NPR. 4,10,000.00 | NPR. 3,000.00 | 90/120 Days |

२. यस ताँजाकोट गाउँपालिकाको कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मितिभित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरूको मूल्याङ्कनपछि न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेका तपसिल बमोजिमको बोलपत्र दाताहरूको बोलपत्र स्वीकृतिका लागि छनोट भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | Description | कबोल रकम (मू.अ.क. सहित) | न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|
| 02/09/TRM/NCB/082-83/ WTBKY/GOODS | **The Procurement Non-Local Material For Ward No. 3 Brihat Khanepani yojana** | रु १९,३३,०८८ ।२० | Parbati Kirana Suppliers, Simikot, Humla 9849946634 |

**प्रमुख प्रशासकिय अधिकृत**

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**सहरी विकास तथा भवन कार्यालय**
**धुलिखेल, काभ्रे**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

**मिति : २०८३/०१/१८**

यस शहरी विकास तथा भवन कार्यालय, धुलिखेल, काभ्रेबाट मिति २०८२।१२।२५ गते हिमालय टाइम्स पत्रिकामा दोस्रो पटक प्रकाशित तपसिलमा उल्लिखित ठेक्का नम्बर र कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा पर्न आएका बोलपत्रहरूमध्ये निम्न बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (भ्याट र PS सहित) |
|---|---|---|---|
| UDBOK/W/ NCB/28/82/83/Re | Mahakalestan Golmakot Sadak Estaronnati, Bethanchowk-3, Kavre | Nidhi Construction, *Panauti-10, Khopasi Kavre* | 24,54,960.61 |
| UDBOK/W/ NCB/29/82/83/Re | Khoyasi Dukhai Chyamrangbesi Sadak, Bethanchok-1, Kavre | Dristanta Construction, *Pandu Bazar, Suryabinayak-6, Bhaktapur* | 24,18,407.31 |
| UDBOK/W/ NCB/36/82/83/Re | Phulchoki Mandir Purwadhar Nirman, Banepa - 14 , Kavre | AJ Builders, *Dhulikhel -05, Kavre* | 23,56,392.14 |
| UDBOK/W/ NCB/38/82/83/Re | Panchkanya Naagko Thandekhi Raut Gauko Devithan Sammako Sadak Estaronnati, Banepa-14, Kavre | A Three Builders, *Chaurideurali-5, Kavre* | 32,69,910.75 |
| UDBOK/W/ NCB/39/82/83 | Kavrepalchok Jilla Panauti Na Pa Wada No. 4 Taukhal Dihi Gauma Raheko Mahankal Mandir Waripari Dhunga Bichhyaune Kaam, Panauti Na Pa -4 , Kavre | Dream Builders, *Panauti-4, Kavre* | 28,73,524.57 |
| UDBOK/W/ NCB/40/82/83/Re | Chautara Nidhane Jhyadi Sadak Estaronnati, Chautara Sanghachokgadi - 6, Sindhupalchok | laxmi Construction new, *Chautara Sangachokgadhi Sindhupalchok* | 30,08,782.78 |
| UDBOK/W/ NCB/41/82/83/Re | Sindhupalchok Jilla Patle Latu Sadak Estaronnati, Tripurasundari, Sindhupalchok | Birbhadra Engineering and Suppliers Pvt. Ltd., *Suryabinayak Municipality-3, Balkot, Bhaktapur* | 24,35,471.64 |
| UDBOK/W/ NCB/42/82/83/Re | Sindhupalchok Jilla Gyalthum Manedanda Chhajo Thaldanda Solsing Chok Tartung Dhowagang Hudai Kakani Sadak Estaronnati Karya, Sindhupalchok | Shubharambha Engineering Construction and Consultant Pvt. Ltd., *Melamchi Municipality-6, Sindhupalchok* | 24,27,999.08 |

**कार्यालय प्रमुख**

**बागमती प्रदेश सरकार**
**खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय**
**जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय**
**धुलिखेल, काभ्रेपलाञ्चोक**

**बोलपत्र स्वीकृतिका लागि आशयपत्रसम्बन्धी सूचना**

**मिति : २०८३/०१/१८ गते**

यस कार्यालयको प्रकाशित सूचनाअनुसार तपसिलबमोजिमको ठेक्काका लागि दर्ता भएका बोलपत्रहरूमध्ये सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि ऐनको दफा २७(२) को प्रयोजनार्थ पत्रिकामा प्रकाशित भएको सात दिनभित्र कुनै गुनासो भएमा यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

| ठेक्का नं. | फर्मको नाम | कबोल अङ्क रु. (भ्याट र PS सहित) |
|---|---|---|
| RT/WRIDD-KAVREPALANCHOWK/ NCB-01/82-83 [Construction of River Training Works in Roshi Khola in Kavrepalanchowk] | M/S Bhujel Construction Company Pvt. Ltd., Okhaldhunga, Nepal | 6,63,41,700.76 |

**डिभिजन प्रमुख**

**Madhesh Province Government**
**Ministry of Forest and Environment**
**Provincial Forest Directorate**
**Division Forest Office**
**Simara, Bara**

**Invitation for Bids**

**Invitation for Bids No: 01/2082/83**
**NCB No.: DFOBARA/NCB/W/01/2082/83**
**Date of publication: 01-05-2026**

1. ***Division Forest Office, Bara*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***Establishment of High-Tech Nursery Through the Division Forest Offices of Bara at Kachorwa, Simraungadh-8, Bara*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***5131174.40.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Division Forest Office, Bara Email: divisionforestofficebara@gmail.com, Telephone: 053-520047, 9855029100*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents, Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost ***Nrs. 3000.00*** (Three Thousand Only) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Account Name | Name of Bank | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Division Forest Office, Bara | Rastriya Banijay Bank | Kalaiya, Bara | 1000100200010000 (Rajaswa) | 14229 (Revenue) |
| Province treasury controller office (Pra. Ko. Le. Ni. Ka.) Birganj Parsa | Rastriya Banijay Bank | Kalaiya, Bara | 1260100202030000 (Dharauti) | Office Code: 3290321012 |

4. Pre-bid meeting shall be held at ***Division Forest Office, Bara*** at ***11:30 Hours of 21-05-2026***
5. Electronic bids must be submitted to the office ***Division Forest Office, Bara*** through PPMO website www.bolpatra.gov.np/egpon before ***12:00 Hours*** on ***01-06-2026.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 Hours*** on ***01-06-2026.*** at the office of ***Division Forest Office, Bara.*** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a scanned copy of the bid security in .pdf format amounting to a minimum of ***Rs. 1,30,000.*** which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e.28/09/2026)***

**Divisional Forest Office**

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastruture Development (DoLID)**
**Rural Connectivity Improvement Project (RCIP)**
**Project Coordination Unit (PCU)**
**Shreemahal, Pulchowk, Lalitpur**

**Request for Expressions of Interest (REOI) from Consulting Firms – Consultant for providing skill development training to people of project affected area under RCIP - AF**

**First Date of Publication: May 01, 2026 (2083/01/18 BS)**

Name of Project : **Rural Connectivity Improvement Project-Additional Financing (RCIP-AF)**
Name of the Donor Agency : **Asian Development Bank (ADB)**

1. Government of Nepal (GoN) has received financing from the Asian Development Bank (ADB) toward the cost of Rural Connectivity Improvement Project-Additional Financing (RCIP-AF).
2. The Rural Connectivity Improvement Project, Project Coordination Unit (RCIP-PCU) invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") for following 3 consulting packages:

| Package No. | Package Name |
|---|---|
| DoLID/RCIP-AF/ CSDT-01/082/83 | Consulting Firms (Training Service Provider) for providing skill development training to people of project affected area (Package 1: Koshi and Bagmati Province) |
| DoLID/RCIP-AF/ CSDT-02/082/83 | Consulting Firms (Training Service Provider) for providing skill development training to people of project affected area (Package 2: Gandaki Province) |
| DoLID/RCIP-AF/ CSDT-03/082/83 | Consulting Firms (Training Service Provider) for providing skill development training to people of project affected area (Package 3: Lumbini and Karnali Province) |

We seek the consulting services: to provide and manage livelihood enhancement skill and general market acceptable trainings to trainees from road sub-projects including:

i. Identify potential trainees with application of established eligibility criteria and provide short term (390 and 160 hrs.) skill trainings in 19 different trades to trainees from various road sub-projects.
ii. Organize and conduct NSTB level 1 skill test for the trainees of the trades for which such test are available.
iii. Organize and conduct general market acceptable skill test for the trainees of other trades.

3. EOI is open to consulting firms from eligible source countries of ADB to eligible payments under the Contract for which this Expression of Interest is invited for **National consulting service.**
4. A Consultant Selection Recruitment Notice (CSRN) published in ADB's Consultant Management System (CMS) web portal. Eligible Consultant firm are invited to submit their EOI online only via the CMS portal (http://csrn.adb.org) in the format prescribed in the CSRN on or before midnight (Manila time) of May 15, 2026.
5. Consultants may associate with other consultants to enhance their qualifications.
6. EOI will be assessed based on **Management Competence 20%, Technical Competence 70% and Geographic Competence 10%** of consulting firm. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
7. The shortlisting will follow the "Procurement Regulations for ADB Borrowers Goods, Works, Non Consulting and Consulting Services 2017" including revisions, if any.
   For further information, please contact the office: RCIP, PCU, Shreemahal, Pulchowk, Lalitpur (Tel: 01-5439594)

**Project Director**

धूमपान कहिल्यै सेवन नगरौं ।

## कोशी र खिल्जीको पहिलो जित

**काठमाडौँ** (गोरखापत्र), वैशाख १७ गते। कोशी प्रदेश भलिबल क्लब र खिल्जी युवा क्लबले १० औँ पिएम कप एनभिए भलिबल लिग अन्तर्गत पुरुषतर्फ पहिलो जित हासिल गरेका छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा बिहीबार कोशीले बुढानीलकण्ठ भलिबल क्लबलाई ३–१ को सेटले पराजित गरेको छ। बुढानीलकण्ठ २०–२५, २५–१५, २५–१७ र २६–२४ ले पराजित भएको हो। बुढानीलकण्ठको छैटौँ हारसँगै प्रतियोगिताको एक मात्र जितविहीन टोली बनेको छ।

अर्को खेलमा खिल्जीले पनि एपिएफमाथि ३–१ को पुनरागमन जित हासिल गर्‍यो। खिल्जीले पहिलो सेट २१–२५ ले गुमाएको थियो। त्यसपछि खिल्जीले बाँकीका तीन सेट २५–२२, २५–२३ र २५–२१ ले खेल आफ्नो पक्षमा पार्‍यो। एपिएफको यो पाँचौँ हार हो। तेस्रो खेलमा त्रिभुवन आर्मी क्लब रुकुम भलिबल क्लबसँग ३–१ ले पराजित हुन पुगेको छ। रुकुमले २५–२२, २५–१८, २९–३१, २५–२१ ले जित हात पारेको हो।

## खेलकर्मी सम्मानित

**काठमाडौँ** (गोरखापत्र), वैशाख १७ गते। काठमाडौँ महानगरपालिका वडा नं. १५ ले स्वयम्भू महोत्सवका अवसरमा आफ्नो वडाका खेलकर्मीलाई सम्मान गरेको छ। कामनपा वडा नं. १५ ले भूकम्प स्मृति बहुउद्देश्यीय हलमा खेलाडी सम्मान तथा खेलकुद प्रदर्शनीको आयोजना गरेको हो।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ तथा कामनपा वडा नं. १५ का अध्यक्ष ईश्वरमान डङ्गोलले नौ पटकका राष्ट्रिय महिला टेलबटेनिस च्याम्पियन नविता श्रेष्ठ, ओलम्पियन स्की खेलाडी सफलराम श्रेष्ठलगायत विभिन्न खेलका दर्जनौँ खेलाडी, पूर्वखेलाडी तथा प्रशिक्षकलाई सम्मान गर्नुभयो। सो अवसरमा उसु र कुङफुको डेमोन्स्ट्रेसन पनि गरिएको थियो। स्वयम्भू महोत्सवभरि विभिन्न सांस्कृतिक, मनोरञ्जनात्मक कार्यक्रमका साथै खेल पनि समावेश गरिएको छ। वैशाख १२ गते सुरु भएको स्वयम्भू महोत्सव वैशाख १९ गते सम्पन्न हुने छ।

## एन्सेललाई कर्पोरेट टी–१० को उपाधि

**काठमाडौँ** (गोरखापत्र), वैशाख १७ गते। एनसेलले फाइनलमा सुबिसुलाई डकवर्थ लुइसको नियम अनुसार ३८ रनले हराएर टेक्सपायर कर्पोरेट टी–१० लिगको उपाधि जितेको छ। काठमाडौँको तल्लो मूलपानी मैदानमा पहिले ब्याटिङमा उत्रिएको एनसेलले निर्धारित १० ओभरमा दुई विकेट गुमाउँदै १३१ रनको बलियो स्कोर बनाएको थियो। एनसेलका लागि अनिल भण्डारीले ३३ बलमा ७४ रन बनाउनुभयो।

सुबिसुले जवाफमा आठ ओभरमा छ विकेट गुमाएर ६३ रन बनाएपछि पानी पर्दा खेल रोकिएको थियो। सो खेलमा एनसेलका अनिल भण्डारी 'प्लेयर अफ दी म्याच' तथा आइसिएफसी फाइनान्सका कप्तान सुरज तिमिल्सिना प्रतियोगिताकै उत्कृष्ट खेलाडी चुनिनुभयो।

### कविताको ह्याट्रिकसहित छ विकेट

# भानुआटुसँग नेपालको बदला



*तस्बिर सौजन्य : क्यान*

**नेपालकी कविता कुँवर बिहीबार भानुआटुविरुद्ध बलिङ गर्नुहुँदै।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

कविता कुँवरले ह्याट्रिकसहित छ विकेट लिएपछि नेपालले बिहीबार आइसिसी महिला टी–२० च्यालेन्ज ट्रफीमा भानुआटुलाई ८३ रनले सजिलै हराएको छ। नेपाल पहिलो चरणमा भानुआटुसँग पराजित भएको थियो। नेपाल उपाधि होडबाट भने बाहिरिसकेको छ। अमेरिकाले बिहीबारै इटालीलाई हराएपछि नेपालको उपाधि जित्ने सम्भावना समाप्त भएको हो। अमेरिका इटालीलाई हराएपछि च्याम्पियन बन्यो। प्रतियोगिता डबल राउन्ड रोबिन लिगका आधारमा भइरहेको छ। सबै खेलपश्चात् शीर्ष स्थानमा रहने टिम विजेता बन्ने प्रावधान रहेको छ।

नेपालको यो चौथो जित हो। यसअघि नेपालले रुवान्डालाई दुई र इटालीलाई एक पटक हराएको थियो। नेपाल अमेरिकासँग भने दुवै पटक पराजित भएको थियो। नेपालले अब आफ्नो अन्तिम खेल शुक्रबार इटालीसँग खेल्ने छ।

रुवान्डाको किगालीस्थित गाहाङ्गा अन्तर राष्ट्रिय क्रिकेट रङ्गशालामा भएको खेलमा पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा १३२ रनको राम्रो स्कोर तयार पारेको थियो। प्रारम्भिक बलर कविताले ३.४ ओभरमा मात्र पाँच रन खर्चेर छ विकेट लिएपछि भानुआटु जवाफमा १६.४ ओभरमा ४९ रनमै अलआउट भयो।

१५ औँ ओभरमा आफ्नो दोस्रो स्पेलका लागि बलिङमा फर्किएकी कविताले गिलियन चिलिया (२ रन), एल्भिना चिलिया (०) र अना ग्रिफिन (०) लाई लगातार तीन बलमा आउट गरेर ह्याट्रिकको गौरव हासिल गर्नुभयो। भानुआटुका लागि प्रारम्भिक ब्याटर भालेन्टा लाङ्गियाटु (१४ रन) र नासिमाना नाभाइका (११ रन) ले मात्र दोहोरो अङ्कमा रन बनाउन सक्नुभयो। नेपालका लागि पूजा महतो र रचना चौधरीले पनि दुई–दुई विकेट लिनुभयो।

यसअघि नेपालका लागि प्रारम्भिक ब्याटर सम्झना खड्काले ५१ बलमा ५२ रनको अर्धशतकीय पालि खेल्नुभएको थियो। उहाँको पालि नौ चौका सामेल थियो। सम्झनाले पूजासँग मिलेर पहिलो विकेटका लागि सात ओभरमा ४४ रनको साझेदारी निर्वाह गर्नुभएको थियो। पूजा २० बलमा एक छक्कासहित १९ रन बनाएर आउट हुनुभयो। त्यसपछि कप्तान इन्दु वर्माले मात्र १८ बलमा सात चौकासहित अविजित ४३ रनको आकर्षक पालि खेल्नुभएको थियो। भानुआटुका लागि राचेल एन्ड्रयु, नातालिया काकोर र नासिमानाले विकेट लिनुभयो।

## दौडलाई टुएम र खड्काको साथ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

गोरखापत्र प्रकाशनको १२६ औँ वर्ष प्रवेशको अवसरमा गोरखापत्र संस्थानद्वारा आयोजित पाँच किलोमिटर राष्ट्रिय खुला दौडलाई खेलकुद सामग्री बिक्रीवितरण गर्ने कम्पनी टुएम इन्टरनेसनल प्राइभेट लिमिटेडले साथ दिएको छ। यसै गरी अमेरिकामा रहनुभएका वरिष्ठ कराँते खेलाडी जनकसिंह खड्काले समेत व्यक्तिगत रूपमा यस दौडलाई सहयोग गर्नुभएको छ।

राष्ट्रको गौरव र ऐतिहासिक पत्रिका गोरखापत्रद्वारा आयोजित प्रतियोगितालाई सहयोग गर्न पाउँदा आफू गौरवान्वित भएको कराँते खेलाडी खड्काले बताउनुभएको छ। उहाँले नेपालको खेलकुद क्षेत्रमा आफूले सक्ने जति सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ। यसै गरी टुएमका प्रबन्ध निर्देशक दिनेशराज पन्तले गोरखापत्रको यस कार्यक्रमसँग जोडिन पाउँदा खुसी लागेको बताउनुभयो। "गोरखापत्रले गरेको यस बृहत् खेलकुद कार्यक्रममा खेलसँग सम्बन्धित हाम्रो संस्थाले सहकार्य गर्न पाउँदा गर्व महसुस भएको छ," उहाँले भन्नुभयो।

सो दौड वैशाख २१ गते हुँदै छ।

## म्याड्रिडमा बराबरीले आर्सनललाई फाइदा



**म्याड्रिड**, वैशाख १७ गते। च्याम्पियन्स लिग सेमिफाइनल अन्तर्गत बिहीबार भएको पहिलो लेगमा स्पेनको एट्लेटिको म्याड्रिड र इङ्ग्ल्यान्डको आर्सनलले १–१ को बराबरीमा खेलेका छन्। दोस्रो लेग लन्डनमा अर्को हप्ता हुने छ। दुवै टिम लामो समयपछि च्याम्पियन्स लिगको फाइनलमा पुग्ने प्रयासमा छन्। दुवै टिमले अहिलेसम्म च्याम्पियन्स लिग जित्न सकेका छैनन्।

खेलको ४४ औँ मिनेटमा भिक्टर ग्योकेरेसले पेनाल्टीमा गोल गरी पाहुना टिम आर्सनललाई अगाडि पार्नुभएको थियो। खेलको ५६ औँ मिनेटमा जुलियन अल्भारेजले पेनाल्टीमै गोल गरी खेल बराबरीको स्थितिमा ल्याउनुभयो। खेलको ७८ औँ मिनेटमा डेभिड हान्चोले इबेरेची इजेलाई डिबक्समा लडाएपछि आर्सनलले अर्को पेनाल्टी पाएको थियो तर भिडियो रिप्लेपछि रेफ्रीले सो निर्णय फिर्ता लिए। खेलको ६३ औँ मिनेटमा एन्टोनी ग्रिज्म्यानको प्रहार गोलपोस्टमा लागेर फर्किंदा एट्लेटिको अभाग्यशाली साबित भएको थियो।

आर्सनलका प्रशिक्षक मिकेल आर्टेटाले म्याड्रिडमा प्राप्त बराबरी जित सरह भएको बताउनुभयो। "हामी राम्रो स्थितिमा छौँ। अर्को खेल हामी घरेलु मैदानमा घरेलु समर्थकको अगाडि खेल्ने छौँ," उहाँले भन्नुभयो। यस सत्रको लिग चरणमा आर्सनलले घरेलु मैदानमा एट्लेटिको म्याड्रिडलाई ४–० ले हराएको थियो। त्यसैले पनि अर्को हप्ता खेल्दा आर्सनल उच्च मनोबलमा रहने छ।

एट्लेटिकोले पछिल्लो पटक सन् २०१६ मा च्याम्पियन्स लिगको फाइनल खेलेको थियो। सो समय रियल म्याड्रिडसँग हारेर एट्लेटिको विश्वको सबभन्दा प्रतिष्ठित क्लब फुटबल प्रतियोगिता जित्नबाट वञ्चित भएको थियो। आर्सनलले पछिल्लो पटक सन् २००६ मा च्याम्पियन्स लिगको उपाधि भिडन्त गरेको थियो। सो समय बार्सिलोनाले आर्सनललाई स्तब्ध पारेको थियो।

यसअघि पहिलो सेमिफाइनलमा गत विजेता पेरिस सेन्ट जर्मनले बायर्न म्युनिखलाई ५–४ ले हराएको थियो। एपी

## नेतृत्वविहीन कोशी खेलकुद

**शशिधर पराजुली**
*विराटनगर, वैशाख १७ गते*

कोशी प्रदेश खेलकुद विकास बोर्ड विगत सात महिनादेखि नेतृत्वविहीन बनेको छ। बोर्डमा सदस्यसचिव नियुक्ति हुन नसक्दा विद्यालय तहको सबैभन्दा ठुलो प्रतियोगिता 'राष्ट्रपति रनिङ सिल्ड' सहित प्रदेशभरका खेलकुद गतिविधि ठप्प छन्। तत्कालीन सदस्यसचिव कृष्ण बस्नेत (पर्शुराम) को कार्यकाल गत भदौ २५ गते सकिएपछि बोर्ड अभिभावकविहीन बनेको हो। सत्तारूढ दलबिच भागबण्डा र खेलकुदलाई प्राथमिकतामा नराख्दा नियुक्ति प्रक्रिया लामो समयदेखि अल्झिएको हो।

सदस्यसचिव नहुँदा विद्यालयस्तरबाट सुरु हुने 'राष्ट्रपति रनिङ सिल्ड' प्रतियोगिता सबैभन्दा बढी प्रभावित भएको छ। प्रदेशका विभिन्न स्थानीय तहले आफ्ना क्षेत्रबाट खेलाडी छनोट गरिसके पनि जिल्ला र प्रदेशस्तरीय छनोट प्रक्रिया अघि बढ्न सकेको छैन। बोर्डले बजेट निकासा नगर्दा जिल्ला खेलकुद विकास समितिले प्रतियोगिता अगाडि बढाउन नसकेका हुन्।

सुनसरी जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष अनुरोध थापाका अनुसार नेतृत्व र बजेट अभावका कारण हजारौँ विद्यार्थी खेलाडी आफ्नो प्रतिभा देखाउने अवसरबाट वञ्चित हुने अवस्था आएको छ। सदस्यसचिवकै अभावमा जिल्ला खेलकुद विकास समितिले समेत पूर्णता पाउन सकेका छैनन्। आर्थिक वर्ष सकिन साढे दुई महिना मात्र बाँकी हुँदासमेत सदस्यसचिव नियुक्त नहुँदा विनियोजित बजेट फ्रिज हुने जोखिम बढेको छ। विगतमा जस्तै आर्थिक वर्षको अन्त्यमा हतार हतार प्रतियोगिता गरेर बजेट सक्ने प्रवृत्ति दोहोरिने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन्।

यस्तै आगामी १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीसमेत कोशी प्रदेशमा सुरु भएको छैन। अन्य प्रदेशको तयारी अघि बढिसकेको भए पनि कोशीमा भने प्रशिक्षण र खेलाडी छनोटको प्रक्रिया सुरु नै भएको छैन। सरोकारवालाले खेल क्षेत्र बुझेका व्यक्तिभन्दा राजनीतिक कार्यकर्ता भर्ती गर्ने चाहना राख्दा समस्या भएको भन्दै तत्काल सदस्यसचिव नियुक्त गर्नुपर्ने नेपाल खेलकुद महासङ्घका सचिव विप्लव घोषले बताउनुभयो। यसैबिच कोशी प्रदेशका सामाजिक विकासमन्त्री रामप्रसाद महतोले सदस्यसचिव वैशाखभित्रै नियुक्त गर्ने तयारी भइरहेको प्रतिक्रिया दिनुभयो।

## कला/साहित्य

### चलचित्र समीक्षा

# 'बलियो दृश्य, फितलो अभिनय'

**सुकृत नेपाल**
*काठमाडौँ, वैशाख १७ गते*

कथाकार गुरुप्रसाद मैनालीको चर्चित कथासङ्ग्रह नासोभित्रको उत्कृष्ट कथा हो, 'परालको आगो'। यस कालजयी कृतिलाई पहिलो पटक निर्देशक प्रताप सुब्बाले पर्दामा उतार्नुभएको थियो। त्यसबेला चलचित्र 'ब्ल्याक एन्ड ह्वाइट' (श्वेतश्याम) प्रविधिमा निर्माण गरिएको थियो, जसको पटकथा र संवादसमेत निर्देशक सुब्बा आफैँले लेख्नुभएको थियो। चलचित्रमा चामेको भूमिकामा कलाकार टङ्क शर्मा र गौँथलीको भूमिकामा अभिनेतृ वसुन्धरा भुसाल देखिनुभएको थियो। चामे र गौँथलीका माध्यमबाट देखाइएको त्यो मार्मिक पारिवारिक कथा तत्कालीन समयमा निकै लोकप्रिय भएको थियो।

मैनालीको सोही चर्चित कृतिमा आधारित रहेर अहिले पुन : रङ्गीन परिवेशमा 'परालको आगो' निर्माण भएको छ। यस पटकको चलचित्रलाई सुशील पोखरेलले निर्माण र लक्ष्मण सुनारले निर्देशन गर्नुभएको हो। 'बुढाबुढीको झगडा–परालको आगो' भन्ने उखान अहिले पनि नेपाली गाउँघरमा उत्तिकै प्रचलित छ। कथाकार मैनालीको यस कृतिको मुख्य सन्देश पनि यही नै हो। श्रीमान्श्रीमतीको सम्बन्ध परालको आगो जस्तै हो; जुन जति छिटो सल्कन्छ, त्यति नै छिटो निभ्छ। चलचित्रको कथा पनि श्रीमान्श्रीमतीको माया र मनमुटावभित्र घुमेको छ। कथाकार मैनालीले



परिकल्पना गरेका चर्चित पात्रहरू चामे र गौँथलीका रूपमा यस पटक क्रमश : प्रकाश सपुत र सुहाना थापा प्रमुख भूमिकामा प्रस्तुत हुनुभएको छ। लामो समयको मनमुटाव र झगडापछि श्रीमतीलाई घर फर्काउन सफल भएका चामेले अबदेखि कहिल्यै नकुट्ने र झगडा नगर्ने वाचा गर्नुहुन्छ। चामे र गौँथलीको सुखद मिलन देखेर कथाका अन्य पात्र जुठे (सौगात मल्ल) र उहाँकी श्रीमती सुन्तली (सिर्जना अधिकारी) बिचको संवादले कथाको मर्मलाई थप प्रस्ट पारेको छ।


चलचित्रमा सङ्कल्प भुजेलको उत्कृष्ट छायाङ्कनले दर्शकलाई कथाको पुरानो कालखण्डको जीवन्त अनुभूति गराउने सफल प्रयास गरेको छ। चलचित्रमा ग्रामीण परिवेशका मनमोहक दृश्यलाई कलात्मक रूपले देखाइएको छ। यस्तै त्यसभित्र प्रयोग गरिएका केही संवाद द्विअर्थी लाग्छन् भने कतिपय निकै दार्शनिक र गम्भीर प्रकृतिका छन्।

चलचित्रको प्राविधिक पक्ष सबल देखिए पनि पात्रको रूपान्तरण र अभिनयको गहिराइमा भने केही खट्किने पाटा छन्। विशेष गरी मुख्य पात्र चामेको चारित्रिक विकास अलि फितलो महसुस हुन्छ। चामेको भूमिकामा देखिएका कलाकारको अभिनयमा जुन प्रकारको 'रेन्ज' र स्वाभाविक उतारचढाव हुनुपर्ने हो, त्यो संवादको तुलनामा सुस्त देखिन्छ। चामेको चरित्र पर्दामा जीवन्त लाग्नुभन्दा पनि संवादले मात्र थिचिएको जस्तो भान हुन्छ, जसका कारण दर्शकले उसको आन्तरिक द्वन्द्वलाई महसुस गर्न कठिन पर्छ।

गौँथलीको भूमिकामा पनि संवादको प्रभावकारिता कमजोर देखिन्छ। गौँथलीको चरित्रमा जुन किसिमको भावनात्मक आरोहअवरोह र बोलीमा हुनुपर्ने स्वाभाविक उतारचढाव आवश्यक थियो, त्यो प्रदर्शन हुन सकेको छैन। यसले गर्दा पात्र र परिस्थितिको गम्भीरता कता कता ओझेलमा परेको छ।

निर्देशकले कतिपय दृश्यलाई विम्बात्मक रूपमा प्रस्तुत गर्ने प्रयास त गर्नुभएको छ तर ती विम्ब कथाको प्रवाहसँग सुहाउँदो र अर्थपूर्ण लाग्दैनन्। विम्ब आफैँमा एउटा भाषा हुनुपर्नेमा यहाँ ती केवल एउटा प्राविधिक प्रयोगमा मात्र सीमित भएका छन्, जसले गर्दा आमदर्शकलाई कथाको गहिराइसम्म पुग्न अलमल गराउँछ। एउटा क्लासिक कथालाई आधुनिक स्वरूप दिँदा पात्रको अभिनय र दृश्यको अर्थपूर्ण संयोजनमा जुन सन्तुलन हुनुपर्थ्यो, त्यसको अभावले गर्दा चलचित्रका केही दृश्यमा स्टेज नाटक जस्तो मात्र देखिन पुगेको छ।

## 'प्रेरणाका गुच्छा' विमोचन



**काठमाडौँ** (गोरखापत्र), वैशाख १७ गते। पूर्वसांसद बिजुला रायमाझीको कवितासङ्ग्रह 'प्रेरणाका गुच्छा' विमोचन गरिएको छ। नेकपा (एमाले) का नेता प्रदीप ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा प्राडा जीवेन्द्रदेव गिरी र बाल साहित्यकार सुशीला प्रधानाङ्गलगायतले संयुक्त रूपमा कवितासङ्ग्रहको विमोचन गर्नुभएको हो।

कार्यक्रममा नेता ज्ञवालीले सङ्ग्रहमा समेटिएका कविताले समाजलाई सकारात्मक सन्देश दिने बताउनुभयो। रायमाझी नाम जस्तै पौरखी भएको भन्दै शिक्षण र नीतिनिर्माणको गहन भूमिकाबाट कविता लेखनको क्षेत्रमा आइपुग्न धेरै सङ्घर्ष गर्नुभएको स्मरण गर्नुभयो। कार्यक्रममा साहित्यकार ओम आचार्य, पाणिनि बहुमुखी क्याम्पसका पूर्वप्रमुख तथा साहित्यकार बुद्धि भुसाललगायतले रायमाझीको साहित्यिक यात्राबारे चर्चा गर्नुभएको थियो। सङ्ग्रहमा कुल १८२ वटा कविता समेटिएका छन्।

## महिलाले मात्र ताने मत्स्येन्द्रनाथको रथ

**गोरखापत्र समाचारदाता**
*ललितपुर, वैशाख १७ गते*

वर्षा र सहकालका देवता रातो मत्स्येन्द्रनाथको रथ महिलाले बिहीबार लगनखेलबाट तानेका छन्। रातो मत्स्येन्द्रनाथको रथको टुप्पोबाट नरिवल खसालेको भोलिपल्ट अर्थात् बिहीबार बिहानै रथलाई लगनखेलबाट तानेर थतिटोलसम्म पुर्‍याइएको छ। विशाल जनसागर सहभागिताबिच ६०/७० जना महिलाले डोरी समाउने कार्य गरेका थिए। यसलाई नेपाल भाषामा याकः मिसाया भूज्याः (एकल महिलाको जात्रा) भनिन्छ।

विगतमा यो परम्परा बिहान झिसमिसेमा हुने गर्दथ्यो तर एक दशकअघिदेखि यो बिहानको उज्यालो सँगसँगै हुन थालेको संस्कृतिविद् डा. चुन्दा वज्राचार्य बताउनुहुन्छ। एकल महिलालाई समाजमा स्थान दिएको प्रतीकस्वरूप एकल महिलाले मात्र रथ तान्ने परम्परामा हाल परिमार्जित भएर सबै महिलाको सहभागिता हुन थालेको छ।

अन्य दिनमा साँझतिर तानिने रथ यस दिन बिहान तानिन्छ। डा. वज्राचार्य भन्नुहुन्छ, "यो चलनलाई पुरातन समाजमा एकल महिलाको अस्तित्वलाई विशेष ठाउँ दिएको प्रमाणका रूपमा लिन सकिन्छ।" कुनै समयमा रथजात्रा गरिरहँदा लगनखेल इटिटोलको एक एकल महिला बिरामी भई रथजात्रामा सहभागी हुन नसकेकाले एकल महिलालाई पनि जात्रामा सहभागी गराउनु पर्छ भनी धार्मिक मान्यता अनुसार एक दिन महिलाले मात्र रथ



तानी जात्रा सम्पन्न गरेका हुन्। वज्राचार्यका अनुसार हरेक दिन रथबाट नरिवल खसालेको भोलिपल्ट बिहान महिलाले मात्र रथजात्रा सम्पन्न गर्ने परम्परा रहिआएको छ।

महिलाले सार्वजनिक रूपमा बाहिर निस्केर जात्रा पर्वमा सरिक हुन बन्देज जस्तै लगाएको समयमा पनि यो क्रमले निरन्तरता पाएको थियो। महिलाको भूमिकालाई स्वीकारेर जात्रामा पनि स्थान दिएको यो नमुनालाई केही वर्षअघिदेखि काठमाडौँमा हुने इन्द्रजात्रामा पनि अङ्गीकार गरेको छ। इन्द्रजात्रामा कुमारी, भैरव र गणेशको रथ तान्दा महिलाको पनि सहभागिता गराइन्छ। महिलाले रथ तान्ने दिन अन्य दिनमा भन्दा कम दुरी लगनखेलको इटिटोलदेखि थतिटोलसम्म (करिब सय मिटर) मात्र रथ तानिन्छ। थतिटोलमा पुगेपछि भने ज्योतिषले दोस्रो चरणको साइत हेरेर जावलाखेल पुर्‍याउने दिनको टुङ्गो लाग्छ। रथ जावलाखेल पुगेको चार दिनपछि भोटो जात्रा मनाइन्छ र खटमा राखेर त्यही दिन मत्स्येन्द्रनाथलाई बुङ्गमती फर्काइन्छ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम्।

- **मेष** – प्रेममा पारख बढ्ने छ। व्यापारमा वृद्धिका साथै कलात्मक पक्ष रुचिकर रहने छ।
- **वृष** – लगानीका स्रोत बढ्ने छन्। आर्थिक उन्नतिका साथै जलीय वस्तुबाट लाभ रहने छ।
- **मिथुन** – व्यवसायमा वृद्धि हुने छ। मित्र सुखका साथै वैदेशिक क्षेत्रबाट लाभ रहने छ।
- **कर्कट** – जलीय वस्तु मध्यम फलदायी रहने छन्। शत्रु भयका साथै मित्रजनबाट हानि रहन सक्ने छ।
- **सिंह** – भौतिक वस्तुबाट सुख मिल्ने छ। कार्यक्षेत्रमा उन्नतिका साथै कलात्मक पक्ष सुखद रहने छ।
- **कन्या** – खेल क्षेत्र रुचिकर रहने छ। मित्र सुखका साथै अध्ययन अध्यापनमा सफलता मिल्ने छ।
- **तुला** – मिष्ठान्न लाभ हुने छ। नयाँ कार्य प्राप्तिका साथै सुखद परिभ्रमणका योग देखिन्छन्।
- **वृश्चिक** – दिन खर्चिला रहन सक्ने छन्। मित्र हानिका साथै शत्रु भय रहन सक्ने छ।
- **धनु** – प्रिय लाभ हुने छ। धार्मिक कार्यमा रुचि रहनुका साथै यात्राका योग देखिन्छन्।
- **मकर** – प्राविधिक कार्य सुखद रहने छ। द्रव्य लाभका साथै कान्ति वृद्धि हुने छ।
- **कुम्भ** – भौतिक वस्तुबाट लाभ रहने छ। आर्थिक उन्नतिका साथै यात्राका योग देखिन्छन्।
- **मीन** – शत्रु भय रहन सक्ने छ। खर्चमा वृद्धिका साथै स्वास्थ्य पनि प्रतिकूल रहन सक्ने देखिन्छ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल वैशाख १८ गते (मे ०१, २०२६) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५१।५६ | १५२।१६ |
| युरो | १ को रु. | १७७।५८ | १७८।२८ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०५।१० | २०५।९१ |
| स्विस फ्रैङ्क | १ को रु. | १९३।०६ | १९३।८२ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०८।६० | १०९।०३ |
| क्यानेडियन डलर | १ को रु. | ११०।९६ | १११।४० |
| सिङ्गापुर डलर | १ को रु. | ११८।८६ | ११९।३३ |
| जापानी येन | १० को रु. | ९।६८ | ९।७२ |
| चिनियाँ युआन | १ को रु. | २२।२० | २२।२९ |
| साउदी अरब रियाल | १ को रु. | ४०।४१ | ४०।५७ |
| कतारी रियाल | १ को रु. | ४१।५८ | ४१।७४ |
| थाई भाट | १ को रु. | ४।६६ | ४।६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।२६ | ४१।४३ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३८।१८ | ३८।३३ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।२९ | १०।३३ |
| स्विडिस क्रोनर | १ को रु. | १६।४१ | १६।४७ |
| डेनिस क्रोनर | १ को रु. | २३।७७ | २३।८६ |
| हङ्कङ डलर | १ को रु. | १९।३५ | १९।४३ |
| कुवेती दिनार | १ को रु. | ४९४।०८ | ४९६।०४ |
| बहराइन दिनार | १ को रु. | ४०१।३२ | ४०२।९१ |
| ओमानी रियाल | १ को रु. | ३९३।६४ | ३९५।२० |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि अध्यक्ष **गोविन्दप्रसाद (अखण्ड) भण्डारी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। नि. प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

राष्ट्रको गौरव

# गोरखापत्र

१२५ वर्षमा

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com








कोहलपुर संस्करण | विवेचना | बौद्ध धर्मका सम्प्रदाय | जाँचपास गर्ने प्रक्रियामा सहजता ल्याउन निर्देशन २२



वर्ष १२५ | अङ्क ३५१ | २०८३ साल वैशाख १८ गते शुक्रबार | वैशाख शुक्ल पूर्णिमा | नेपाल संवत् ११४६ बछलाथ्व १५ | 2026 May 1 Friday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ


## सरकारका सय कार्यसूची

# समयसीमा तोकेरै धमाधम काम

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याउन एक सय कार्यसूचीलाई कार्यान्वयनमा ल्याइएको हो ।



स्केच : एआई

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, वैशाख १७ गते*

सरकारद्वारा शासकीय सुधार गर्ने लक्ष्य अनुसार सार्वजनिक गरिएको एक सय दिनमा गरिने एक सय कार्यसूची अहिले धमाधम कार्यान्वयन भइरहेका छन्। वालेन्द्र शाह नेतृत्वको सरकार गठन भएको पहिलो मन्त्रीपरिषद्को बैठकले निर्णय गरी सार्वजनिक गरिएको शासकीय सुधारका एक सय कार्यसूची अहिले आआफ्नो कार्यजिम्मेवारीमा परेका निकायले धमाधम कार्यान्वयन गरिरहेका छन्। सबै मन्त्रालय, विभाग, आयोग प्रतिष्ठान, प्रदेश सरकार र स्थानीय सरकारले समेत समयसीमा र कार्यतालिका नै तोकेर कार्ययोजना कार्यान्वयन गरिरहेका छन्।

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने ढाँचामा रूपान्तरण गर्न नतिजामा आधारित शासकीय प्रबन्ध लागु गर्ने निर्णय गरी एक सय कार्यसूचीलाई कार्यान्वयन ल्याइएको हो। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सहसचिव डा. भीष्मकुमार भुसालले एक सय दिनमा गरिने एक सय वटा कार्यसूची अहिले धमाधम कार्यान्वयन भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार कतिपय निकायले १५ दिन र ३० दिनमा गरिने कार्यको प्रतिवेदन प्रधानमन्त्री कार्यालयलाई बुझाइरहेका छन्। कतिपय विषय भने कानुन नै बनाएर कार्यान्वयन गर्नुपर्ने भएकाले उक्त विषयको विधायिकी प्रक्रियामा रहेका बाहेक सम्बन्धित निकायले गर्ने विकासनिर्माण, सेवा प्रवाहसँग सम्बन्धित अन्य काम गम्भीरतापूर्वक नै कार्यान्वयन भइरहेका छन्।

यसअगाडि विभिन्न आयोगका प्रतिवेदन अभिलेखमा मात्र सीमित रहने गरेकाले अहिले उक्त प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक कानुनी र प्रशासनिक प्रक्रिया सुरु भएको, मन्त्रालयको सङ्ख्या घटाएर १७ वटा बनाउने कार्यका लागि कार्यविभाजन नियमावली संशोधन गरी मन्त्रालय गाभ्ने तयारी गरिएको, नेपाल सरकार अन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका कार्यालयको मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनर्संरचना गर्ने कार्य भइरहेको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ।

सङ्घीय निजामती सेवा विधेयकको मसौदा ४५ दिनभित्र तर्जुमा गर्ने कार्यसूचीमा उल्लेख भए अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मसौदा सार्वजनिक गरी राय सुझाव लिने क्रम भइरहेको, कर्मचारीको अद्यावधिक डिजिटल प्रोफाइल तयार गरी नियुक्ति, पदस्थापना, सरुवा, तालिम, बढुवा तथा अवकाशसम्मको व्यवस्था अनुमानयोग्य र स्वचालित बनाउनका लागि कर्मचारीको पर्सनल म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम (पिएमआइएस) आर्किटेक्चर तयार भएको बताइएको छ।

देशभरका नागरिकका गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न सबै निकायले गुनासो व्यवस्थापनको प्रणाली सञ्चालनमा ल्याएकोलगायतका अधिकांश कामको सुरुवात भइसकेका छन्। स्पष्ट जिम्मेवारी र कार्यक्षेत्र भएका निकायले त कार्ययोजना नै बनाएर काम अगाडि बढाइरहेका छन्। अलमलमा परेका निकायलाई भने प्रधानमन्त्री कार्यालयले सहजीकरण गर्ने काम गरिरहेको छ। कतिपय निकायलाई एकै पटक धेरै काम आइरहँदा काम कसरी गुणस्तरीय रूपमा सम्पन्न गर्ने भन्ने समयको दबाब भने कायमै रहेको भुसालले स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "एक सय कार्यसूचीमध्ये कतिपय विषय मन्त्रीपरिषद्ले र संसद्ले निर्णय गर्ने विषय छन्। जुन केही समय ढिलो जस्तो भए पनि काम सम्पन्न भएको तर निर्णय मात्र हुन बाँकी छन् त्यो पनि केही दिनभित्रमा भइसक्छन्।"

### स्थानीय तहबाट पनि कार्यान्वयन

एक सय वटा कार्यसूचीमा उल्लिखित स्थानीय तहको कार्यक्षेत्रमा पर्ने कतिपय विषय स्थानीय तहबाट पनि धमाधम कार्यान्वयन भइरहेका छन्। काभ्रेको बेथानचोक गाउँपालिकाले एक सय


» बाँकी पृष्ठ २ मा


## राष्ट्रपतिद्वारा दुई अध्यादेश जारी

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख १७ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन अध्यादेश) २०८३ जारी गर्नुभएको छ। सरकारले राष्ट्रपतिसमक्ष छ वटा अध्यादेश सिफारिस गरेकामा राष्ट्रपति पौडेलले सोमध्येका दुई अध्यादेश जारी गर्नुभएको हो।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले राष्ट्रपति पौडेलले वैशाख १७ गते बिहीबार सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन अध्यादेश) २०८३ जारी गर्नुभएको उल्लेख गर्नुभएको छ। राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति पौडेलले संविधानको धारा ११४ को १ बमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्नुभएको हो।

संविधानको सो धारामा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था छ। सङ्घीय संसद्को अधिवेशन हाल स्थगित छ। प्रधानमन्त्रीका सञ्चार तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार सरकारले वैशाख १४ गते संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिसका लागि बस्ने


» बाँकी पृष्ठ २ मा


### अग्रलेख



**सुकुमवासी 'स्वाभिमान'**

नेपालमा सुकुमवासी समस्या कुनै नयाँ वा नौलो समस्या होइन, न यो कुनै स्थानीयस्तरको वा कुनै ठाउँविशेषको मात्रै समस्या हो। यो सदिऔँदेखि थाती रहेको एउटा राष्ट्रव्यापी समस्या हो।

● डा. शोभाकर पराजुली


» विचार पृष्ठ ४


## अमेरिकी विशेष दूत नेपालमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

अमेरिकाको दक्षिण तथा मध्यएसियाका लागि विशेष दूत सर्जियो गोर बिहीबार नेपाल भ्रमणमा आउनुभएको छ। भारतका लागि अमेरिकी राजदूतसमेत रहनुभएका उहाँ बिहीबार राति काठमाडौँ आइपुग्नुभएको नेपालस्थित अमेरिकाको राजदूतावासले जनाएको छ।

दूतावासका उच्च पदाधिकारीले उहाँलाई काठमाडौँमा स्वागत गर्नुभएको जनाइएको छ। नेपालमा रहँदा विशेष दूत गोरले नेपाल सरकारका उच्च अधिकारी तथा व्यावसायिक क्षेत्रका नेतृत्वसँग भेटघाट गर्नुहुने दूतावासले जनाएको छ।

### » अन्तर्राष्ट्रिय

## नौसैनिक नाकाबन्दीले इरान गम्भीर सङ्कटमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

अमेरिकी नौसैनिक नाकाबन्दीले इरान गम्भीर सङ्कटमा फसेको छ। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले यो नाकाबन्दी महिनौँसम्म लम्बिन सक्ने बताउनुभएको छ।

उहाँले इरानविरुद्धको दबाब रणनीतिलाई अझै कडा बनाउने बताउँदै नाकाबन्दीलाई बम आक्रमणभन्दा प्रभावकारी ठहर गर्नुभएको छ, जसले तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ। इरान र अमेरिकाबिच कूटनीतिक प्रयास ठप्प अवस्थामा पुगेपछि तनाव थप चुलिएको हो। यही क्रममा ट्रम्पले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्ता गर्नुभएको छ। पुटिनले इरानसँगको युद्ध कूटनीतिक हिसाबले छिटो टुङ्ग्याउन आग्रह गर्दै अमेरिका र इजरायलले फेरि इरानमाथि युद्ध चर्काए 'हानिकारक परिणाम' आउनेप्रति सचेत गराउनुभएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

तेहरानले कुनै पनि सम्झौताअघि इरानमाथिको नौसैनिक नाकाबन्दी हटाउन माग गरिरहेको छ तर अमेरिकी सेन्ट्रल कमान्डका अनुसार नाकाबन्दी उल्लङ्घन गर्ने प्रयासमा रहेका ४२ औँ व्यापारिक जहाजलाई समेत फर्काउन सफल भएको छ। यसबाट करिब छ अर्ब डलर बराबरको छ करोड ९० लाख ब्यारेल तेल बजारमा आउन नपाएको दाबी गरिएको छ।


» बाँकी पृष्ठ २ मा


# 'सुकुमवासीको व्यवस्थापनपछि मात्र सार्वजनिक जग्गा खाली गरिने'



फाइल तस्बिर

**नदी किनारको जोखिमयुक्त बस्ती खाली गराइएपछिको दृश्य ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

- उचित व्यवस्थापनको खाका तयार नभएसम्म जग्गा खाली गर्ने प्रक्रिया अगाडि नबढाइने प्रतिबद्धता
- सुकुमवासी व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयको विशेष जोड

सरकारले वास्तविक सुकुमवासीको पहिचान गरी सुरक्षित रूपमा व्यवस्थापन गरेपछि मात्रै अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गा खाली गर्ने प्रक्रिया अगाडि बढाउने जानकारी दिएको छ। साथै सरकारले उक्त योजनामा दृढ रहेको स्पष्ट पार्दै वास्तविक सुकुमवासीमा पर्न गएको त्रासप्रति सचेत रहँदै ढुक्क हुन आग्रह गरेको हो।

सहरी विकासमन्त्री सुनील लम्सालले बर्खायाममा बाढीको उच्च जोखिममा रहेका नदी किनारका बस्तीलाई मानवीय सुरक्षाको दृष्टिकोणले मात्र खाली गरिएको स्पष्ट पार्नुभयो। उहाँले बाँकी क्षेत्रमा रहेका सुकुमवासीको हकमा उनीहरूको पहिचान र उचित व्यवस्थापनको खाका तयार नभएसम्म जग्गा खाली गर्ने प्रक्रिया अगाडि नबढाइने प्रतिबद्धता जनाउँदै वास्तविक सुकुमवासी परिवारलाई ढुक्क हुन आग्रह गर्नुभयो।

सरकारले बर्खायाम सुरु हुन लागेको सन्दर्भमा प्रत्येक वर्ष बाढी तथा डुबानको चपेटामा पर्ने काठमाडौँ उपत्यकाका बागमती र त्यसका सहायक नदी किनारका जोखिमपूर्ण बस्तीलाई लक्षित गरी २०८३ वैशाख १२ गतेदेखि विशेष अभियान सुरु गरेको हो। जनधनको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै थापाथली, शान्तिनगर, गैरीगाउँ तथा कागेश्वरी मनोहरा नगरपालिकाको गोठाटार बुद्धचोक र मनोहरा टोलका जोखिमयुक्त बस्ती खाली गर्ने कार्य सम्पन्न भइसकेको छ। यो अभियान सरकारको नीतिगत निर्णय अनुरूप अगाडि बढेको हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहकै हुने भएकाले मन्त्रालयले सम्बन्धित पालिकालाई सुकुमवासीको पहिचान गर्न र उनीहरूको सुरक्षित व्यवस्थापनको ठोस योजना बनाउन निर्देशन दिएको छ।

व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयले विशेष जोड दिएको छ। सुकुमवासी व्यवस्थापन गर्दा सुरक्षित आवासको प्रबन्ध, स्वास्थ्य उपचार, पौष्टिक खानपान, गोपनीयताको संरक्षण, तथा महिला र अपाङ्गतामैत्री आवास र सुरक्षा प्रबन्ध मिलाउन स्थानीय तहहरूलाई स्पष्ट निर्देशन दिइएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सुकुमवासीको पहिचान र व्यवस्थापनपछि मात्र सरकारी जग्गा खाली गर्ने सरकारको योजनामा आफूहरू दृढ रहेको र यो कार्य निकै संवेदनशील भएकाले स्थानीय तहले जिम्मेवारीपूर्वक मानवीय भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

यस विषयमा थप स्पष्ट पार्दै गृह मन्त्रालयले समेत सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ। मन्त्रालयले स्थानीय तहले नै सुकुमवासीको पहिचान र व्यवस्थापनको योजना तयार पार्ने र अतिक्रमण हटाउने कार्य गर्दा स्थानीय जनतालाई पूर्वसूचना दिएर सुसूचित गराउनुपर्ने व्यवस्था गरेको छ।

# जिप दुर्घटनामा बिस जनाको मृत्यु

**लक्ष्मण पौडेल**
*भैरहवा, वैशाख १७ गते*

रोल्पाको प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र जलजलातर्फ जाँदै गरेका तीर्थयात्री सवार जिप दुर्घटना हुँदा २० जनाको मृत्यु भएको छ। रुकुमपूर्वबाट जलजलातर्फ गइरहेको जिप थवाङ गाउँपालिका–१, सल्याप क्षेत्रमा बिहीबार दिउँसो सडकबाट करिब आठ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ।

दुर्घटनामा ठुलो मानवीय क्षति भएको पुष्टि गर्दै जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी सुनील थापा नेपालीले जिप अत्यन्तै भिरालो स्थानमा खसेकाले अधिकांश यात्रुको घटनास्थलमै ज्यान गएको जानकारी दिनुभयो। प्राप्त विवरण अनुसार जिपमा २१ जना सवार थिए। तीमध्ये बीस जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्। घाइते हुनेमा रुकुमपूर्वको सिस्ने गाउँपालिका–५ का ३२ वर्षीय समीर विक रहेको प्रहरीले जनाएको छ। रोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम गौतमले घटनाको पुष्टि गर्दै मृतकको सङ्ख्या २० पुगेको जानकारी दिनुभयो।

घटनाको जानकारी प्राप्त हुनेबित्तिकै जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको टोली घटनास्थलतर्फ खटिएको थियो तर विकट भूगोल र निरन्तरको वर्षाले उद्धार कार्यमा ठुलो अवरोध पुऱ्याएको छ। वर्षाका कारण भिरालो बाटो चिप्लो बनेकाले सुरक्षाकर्मीलाई घटनास्थलसम्म पुग्न र भिरमा झर्नसमेत जोखिमपूर्ण बनेको प्रहरीले जनाएको छ। स्थानीय बासिन्दा र सुरक्षाकर्मीको संयुक्त प्रयासमा उद्धार कार्य जारी रहे पनि अपेक्षित गति लिन सकेको छैन। ग्रामीण सडक हिलो र चिप्लो भएकाले एम्बुलेन्स तथा अन्य सवारीसाधन घटनास्थलसम्म पुग्न समय लागेको जनाइएको छ।

स्थानीय प्रशासनले साँघुरो सडक, चिप्लो बाटो र प्रतिकूल मौसमका कारण जिप अनियन्त्रित भई दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरेको छ। यद्यपि दुर्घटनाको वास्तविक कारणबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। रोल्पाको जलजला क्षेत्र मगर समुदायसहित हिन्दु धर्मावलम्बीका लागि महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा परिचित छ। प्रत्येक वर्ष वैशाख पूर्णिमाको अवसरमा यहाँस्थित वराह मन्दिरमा पूजा गर्न तथा मेला भर्न हजारौँ तीर्थयात्री आउने गर्छन्। यस वर्ष पनि सोही अवसरमा श्रद्धालु उत्साहका साथ प्रस्थान गरेका थिए तर गन्तव्यमा पुग्नै लाग्दा सल्यापको भिरमा भएको दुर्घटनाले उल्लासपूर्ण वातावरण एकाएक शोकमा परिणत भएको छ।


» बाँकी पृष्ठ २ मा


# हिमाली गोठमा अल्ट्रासाउन्ड सेवा



विगतमा आँखाले हेरेर र लक्षणका आधारमा मात्र रोग पहिचान गरिने गरिएकामा अहिले अत्याधुनिक उपकरणमार्फत परीक्षण हुन थालेपछि किसानमा नयाँ आशा पलाएको छ ।

**केशवराज पौडेल**
*काठमाडौँ, वैशाख १७ गते*

मुस्ताङको वारागुङ मुक्तिक्षेत्रका लुलु गाईपालक किसान कर्माछिरिङ गुरुङले गाईको स्वास्थ्य परीक्षणमा अल्ट्रासाउन्ड र भिडियो एक्सरे जस्तो प्रविधि प्रयोग हुन्छ भन्ने कुरा कल्पनासम्म गर्नुभएको थिएन तर गाउँमा पहिलो पटक अत्याधुनिक उपकरणसहित पशुविज्ञ टोली पुगेर उहाँका गाईको अल्ट्रासाउन्ड गरी रोग भए/नभएको बारे जानकारी दिएपछि उहाँमा खुसीको सीमा नै रहेन।

घरपझोङ–३, स्याङका किसान जीवन थकालीले मानिसलाई जस्तै जाँच गर्ने उपकरण गोठमै प्रयोग भएको देख्दा अचम्म लागेको बताउनुभयो। यो प्रविधिबाट पशुमा बाँझोपनको समस्या भए/नभएको पहिचान गर्न सकिएको छ, जसले पशुपालनप्रति थप ऊर्जा मिलेको छ। थासाङ, लेतेका भैँसीपालक किसान बुद्धिबहादुर सार्कीले टेलिभिजनमा मात्र देखिने यस्तो प्रविधि आफ्नै गाउँमा प्रत्यक्ष देख्दा विश्वास लागेको उल्लेख गर्नुभयो। "पशुको उपचार पनि मानिसको जस्तै प्रविधिबाट हुने रहेछ," उहाँले भन्नुभयो।

पछिल्ला वर्षमा पशुपालक किसानको सङ्ख्या घट्दै गएपछि कृषि तथा पशु सेवा कार्यालय मुस्ताङले उच्च हिमाली क्षेत्रमा पहिलो पटक अत्याधुनिक प्रविधिसहित पशु विशेषज्ञ टोली परिचालन गरेको हो। विशेष गरी छुर्पी र घिउ उत्पादनमा केन्द्रित यस क्षेत्रका किसानलाई लक्षित गर्दै विशेषज्ञको टोली त्यस क्षेत्रमा पुगेको हो। यसअघि आँखाले हेरेर र लक्षणका आधारमा मात्र रोग पहिचान गरिने गरिएकामा अहिले अत्याधुनिक उपकरणमार्फत परीक्षण हुन थालेपछि किसानमा नयाँ आशा पलाएको छ। विज्ञ टोलीले लेते, टुकुचे, मार्फा, ढुम्बा, स्याङ, कागबेनी, झारकोट र छैङगुरलगायतका गाउँमा पुगेर सेवा दिएको हो। यी क्षेत्र समुद्री सतहबाट करिब दुई हजार चार सयदेखि तीन हजार सात सय मिटर उचाइमा अवस्थित छन्।

कृषि तथा पशु सेवा कार्यालय मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार स्थानीय जातको संरक्षण, नश्ल सुधार तथा गाईभैँसीमा देखिएको बाँझोपन समस्या न्यूनीकरणका लागि रगतको नमुना सङ्कलन गरी रेक्टल पाल्पेसन र अल्ट्रासाउन्ड विधिबाट परीक्षण तथा उपचार गरिएको हो। मुस्ताङ जिल्लामा हाल छ हजार ६८१ गाई र २११ भैँसी रहेका छन्। तीमध्ये २३८ गाई र २५ भैँसीको परीक्षण गर्दा ४८ पशुमा विभिन्न प्रकारका प्रजननसम्बन्धी समस्या देखिएको छ।

१२५ वर्षमा

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com








विराटनगर संस्करण | विवेचना | बौद्ध धर्मका सम्प्रदाय | जाँचपास गर्ने प्रक्रियामा सहजता ल्याउन निर्देशन २२



वर्ष १२५ | अङ्क ३५१ | २०८३ साल वैशाख १८ गते शुक्रबार | वैशाख शुक्ल पूर्णिमा | नेपाल संवत् ११४६ बछलाथ्व १५ | 2026 May 1 Friday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ


## राष्ट्रपतिद्वारा दुई अध्यादेश जारी

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख १७ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन अध्यादेश) २०८३ जारी गर्नुभएको छ। सरकारले राष्ट्रपतिसमक्ष छ वटा अध्यादेश सिफारिस गरेकामा राष्ट्रपति पौडेलले सोमध्येका दुई अध्यादेश जारी गर्नुभएको हो।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले राष्ट्रपति पौडेलले वैशाख १७ गते बिहीबार सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन अध्यादेश) २०८३ जारी गर्नुभएको उल्लेख गर्नुभएको छ। राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति पौडेलले संविधानको धारा ११४ को १ बमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्नुभएको हो।

संविधानको सो धारामा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था छ। सङ्घीय संसद्को अधिवेशन हाल स्थगित छ। प्रधानमन्त्रीका सञ्चार तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार सरकारले वैशाख १४ गते संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिसका लागि बस्ने


» बाँकी पृष्ठ २ मा


### अग्रलेख



**सुकुमवासी 'स्वाभिमान'**

नेपालमा सुकुमवासी समस्या कुनै नयाँ वा नौलो समस्या होइन, न यो कुनै स्थानीयस्तरको वा कुनै ठाउँविशेषको मात्रै समस्या हो। यो सदिऔँदेखि थाती रहेको एउटा राष्ट्रव्यापी समस्या हो।

● **डा. शोभाकर पराजुली**


» विचार पृष्ठ ४


### सरकारका सय कार्यसूची

# समयसीमा तोकेरै धमाधम काम

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याउन एक सय कार्यसूचीलाई कार्यान्वयनमा ल्याइएको हो ।



स्केच : एआई

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, वैशाख १७ गते*

सरकारद्वारा शासकीय सुधार गर्ने लक्ष्य अनुसार सार्वजनिक गरिएको एक सय दिनमा गरिने एक सय कार्यसूची अहिले धमाधम कार्यान्वयन भइरहेका छन्। वालेन्द्र शाह नेतृत्वको सरकार गठन भएको पहिलो मन्त्रीपरिषद्को बैठकले निर्णय गरी सार्वजनिक गरिएको शासकीय सुधारका एक सय कार्यसूची अहिले आआफ्नो कार्यजिम्मेवारीमा परेका निकायले धमाधम कार्यान्वयन गरिरहेका छन्। सबै मन्त्रालय, विभाग, आयोग प्रतिष्ठान, प्रदेश सरकार र स्थानीय सरकारले समेत समयसीमा र कार्यतालिका नै तोकेर कार्ययोजना कार्यान्वयन गरिरहेका छन्।

सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने ढाँचामा रूपान्तरण गर्न नतिजामा आधारित शासकीय प्रबन्ध लागु गर्ने निर्णय गरी एक सय कार्यसूचीलाई कार्यान्वयन ल्याइएको हो। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सहसचिव डा. भीष्मकुमार भुसालले एक सय दिनमा गरिने एक सय वटा कार्यसूची अहिले धमाधम कार्यान्वयन भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार कतिपय निकायले १५ दिन र ३० दिनमा गरिने कार्यको प्रतिवेदन प्रधानमन्त्री कार्यालयलाई बुझाइरहेका छन्। कतिपय विषय भने कानुन नै बनाएर कार्यान्वयन गर्नुपर्ने भएकाले उक्त विषयको विधायिकी प्रक्रियामा रहेका बाहेक सम्बन्धित निकायले गर्ने विकासनिर्माण, सेवा प्रवाहसँग सम्बन्धित अन्य काम गम्भीरतापूर्वक नै कार्यान्वयन भइरहेका छन्।

यसअगाडि विभिन्न आयोगका प्रतिवेदन अभिलेखमा मात्र सीमित रहने गरेकाले अहिले उक्त प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक कानुनी र प्रशासनिक प्रक्रिया सुरु भएको, मन्त्रालयको सङ्ख्या घटाएर १७ वटा बनाउने कार्यका लागि कार्यविभाजन नियमावली संशोधन गरी मन्त्रालय गाभ्ने तयारी गरिएको, नेपाल सरकार अन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका कार्यालयको मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनर्संरचना गर्ने कार्य भइरहेको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ।

सङ्घीय निजामती सेवा विधेयकको मसौदा ४५ दिनभित्र तर्जुमा गर्ने कार्यसूचीमा उल्लेख भए अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मसौदा सार्वजनिक गरी राय सुझाव लिने क्रम भइरहेको, कर्मचारीको अद्यावधिक डिजिटल प्रोफाइल तयार गरी नियुक्ति, पदस्थापना, सरुवा, तालिम, बढुवा तथा अवकाशसम्मको व्यवस्था अनुमानयोग्य र स्वचालित बनाउनका लागि कर्मचारीको पर्सनल म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम (पिएमआइएस) आर्किटेक्चर तयार भएको बताइएको छ।

देशभरका नागरिकका गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न सबै निकायले गुनासो व्यवस्थापनको प्रणाली सञ्चालनमा ल्याएकोलगायतका अधिकांश कामको सुरुवात भइसकेका छन्। स्पष्ट जिम्मेवारी र कार्यक्षेत्र भएका निकायले त कार्ययोजना नै बनाएर काम अगाडि बढाइरहेका छन्। अलमलमा परेका निकायलाई भने प्रधानमन्त्री कार्यालयले सहजीकरण गर्ने काम गरिरहेको छ। कतिपय निकायलाई एकै पटक धेरै काम आइरहँदा काम कसरी गुणस्तरीय रूपमा सम्पन्न गर्ने भन्ने समयको दबाब भने कायमै रहेको भुसालले स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "एक सय कार्यसूचीमध्ये कतिपय विषय मन्त्रीपरिषद्ले र संसद्ले निर्णय गर्ने विषय छन्। जुन केही समय ढिलो जस्तो भए पनि काम सम्पन्न भएको तर निर्णय मात्र हुन बाँकी छन् त्यो पनि केही दिनभित्रमा भइसक्छन्।"

#### स्थानीय तहबाट पनि कार्यान्वयन

एक सय वटा कार्यसूचीमा उल्लिखित स्थानीय तहको कार्यक्षेत्रमा पर्ने कतिपय विषय स्थानीय तहबाट पनि धमाधम कार्यान्वयन भइरहेका छन्। काभ्रेको बेथानचोक गाउँपालिकाले एक सय


» बाँकी पृष्ठ २ मा


## अमेरिकी विशेष दूत नेपालमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

अमेरिकाको दक्षिण तथा मध्यएसियाका लागि विशेष दूत सर्जियो गोर बिहीबार नेपाल भ्रमणमा आउनुभएको छ। भारतका लागि अमेरिकी राजदूतसमेत रहनुभएका उहाँ बिहीबार राति काठमाडौँ आइपुग्नुभएको नेपालस्थित अमेरिकाको राजदूतावासले जनाएको छ।

दूतावासका उच्च पदाधिकारीले उहाँलाई काठमाडौँमा स्वागत गर्नुभएको जनाइएको छ। नेपालमा रहँदा विशेष दूत गोरले नेपाल सरकारका उच्च अधिकारी तथा व्यावसायिक क्षेत्रका नेतृत्वसँग भेटघाट गर्नुहुने दूतावासले जनाएको छ।

### » अन्तर्राष्ट्रिय

## नौसैनिक नाकाबन्दीले इरान गम्भीर सङ्कटमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

अमेरिकी नौसैनिक नाकाबन्दीले इरान गम्भीर सङ्कटमा फसेको छ। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले यो नाकाबन्दी महिनौँसम्म लम्बिन सक्ने बताउनुभएको छ।

उहाँले इरानविरुद्धको दबाब रणनीतिलाई अझै कडा बनाउने बताउँदै नाकाबन्दीलाई बम आक्रमणभन्दा प्रभावकारी ठहर गर्नुभएको छ, जसले तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ। इरान र अमेरिकाबिच कूटनीतिक प्रयास ठप्प अवस्थामा पुगेपछि तनाव थप चुलिएको हो। यही क्रममा ट्रम्पले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्ता गर्नुभएको छ। पुटिनले इरानसँगको युद्ध कूटनीतिक हिसाबले छिटो टुङ्ग्याउन आग्रह गर्दै अमेरिका र इजरायलले फेरि इरानमाथि युद्ध चर्काए 'हानिकारक परिणाम' आउनेप्रति सचेत गराउनुभएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

तेहरानले कुनै पनि सम्झौताअघि इरानमाथिको नौसैनिक नाकाबन्दी हटाउन माग गरिरहेको छ तर अमेरिकी सेन्ट्रल कमान्डका अनुसार नाकाबन्दी उल्लङ्घन गर्ने प्रयासमा रहेका ४२ औँ व्यापारिक जहाजलाई समेत फर्काउन सफल भएको छ। यसबाट करिब छ अर्ब डलर बराबरको छ करोड ९० लाख ब्यारेल तेल बजारमा आउन नपाएको दाबी गरिएको छ।


» बाँकी पृष्ठ २ मा


# 'सुकुमवासीको व्यवस्थापनपछि मात्र सार्वजनिक जग्गा खाली गरिने'



फाइल तस्बिर

**नदी किनारको जोखिमयुक्त बस्ती खाली गराइएपछिको दृश्य ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख १७ गते*

- उचित व्यवस्थापनको खाका तयार नभएसम्म जग्गा खाली गर्ने प्रक्रिया अगाडि नबढाइने प्रतिबद्धता
- सुकुमवासी व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयको विशेष जोड

सरकारले वास्तविक सुकुमवासीको पहिचान गरी सुरक्षित रूपमा व्यवस्थापन गरेपछि मात्रै अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गा खाली गर्ने प्रक्रिया अगाडि बढाउने जानकारी दिएको छ। साथै सरकारले उक्त योजनामा दृढ रहेको स्पष्ट पार्दै वास्तविक सुकुमवासीमा पर्न गएको त्रासप्रति सचेत रहँदै ढुक्क हुन आग्रह गरेको हो।

सहरी विकासमन्त्री सुनील लम्सालले बर्खायाममा बाढीको उच्च जोखिममा रहेका नदी किनारका बस्तीलाई मानवीय सुरक्षाको दृष्टिकोणले मात्र खाली गरिएको स्पष्ट पार्नुभयो। उहाँले बाँकी क्षेत्रमा रहेका सुकुमवासीको हकमा उनीहरूको पहिचान र उचित व्यवस्थापनको खाका तयार नभएसम्म जग्गा खाली गर्ने प्रक्रिया अगाडि नबढाइने प्रतिबद्धता जनाउँदै वास्तविक सुकुमवासी परिवारलाई ढुक्क हुन आग्रह गर्नुभयो।

सरकारले बर्खायाम सुरु हुन लागेको सन्दर्भमा प्रत्येक वर्ष बाढी तथा डुबानको चपेटामा पर्ने काठमाडौँ उपत्यकाका बागमती र त्यसका सहायक नदी किनारका जोखिमपूर्ण बस्तीलाई लक्षित गरी २०८३ वैशाख १२ गतेदेखि विशेष अभियान सुरु गरेको हो। जनधनको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै थापाथली, शान्तिनगर, गैरीगाउँ तथा कागेश्वरी मनोहरा नगरपालिकाको गोठाटार बुद्धचोक र मनोहरा टोलका जोखिमयुक्त बस्ती खाली गर्ने कार्य सम्पन्न भइसकेको छ। यो अभियान सरकारको नीतिगत निर्णय अनुरूप अगाडि बढेको हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहकै हुने भएकाले मन्त्रालयले सम्बन्धित पालिकालाई सुकुमवासीको पहिचान गर्न र उनीहरूको सुरक्षित व्यवस्थापनको ठोस योजना बनाउन निर्देशन दिएको छ।

व्यवस्थापनको प्रक्रियामा उनीहरूको आधारभूत मानव अधिकारलाई सुरक्षित गर्न मन्त्रालयले विशेष जोड दिएको छ। सुकुमवासी व्यवस्थापन गर्दा सुरक्षित आवासको प्रबन्ध, स्वास्थ्य उपचार, पौष्टिक खानपान, गोपनीयताको संरक्षण, तथा महिला र अपाङ्गतामैत्री आवास र सुरक्षा प्रबन्ध मिलाउन स्थानीय तहहरूलाई स्पष्ट निर्देशन दिइएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सुकुमवासीको पहिचान र व्यवस्थापनपछि मात्र सरकारी जग्गा खाली गर्ने सरकारको योजनामा आफूहरू दृढ रहेको र यो कार्य निकै संवेदनशील भएकाले स्थानीय तहले जिम्मेवारीपूर्वक मानवीय भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

यस विषयमा थप स्पष्ट पार्दै गृह मन्त्रालयले समेत सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ। मन्त्रालयले स्थानीय तहले नै सुकुमवासीको पहिचान र व्यवस्थापनको योजना तयार पार्ने र अतिक्रमण हटाउने कार्य गर्दा स्थानीय जनतालाई पूर्वसूचना दिएर सुसूचित गराउनुपर्ने व्यवस्था गरेको छ।

# जिप दुर्घटनामा बिस जनाको मृत्यु

**लक्ष्मण पौडेल**
*भैरहवा, वैशाख १७ गते*

रोल्पाको प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र जलजलातर्फ जाँदै गरेका तीर्थयात्री सवार जिप दुर्घटना हुँदा २० जनाको मृत्यु भएको छ। रुकुमपूर्वबाट जलजलातर्फ गइरहेको जिप थवाङ गाउँपालिका-१, सल्याप क्षेत्रमा बिहीबार दिउँसो सडकबाट करिब आठ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ।

दुर्घटनामा ठुलो मानवीय क्षति भएको पुष्टि गर्दै जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी सुनील थापा नेपालीले जिप अत्यन्तै भिरालो स्थानमा खसेकाले अधिकांश यात्रुको घटनास्थलमै ज्यान गएको जानकारी दिनुभयो। प्राप्त विवरण अनुसार जिपमा २१ जना सवार थिए। तीमध्ये बीस जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्। घाइते हुनेमा रुकुमपूर्वको सिस्ने गाउँपालिका-५ का ३२ वर्षीय समीर विक रहेको प्रहरीले जनाएको छ। रोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम गौतमले घटनाको पुष्टि गर्दै मृतकको सङ्ख्या २० पुगेको जानकारी दिनुभयो।

घटनाको जानकारी प्राप्त हुनेबित्तिकै जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको टोली घटनास्थलतर्फ खटिएको थियो तर विकट भूगोल र निरन्तरको वर्षाले उद्धार कार्यमा ठुलो अवरोध पुऱ्याएको छ। वर्षाका कारण भिरालो बाटो चिप्लो बनेकाले सुरक्षाकर्मीलाई घटनास्थलसम्म पुग्न र भिरमा झर्नसमेत जोखिमपूर्ण बनेको प्रहरीले जनाएको छ। स्थानीय बासिन्दा र सुरक्षाकर्मीको संयुक्त प्रयासमा उद्धार कार्य जारी रहे पनि अपेक्षित गति लिन सकेको छैन। ग्रामीण सडक हिलो र चिप्लो भएकाले एम्बुलेन्स तथा अन्य सवारीसाधन घटनास्थलसम्म पुग्न समय लागेको जनाइएको छ।

स्थानीय प्रशासनले साँघुरो सडक, चिप्लो बाटो र प्रतिकूल मौसमका कारण जिप अनियन्त्रित भई दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरेको छ। यद्यपि दुर्घटनाको वास्तविक कारणबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। रोल्पाको जलजला क्षेत्र मगर समुदायसहित हिन्दु धर्मावलम्बीका लागि महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा परिचित छ। प्रत्येक वर्ष वैशाख पूर्णिमाको अवसरमा यहाँस्थित वराह मन्दिरमा पूजा गर्न तथा मेला भर्न हजारौँ तीर्थयात्री आउने गर्छन्। यस वर्ष पनि सोही अवसरमा श्रद्धालु उत्साहका साथ प्रस्थान गरेका थिए तर गन्तव्यमा पुग्नै लाग्दा सल्यापको भिरमा भएको दुर्घटनाले उल्लासपूर्ण वातावरण एकाएक शोकमा परिणत भएको छ।


» बाँकी पृष्ठ २ मा


# हिमाली गोठमा अल्ट्रासाउन्ड सेवा



विगतमा आँखाले हेरेर र लक्षणका आधारमा मात्र रोग पहिचान गरिने गरिएकामा अहिले अत्याधुनिक उपकरणमार्फत परीक्षण हुन थालेपछि किसानमा नयाँ आशा पलाएको छ ।

**केशवराज पौडेल**
*काठमाडौँ, वैशाख १७ गते*

मुस्ताङको वारागुङ मुक्तिक्षेत्रका लुलु गाईपालक किसान कर्माछिरिङ गुरुङले गाईको स्वास्थ्य परीक्षणमा अल्ट्रासाउन्ड र भिडियो एक्सरे जस्तो प्रविधि प्रयोग हुन्छ भन्ने कुरा कल्पनासम्म गर्नुभएको थिएन तर गाउँमा पहिलो पटक अत्याधुनिक उपकरणसहित पशुविज्ञ टोली पुगेर उहाँका गाईको अल्ट्रासाउन्ड गरी रोग भए/नभएको बारे जानकारी दिएपछि उहाँमा खुसीको सीमा नै रहेन।

घरपझोङ-३, स्याङका किसान जीवन थकालीले मानिसलाई जस्तै जाँच गर्ने उपकरण गोठमै प्रयोग भएको देख्दा अचम्म लागेको बताउनुभयो। यो प्रविधिबाट पशुमा बाँझोपनको समस्या भए/नभएको पहिचान गर्न सकिएको छ, जसले पशुपालनप्रति थप ऊर्जा मिलेको छ। थासाङ, लेतेका भैँसीपालक किसान बुद्धिबहादुर सार्कीले टेलिभिजनमा मात्र देखिने यस्तो प्रविधि आफ्नै गाउँमा प्रत्यक्ष देख्दा विश्वास लागेको उल्लेख गर्नुभयो। "पशुको उपचार पनि मानिसको जस्तै प्रविधिबाट हुने रहेछ," उहाँले भन्नुभयो।

पछिल्ला वर्षमा पशुपालक किसानको सङ्ख्या घट्दै गएपछि कृषि तथा पशु सेवा कार्यालय मुस्ताङले उच्च हिमाली क्षेत्रमा पहिलो पटक अत्याधुनिक प्रविधिसहित पशु विशेषज्ञ टोली परिचालन गरेको हो। विशेष गरी छुर्पी र घिउ उत्पादनमा केन्द्रित यस क्षेत्रका किसानलाई लक्षित गर्दै विशेषज्ञको टोली त्यस क्षेत्रमा पुगेको हो। यसअघि आँखाले हेरेर र लक्षणका आधारमा मात्र रोग पहिचान गरिने गरिएकामा अहिले अत्याधुनिक उपकरणमार्फत परीक्षण हुन थालेपछि किसानमा नयाँ आशा पलाएको छ। विज्ञ टोलीले लेते, टुकुचे, मार्फा, ढुम्बा, स्याङ, कागबेनी, झारकोट र छैङगुरलगायतका गाउँमा पुगेर सेवा दिएको हो। यी क्षेत्र समुद्री सतहबाट करिब दुई हजार चार सयदेखि तीन हजार सात सय मिटर उचाइमा अवस्थित छन्।

कृषि तथा पशु सेवा कार्यालय मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार स्थानीय जातको संरक्षण, नश्ल सुधार तथा गाईभैँसीमा देखिएको बाँझोपन समस्या न्यूनीकरणका लागि रगतको नमुना सङ्कलन गरी रेक्टल पाल्पेसन र अल्ट्रासाउन्ड विधिबाट परीक्षण तथा उपचार गरिएको हो। मुस्ताङ जिल्लामा हाल छ हजार ६८१ गाई र २११ भैँसी रहेका छन्। तीमध्ये २३८ गाई र २५ भैँसीको परीक्षण गर्दा ४८ पशुमा विभिन्न प्रकारका प्रजननसम्बन्धी समस्या देखिएको छ।